unesco

ichcap APCEIU

एसिया-प्रशान्त क्षेत्रका कक्षा कोठामा

# जीवन्त सम्पदायुक्त सिकाइ



संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन, ७, प्लेस डी फोन्टेनोय, ७५३५२ पेरिस एस पी, फ्रान्स; युनेस्को बैङ्कक कार्यालय, ९२० सुकुम्भिट रोड, फ्रा खानोङ, क्लोङ टोइ, बैङ्कक १०११०, थाइल्याण्ड; इन्टरनेशनल इन्फर्मेशन एन्ड नेटवर्किङ सेन्टर फर इन्ट्यान्जिबल कल्चरल हेरिटेज इन एसिया एन्ड द प्यासिफिक रिजन अन्डर अस्पिसस अफ युनेस्को (ICHCAP), ९५ सिओहाक-रो, वान्सन-गु, जिअन्जु, जिओल्लाबक-डो ५५०१, गणतन्त्र कोरिया; र एसिया-प्यासिफक सेन्टर अफ एजुकेशन फर इन्टरनेशनल अन्डरट्यान्डिङ (APCEIU), १२० सेइमल-रो, गुरो-गु, सियोल ०८२८९, गणतन्त्र कोरियाद्वारा सन् २०२३ मा प्रकाशित ।

© UNESCO, ICHCAP and APCEIU, 2023

ISBN : 978-92-3-000199-5

यो प्रकाशन एट्रिव्युसन-शेयरअलाइक ३.० आईजीओ (CC-BY-SA 3.0 IGO) लाइसेन्स (http://creativecommons.org/licenses/by-sa/3.0/igo/) अन्तर्गत निःशुल्क रूपमा सबैको पहुँचमा रहन सक्ने गरी उपलब्ध गराइएको छ । यस प्रकाशनका विषयवस्तुहरू प्रयोग गर्ने प्रयोगकर्ताहरूले युनेस्कोले निःशुल्क रूपमा सबैको पहुँच हुने गरी उपलब्ध गराएका प्रकाशनहरूको संग्रह प्रयोग सम्बन्धी शर्तहरू (UNESCO Open Access Repository, http://www.unesco.org/open-access/terms-use-ccbysa-en) पालना गर्न मञ्जुर भएको मानिन्छ ।

मौलिक शिर्षक: **Bringing living heritage to the classroom in Asia-Pacific: a resource kit.** संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन, पेरिस, फ्रान्स, युनेस्को बैङ्कक्, थाइल्याण्ड, इन्टरनेशनल इन्फर्मेशन एन्ड नेटवर्किङ सेन्टर फर इन्ट्यान्जिबल कल्चरल हेरिटेज इन एसिया एन्ड द प्यासिफिक रिजन अन्डर द अस्पिसस अफ युनेस्को (ICHCAP), गणतन्त्र कोरिया, र एसिया-प्यासिफक सेन्टर अफ एजुकेशन फर इन्टरनेशनल अन्डरट्यान्डिङ (APCEIU), गणतन्त्र कोरियाद्वारा सन् २०२२ मा प्रकाशित ।

यस प्रकाशनमा उल्लेख भएका नाम, पदवी तथा सामाग्रीहरूको प्रस्तुतिका क्रममा युनस्कोका सन्दर्भमा जुनसुकै विचार वा धारणाहरू व्यक्त भएको भएता पनि तिनीहरूले कुनै मुलुक, उसको अधिकार क्षेत्र भित्र रहेको भू-भाग, शहर वा इलाकासँग सम्बन्धित वा उसको सीमानाको सीमाङ्कनसँग सम्बन्धित कानूनी स्थितिको प्रतिनिधित्व गर्दैनन् ।

यो प्रकाशनमा व्यक्त विचारहरू लेखकहरू स्वयंका हुन्; तिनीहरू युनेस्कोकै हुनु पर्दछ भन्ने छैन र यसका लागि संस्थाले जिम्मेवारी लिने छैन ।

(*) चिन्ह लगाइएका छवीहरू CC-BY-SA लाइसेन्स अन्तर्गत पर्दैन र प्रतिलिपि अधिकार धारकको पूर्व अनुमति बिना प्रयोग वा पुनः उत्पादन गर्न सकिँदैन ।

परियोजना संयोजक : दोङ विच हान र हाङग्यिङ ली

प्रमुख विज्ञ : भेनेसा आचिलिस

प्रस्तुती संयोजन : वारापोर्न के. ओन्नोम र कोरापात प्रापुतुम

प्रतिलिपि सम्पादक : एलेन मेलिसिया

ग्राफिक डिजाइनः पात्चारिन इयाक-ओनसाङ र सिरिसाक चाइयासुक

आवरण चित्र र दृष्टान्त : ग्याङ अफ द युनिकर्न Co Ltd

भित्री चित्रहरू : Matanat Babayeva/ Shutterstock.com

अनुवादकः ख्याम विश्वकर्मा

शुद्धाशुद्धीः डा सोम बहादुर धिमाल

लेआउटः अनुज श्रेष्ठ, कोसेली क्रिएटिभस्

समन्वय तथा प्रुफरिडः नीराना शाक्य, युनेस्को काठमाडौ

TH/C3-6380/CLT/22/025

# संक्षिप्त सारांश

## विद्यालयहरूमा एकिकृत जीवन्त सम्पदालाई समेटेर त्यसका माध्यमबाट रूपान्तरणमूखी शिक्षाको प्रबर्द्धन गर्ने

विद्यालयमा गराइने शिक्षण तथा सिकाइका क्रियाकलापहरूमा जीवन्त सम्पदालाई समावेश गर्नाले शिक्षाको गुणस्तरमा सुधार ल्याउन सक्छ, विद्यार्थी र शिक्षकको अनुभवलाई जीवन्त तुल्याइदिन सक्छ, र सम्बन्धित सम्पदालाई वर्तमान र भावी पुस्ताका लागि बचाइ राख्न सक्छ । यसका साथै, हाल जारी कोभिड-१९ को विश्वव्यापी महामारीका क्रममा देखिए जस्तै, जीवन्त सम्पदाले समुदायको भलाइ र विपदको सामना गर्ने क्षमता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

युनेस्कोले राष्ट्रहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट जीवन्त सम्पदा संरक्षण गर्न अभिप्रेरित गर्दछ । सन् २०१९ को अन्त्य देखि २०२२ को शुरूवात सम्ममा युनेस्कोले विभिन्न साझेदारहरूसँग मिलेर कम्बोडिया, काजाखस्तान, किर्गिजस्तान, नेपाल, गणतन्त्र कोरिया र थाइल्याण्ड गरी एसिया प्रशान्त क्षेत्रका छ वटा देशहरूमा “विद्यालयमा जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ” नामक आरम्भिक परियोजना (Pilot Project) कार्यान्वयन गरेको थियो । परियोजना अन्तर्गत सञ्चालित रचनात्मक कक्षाहरूमा २१ वटा विद्यालयका १९०० भन्दा बढी विद्यार्थीहरूले सहभागी हुने अवसर पाएका थिए । यस प्रक्रियाका क्रममा दुई तिहाइ भन्दा बढी महिला शिक्षकहरू सहित ८६ जना शिक्षकहरूले १०१ वटा पाठ योजना एवं शिक्षण गतिविधिहरू तयार पारी तिनीहरूको परीक्षण समेत गरेका थिए ।

**प्रतिफल: आरम्भिक परियोजनाबाट**
**१,९००**
**विद्यार्थीहरू**
**लाभान्वित भएका छन् ।**

यो स्रोत-सामाग्रीले विद्यालयमा पढाइने पाठहरू र अतिरिक्त क्रियाकलापहरूमा जीवन्त सम्पदालाई किन र कसरी समावेश गर्नु पर्दछ भन्ने बारेमा चरणबद्ध रूपमा मार्ग निर्देशन एवं मुख्यरूपले आवश्यक पर्ने स्रोत-सामाग्रीहरू प्रदान गर्दछ ।

विद्यालयमा जीवन्त सम्पदा समावेश गर्ने प्रक्रियामा नीति निर्माता, विद्यालय निर्देशक, शिक्षक, विद्यार्थी, अभिभावक, सम्पदा अभ्यासकर्ता जो कोहीले यस प्रकृयामा महत्वपूर्ण भूमिका खेल्न सक्दछन् ।

unesco

*“युध्दको शुरूवात महिला तथा पुरूषका मस्तिष्कबाट नै हुने भएकोले शान्ति प्रतिरक्षाको निर्माण पनि उनीहरूको मस्तिष्कमा नै गरिनुपर्दछ”*

एसिया-प्रशान्त क्षेत्रका कक्षा कोठामा

# जीवन्त सम्पदायुक्त सिकाइ

## स्रोत–सामाग्री

# प्राक्कथन

यो स्रोत-सामाग्री युनेस्कोले सन् २०१९ को अन्त्यदेखि २०२२ को शुरूसम्म कार्यान्वयन गरेको "एसिया प्रशान्तमा जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ" नामक परियोजनाबाट प्रत्यक्ष रूपमा प्राप्त भएको एउटा उपलब्धि हो । यो स्रोत-सामाग्री एसिया-प्रशान्त क्षेत्रमा यस अघि कार्यान्वयन गरिएका परियोजना, अध्ययन एवं सर्वेक्षणहरूका साथै युनेस्कोले हालै सञ्चालन गरेको "युरोपेली विद्यालयमा जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ" नामक परियोजनाबाट प्राप्त अनुभव एवं सिकाइहरूमा आधारित छ ।

"एसिया-प्रशान्त क्षेत्रका विद्यालयमा जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ" परियोजनाले औपचारिक तथा अनौपचारिक शिक्षा दुबैका माध्यमबाट जीवन्त सम्पदाको महत्वका बारेमा चेतना अभिवृद्धि गर्ने तथा आपसी समझदारी र विश्व नागरिकत्वको भावना प्रबर्द्धन गर्दै एसिया-प्रशान्त क्षेत्रका देशहरूलाई जीवन्त सम्पदा संरक्षणमा सहभागी बनाउने लक्ष्य लिएको थियो ।

यस परियोजनाका माध्यमबाट दुई तिहाई भन्दा बढी महिला शिक्षकहरू सहित ८६ जना शिक्षकहरूले कम्बोडिया, काजखस्तान, किर्गिजस्तान, नेपाल, गणतन्त्र कोरिया र थाइल्याण्ड गरी यस क्षेत्रका छ वटा देशहरूमा विद्यार्थीहरू र अभ्यासकर्ताहरूको सहभागितामा जीवन्त सम्पदासँग जोडिएका नव प्रवर्तन क्रियाकलापहरू तयार पारी तिनको कार्यान्वयन गरेका थिए । समग्रमा १०१ वटा पाठहरू र क्रियाकलापहरूबाट १९०० जना विद्यार्थीहरू लाभान्वित भएका थिए । यसबाट उनीहरूको सिकाइमा सुधार ल्याउन तथा आफ्नो साँस्कृतिक सम्पदाप्रति उनीहरूको नयाँ अभिरूचि र सम्बद्धताको भाव जगाउनमा योगदान पुगेको छ । कोभिड-१९ को समयमा कार्यान्वयन गरिएको हुनाले तयारी सम्बन्धी अधिकांश क्रियाकलापहरू र कहिलेकाहीँ सिकाइ गतिविधिहरू समेत अनलाइनका माध्यमबाट आयोजना गरिएको भएतापनि उक्त परियोजनाले जीवन्त सम्पदालाई विद्यालय शिक्षामा समावेश गर्न सकिन्छ र अत्यन्तै चुनौतीपूर्ण अवस्थाहरूमा पनि सकरात्मक उपलब्धिहरू हाँसिल गर्न सकिन्छ भन्ने दखाएको छ ।

सो परियोजना युनेस्को, युनेस्को अन्तर्गतकै इन्टरनेशनल इन्फर्मेशन एन्ड नेटवर्किङ सेन्टर फर इन्ट्यान्जिबल कल्चरल हेरिटेज इन द एसिया प्यासिफक रिजन-इचक्याप (Internatinal Information and Networking Center for Intangible Cultural Heritage in the Asia-Pacific Rgion – ICHCAP) र एसिया प्यासिफक सेन्टर अफ एजुकेशन फर इन्टरनेशनल अन्डरट्यान्डिङ (Asia-Pacific Centre of Education for International Understanding – APCEIU) को साझेदारीमा चेङ्दु डिपार्टमेन्ट अफ कल्चर एन्ड टुरिजमको थप आर्थिक सहयोगमा कार्यान्वयन गरिएको थियो ।

जीवन्त सम्पदालाई शिक्षासँग एकीकृत गर्ने यो परियोजना एउटा व्यवस्थित र दीर्घकालीन प्रयासको एउटा अङ्ग हो । साँस्कृतिक विविधताको सम्मान, प्रासङ्गिक शिक्षा प्रणाली तथा सिकारूका लागि उपयोगी र अर्थपूर्ण सन्दर्भका हरेक कदमले हामीलाई भविष्यतर्फ डोऱ्याउनेछ । यसले एसिया प्रशान्त क्षेत्र शान्तिपूर्ण एवं दिगो भविष्य निर्माण गर्ने लक्ष्य सहित युनेस्कोले शुरू गरेको रचनात्मक प्रयास – शान्तिका लागि सँगसँगै (Together for Peace) मा पनि योगदान पुऱ्याउँछ ।

| शिगेरू आओयागी | जी सुङ किम | ह्यूँ मूक लिम |
|---|---|---|
| *निर्देशक* | *महानिर्देशक* | *निर्देशक* |
| *युनेस्को बैङ्कक* | *ICHCAP* | *APCEIU* |

## आभार

यो स्रोत सामाग्री "एसिया-प्रशान्त क्षेत्रका कक्षा कोठामा जीवन्त सम्पदायुक्त सिकाइ स्रोत-सामाग्री" युनेस्कोको वर्गीकरण अनुसार दोस्रो नं. मा पर्ने सस्थाहरू (क्याटेगोरी-२ सेन्टरर्स) (आईसीएचसीएपी र एपीसीईआईयु) सँगको साझेदारी एवं अल्माती, काठमाडौँ र न्होम पेन स्थित युनेस्को कार्यालयहरू तथा युनेस्को मुख्यालय स्थित जीवन्त सम्पदा हेर्ने विभाग (लिभिङ हेरिटेज इन्टिटी)सँगको सहकार्यमा युनेस्को बैङ्ककले लामो समय लगाएर संयोजन गरेको प्रयासको प्रतिफल हो ।

हामीहरू प्रारम्भिक परियोजनाहरू सञ्चालन भएका छ वटा देशहरू (कम्बोडिया, काजखस्तान, किर्गिजस्तान, नेपाल, गणतन्त्र कोरिया र थाइल्याण्ड)का शिक्षक, विद्यार्थी, शिक्षा सम्बन्धी नीति निर्माता, व्यवस्थापक, संस्कृतिविद एवं सम्पदा अभ्यासकर्ता र समुदायका सदस्यहरू सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछौँ । सबै सहभागीहरूले जीवन्त सम्पदालाई कक्षाकोठासम्म पुऱ्याउने अवधारणालाई परिस्कृत गर्न सहयोग गर्नुका साथै आफ्नो देशमा मात्रै नभएर अन्यत्र पनि शिक्षाको गुणस्तरमा सुधार ल्याउन तथा जीवन्त सम्पदा संरक्षणमा योगदान पुऱ्याउनु भएको छ ।

यस स्रोत-सामाग्रीमा प्रयोग गरिएका उदाहरणहरू र घटना अध्ययनहरूका लागि जापानको आर्थिक सहयोगमा युनेस्कोद्वारा चारवटा देशहरू (पाकिस्तान, पलाउ, उज्वेकिस्तान र भियतनाम)मा सञ्चालित परियोजना "लर्निङ वीथ इन्ट्याञ्जिवल हेरिटेज फर अ सस्टेनेवल फ्युचर (दिगो भविष्यका लागि जीवन्त सम्पदायुक्त सिकाइ, 2012 - 2015)" का साथै आईसीएचसीएपीको साझेदारीमा हालै (२०१९-२०२०) गरिएको "टिचिङ एण्ड लर्निङ वीथ एण्ड अवाउट इन्टयाञ्जिवल हेरिटेज इन एसिया-प्यासिफिक (एसिया-प्रशान्त क्षेत्रमा अमूर्त साँस्कृतिक सम्पदायुक्त एवं अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी शिक्षण एवं सिकाई" सर्वेक्षण प्रति आभार प्रकट गर्दछौँ ।

यस परियोजनमा सहभागी व्यक्तिहरूको विस्तृत सूचीका लागि यस प्रकाशनको अन्त्यमा दिइएको आभार सूची हेर्नुहोस् ।

## विषयसूची


पुस्तिका १: जीवन्त सम्पदा भनेको के हो ? ११

पुस्तिका २: जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ? २१

पुस्तिका ३: शिक्षाका प्राथमिकताहरुसँग सामान्जस्यता ४१

पुस्तिका ४: शिक्षकहरुलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरु ६१

पुस्तिका ५: अभिभावक र समुदायका सदस्यहरुको भूमिका ११५

पुस्तिका ६: विद्यालय व्यवस्थापकहरुको भूमिका १२३

पुस्तिका ७: नीति निर्माताहरुको भूमिका १३३

पुस्तिका ८: साधन तथा स्रोतहरू १४१

पुस्तिका ९: शिक्षकका कथाहरू २२५

## यस स्रोत - सामाग्रीको बारेमा

जीवन्त सम्पदालाई विद्यालयमा समेट्नाले सिकाइलाई बढी स्थानीय परिवेश सुहाउँदो, उपयोगी बनाउने एवं विद्यार्थीहरूमा सिकाइप्रति आकर्षण जगाउनुका साथै जीवन्त सम्पदा संरक्षणको महत्वका बारेमा चेतना अभिवृद्धि समेत हुन्छ । यो अवधारणालाई कार्यान्वयन गर्न धेरै सरोकारवालाहरूको सहकार्य आवश्यक पर्दछ । यसको लागि शिक्षकहरूले खास गरेर महत्वपूर्ण भूमिका निभाउन सक्दछन् । अन्य सरोकारवालाहरूमा विद्यार्थी, अभिभावक, समुदायका सदस्यहरू र साँस्कृतिक संघसंस्थाहरू लगायत पर्दछन् । यो अवधारणालाई मूलप्रवाहमा ल्याउन शिक्षकहरूलाई विद्यालय व्यवस्थापक र नीति–निर्माताहरूको साथ चाहिन्छ ।

## यो स्रोत - सामाग्री कसको लागि हो ?

यो स्रोत-सामाग्रीले यस विषयमा अभिरूचि राख्ने हरेक व्यक्तिलाई साधन-स्रोत र मार्गनिर्देशन प्रदान गर्दछ । यसले जीवन्त सम्पदालाई विद्यालयमा समावेश गर्दा विद्यार्थी, शिक्षक र सहभागी समुदायका लागि किन लाभदायक हुन्छ भनेर बुझ्न उनीहरूलाई सहज तुल्याउँछ । विद्यालय गतिविधि विकासका लागि पाठ्यक्रम या अतिरिक्त पाठ्यक्रमका साधनहरू तयार गर्न यो स्रोतसामग्रीले शिक्षकहरूलाई सघाउन सक्दछ । साथै यो प्रक्रियाको कार्यान्वयनका लागि शिक्षकहरूलाई सघाउन अन्य व्यक्तिहरूलाई सक्षम बनाउनका लागि जानकारी प्रदान गर्दछ ।

यो सामाग्री :

- जुनसुकै तह (प्राथमिक, माध्यमिक वा सो भन्दा पनि माथि) र विषय (मानविकी, विज्ञानसमूहहरू, संस्कृति आदि) का **शिक्षक**;
- **अभिभावक** तथा **समुदायका सदस्यहरू**;
- **विद्यालय व्यवस्थापकहरू**;
- शिक्षा मन्त्रालय तथा विभागका **नीति-निर्माताहरू**का लागि उपयोगी छ ।

यो स्रोत-सामाग्रीको प्रयोग गर्नका लागि पाठकले अमूर्त साँस्कृतिक सम्पदाको अवधारणासँग परिचित भएको हुनु पर्दैन ।

# यो स्रोत–सामाग्रीमा के के कुराहरू समावेश गरिएका छन् ?

### पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?

यसमा जीवन्त सम्पदाका मुख्य अवधारणाहरू र यसको संरक्षण तथा हामीप्रत्येकले गर्न सक्ने कुराको वर्णन गरिएको छ ।

### पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?

यसमा विद्यालयमा जीवन्त सम्पदालाई ल्याउनाले हुन सक्ने फाइदाहरूको व्याख्या गरिएको छ ।

### पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामन्जस्यता

यसमा जीवन्त सम्पदायुक्त शिक्षण र सिकाइले शिक्षाका अन्य प्राथमिकताहरूलाई कसरी सहयोग गर्न सक्छ भन्ने बारेमा चर्चा गरिएको छ ।

### पुस्तिका ४ — शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू

यसले शिक्षकहरूलाई जीवन्त सम्पदा समावेश गरी पाठ योजना एवं शैक्षिक गतिविधिहरू तयार पार्न चरणबद्ध (step-by-step) तरिकाका माध्यमबाट मार्गदिर्नेशन गर्दछ ।

### पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका

यसमा अभिभावक र समुदायका सदस्यहरूले जीवन्त सम्पदाको संरक्षण कसरी गर्न सक्दछन् र उनीहरूका बालबालिकाहरूको शिक्षामा कसरी सहयोग पुऱ्याउन सक्छन् भन्ने बारेमा चर्चा गरिएको छ ।

### पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका

यसमा विद्यालय व्यवस्थापकहरूले कसरी शिक्षकलाई मद्दत गर्न एवं विद्यालयलाई स्थानीय समुदायसँग जोड्नमा सहयोग गर्न सक्छन् भनेर व्याख्या गरिएको छ ।

### पुस्तिका ७ — नीतिनिर्माताहरूको भूमिका

यसमा नीति निर्माताहरूले जीवन्त सम्पदालाई कसरी मद्दत गर्न एवं शिक्षाको गुणस्तरमा सुधार ल्याउन सक्छन भनेर व्याख्या गरिएको छ ।

### पुस्तिका ८ — साधन तथा स्रोतहरू

यसमा व्यवहारिक रूपमा प्रयोग गर्न सकिने साधनहरू, घटना अध्ययन एवं उदाहरणहरूका बारेमा चर्चा गरिएको छ ।

### पुस्तिका ९ — शिक्षकका कथाहरू

यसमा शिक्षकहरूको अनुभवका उदाहरणहरू दिइएको छ ।

यस स्रोत-सामाग्रीमा एसिया प्रशान्त क्षेत्रबाट सङ्कलन गरिएका वास्तविक जीवन कथाहरू र उदाहरणहरूका साथै उपयोगी साधन तथा स्रोतहरू समेत राखिएका छन् जुन (विद्यालयमा जीवन्त सम्पदा समावेश गर्ने) यो यात्रामा अघि बढ्दै जाँदा सन्दर्भ सामाग्रीका रूपमा प्रयोग गर्न सकिन्छ ।

यस स्रोत-सामाग्रीलाई परिपुरक गर्ने गरी एनिमेसन धाराबाहिक ***"एसिया र प्रशान्त क्षेत्रमा अमूर्त साँस्कृतिक सम्पदायुक्त शिक्षण एवं सिकाइ"*** CLICK र आफू स्वयंले मनलाग्दा अध्ययन गर्न सकिने अनलाइन कोर्स ***"एसिया प्रशान्त क्षेत्रका कक्षा कोठामा जीवन्त सम्पदायुक्त सिकाइ"*** CLICK तयार पारिएको छ ।

## यस स्रोत-सामाग्रीलाई कसरी प्रयोग गर्ने ?

यो सामाग्रीमा विभिन्न पुस्तिकाहरू समावेश गरिएका छन् जसलाई छुट्टाछुट्टै प्रयोग गर्न सकिन्छ । तपाईंको भूमिका अनुसार जुन पुस्तिका तपाईका लागि सबैभन्दा बढी उपयोगी छ, त्यसैलाई पहिला प्रयोग गर्न सक्नु हुन्छ । यद्यपि, तपाईंलाई सबै स्रोत-सामाग्री प्रयोग गर्ने इच्छा भएमा अवश्य प्रयोग गर्न सक्नु हुन्छ । अरूको भूमिकाका बारेमा सिकेर तपाईले उनीहरूसँग सहकार्य गर्ने झनै राम्रा उपायहरू पत्ता लगाउन सक्नुहुन्छ ।

यो स्रोत-सामाग्रीको मुख्य विषय-वस्तुको छोटो परिचयका लागि तपाईले ***एनिमेसन सिरिज*** CLICK हेर्न सक्नुहुन्छ ।

तपाईको पहिलो चरणबद्ध पाठ योजना तयार पार्न ***अलनाइन कोर्स*** CLICK लिन सक्नु हुन्छ । यो कोर्स पुरा गर्नु भएपछि तपाईले प्रमाणपत्र प्राप्त गर्न सक्नु हुन्छ ।



एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई
स्रोत-सामाग्री :

पुस्तिका

१

# जीवन्त सम्पदा भनेको के हो ?

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ — शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरू
- पुस्तिका ९ — शिक्षकका कथाहरू

पुस्तिका
१

# जीवन्त सम्पदा भनेको के हो ?

यो पुस्तिकाले जीवन्त सम्पदा के हो र यसको संरक्षण किन र कसरी गर्नु पर्दछ भनेर चर्चा गर्दछ ।

"जीवन्त सम्पदा के हो" पुस्तिकामा तीनवटा भागहरू रहेका छन्, ती हुन्:

- सम्पदा भनेको के हो?
- जीवन्त सम्पदा समुदाय
- अमूर्त साँस्कृतिक सम्पदा संरक्षण



## १.१ सम्पदा भनेको के हो?

सम्पदा हामीले विगतबाट प्राप्त गरेको विरासत हो, यसमा आज हामी बाँच्दछौँ र यसलाई भावी पुस्ताका लागि हस्तान्तरण गर्दछौँ । हाम्रा साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरू दुवै जीवन, समृद्धि र अभिप्रेरणाका अद्वितीय स्रोतहरू हुन् । विगतको क्षतिलाई पूर्ति गर्न सकिन्न । अर्को शब्दमा भन्नु पर्दा, सम्पदा भनेको त्यो हो जसलाई हामी हाम्रा सन्तान, दरसन्तानलाई हस्तान्तरण गर्न चाहन्छौँ ।

तपाईं के लाई सम्पदा मान्नु हुन्छ ?

साँस्कृतिक सम्पदा अत्यन्तै विविधतायुक्त हुन्छ, तर यसलाई मुख्य गरेर दुई भागमा वर्गीकरण गर्न सकिन्छ: १) मूर्त र २) अमूर्त ।

## *मूर्त साँस्कृतिक सम्पदा:*

- स्थानान्तरण गर्न सकिने साँस्कृतिक सम्पदाः वस्तु, चित्र, मूर्ति, सिक्का, पाण्डुलिपी आदि ।
- स्थिर साँस्कृतिक सम्पदाः स्मारक, पुरातात्विक स्थल आदि ।
- अन्तरजलीय साँस्कृतिक सम्पदाः डुबेको पानीजहाजका टुक्रा, अन्तरजलीय अवशेष एवं शहर आदि ।
- मानव गतिविधिसँग जोडिएका प्राकृतिक स्थलहरू जसले उनीहरूको सँस्कृतिलाई प्रतिबिम्बित गर्दछन् ।



## *अमूर्त साँस्कृतिक सम्पदा (आइसिएच)*

- ... अभ्यास, अभिव्यक्ति, ज्ञान, सिप जसको **अभ्यास भइरहेको** एवं एक पुस्तादेखि अर्कोमा **हस्तान्तरण** हुँदै आइरहेको छ । उदाहरणः नृत्य, कर्मकाण्ड, चाडपर्व, कथा बाचन, हस्तकला आदि ।
- ... मानिसहरूलाई एक वा धेरै समुदायहरूसँग **निरन्तरता**, **पहिचान** र **सम्बद्धता** को भाव प्रदान गर्दछ ।
- ... **समुदायमा आधारित** हुन्छ । कुनै पनि अभिव्यक्ति उनीहरूको जीवन्त सम्पदाको अंश हो कि होइन र यसको अभ्यास कसरी गरिन्छ भन्ने मूल्याङ्कन केवल समुदायका मानिसहरूले मात्रै गर्न सक्दछन् न कि विज्ञ, निकाय वा कर्मचारीहरूले ।
- ... **जीवन्त** सम्पदा हो । यो परम्परागत हुनुका साथै आधुनिक पनि हुन्छ । यो **गतिशील** हुन्छ र समयक्रममा यसलाई मानिसहरूले अभ्यास गर्ने तौर तरिकामा परिवर्तत आउँदै जान्छ र यो निरन्तर रूपमा पुनर्निर्मित हुँदै जान्छ । जीवन्त सम्पदाको कुनै 'आधिकारिक' स्वरूप हुँदैन ।
- ... **सबै** ठाउँमा हुन्छ । हरेक व्यक्ति, चाहे ऊ जहाँ बसेको होस्, जे सुकै गरोस् वा जो सुकै होस् उसको अमूर्त साँस्कृतिक सम्पदा हुन्छ । मानिसहरू जहाँ गएपनि उनीहरूले आफ्नो जीवन्त सम्पदालाई आफूसँगै लैजान्छन् ।
- ... **साझा** हुन्छ । उस्तै खालको सम्पदा तत्वलाई फरक क्षेत्र र देशका मानिसले अभ्यास गर्न सक्दछन् ।

'अमूर्त साँस्कृतिक सम्पदा र जीवन्त सम्पदा' लाई एउटै अर्थमा प्रयोग गरिन्छ ।

## युनेस्को महासन्धि २००३: जीवन्त सम्पदा संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि

अन्तर्राष्ट्रिय स्तरमा अमूर्त साँस्कृतिक सम्पदा (आइसिएच) संरक्षणलाई वैधानिक रूपमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३ का माध्यमबाट नियमन गरिन्छ ।

- २००३ को महासन्धिको धारा २ का अुनसार अमूर्त साँस्कृतिक सम्पदा भन्नाले "त्यस्ता अभ्यास, प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान, सिपका साथै साधनहरू, वस्तुहरू, कला-कृतिहरू र त्यससँग जोडिएका साँस्कृतिक स्थलहरूलाई बुझ्नु पर्दछ, जसलाई सम्बन्धित समुदाय, समूह तथा कतिपय अवस्थामा व्यक्ति समेतले साँस्कृतिक सम्पदाको अङ्गको रूपमा चिन्दछन् । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जाने यस अमूर्त सांस्कृतिक सम्पदालाई समुदाय र समूहले उनीहरूको वातावरण, प्रकृति र इतिहाससँगको अन्तरक्रियाका आधारमा निरन्तर रूपमा पुनर्निर्माण गर्दछन् । यसले उनीहरूलाई पहिचान र निरन्तरताको भाव प्रदान गर्दछ, जसबाट साँस्कृतिक विविधता तथा मानव सिर्जनात्मकता प्रतिको सम्मानको प्रबर्द्धन भइरहेको हुन्छ ।"
- महासन्धिमा हस्ताक्षर गरेका पक्ष-राष्ट्रहरूले उनीहरूको भू-भागमा समुदाय, समूह र व्यक्तिहरूले आफूलाई अर्थपूर्ण हुने गरी अमूर्त साँस्कृतिक सम्पदा अभ्यास गर्ने एवं हस्तान्तरण गर्ने कार्यलाई जारी राख्न पाइरहेको सुनिश्चित गर्न आवश्यक कदम चाल्ने जिम्मेवारी बहन गरेका हुन्छन् ।

तपाईको देशले २००३ को महासन्धि अनुमोदन गरेको छ कि छैन भनेर महासन्धिको आधिकारीक वेवसाइट CLICK बाट थाहा पाउन सक्नु हुन्छ ।









## जीवन्त सम्पदाले धेरैवटा विधाहरूलाई समेट्दछ

२००३ को महासन्धिले अमूर्त साँस्कृतिक सम्पदाका पाँचवटा वृहत विधाहरू प्रस्ताव गरेको छ :

***मौखिक परम्पराहरू:*** उखान-टुक्का, पहेली, कथा, बालबालिकालाई सुनाउने गीतहरू (लोरी), पुराण, दन्त्यकथा, महाकाव्यका गीतहरू तथा कविता, जादू-टुना, गीत, नाट्य प्रस्तुति आदि ।

***अभिनय कलाहरू:*** गायन वा बाद्यवादन, सङ्गीत, नृत्य, नाटक, मौन-अभिनय (pantomime), सर्कस, भजन, निश्चित प्रकारको कथा वाचन आदि ।

***प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू:*** वनस्पति र जीवजन्तु सम्बन्धी ज्ञान, परम्परागत उपचार पद्धति, आध्यात्मिकता एवं विश्व दृष्टिकोण दर्शाउने अभ्यासहरू आदि ।

***सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू :*** समुदाय एवं समूहको जीवनको संरचना प्रदान गर्ने एवं व्यक्ति तथा समुदायको जीवन-चक्र (जन्म, विवाह, चूडाकर्म वा मृत्यु संस्कार) सँग जोडिएका क्रियाकलापहरू, आनन्दोत्सव, कृषि पात्रो, ऋतु परिवर्तन एवं समयसँग सम्बन्धित पद्धति आदि ।

***परम्परागत कलाकौशलता :*** बुन्ने, कपडा बनाउने अन्य सिपहरू लगायत वस्तुहरू बनाउने ज्ञान तथा सिप, खोपेर बनाउने कला, माटोका भाँडाकुँडा बनाउने, धातुकर्म, भवन निर्माण सम्बन्धी तौरतरिका आदि ।

कुनै कुनै देशहरूले अन्य महत्वपूर्ण विधाहरूको रूपमा परम्परागत खेलकूद तथा पाक विज्ञान (Gastronomy) लाई पनि पहिचान गरेका छन ।

धेरैवटा जीवन्त सम्पदा तत्वहरू थुप्रै विधाहरू अन्तर्गत पर्दछन् । उदाहरणका लागि, मुख्य गरेर भारतमा अभ्यास गरिने 'रामायणमा आधारित परम्परागत नाटक रामलीला' लाई पाँचवटा विधाहरूमा राखेर हेर्न सकिन्छ । यसमा गीत र सङ्गीत हुने भएकोले यो **अभिनय कला** को स्वरूप भयो, कथन र संवादका रूपमा अभिव्यक्ति पनि समेट्ने भएकोले **मौखिक** परम्परा पनि भयो । यसले आध्यात्मिकता र विश्व दृष्टिकोणलाई प्रतिबिम्बिति गर्ने भएकोले यो प्रकृति र **ब्रम्हाण्ड सम्बन्धित ज्ञान** को विधा अन्तर्गत पनि पर्ने भयो, र यसलाई दशैंको समयमा उत्तरी भारतभर मञ्चन गरिने हुनाले यसले **चाडपर्वमा आयोजना गरिने क्रियाकलाप** विधालाई पनि समेट्दछ । यसका साथै, मञ्चनका लागि **परम्परागत कला कौशलता,** खास गरेरः आवश्यक मुखुन्डो, परिधान तथा सामाग्री बनाउने ज्ञान तथा सिपको आवश्यकता पर्दछ ।

अन्य जीवन्त सम्पदा तत्वहरूका बारेमा पत्ता लगाउन **"पुस्तिका ८: साधन तथा स्रोतहरू"** हेर्नुहोस् ।



## १.२ जीवन्त सम्पदा समुदाय

२००३ को महासन्धिको सन्दर्भमा समुदाय भनेको मानिसहरूको समूह (ठूलो वा सानो) हो जसले खास प्रकारको जीवन्त सम्पदा तत्वको अभ्यास गर्दछ वा सो सँग आफू जोडिएको अनुभूत गर्दछ । यो सम्पदा उनीहरूको पहिचानको अंश हो । यो सम्पदालाई उनीहरूले अभ्यास गर्ने एवं भावी पुस्तालाई हस्तान्तरण गर्दछन् ।

कुनै पनि सम्पदा तत्वलाई कसरी अभ्यास गर्ने, संरक्षण गर्नु पर्ने वा नपर्ने वा कसरी गर्ने तथा कस्तो प्रकारका परिवर्तनहरूलाई स्वीकार गर्ने भनेर समुदायहरूले निर्णय गर्दछन ।

कुनै व्यक्ति एउटा वा धेरै वटा समुदायको हिस्सा हुन सक्दछ । उदाहरणका लागि ऊ वर्षै भरी एउटै गाउँका मानिसहरूसँग चाडपर्व मनाउन सक्दछ र सँगसँगै विशिष्ट हस्तकला वा नाट्यकला सम्बन्धी सिप भएको सानो समूहको हिस्सा पनि बन्न सक्छ ।

अमूर्त साँस्कृतिक सम्पदामा सामुदायको दिगो विकासका सामाजिक, आर्थिक एवं वातावरणीय सबै पक्षहरू प्रतिध्वनित हुन्छन् । अमूर्त साँस्कृतिक सम्पदा दिगो विकाससँग सम्बन्धित छ, किन कि यसलेः

- जीवनपर्यन्त सिकाइ र सिपका लागि स्रोतहरू प्रदान गर्दछ ।
- सामाजिक सद्भाव एवं शान्ति निर्माणमा योगदान पुऱ्याउँछ ।
- सुस्वास्थ्य र सुख प्रबर्द्धन गर्दछ ।
- वातावरणीय चुनौतीहरू सम्बोधन गर्नका लागि समाधान प्रदान गर्दछ ।
- यो नव प्रवर्तन र सिर्जनशीलताको मुहान हो, र जीविकोपार्जनको स्रोत हो ।



**तपाईंका लागि महत्वपूर्ण मानिने केहि अभ्यास/प्रचलनहरूका बारेमा बताउनु सक्नुहुन्छ ?**

## १.३ अमूर्त साँस्कृतिक सम्पदा संरक्षण

अमूर्त साँस्कृतिक सम्पदाका धेरै अभिव्यक्ति एवं प्रकटीकरण खतरामा रहेका छन् । यसरी खतरामा पर्नुका मुख्य कारणहरू हुन्:

- साँस्कृतिक भूमण्डलीकरण (संस्कृतिको एकल रूपान्तरित जसले विश्वभर एकरूपता बनाउँदछ)
- जीवन्त सम्पदाका लागि सहयोग, समझदारी र कदरको अभाव ।

अमूर्त साँस्कृतिक सम्पदाको स्याहार-सम्भार गर्न सकिएन भने यो सदाका लागि हराउने वा विगतसँग सम्बन्धित अभ्यासका रूपमा निस्क्रिय भएर रहने जोखिम हुन्छ ।

अमूर्त साँस्कृतिक सम्पदा 'संरक्षण गर्ने' भन्नुको अर्थ यसलाई जीवन्त राख्ने र यसलाई समुदायको जीवनको सक्रिय हिस्साका रूपमा रहेको सुनिश्चित गर्नु हो । संरक्षण गर्नुको लक्ष्य अर्मूत साँस्कृतिक सम्पदाको जीवन्तता सुनिश्चित गर्नु हो, जसको अर्थ नियमित रूपमा यसको अभ्यास जारी राख्ने तथा यसको अभ्यास गर्ने समुदायका लागि यो अर्थपूर्ण रहिरहने सुनिश्चित गर्नु हो । त्यसैले संरक्षण गर्ने कार्यसँग सम्बन्धित गतिविधिहरू सञ्चालन गर्दा उक्त सम्पदासँग सम्बन्धित समुदाय, समूह र आवश्यकता अनुसार व्यक्तिहरूलाई पनि संलग्न गराउनु पर्दछ ।

> "अमूर्त साँस्कृतिक सम्पदाको स्याहार-सम्भार गर्न सकिएन भने यो सदाका लागि हराउने वा विगतसँग सम्बन्धित अभ्यासका रूपमा निस्क्रिय भएर रहने जोखिम हुन्छ ।"

संरक्षणका उपायहरूमा तलका कुराहरू पर्दछन्:

- अभिलेखीकरण, विवरण-सूची तयार पार्ने तथा अनुसन्धान ।
- जीवन्त सम्पदाका केही पक्षहरूलाई पुनर्जीवन प्रदान गर्ने ।
- जीवन्त सम्पदाको अर्थ, ज्ञान र सिपको पुस्तान्तरण गर्ने ।

अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण गर्न एवं साँस्कृतिक विविधता कायम राख्न, हामीहरूले हाम्रो आफ्नो मात्रै नभएर अरूको जीवन्त सम्पदाको पनि सम्मान र कदर गर्नु पर्दछ ।





## अर्थ, ज्ञान र सिपको हस्तान्तरण

विश्वभर, हरेक ठाउँमा, परम्परा एवं प्रथालाई निरन्तरता दिने समुदाय, समूह र व्यक्तिहरूसँग उनीहरूको ज्ञान एवं सिपलाई (अनौपचारिक शिक्षाका रूपमा) हस्तान्तरण गर्ने आफ्नै पद्धति हुन्छ । विगतमा, सामान्यतया (लिखित पाठ भन्दा पनि) मौखिक बोलीका माध्यमबाट हस्तान्तरण हुन्थ्यो । अहिले औपचारिक तथा अनौपचारिक शिक्षाले पनि अमूर्त साँस्कृतिक सम्पदा संरक्षण एवं हस्तान्तरणको महत्वपूर्ण माध्यमका रूपमा काम गर्दछ ।

## समुदाय र विद्यालयलाई जोड्नाले संरक्षण कार्यमा सुधार आउँछ

संरक्षण प्रयासलाई सफल पार्नका लागि युवाहरूले उनीहरूको जीवन्त सम्पदाका बारेमा अभिरूचि देखाउन र यसको महत्वका बारेमा थाहा पाएको हुनु पर्दछ । विद्यालय र शिक्षकहरूले युवाहरूलाई उनीहरूको समुदाय र अन्य समुदायका अमूर्त साँस्कृतिक सम्पदासँग परिचित गराउन तथा उनीहरूलाई आफ्नो अमूर्त साँस्कृतिक सम्पदाप्रति अभिरूचि जगाउनका लागि उत्प्रेरित गर्न महत्वपूर्ण भूमिका खेल्दछन् । समुदाय भित्रै हस्तान्तरण गर्ने कार्य सम्भव नभएमा वा यस्तो कार्य कमजोर भएको खण्डमा विद्यालय र शिक्षकहरूको भूमिका ज्यादै नै महत्वपूर्ण हुन्छ ।

सम्भव भएसम्म, विद्यालय र समुदायको सम्बन्धलाई बलियो बनाउन अभिप्रेरित गर्नु पर्दछ । उदाहरणका लागि, स्थानीय समुदायका अभ्यासकर्ताहरूलाई उनीहरूको सिप प्रर्दशन गर्न, कथा सुनाउन र अनुभव बाँड्नका लागि विद्यालयमा बोलाउन सकिन्छ । यस्तो प्रकारका जम्काभेटहरू अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण एवं हस्तान्तरण गर्न मात्रै नभएर विद्यार्थीहरूमा पहिचानको भावना तथा आत्म विश्वास निर्माण गर्न, तथा सकरात्मक अवधारणा र बानीको विकास गर्नमा समेत लाभदायक हुन्छन् ।


"अमूर्त साँस्कृतिक सम्पद्वाको संरक्षण गर्न एवं साँस्कृतिक विविधता कायम राख्न, हामीहरूले हाम्रो आफ्नो मात्रै नभएर अरूको जीवन्त सम्पद्वाको पनि सम्मान र कदर गर्नु पर्दछ।"



**मुख्य सिकाइहरू**

- जीवन्त सम्पदा महत्वपूर्ण हुन्छ । यसले हाम्रो पहिचानलाई परिभाषित गर्नमा सहयोग गर्दछ र दिगो विकासमा योगदान पुऱ्याउँछ ।
- जीवन्त सम्पदाको अभ्यास एवं हस्तान्तरण गर्ने समुदायले नै उक्त सम्पदा संरक्षणमा मुख्य भूमिका खेल्दछ ।
- हामीहरूले हाम्रो आफ्नो र साथ-साथै अरूको सम्पदाको पनि सम्मान गर्नु पर्दछ ।
- औपचारिक तथा अनौपचारिक शिक्षाले जीवन्त सम्पदा संरक्षणका लागि महत्वपूर्ण माध्यमका रूपमा काम गर्दछ ।


adidas



एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई
स्रोत-सामाग्री :

पुस्तिका

२

# जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — **जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?**
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरुसँग सामान्जस्यता
- पुस्तिका ४ — शिक्षकहरुलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरु
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरुको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरुको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरुको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरु
- पुस्तिका ९ — शिक्षकका कथाहरु


पुस्तिका
२

# जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?

यस पुस्तिकामा जीवन्त सम्पदालाई विद्यालयमा एकीकृत गर्नाले हुने फाइदाहरूका बारेमा विस्तृत रूपमा चर्चा गर्नुका साथै अमूर्त साँस्कृतिक सम्पदाका **बारेमा** गरिने शिक्षण र अमूर्त साँस्कृतिक सम्पदा**युक्त** शिक्षणका बीचको फरकका बारेमा व्याख्या गरिएको छ ।

यस दोस्रो पुस्तिका, "जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने?" मा चारवटा भागहरू छन्ः

- शिक्षामा जीवन्त सम्पदा
- जीवन्त सम्पदाका बारेमा शिक्षण एवं सिकाइ
- जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ
- जीवन्त सम्पदाका बारेमा र जीवन्त सम्पदायुक्त सिकाइका फाइदाहरू





## २.१ शिक्षामा जीवन्त सम्पदा

विद्यालयले व्यक्तिहरूलाई सिप र ज्ञान प्राप्त गर्नमा सहयोग गर्दछ जसले भविष्यमा उनीहरूसँग भएका सम्भाव्यताहरूलाई पूर्णरूपमा हासिल गर्न तथा समाजमा योगदान पुऱ्याउन सक्षम बनाउँछ । तथापि सिकाइ विद्यालयमा मात्रै हुँदैन । यो जीवनपर्यन्त निरन्तर रूपमा चलिरहने प्रक्रिया भएकोले, सिकाइ घरमा र समुदाय भित्र पनि हुन्छ । व्यक्तिगत रूपले विद्यार्थी एवं शिक्षकहरूले विद्यालय परिवेश भन्दा बाहिर थुप्रै सिप र ज्ञान प्राप्त गर्दछन् जुन कुरा विद्यालयमा ल्याउँछन् ।

अधिकांश शिक्षा प्रणालीहरूले घरमा सिकेको ज्ञान एवं सिपमाथि विचार पुऱ्याउँदैनन् । यसबाट विद्यालमा पढेका कुराहरू र घर तथा समुदायमा सिकेका सिकाइका बीचमा "सम्बन्ध विच्छेदको अवस्था (disconnect)" सिर्जना भएको छ । सान्दर्भिक ज्ञान, सिप र मूल्यमान्यताहरू स्थानीय ज्ञानको भण्डार भएकाले, साथै धेरै पुस्तादेखि हस्तान्तरण हुँदै आएकोले जीवन्त सम्पदाले यो खाडलको अवस्थामा सुधार ल्याउनमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

जीवन्त सम्पदालाई औपचारिक शिक्षामा समेट्ने अवधारणाको **संक्षिप्त जानकारी** यो लिङ्कमा गएर एनिमेशन सिरिज हेर्नुहोस्:
CLICK



## २.२ जीवन्त सम्पदाका बारेमा शिक्षण एवं सिकाइ

जीवन्त सम्पदालाई विद्यालयका अधिकांश कार्यक्रमहरूमा, नियमित कक्षा र अतिरिक्त शैक्षिक क्रियाकलाप दुवैमा पहिले देखि नै समावेश गरिएको छ । यसरी पहिलेदेखि नै शिक्षण र सिकाइमा समावेश नगरेका विद्यालयहरूमा जीवन्त सम्पदा सम्बन्धी पाठहरूलाई, खास गरेर स्थानीय विषयको एउटा हिस्साका रूपमा सजिलैसँग समावेश गर्न सकिन्छ ।

विद्यालय पाठ्यक्रमका केही विषयहरू जीवन्त सम्पदासँग प्रष्ट रूपले जोडिएका छन् । जस्तैः

- सङ्गीत शिक्षा – लोकगीत एवं परम्परागत लोकबाजाहरू
- कला शिक्षा – स्थानीय परम्परागत कला एवं हस्तकला
- भाषा शिक्षा – स्थानीय साहित्य एवं काव्य
- शारीरिक तथा स्वास्थ्य शिक्षा – परम्परागत खेलकूद

यस्ता विषयहरूबाट विद्यार्थीहरूले जीवन्त सम्पदा तत्वहरूको इतिहास र अर्थका बारेमा सिक्न र प्राविधिक सिप पनि सिक्न सक्छन् । कहिलेकाहिँ उनीहरूले जीवन्त सम्पदा तत्वलाई प्रस्तुति, उत्सव, स्पर्धा आदिका रूपमा पनि अभ्यास गर्न सक्छन् । उनीहरूले विद्यालयकै पाठ्यक्रमको हिस्साका रूपमा स्थानीय चाडपर्वहरू वा उत्सवमा उपस्थित हुन सक्छन् ।

अतिरिक्त शैक्षिक क्रियाकलापहरूले जीवन्त सम्पदाका बारेमा शिक्षण एवं सिकाइका लागि अर्को व्यवहारिक माध्यम प्रदान गर्न सक्छ । उदाहरणका लागि, विद्यालयको समय पछि सञ्चालन गर्न सकिने क्लबमा विद्यार्थीहरूले परम्परागत लोकबाजाहरू बजाउन, स्थानीय खेलको अभ्यास गर्न र हस्तलेखनको अभ्यास गर्न सक्छन् ।

> **मलाई सबै पाठहरू मन पर्‍यो किनभने हरेक पाठहरूले कलाको इतिहास र सिर्जनशीलताका बारेमा पढाए । मैले यस्तो पहिले कहिल्यै सिकेको थिइन ।**
>
> *चान पीच लाइका, विद्यार्थी, कम्बोडिय*


### नयाँ 'संस्कृति तथा कला शिक्षा' पाठ्यक्रम (कम्बोडिया)

कक्षा ७, ८ र ९ मा विद्यार्थीहरूले शास्त्रीय नाट्यकला, परम्परागत चित्रकला, कविता, उखानटुक्का तथा अन्य मौखिक अभिव्यक्तिहरू, खेलकूद लगायत उनीहरूको संस्कृतिका थुप्रै अन्य पक्षहरूका बारेमा सिक्छन् । यी पाठहरूमा इतिहास र सिद्धान्त समावेश गरिएको हुन्छ । विद्यार्थीहरूले डकुमेन्ट्री हेर्छन्, जसमा स्थानीय मानिसहरूले गर्ने काम देखाएको हुन्छ । आफ्नो सम्पदालाई अझै राम्रोसँग बुझ्न विद्यार्थीहरू रमाइलो तरिकाले, जस्तैः चङ्गा, नाटकमा प्रयोग हुने मुखुण्डो, गुन्द्री बुन्ने, रस्सी तान्ने खेल खेल्ने र गाउँखाने कथा भन्ने जस्ता व्यवहारिक क्रियाकलापहरूमा सहभागी हुन्छन् ।



## विद्यालयको सङ्गीत कक्षामा लोकगीत (उज्वेकिस्तान)

उज्वेकिस्तानमा लोकगीतहरू सङ्गीत शिक्षा कार्यक्रमकै हिस्सा हुन् । विद्यार्थीहरूले गीत सिक्छन्, सँगसँगै गाउँछन् र गीतका शव्दहरूको अर्थका बारेमा विश्लेषण गर्छन् । उदाहरणका लागि, 'कायोक्काकेटि्डङ माह्लियो' नामक लोकगीतमा उनीहरूले राशीचक्रमा आधारित वर्षको अवधारणा र सम्बन्धित अनुष्ठानहरूका बारेमा सिक्छन् । यी कक्षाहरूबाट विद्यार्थीहरू उनीहरूको सम्पदाका बारेमा जागरूक बन्छन् । उनीहरूले अभ्यास गरेको गीतले यसको हस्तान्तरणमा पनि योगदान पुग्छ ।





"म विद्यालय सकिएपछि *कोमज* (एकप्रकारको किर्गीज तार बाजा) बजाउन सिक्छु । मेरा बा-आमाले मलाई *कोमज* बजाउन सिक्नु पर्दछ भन्नु हुन्छ, किनभने उहाँहरू एकदिन मैले स्टेजमा कोमज बजाएको हेर्न चाहनु हुन्छ । विद्यालयमा सिक्ने क्रममा हाम्रो गुरुले किर्गीज जनताले जहिले पनि सङ्गीतकारहरूलाई सम्मान गर्ने गरेको र कलाकारहरूलाई सँधै कार्यक्रम एवं उत्सवहरूमा बोलाउने गरेको बताउनु भएको थियो । अहिले मलाई यो बाजा सिक्न अझै बढी अभिप्रेरित भएको महशुस भएको छ ।"

*किर्गिस्तानका एक विद्यार्थी*

## स्थानीय लोकसंस्कृतिमा आधारित शारीरिक शिक्षा मोड्युल (उज्वेकिस्तान)

उज्वेकिस्तानमा शुरू गरिएका पाइलट विद्यालयहरूले प्रकृति र मौसमसँग सम्बन्धित लोकखेलहरू जस्तैः नवरूज (दिन र रातको समय बराबर हुने बेला मनाइने बसन्त महोत्सव जसलाई नवरूज पनि भनिन्छ) का बेला खेलिने खेल बढी भन्दा बढी शारीरिक गतिको प्रयोग हुने वा वस्तुको प्रयोग हुने खेलहरू लगायत लोक संस्कृतिमा आधारित विविध प्रकारका खेलकुदहरूका बारेमा खोजबिन गर्न एउटा पाठ्यक्रमको मोड्युल तयार पारेको छ । यी खेलहरूका विश्राम, मनोरञ्जन, प्रतिस्पर्धा, स्फूर्ति र शारीरिक बल लगायत विविध उद्देश्य र पक्षहरू छन्, जसले उक्त मोड्युललाई शारीरिक शिक्षा पाठ्चक्रम सुहाउँदो बनाएको छ । खेलकूदसँगै बालबालिकाहरूले समूहमा गर्नु पर्ने व्यवहार र आपसी सहयोगको भावना जस्ता सामाजिक पक्षहरूका बारेमा समेत सिक्दछन् ।

# २.३ जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ

जीवन्त सम्पदासँग सम्बन्धित ज्ञान र अभ्यासलाई यो सम्पदासँग प्रष्टसँग नजोडिएका विषयहरू जस्तैः गणित, कम्प्यूटर डिजाइन, विज्ञान र भूगोल जस्ता विद्यालयमा अध्यापन गराइने पाठ्यक्रमका विषयहरूमा पनि समेट्न सकिन्छ । यस विधि (मोडालिटी)मा सिकाइको प्रक्रियालाई परिवेश सुहाउँदो र समृद्ध बनाउन अमूर्त साँस्कृतिक सम्पदाका सान्दर्भिकतालाई शैक्षिक सामाग्रीका रूपमा पाठहरूसँग जोडिन्छ । यसले उक्त विषयको अध्यापन गराउन सहयोग गर्ने मात्रै नभएर विद्यार्थीहरूमा सम्पदा र त्यससँग सम्बन्धित महत्वका बारेमा चेतना जगाउँछ, जसले विद्यार्थीहरूलाई अन्य माध्यमहरूबाट यस सम्पदाका बारेमा अझै धेरै सिक्नका लागि अभिप्रेरित गर्दछ ।

विद्यालयमा अध्यापन गराइने सबै विषयहरू वा कम्तिमा सबै विषयका केही पाठहरूमा जीवन्त सम्पदालाई अध्यापन गराउन सकिन्छ । र सबै जीवन्त सम्पदा-तत्वहरूले कम्तिमा एउटा विषयको अध्यापनमा योगदान पुऱ्याउन सक्दछन् ।

### जीवन्त सम्पदाका साथमा गणित तथा विज्ञान विषयहरूको शिक्षण एवं सिकाइ

जीवन्त सम्पदाका वास्तविक उदाहरणहरूलाई समस्या समाधान गर्ने उपायसँग सम्बन्धित अभ्यासहरूका क्रममा प्रयोग गर्न सकिन्छ । उदाहरणका लागिः

- पाक परियोजनाका लागि आवश्यक पर्ने सामाग्रीहरूको मात्रा वा हस्तकला उत्पादनका लागि चाहिने स्थानीय कच्चा पदार्थको संख्या हिसाब गरेर गणना गर्न जान्ने सिप सिकाउन सकिन्छ ।
- स्थानीय कपडामा देखाइएका बान्की (प्याटर्न)हरूको प्रयोग गरेर ज्यामितिको अवधारणा सिकाउन सकिन्छ ।
- स्थानीय प्रणालीको प्रयोग गरेर हिसाब गर्न र मापन गर्ने सिप सिकाउन सकिन्छ ।
- स्थानीय बाजा-गाजाहरूको प्रयोग गरेर ध्वनि, दोलन र कम्पनका बारेमा प्रयोग गर्न सकिन्छ ।
- मौसम र स्थानीय बोटविरूवा र जनावरहरूको जीवन-चक्र प्रयोग गरेर जीव विज्ञानको अवधारणा सिकाउन सकिन्छ ।

#### बाँसको जन्तरबाट गणितको सिकाइ (थाइल्याण्ड)

उत्तरी थाइल्याण्डका मानिसहरू बाँसको चोयालाई सममित आकारमा बुन्दै जन्तर बनाउँछन् र त्यसलाई कुनै दुष्टआत्मा, जस्तैः रोगव्याधीबाट परिवारलाई जोगाउन तथा धानखेतमा किरा नलागोस् भनेर घरको ढोकामा झुण्ड्याउँछन् । एक जना महिला शिक्षक र उनका विद्यार्थीहरूले गणित विषयमा सममित आकार (सिमेट्री) का बारेमा सिक्न बाँसका यी जन्तरहरूको अवलोकन गरेका थिए । विद्यार्थीहरूले जीव-विज्ञानको कक्षामा बाँसका विभिन्न प्रजातिका बारेमा पनि अध्ययन गरेका थिए ।



## जीवन्त सम्पदाका साथमा भाषा र साहित्य विषयहरूको शिक्षण तथा सिकाइ

जीवन्त सम्पदालाई भाषा, साहित्य र सामाजिक शिक्षाका कक्षाहरूमा विभिन्न तरिकाले समेट्न सकिन्छ :

- स्थानीय गीत, कविता, कथा र पुराणहरूलाई शब्दावली सिक्न वा पाठको विश्लेषणमा प्रयोग गर्न सकिन्छ ।
- विद्यार्थीहरूले साहित्यको परम्परागत शैलीको प्रयोग गरी कुनै पनि शिर्षकमा लेख लेख्ने अभ्यास गर्न सक्छन् ।
- विद्यार्थीहरूले सूचनालाई एकत्रित गरेर स्थानीय चाडपर्व वा हस्तकला बनाउने प्रक्रियाका बारेमा उनीहरूले सिक्ने कुनै पनि भाषाको कक्षामा वर्णन गर्न सक्दछन् ।



### नयाँ वर्षको भोजनसँगै साहित्यका सिकाइ (किर्गिजस्तान)

किर्गिजस्तानमा, नयाँ वर्ष मनाउने क्रममा तयार पारिने भोजन, सुमोलोकसँग सम्बन्धित रहेर साहित्यको एउटा पाठ तयार पारिएको थियो । यस पाठले विद्यार्थीहरूको लेखन र बोल्ने सिपको विकास गर्नमा मद्दत पुग्यो । यसले विद्यार्थीहरूलाई उनीहरूले हरेक वर्ष खाँदै आएको भोजन *(सुमोलोक)*का बारेमा र उनीहरूको जीवन र समुदायका लागि यसको के अर्थ छ भनेर सिक्न अभिप्रेरित गरेको थियो । विद्यार्थीहरूले उक्त भोजन तयार पार्न प्रयोग हुने सामाग्री र तयार पार्ने प्रक्रियाका बारेमा वर्णन गरे । उनीहरूले उक्त भोजन कसरी शुरू भयो भन्ने विषयसँग सम्बन्धित पौराणिक कथाका बारेमा सुन्नुका साथै त्यसका बारेमा छलफल गरे र कथा एवं उखान-टुक्काहरूको सङ्कलन गर्नका लागि आफ्नो परिवारसँग अन्तर्वार्ता समेत लिए ।

## जीवन्त सम्पदाका साथमा सामाजिक शिक्षा र इतिहास विषयहरूको शिक्षण एवं सिकाइ

सामाजिक शिक्षामा जीवन्त सम्पदाको प्रयोग गरेर विद्यार्थीहरूले :

- जीवन्त सम्पदा तत्वको ऐतिहासिक, सामाजिक र राजनैतिक परिवेशलाई विगत र अहिलको सन्दर्भसँग जोडेर विश्लेषण एवं तुलना गर्न सक्छन् ।
- समुदायले चाडपर्वहरू कसरी र किन मनाउँछन् भनेर सिक्न सक्छन् ।
- अभ्यासका माध्यमबाट लैङ्गिक भूमिका र सामाजिक संरचनाको क्रमिक विकासका बारेमा मनन (reflect) गर्न सक्छन् ।
- परिवार र समुदायका सदस्यहरूसँग अन्तर्वार्ता कसरी लिने भनेर सिक्न सक्छन् ।





## अभिनय कलाका माध्यमबाट इतिहासको सिकाइ (गणतन्त्र कोरिया)

कोरियामा विद्यार्थीहरूले एक प्रकारको अभिनय कलाका बारेमा सिक्दछन्, जसलाई *नाम्स्याडाङ नोरी* भनिन्छ । विगतमा, यस कलाका माध्यमबाट मानिसहरूलाई मनोरञ्जन प्रदान गर्न कलाकारहरूको समूह देशका विभिन्न गाउँहरूमा यात्रा गर्दथ्यो । एक्रोबेटिक कलाका साथमा यस अभिनय कलामा मुखुन्डो तथा पुतली नाटक पनि देखाइन्छ, जसमा सामाजिक अवस्थाप्रति व्यङ्ग्य एवं आलोचना पनि समावेश गरिएको हुन्छ । इतिहास र सामाजिक शिक्षाको कक्षामा विद्यार्थीहरूले जोसिअन राजवंशका बेला मानिसहरूको जीवन कस्तो थियो भनेर पढ्दछन् । त्यो समयमा *नाम्स्याडाङ नोरी* किन लोकप्रिय थिए भनेर अनुसन्धान गरे र उनीहरूले विगतका सवालहरूका बारेमा पत्ता लगाएका कुराहरू र समसामयिक सामाजिक सवालहरूका बीचको फरक देखाए ।

### जीवन्त सम्पदाका माध्यमबाट व्यवहारिक सिपमा सुधार ल्याउन

जीवन्त सम्पदालाई कक्षा कोठामा प्रयोग गर्नाले व्यवहारिक सिपहरू जस्तैः समूहमा कसरी काम गर्ने, टोलीसँग कसरी सञ्चार गर्ने तथा अन्तर्वार्ता लिने सिपहरूमा सुधार ल्याउन सकिन्छ । कक्षा कोठामा जीवन्त सम्पदाको प्रयोगले विद्यार्थीहरूलाई सूचना तथा सञ्चार प्रविधि (आइसिटी) सम्बन्धी ज्ञान एवं सिपहरू प्राप्त गर्न समेत मद्दत पुग्छ ।

## थाइल्याण्डमा डिजिटल कथा वाचन



थाइल्याण्डमा विद्यार्थीहरूले डिजिटल कथा-वाचनको तौरतरिका सिक्नका लागि जीवन्त सम्पदा (खाना पकाउने स्थानीय विधि)को प्रयोग गरे । उनीहरूले आफ्नो प्रान्तमा प्रयोग हुने विभिन्न प्रकारका खाना परिकारहरूका बारेमा सूचनाहरू सङ्कलन गरे र उक्त परिकारहरूका बारेमा श्रव्यदृष्य सामाग्रीहरू तयार पारे । यी सामाग्रीहरूलाई सामाजिक सञ्जालमा राखियो, जसमा उनीहरूले ती परिकारहरू कहाँ बन्छन् भनेर थाहा पाइयोस् भनेर जीपीएस पनि राखेका छन् । शिक्षकहरू र विद्यार्थीहरू मिलेर खाना पकाउने स्थानीय विधि समेटर एउटा डिजिटल पुस्तक पनि तयार पारेका छन् ।

सामान्यतया, जीवन्त सम्पदायुक्त सिकाइमा जीवन्त सम्पदाका ***बारे***मा सिकाइको पनि निश्चित अंश रहन्छ । यसरी दुबै अवधारणाहरूले यसको संरक्षणको महत्वका बारेमा चेतना अभिवृद्धि गर्नुका साथै यसको हस्तान्तरणमा समेत योगदान पुर्‍याउँछन् ।

माथि उल्लेख गरिएका मूर्त सम्पदा***युक्त*** सिकाइ (जस्तैः भूगोल सिक्नका लागि स्थानीय वास्तुकलाको प्रयोग वा रसायनशास्त्र सिक्न स्थानीय निर्माण सामाग्रीहरूको प्रयोग गर्ने) जस्तै मूर्त सम्पदाका ***बारे***मा सिकाइ (उदाहरणका लागि कुनै स्मारकको इतिहास, विशेषता, सामाजिक एवं आर्थिक महत्व) का सन्दर्भमा पनि यस्तै विधि अपनाउन सकिन्छ ।

## २.४ जीवन्त सम्पदाका बारेमा र जीवन्त सम्पदायुक्त सिकाइका फाइदाहरू

जीवन्त सम्पदालाई विद्यालय शिक्षाका क्रियाकलापहरूमा समेट्नुका धेरै फाइदाहरू छन् । यो स्रोत-सामाग्रीभित्र प्रस्तुत गरिएका प्रमाण र कथाहरूले जीवन्त सम्पदाले शिक्षामा ल्याउन सक्ने धेरै फाइदाहरूका बारेमा दर्शाउँछन् । केही विशिष्ट दीर्घकालीन एवं अल्पकालीन फाइदाहरूलाई तल सूचीकृत गरिएको छ ।

### जीवन्त सम्पदा संरक्षणमा योगदान

जीवन्त सम्पदालाई शिक्षामा समावेश गर्नाले भावी पुस्तामा निरन्तर रूपमा अभ्यास, ज्ञान वा सिप हस्तान्तरण भइरहने सुनिश्चित हुन्छ । वास्तवमा, विद्यार्थीहरूलाई विद्यालय वा अन्यत्र जीवन्त सम्पदासँग परिचित गराउनु जीवन्त सम्पदाको महत्वका बारेमा युवाहरू माझ चेतना जगाउने सबैभन्दा सरल तरिका हो । चेतनाले शिक्षकहरू र विद्यार्थीलाई प्रायः सम्बन्धित जीवन्त सम्पदाका बारेमा सिक्न एवं सो सम्पदा तत्वलाई अभ्यास गर्ने थप अवसरहरूको खोजी गर्न अभिप्रेरित गर्दछ । चेतनाले युवाहरूलाई उनीहरूको ज्ञान एवं अनुभव अरूसँग साट्न पनि प्रेरित गर्दछ । अन्तत्वोगत्वा, शिक्षाले विद्यार्थी र शिक्षक दुवैलाई सम्पदा अभियन्ता बन्न सक्षम तुल्याउँछ ।



**"मैले मेरो परिवारका बारेमा धेरै कुरा सिकेँ । सामान्यतया विद्यालयमा तपाईं परम्परागत ज्ञान पाउनु हुन्छ, तपाईंको परिवारका बारेमा होइन । यस्तो भयो कि, व्यक्तिगत रूपमा मलाई यस्तो ज्ञान धेरै नै महत्वपूर्ण लाग्यो ।"**

*कक्षा ९ का एकजना विद्यार्थी, डोस्टार इन्टरने शनल स्कूल, लाइसियम, काजखस्तान*

## सिकाइका उपलब्धी र शिक्षाको गुणस्तरमा सुधार

विद्यालयमा जीवन्त सम्पदा बारेमा एवं जीवन्त सम्पदायुक्त शिक्षण तथा सिकाइले सिक्ने व्यक्तिका लागि शिक्षा सान्दर्भिक र रमाइलो बन्दछ । यसले सैद्धान्तिक ज्ञानलाई जीवनका वास्तविक घटनाहरूसँग जोड्ने भएकोले यस्तो भएको हो । यसका साथै, जीवन्त सम्पदासँग जोडेर पाठको संरचना तयार पार्दा जीवनका वास्तविक उदाहरणहरूलाई यसका सैद्धान्तिक पक्षहरूको परिपुरकका रूपमा प्रयोग गर्न सकिन्छ ।

स्थानीय साँस्कृतिक सम्पदाका केही तत्वहरूलाई विद्यालयका गतिविधिहरूमा समावेश गराएर शिक्षकहरूले विद्यालय र समुदायका बिचमा सम्बन्ध स्थापित गर्दछन् । यसका साथै विद्यार्थीहरूलाई सबै प्रकारको सिकाइले परिपक्व नागरिक बन्नमा योगदान पुग्ने भएकाले त्यसका बारेमा खोजी गर्न उनीहरूलाई उत्प्रेरित गर्दछन् । विद्यालय र घरको परिवेशलाई जोड्नाले विद्यार्थीहरूले कक्षा कोठामा उनीहरूको अनुभव बाँडने वा उनीहरूले सिकेको नयाँ सिकाइलाई घरमा लागू गर्ने अवसर प्राप्त गर्न सक्छन् ।

जब स्थानीय ज्ञान वा अभ्यासमा आधारित भएर पाठ बनाइन्छ, यसका केही तत्वहरूसँग विद्यार्थीहरू पहिले देखि नै परिचित भएका हुन्छन् र पाठको शिर्षकसँग आफूलाई सजिलै घुलमेल गराउन सक्छन् । यसकारण विद्यालयको ज्ञानलाई विद्यार्थीहरूले अझै बढी उपयोगी भएको ठान्नुका साथै उनीहरूको दैनिक जीवनसँग झनै बढी सान्दर्भिक भएको पाउँछन् । जो विद्यार्थीहरू सक्रिय रूपमा सहभागी बन्दछन्, उनीहरूसँग सिक्न, शिक्षकहरूसँग आफ्ना कुराहरू साटासाट गर्न र सिकाइका अझै राम्रा उपलब्धीहरू प्राप्त गर्न सक्ने सम्भावना बढी हुन्छ ।

यसका साथै, जीवन्त सम्पदायुक्त शिक्षण प्रभावकारी शिक्षण-विधिसँग सम्बन्धित हुन्छ, जसले आपसी सहयोगमा आधारित एवं समस्या केन्द्रित सिकाइको प्रबर्द्धन गर्दछ । विद्यार्थीहरूले बढी भन्दा बढी व्यवहारिक तरिकाले सिक्दछन् । उनीहरूले व्यवहारिक उपयोगिता के हुन सक्ला भनेर खोजी गर्न सक्छन् र प्रयोग (ट्रायल एन्ड एरर) का माध्यमबाट सिक्न सक्छन् । यो विधिले सिकाइका उपलब्धीहरूमा दीर्घकालीन सुधार ल्याउने दिशा तर्फ डोऱ्याउन सक्छ ।




**"अमूर्त साँस्कृतिक सम्पदा हामी र हाम्रा विद्यार्थीहरू सबैका लागि बिल्कुलै नयाँ विषय हो । शैक्षिक क्षेत्रमा अमूर्त साँस्कृतिक सम्पदाको पहिचान गराउनाले निश्चित रूपमा आलोचनात्मक तरिका र अझै बढी व्यवहारिक रूपमा सोच्न घैँटोमा घाम लागेको छ । यसले हामीहरूलाई गणितमा सेट पढाउने पुरानो तरिका माथि प्रश्न गर्न सिकाएको छ, किनभने हामीहरूले त्यही कुरालाई पनि अझै बढी रमाइलो सहभागितामूलक तरिका र हामीले हाम्रो दैनिक जीवनमा देख्ने उदाहरणहरू सहित पनि त पढाउन सक्छौँ ।"**

*सावित्री महर्जन, गणित शिक्षक, मङ्गल माध्यमिक विद्यालय, नेपाल*





## लोककथाका साथमा गणितको सिकाइ (पाकिस्तान)

युनियन, परिच्छेदन र सेटहरूको फरक जस्ता गणितीय अवधारणाहरू बुझाउन पाकिस्तानमा एक जना शिक्षकले लोकप्रिय लोककथा सुनाएर पाठ शुरू गर्दछन् । कथा सुने पछि विद्यार्थीहलाई दुई वटा सेटहरूमा बाँडिन्छ, हरेकले दुईटा मध्ये एउटालाई सहयोग गर्न भनिन्छ । विद्यार्थीहरूले भेन डायग्राममा युनियन (दुबै समूहको प्रतिनिधित्व गर्ने सहभागीहरू मार्फत) र परिच्छेदन (दुबै समूहसँग आबद्ध पात्र मार्फत) को अवधारणाको दृष्यात्मक कल्पना गर्दछन् । त्यसपछि उनीहरूले काल्पनिक संख्याहरूका माध्यमबाट यी अवधाराणाहरूका बारेमा थप खोजी गर्दछन् ।



**मैले धेरै कुराहरू सिकैं । यसलाई मैले पछि पनि मेरो जीवनभर सम्भिmने छु । विगतमा मानिसहरूले त्रिकोणमितिको प्रयोग कसरी गर्दथे भनेर पनि बुझैं । मैले कसरी सिँढी राम्रोसँग बनाउने भनेर सिकैं । अरू विषय पनि यसरी नै पढाइ दिए कस्तो राम्रो हुन्थ्यो होला भन्ने मलाई लाग्छ ता कि हामीहरूले सजिलैसँग ती विषयहरू बुझ्न सकौं । मलाई थाहा छ यसले सिकाइका साथै दैनिक जीवनमा पनि सुधार ल्याउनेछ । सबैजना सुधार गर्न सक्षम हुनेछन् ।**

*प्रायोगिक परियोजनाका कक्षा ९ का एकजना विद्यार्थी, नेपाल ।*

सिकाइका उपलब्धीहरूमा सुधार ल्याएर, अमूर्त साँस्कृतिक सम्पदायुक्त शिक्षण एवं सिकाइले समावेशी एवं समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरूको प्रबर्द्धन गर्ने दिगो विकास लक्ष्य ४ प्राप्त गर्नमा योगदान पुऱ्याउँछ ।

## विद्यार्थी सशक्तिकरण

समाजमा कसैको निजी व्यक्तित्व र स्थानका बारेमा बुझ्नु महत्वपूर्ण हुन्छ । जीवन्त सम्पदाले हामी को हौँ, हामीले केलाई महत्व दिन्छौँ, विश्वलाई हामी कसरी हेर्दछौँ र हामीहरूले कसरी प्रतिक्रिया जनाउँछौ भन्ने कुरा निर्धारण गर्ने भएकाले जीवन्त सम्पदायुक्त शिक्षाले युवाहरूलाई साँस्कृतिक रूपमा विविधतायुक्त परिवेशमा पनि उनीहरूको पहिचानको खोजी गर्न सहयोग पुऱ्याउँछ। जीवन्त सम्पदालाई शिक्षासँग एकीकृत गर्नाले विद्यार्थीहरूलाई उनीहरूको विगत र वर्तमानसँग जोड्न, एक-अर्कासँग र वृहत्तर विश्वसँग जोड्दछ र विद्यार्थीहरूको आत्म सम्मान र सम्बद्धताको भावना सुदृढ पार्न सक्छ । यसरी यसले सद्भावी तथा शान्तिपूर्ण समाज निर्माण गर्नमा योगदान पुऱ्याउँछ ।

अमूर्त साँस्कृतिक सम्पदालाई शिक्षामा एकीकृत गर्नाले युवाहरूलाई सामाजिक-भावनात्मक कौशलता, आनिबानी र सकारात्मक विश्व-दृष्टिकोण निर्माणमा सहयोग पुऱ्याउँछ । यसका अतिरिक्त, विद्यालयमा जीवन्त सम्पदायुक्त शिक्षण तथा सिकाइले बालबालिकाहरूलाई साहानुभूति, समालोचनात्मक सोच र सहकार्य जस्ता एक्काइसौँ शताब्दीका थुप्रै सिपहरू प्राप्त गर्न सघाउँछ, जुन उनीहरूको स्थानीय परिवेश र पहिचानसँग घनिष्ठ ढङ्गले जोडिएका हुन्छन् ।

जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइले साथीसाथीबीचको सिकाइ (peer-to-peer learning) लाई पनि उत्प्रेरित गर्दछ, जसका माध्यमबाट विद्यार्थीहरूले उनीहरूको जीवन्त सम्पदा सम्बन्धी ज्ञान आफ्ना सहपाठीहरूसँग बाँड्न सक्छन् ।

## शिक्षकहरूबीच सहकार्य र सिर्जनशीलता

शिक्षकहरूले जब जीवन्त सम्पदालाई शिक्षण एवं सिकाइमा समावेश गर्दछन्, उनीहरूले अक्सर अरू शिक्षकहरू र बाह्य स्रोत व्यक्तिहरूसँग सहकार्य गर्नु पर्ने हुन्छ, र कुनै सम्पदा तत्वका बारेमा थप सिक्न तथा परिवेश सुहाउँदो तथा स्थानीय परिवेशसँग सम्बन्धित पाठहरू वा विषयगत परियोजनाहरू तयार पार्दा उत्प्रेरणा र सूचनाका थुप्रै स्रोतहरू खोज्नु पर्ने हुन्छ । साथै, यो अवधारणामा प्रायः नव प्रवर्तन शिक्षण विधिहरूको खोजी गरिन्छ । यस प्रक्रियाका माध्यमबाट उनीहरूले आफ्नो सञ्जालको विस्तार गर्दछन् र अझै स्रोतसाधन सम्पन्न एवं सिर्जनशील बन्दछन् ।

> **विद्यार्थीहरूको सहभागी एवं संलग्न हुन सक्ने नयाँ र विभिन्न प्रकारका अवसरहरू हुनु महत्वपूर्ण हुन्छ जस्तो लाग्छ । एउटा विद्यार्थी जो पढाइमा कमजोर थियो । उसले आफ्नो अमूर्त साँस्कृतिक सम्पदाका बारेमा अत्यन्तै सक्रियताका साथ प्रस्तुति गरेको थियो र ऊ अहिले सक्रियताका साथ सहभागी भइरहेको छ ।**
>
> *पवित्रा शाक्य, शिक्षक, जनसेवा माध्यमिक विद्यालय, नेपाल*





## पानीको विषयवस्तुमा आधारित एक-अर्का विषयसँग सम्बन्धित परियोजना कार्यान्वयनमा सहकार्य (मंगोलिया)

भूगोल, प्रविधि, रसायन शास्त्र, भौतिक शास्त्र र जीवशास्त्रका शिक्षकहरूले 'प्रकृतिका पाठहरू' नामक एउटा बहुआयामि परियोजना कार्यन्वयन गर्न सँगसँगै काम गरे । यस परियोजना पानीसँग सम्बन्धित वातावरणीय तथा साँस्कृतिक तत्वहरूलाई उनीहरूले आ-आफ्नो सम्बन्धित विषयमा समावेश गर्नु पर्ने हुन्थ्यो । विद्यार्थीहरूले पानीको आपूर्तिमा कमी हुँदै गएको तथा मरूभूमीकरणको कारक बनिरहेका मानव क्रियाकलापहरूका बारेमा पढ्नुका साथै उनीहरूले नदीलाई शान्त पार्ने तथा स्थानीय पहाड एवं जलमार्गहरूको पूजा गर्ने संस्कारका बारेमा पनि सिके ।

**“विद्यालयका विभिन्न क्रियाकलापहरूमा अमूर्त साँस्कृतिक सम्पदाको प्रयोगले सिकाइ प्रक्रियामा विद्यार्थीहरूको अभिरूचि जागृत गर्ने तथा शिक्षाको गुणस्तर सुधार गर्ने मात्रै नभएर शिक्षकहरूको दायरालाई पनि फराकिलो बनाउँछ र शिक्षकहरलाई अनुभवहरू बाँड्ने तथा सिकाइलाई जारी राख्ने अवसर प्रदान गर्दछ ।”**

*एलेना ग्लाबेन्ट्ज, शिक्षक, किर्गिजस्तान*



## विविधता, समावेशीता, सहनशीलता र अन्तरसाँस्कृतिक संवादको प्रबर्द्धन

जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइले साँस्कृतिक विविधताप्रतिको सराहनालाई प्रोत्साहित गर्दछ र विश्व नागरिकत्वको भावनालाई प्रबर्द्धन गर्दछ । जीवन्त सम्पदाले थुप्रै समूहहरूका मूल्य र मान्यताहरूलाई प्रतिबिम्बित गर्दछ । उनीहरूको सामाजिक, साँस्कृतिक, धार्मिक एवं सामाजिक पृष्ठभूमिका माध्यमबाट विविधता मात्रै नभएर अभ्यासकर्ताको व्यक्तिगत लैङ्गिक पहिचान र उमेर पनि प्रष्फूटित हुन्छ ।

शिक्षकहरूले विद्यार्थीहरूका माझ रचनात्मक विचारको आदान-प्रदान र आपसी समझदारीलाई प्रोत्साहित गर्न आफूले पढाउने पाठमा विभिन्न समुदायहरूको जीवन्त सम्पदालाई प्रस्तुत गर्न सक्छन् । उनीहरूले विद्यार्थीहरूका आ-आफ्ना अभ्यासहरूसँग सम्बन्धित जानकारीहरू बाँड्न एवं तिनीहरूको तुलना गर्न प्रोत्साहित गर्न सक्छन् । विद्यालयहरूले विद्यार्थीहरूले अभ्यास गर्ने विभिन्न जीवन्त सम्पदाहरूलाई देखाउनका लागि कार्यक्रमहरूको आयोजना गर्न सक्छन् । यस प्रकारको विधिले समावेशी सिकाइलाई प्रबर्द्धन गर्दछ र खास गरेर यो विविधतायुक्त साँस्कृतिक वातावरण भएको विद्यालयका लागि महत्वपूर्ण हुन्छ ।





### साँस्कृतिक विविधता सम्बन्धी चेतनाको विकास (पाकिस्तान)

पहाडी इलाकाको फेदीमा रहेको एउटा कलेजमा उक्त क्षेत्रको साँस्कृतिक विविधता दर्शाउनका लागि त्यहाँका आदिवासी समुदायहरूले लुगामा बनाउने बुट्टाहरू र उनीहरूको पहिरनमा केन्द्रित रही सामाजिक शिक्षाको एउटा पाठ तयार पारियो । उक्त पाठमा विद्यार्थीहरूले उक्त क्षेत्रमा प्रचलित विविध प्रकारका परम्परागत पहिरनहरूका बारेमा अध्ययन गर्नुका साथै उनीहरूले लुगामा बनाइएका बुट्टाका नमूनाहरूको गहन अध्ययन गरे । उनीहरूले पुरूष र महिलाहरूले लगाउने पहिरनका भिन्न भिन्न विशेषताहरू र तिनीहरूको प्रयोग कहाँ कहाँ हुन्छ भन्ने बारेमा पनि छलफल गरे । उनीहरूले कलेजमा आउँदा आ-आफ्नो समुदायको पहिरन लगाएर आए र हरेकका खास विशेषताहरू, अर्थ र महत्वहरूका बारेमा व्याख्या गरे । यो क्रियाकलापले विद्यार्थीहरूका माझ साँस्कृतिक आदान-प्रदान र आपसी समझदारीलाई अभिप्रेरित गऱ्यो ।

**"म छिट्टै नै कोरिया जाँदैछु र मलाई लाग्छ मैले किर्गिस्तानीहरूको अमूर्त साँस्कृतिक सम्पदाका बारेमा धेरै कुराहरू जान्नु आवश्यक छ ता कि कोरियाका अन्य विद्यार्थीहरूलाई मैले मेरो देशको समुन्नत साँस्कृतिक सम्पदालाई प्रतिबिम्बित गर्ने हाम्रो परम्परा र अभ्यासहरूका बारेमा व्याख्या गर्न सकूँ ।"**

*तोरायिम, कक्षा ११ का विद्यार्थी, किर्गिस्तान*

## लैङ्गिक समानताको प्रर्बद्धन

साँस्कृतिक अभ्यासहरू, मूल्य र मान्यताहरू समयक्रममा परिवर्तन हुन सक्छन् । त्यसैले जीवन्त सम्पदायुक्त शिक्षणले स्थानीय प्रचलनमा रहेका लैङ्गिक पूर्वाग्रहहरूको अन्वेषण गर्दै विद्यालयमा लैङ्गिक समानता प्रबर्द्धन गर्ने तथा सकरात्मक लैङ्गिक भूमिकाहरूलाई सुदृढ बनाउने माध्यमका रूपमा काम गर्न सक्छ । यस प्रकारका विद्यालयका गतिविधिहरूका माध्यमबाट साँस्कृतिक अभ्यासमा पहिले नै कत्तिको उत्परिवर्तन हुँदै आएको छ भनेर प्रकाश पार्न सकिन्छ । उदाहरणका लागि, किर्गिस्तानमा महिलाहरूको हस्तकला– जस्तैः चाँदीबाट बनाइने हस्तकला –मा निपूणता हाँसिल गरेका छन् जसलाई विगतमा पुरूषहरूले मात्रै गर्ने गर्दथे । शिक्षकहरूले पनि विद्यार्थीहरूलाई जीवन्त सम्पदा सम्बन्धी परियोजनाहरू गराउँदा, यस्तो सम्पदाको अभ्यास समुदायमा भिन्दा भिन्दै लैङ्गिक भूमिकासँग सम्बन्धित रहेको भनेर पढेको भएता पनि, लैङ्गिक रूपमा तटस्थ रहि सहकार्य गर्नका लागि प्रेरित गर्न सक्छन् ।

### जीवन्त सम्पदायुक्त पाठका माध्यमबाट लैङ्गिक समानताको प्रबर्द्धन (नेपाल)

नेपालमा शिक्षकहरूले केही अमूर्त साँस्कृतिक सम्पदा अभ्यासहरू विशेष प्रकारका लैङ्गिक भूमिकाहरूसँग बलियोसँग टाँसिएको महसुस गरे । उदाहरणका लागि, कुनै गीतहरू धेरैजसो महिलाहरूद्वारा गाइन्थ्यो, खास कामहरू पुरूषहरूका लागि छुट्याइएको हुन्थ्यो र निश्चित संस्काहरूमा महिलाहरूले पुरूषको आकृतिमाथि पूजा गर्नु पर्दथ्यो । यी भूमिकाहरूका बाबजुद पनि, शिक्षकहरूले विद्यार्थीहरूलाई लैङ्गिकरूपमा तटस्थ रही काम गर्न लगाए । उनीहरूका विद्यार्थीहरू नयाँ अनुभव लिनका लागि अत्यन्तै इच्छुक थिए । एउटै लक्ष्य प्राप्तिका लागि सँगसँगै सिक्दा र काम गर्दा उक्त अभ्यासमा भएका पूर्वाग्रहहरूलाई हटाउन सहयोग पुग्यो ।







**समुदाय भित्र तथा विभिन्न पुस्ताहरूका बीच संवाद सबलीकरण**

जीवन्त सम्पदालाई औपचारिक शिक्षामा एकीकृत गर्नाले विद्यालय र तिनीहरूको वरपरका समुदाय र विभिन्न पुस्ताहरूकाबीच (अनुभवहरूको) आदान-प्रदान विकास गर्न सकिन्छ । यस्ता क्रियाकलापहरूका माध्यमबाट विद्यार्थीहरूलाई उनीहरूको परिवार र वृहत समुदायकाबीच बलियो सम्बन्ध विकास गर्ने अवसर मिल्छ । समुदायका सदस्यहरू र अभिभावकहरूलाई शैक्षिक प्रक्रियामा ल्याउनाले सिकाइलाई अझै बढी सान्दर्भिक र रमाइलो बनाउन सक्छ ।

## स्थानीय व्यापारीसँग अन्तर्वार्ता (पाकिस्तान)

सामाजिक शिक्षा अन्तर्गत विद्यार्थीहरूले गर्नुपर्ने गृहकार्यका रूपमा विद्यार्थीहरूले परम्परगत पेशा गर्ने समुदायका सदस्यहरू, जस्तैः सिकर्मी, फलामको काम गर्ने व्यक्ति, डकर्मी, कपडा बुन्ने व्यक्ति र छालाको काम गर्ने व्यक्तिहरूको पहिचान गरे । उनीहरूको जीवन र कामका बारेमा (जस्तैः उनीहरूले काम गर्न कसरी सिके, समय बित्दै जाँदा उनीहरूको काममा केही परिवर्तन आए-नआएको, समुदायमा त्यसको महत्व आदि बारे) सूचनाहरू सङ्कलन गर्न विद्यार्थीहरूले ती व्यक्तिहरूसँग अन्तर्वार्ता लिए । उनीहरूले हरेक पेशामा प्रयोग हुने औजारहरूको सूची बनाइ तिनीहरूको चित्र समेत कोरे । यस प्रकारको क्रियाकलापले विद्यार्थीहरूलाई उनीहरूको समुदायमा रहेका विविध पेशाहरूका बारेमा बुझ्न र तिनको सम्मान गर्न सक्षम बनायो ।

**“मेरो साथीको हजुरबा बाजा बनाउन सिपालु हुनुहुन्छ । मैले पक्कै पनि उहाँ कहाँ गएर उहाँबाट सिक्नु पर्छ ।”**

*कक्षा ६ का विद्यार्थी, अब्दुल्लाह रोजीबकिभका नाम मा राखिएको विद्यालय–जिम नं. १५३, काजखस्तान*





## विश्वव्यापी वातावरणीय समस्याहरू समाधानका लागि स्थानीय समाधानको खोजी

समय परिवर्तनसँगै, समुदायहरूले उनीहरूको स्थानीय स्रोतका बारेमा थुप्रै ज्ञान र अभ्यासहरूका बारेमा थाहा पाउँछन् । जीवन्त सम्पदायुक्त शिक्षणले प्राकृतिक सम्पदाका बारेमा चेतना जगाउन तथा उक्त सम्पदाको संरक्षणमा योगदान पुऱ्याउन सक्छ । विद्यालयको परिवेशमा, विद्यार्थीहरूले प्राकृतिक स्रोतहरूलाई दिगो तवरले व्यवस्थापन गर्ने, भूक्षय तथा दैवी विपत्ति रोक्ने, जैविक विविधता संरक्षण गर्ने र विपद उत्थानशीलताको विकास गर्ने (उदाहरणका लागि, स्थानीय पानी संरक्षण विधि) स्थानीय, परम्परागत तौर-तरिकाहरूका बारेमा सिक्न सक्छन् । यसले विद्यार्थीहरूलाई स्थानीय प्राकृतिक सम्पदाहरूलाई थप क्षति हुनबाट कसरी रोक्ने र यसका लागि त्यसलाई साँस्कृतिक सम्पदासँग कसरी जोड्ने र विश्व नागरिक बन्ने भनेर सिक्न सहयोग गर्दछ ।

> **मैले व्यवहारिक पाठका माध्मबबाट मेरो स्थानीय साँस्कृतिक अभ्यासका बारेमा सिकैँ । अब मलाई हाम्रो परम्परागत उत्सवमा कृत्रिम सामाग्री भन्दा प्राकृतिक सामाग्रीहरूको कसरी प्रयोग गर्ने भनेर थाहा छ ।**
>
> *थाइल्याण्डका एकजना विद्यार्थी*

### स्थानीय जीवन्त सम्पदायुक्त विषयवस्तुका फाइदाहरू दर्शाउने एक सर्वेक्षण (गणतन्त्र कोरिया)

एक जना शिक्षकले साँस्कृतिक सम्पदा र 'हाम्रो ठाउँको कथा' सम्बन्धी सामाजिक शिक्षाको कक्षालाई दुई समूहमा विभाजन गरे । एउटा समूहले पाठ्यपुस्तकमा दिइएका सामान्य विषयवस्तुहरूको अध्ययन गऱ्यो । अर्को समूहले ' *योन्डेङ्हो*' (लालटिन महोत्सव) को अध्ययन गऱ्यो, जुन त्यहि समयमा त्यहाँ चलिरहेको थियो । यो महोत्वका बेलामा, मानिसहरूले उनीहरूको घर बाहिर मैनबत्ती बाल्दछन् र बौद्ध समारोह, शोभायात्रा र साँस्कृतिक कार्यक्रमहरूमा सहभागी हुन्छन् । उनीहरूको क्षेत्रको साँस्कृतिक सम्पदाको अध्ययनको एउटा पाटोका रूपमा दोस्रो समूहका विद्यार्थीहरूले '*योन्डेङ्हो*' सँग सम्बन्धित सम्पदा कसरी जोगाउने भन्ने बारेमा उनीहरूलाई लागेको कुरा व्यक्त गरे, लालटिनहरू बनाए र उक्त महोत्सवका लागि निमन्त्रणा-पत्रहरू समेत तयार पारे । हुन त दुबै समूहका विद्यार्थीहरू संस्कृतिप्रति सकारात्मक नै थिए, तर दोस्रो समूहका ८७ प्रतिशत विद्यार्थीहरूले उक्त महोत्सवको अर्थका बारेमा बताउन सके, जब कि अर्को समूहका जम्मा २१ प्रतिशत विद्यार्थीहरूले मात्रै यस्तो अर्थ बताउन सके । त्यस्तै दोस्रो समूहका ८५ प्रतिशत विद्यार्थीहरूले उनीहरूको स्थानीय सम्पदा संरक्षणमा बढी अभिरूचि देखाएका थिए, जुन अर्को समूहभन्दा दुई गुणा बढि हो । यो प्रयोगात्मक अभ्यासमा सहभागी हुने विद्यार्थीहरूको नमूना (स्याम्पल) सानो थियो, तर यसले (स्थानीय परिवेशसँग मिल्ने गरी) विशिष्ट रूपले तयार परिएको विषयवस्तुले स्थानीय संस्कृति संरक्षणमा थप सक्रिय बन्न धेरै भन्दा धेरै ज्ञानका साथै अभिरूचि प्रदान गर्ने कुरा प्रष्टसँग दर्शायो ।



## परिवेश सुहाउँदो विषयवस्तु निर्माणको प्रवेश विन्दुका रूपमा मूर्त सम्पदा

पाठहरूमा स्थानीय साँस्कृतिक स्थलहरू, स्मारक एवं वस्तुहरूको सन्दर्भ जोड्नाले सिकाइलाई परिवेश सुहाउँदो बनाउनुका साथै उक्त पाठलाई अझै बढि सान्दर्भिक बनाउने तथा सिकाइका उपलब्धिहरूमा सुधार ल्याउन सक्छ । यसका साथै, स्थानीय सम्पदासँग परिचित विद्यार्थीहरू र उनीहरूको परिवारका सदस्यहरूले आफूसँग भएको ज्ञान र अनुभवलाई अन्य विद्यार्थीहरूसँग बाँड्न सक्छन् । शिक्षण र सिकाइमा मूर्त सम्पदाको प्रयोग गर्नाले वातावरणीय एवं सामाजिक समस्याहरूमाथि अन्तर-विधा विषयगत सिकाइ र छलफललाई अभिप्रेरित गर्दछ ।

### मुख्य सिकाइहरू

- विद्यालयहरूले जीवन्त सम्पदाका ***बारेमा*** (जहाँ अमूर्त साँस्कृतिक सम्पदालाई विषयका रूपमा लिइन्छ) र जीवन्त सम्पदा***युक्त*** (जहाँ अमूर्त साँस्कृतिक सम्पदालाई शिक्षण विधिको एउटा औजारका रूपमा लिइन्छ) शिक्षण सञ्चालन गर्न सक्छन् ।
- जीवन्त सम्पदालाई कक्षाकोठामा ल्याउनाले जीवन्त सम्पदा संरक्षणमा योगदान पुग्छ ।
- यो विधिले विद्यालय र समुदायमा जे सिकियो त्यसका बिचको अन्तर कम गर्न, सिकाइलाई अझै बढी सान्दर्भिक बनाउन योगदान दिन्छ । यस विधिमा उच्च गुणस्तरीय शिक्षण विधि र विषयवस्तुहरू समेटिने भएकोले विद्यार्थी, शिक्षक र समुदायलाई लाभान्वित बनाउन तथा दिगो विकास लक्ष्य ४ को प्राप्तिमा सहयोग पुग्छ ।



एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई
स्रोत-सामाग्री :

पुस्तिका

३

# शिक्षाका प्राथमिकताहरुसँग सामान्जस्यता

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ — शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरू
- पुस्तिका ९ — शिक्षकका कथाहरू

पुस्तिका

३

# शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता

यस पुस्तिकामा जीवन्त-सम्पदायुक्त शिक्षाले शिक्षाको गुणस्तरमा सुधार ल्याउन विश्व नागरिक शिक्षा एवं शिक्षाका अन्य प्राथमिकताहरू जस्तैः दिगो विकासका लागि शिक्षा, सामाजिक-संवेगात्मक शिक्षा र मातृभाषामा आधारित शिक्षाले एक-अर्कालाई कसरी सहयोग गर्न सक्छन् भनेर व्याख्या गरिएको छ ।

यो पुस्तिकामा चारवटा भागहरू छन् :

- विश्व नागरिक शिक्षा प्रबर्द्धनार्थ जीवन्त सम्पदायुक्त शिक्षा एवं सिकाइ
- दिगो विकास प्रबर्द्धनार्थ जीवन्त सम्पदायुक्त शिक्षा एवं सिकाइ
- जीवन्त सम्पदायुक्त सामाजिक-संवेगात्मक शिक्षा एवं सिकाइ
- जीवन्त सम्पदायुक्त मातृभाषामा आधारित शिक्षा एवं सिकाइ



# ३.१ विश्व नागरिक शिक्षा प्रबर्द्धनार्थ जीवन्त सम्पदायुक्त शिक्षा एवं सिकाइ

भूमण्डलीकरण र अन्तरसम्बन्ध आजको हाम्रो समाजको वास्तविकता हो, जसका फाइदा र चुनौती दुवै छन् । सशरीर भेटेर प्रत्यक्ष रूपमा एवं इन्टरनेटका माध्यमबाट परोक्ष रूपमा गरिने अन्तरक्रिया र विचारहरूको आदान-प्रदानले हामीहरूलाई धेरै कुराहरू (आर्थिक, सामाजिक, संवेगात्मक, साँस्कृतिक आदि) मा सम्पन्न बनाउन सक्ने सम्भावना छ । तर तिनीहरूले, सँगसँगै बढ्दो प्रतिस्पर्धा, तनाव र द्वन्द्वलाई पनि निम्त्याउन सक्छन् । यस्तो परिवेशमा शान्तिपूर्ण र सहकार्यमूलक समाज कसरी कायम राख्ने भनेर सिक्नु आवश्यक हुन्छ ।

## विश्व नागरिक शिक्षा

विश्व नागरिक शिक्षा एक रूपान्तरणकारी शैक्षिक अवधारणा हो जसले जनमानस, खासगरेर युवा पुस्तालाई विश्व नागरिक बन्नका लागि शिक्षित गर्दछ । यसले समावेशी, न्यायपूर्ण र शान्तिपूर्ण संसार निर्माण कार्यमा योगदान पुऱ्याउन मानिसहरूलाई सक्षम बनाउने ज्ञान, सिप, मूल्य एवं धारणा सिकाउने लक्ष्य राख्दछ । छोटकरीमा भन्नु पर्दा यसले हामीलाई सँगसँगै जिउनका लागि सहयोग गर्दछ ।

विश्व नागरिकका रूपमा :

- हामी आजको विश्वका जटिलताहरू र अन्तरनिर्भरताका बारेमा सचेत छौँ ।
- हामी सबैजना एउटै साझा मानवतासँग सम्बन्धित छौँ र ऐक्यबद्धता जनाउँछौँ भन्ने महसुस हुन्छ ।
- हामी विविधताको सम्मान गर्दछौँ ।
- हामीहरू सकरात्मक परिवर्तनका संवाहक बन्न सचेततापूर्वक प्रयास गर्दछौँ ।



### विश्व नागरिक शिक्षा शिक्षण विधिका प्रमुख सिद्धान्तहरू

यसले छ वटा शिक्षण विधिहरू सम्बन्धी सिद्धान्तहरूको प्रबर्द्धन गर्दछ :

- सम्वाद र सहभागिता
- सर्वाङ्गीण एवं अन्तरविधात्मक विधि
- बहु-शैलीयुक्त (multi-modal) विधि
- मूल्यमान्यता निर्माण
- समालोचनात्मक सशक्तिकरण (critical empowerment) तथा समस्या समाधान सिप
- स्थानीय एवं विश्वव्यापी रूपमा उपयोगी र सान्दर्भिक विषयवस्तु

**विश्व नागरिक शिक्षाले शिक्षणमा रूपान्तरणकारी एवं सर्वाङ्गीण विधिको प्रबर्द्धन गर्दछ। त्यसैले यसका लागि गतिशील तथा रचनात्मक शिक्षण विधिको आवश्यकता पर्दछ।**

***सम्वाद र सहभागिता:*** विश्व नागरिक शिक्षाबाट पूर्णरूपले लाभ प्राप्त गर्न विद्यार्थी-केन्द्रीत वातावरण बनाउनु उचित हुन्छ, जहाँ विद्यार्थी र शिक्षक दुवैले समस्याहरूका बारेमा छलफल गर्न, सँगै मिलेर ज्ञान निर्माण कार्यमा लाग्न र ज्ञानगुनका कुराहरू सिक्न सक्दछन् । जीवन्त सम्पदालाई कक्षाकोठामा ल्याउनाले यस्तो वातावरणको सिर्जनामा सहयोग पुग्न सक्छ । उदाहरणका लागि, विद्यार्थीहरूले जीवन्त सम्पदाका बारेमा उनीहरूले त्यसलाई कसरी अभ्यास गर्दछन्, त्यसलाई कत्तिको र किन महत्व दिन्छन्, पुर्खाका पालादेखि चल्दै आएको यस्तो अभ्यासको अहिले के अर्थ छ, र यसको संरक्षणका लागि के गर्न सकिन्छ जस्ता विषयमा आफ्ना व्यक्तिगत अनुभवहरू बाँड्न सक्छन् ।

***सर्वाङ्गीण एवं अन्तरविधात्मक विधि:*** विश्व नागरिक शिक्षाले अन्तरसम्बन्ध (मानिसहरूका बिच, मानिस र वातावरणका बिच, स्थानीय स्तर र राष्ट्रिय स्तर, राष्ट्रिय स्तर र विश्व स्तर आदि) का विभिन्न कोण र तहहरूका बारेमा विद्यार्थीहरूले जे बुझेका छन् त्यसैलाई जोड दिन्छ । अधिकांश जीवन्त सम्पदा तत्वहरूले थुप्रै विधाहरूलाई छुन्छन् र विभिन्न क्षेत्रसँग सम्बन्धित विशिष्ट ज्ञानलाई समेटेका हुन्छन् । त्यसैले जीवन्त सम्पदा तत्वहरूको अन्तरसम्बन्धका बारेमा खोजी गर्न सकिन्छ । उदाहरणका लागि डोको बुन्नका लागि हातको सिप, बान्की र आकार बनाउनका लागि ज्यामितिको ज्ञानका साथै आवश्यक कच्चा पदार्थ सङ्कलन गर्न वरपरको वातावरणको जानकारी चाहिन्छ । त्यसैले, डोको बुन्ने कामलाई यी विभिन्न विधाहरूका बीचको अन्तरसम्बन्धका बारेमा बुझ्नका लागि प्रयोग गर्न सकिन्छ ।

***बहुशैलीयुक्त (multi-modal) विधि:*** विश्व नागरिक शिक्षा र जीवन्त सम्पदायुक्त शिक्षा दुवै कक्षा कोठामा सीमित हुने शैक्षिक अभ्यासहरू होइनन् । सम्पदा अभ्यासकर्ताहरूलाई उनीहरूको विचार र अनुभव बाँड्नका लागि सहभागी बनाउन सकिन्छ । विद्यार्थी र उनीहरूका परिवार एवं समुदायले स्थानीय एवं विश्वव्यापी चुनौतीहरूका बारेमा बुझ्न तथा तिनीहरूको समाधान पत्ता लगाउन सँगसँगै काम गर्दछन् ।

***मूल्यमान्यता निर्माण:*** विश्व नागरिक शिक्षाका माध्यमबाट विद्यार्थीहरूले मानव अधिकारको सम्मान, सहनशीलता, विविधता प्रति सम्मान, सामाजिक न्याय, समानता र वातावरणीय दिगोपनाका मूलभूत सर्वव्यापी मूल्यहरू सिक्दछन् । कक्षाकोठामा जीवन्त सम्पदाका बारेमा अध्ययन गर्नाले विद्यार्थीहरूले यी मूल्यहरू र उनीहरूका लागि समुदायका विभिन्न सदस्यहरूको अर्थ के छ भनेर चिन्तन गर्न सक्छन्, जसले उनीहरूलाई व्यापक स्तरमा सकारात्मक मूल्य र सिद्धान्तहरूको विकास गर्न सहयोग पुग्दछ ।

***समालोचनात्मक सशक्तिकरण (critical empowerment) तथा समस्या समाधान सिप:*** विश्व नागरिक शिक्षाले विद्यार्थीहरूलाई विश्वव्यापी चुनौतीहरूका बारेमा सिकाउँछ र उनीहरूलाई यी चुनौतीहरूको समालोचनात्मक ढङ्गले मूल्याङ्कन गर्न तथा तिनीहरूलाई सम्बोधन गर्ने कार्यक्रमहरूको खाका तयार पारी



त्यसको कार्यान्वय गर्ने क्षमता प्रदान गर्दछ । जीवन्त सम्पदायुक्त शिक्षाले विद्यार्थीहरूलाई स्थानीय सरोकारहरूका साथै राष्ट्रिय तथा विश्वव्यापी सवालहरूसँग कसरी जोडिएका छन् भनेर समालोचनात्मक ढङ्गले सोच्न सहयोग गर्दछ । विद्यार्थीहरूले भूमण्डलीकरणले उनीहरूको संस्कृतिलाई (एक-अर्काका बिच हुने आदान-प्रदानले) कसरी खतरा पुऱ्याइरहेको छ वा यसले उनीहरूको संस्कृतिलाई कसरी समृद्ध पार्न सक्छ भनेर विश्लेषण र बहस गर्न सक्छन् । यसका साथै उनीहरूले सम्पदा अभ्यासको भविष्यका बारेमा कसरी परिकल्पना गर्ने भनेर छलफल गर्न सक्छन् ।

***स्थानीय एवं विश्वव्यापी रूपमा उपयोगी र सान्दर्भिक विषयवस्तु:*** विश्व नागरिक शिक्षाले विद्यार्थीहरूलाई कक्षामा सान्दर्भिक ज्ञान र सिपसँग परिचित गराइयो भने उनीहरूले सिकेका कुराहरूलाई विद्यालय र घर दुबै ठाउँमा आफ्नो दैनिक जीवनमा कार्यान्वयन गर्न सक्षम बनाउँछ भनेर स्वीकार्दछ । त्यसरी नै जीवन्त सम्पदा स्थानीय/राष्ट्रिय परिवेश एवं वास्तविकतामा आधारित हुन्छ । विद्यालयमा यसलाई एकीकृत गरेपछि यसले पाठ्यक्रमका सैद्धान्तिक पक्षहरूका लागि व्यवहारिक प्रवेश बिन्दु प्रदान गर्दछ । शिक्षकहरूले परिवेश अनुसार पाठलाई ढाल्न सक्छन् भने विद्यार्थीहरू सक्रियताका साथ सहभागी हुन सक्छन् ।

चित्र ३.१. विश्व नागरिक शिक्षा (GCED) का तिनवटा अवधारणात्मक आयामहरू




*सन्दर्भ सामाग्री:* यनेस्को, २०१६, स्कूल इन एक्सन: ग्लोवल सिटिजन्स फर सस्टेनेवल डिभलप्मण्ट – अ गाइड टू टिचर्स Click

## जीवन्त सम्पदायुक्त शिक्षण र विश्व नागरिक शिक्षा: सिकाइका विषयवस्तुहरूलाई जोड्ने

तलको तालिका ३.१ मा देखाइए जस्तै, विश्व नागरिक शिक्षाको स्वरूपलाई संज्ञानात्मक, सामाजिक-संवेगात्मक र व्यवहारात्मक तीनवटा अन्तरसम्बन्धित अवधारणात्मक आयामहरूले निर्धारण गरेका छन् ।

तालिका ३.१. विश्व नागरिक शिक्षा (GCED) का संज्ञानात्मक, सामाजिक-संवेगात्मक र व्यवहारात्मक आयामहरू

| **संज्ञानात्मक आयाम** | |
|---|---|
| **GCED को जोड** | **अमूर्त साँस्कृतिक सम्पदा (ICH) का माध्यमबाट GCED तर्फ** |
| विश्व र यसका जटिलताहरूलाई अझै राम्रोसँग बुझ्नका लागि आवश्यक पर्ने ज्ञान तथा सोचाइ सिप प्राप्त गर्ने । | स्थानीय, राष्ट्रिय र विश्वस्तरीय सवालहरूमा आइसीएचले खेलेका भूमिकाहरूका बारेमा सचेत हुने ।<br><br>आइसीएच, यसका मूल्यहरू र यसलाई संरक्षण गर्ने उपायहरूका बारेमा सिक्ने र समालोचनात्मक ढङ्गले सोच्ने । |
| **GCED का माध्यमबाट विकास भएका विद्यार्थीका विशेषताहरू** | **यी विशेषताहरूको विकासमा योगदान दिने ICH सँग जोडिएका अनुभवका उदाहरणहरू** |
| **विद्यार्थीहरूलाई सुसूचित र समालोचनात्मक ढङ्गले सोच्न सक्ने गरी साक्षर बनाइनेछ ।** | |
| स्थानीय, राष्ट्रिय र विश्वस्तरीय सवालहरू, शासन प्रणाली र संरचनाहरूका बारेमा जान्ने । | स्थानीय शासन र निर्णय पद्धतिबारे बुझ्ने<br><br>स्थानीय र विश्व समुदायका लागि साँस्कृतिक रूपले उपयुक्त द्वन्द्व समाधान संयन्त्र पत्ता लगाउने । |
| विश्वस्तरीय, राष्ट्रिय र स्थानीय सवालहरूको अन्तरनिर्भरता र सम्बन्धका बारेमा बुझ्ने | खतरामा परेका आइसीएच तत्वहरूको सूची बनाउने तथा तिनीहरूको संरक्षणलाई विश्वस्तरीय समस्याहरूले असर गरेको छ कि भनेर अध्ययन अनुसन्धान गर्ने ।<br><br>विभिन्न समुदाय तथा देशहरूका आईसीएच तत्वहरूका समानता र भिन्नताहरूको सूची तयार गर्ने<br><br>आइसीएच सम्बन्धी ज्ञान तथा अभ्यासले स्थानीय तहमा भएका केही ठूला समस्याहरूलाई सम्बोधन गर्न सक्छ कि भनेर अध्ययन अुनसन्धान गर्ने |

| GCED का माध्यमबाट विकास भएका विद्यार्थीका विशेषताहरू | यी विशेषताहरूको विकासमा योगदान दिने ICH सँग जोडिएका अनुभवका उदाहरणहरू |
|---|---|
| समालोचनात्मक अनुसन्धान तथा विश्लेषणका लागि सिप विकास गर्ने । | स्थानीय आइसीएच तत्वका बारेमा अनुसन्धान तथा विश्लेषण गर्न अभ्यास गर्ने<br><br>समुदाय भित्रका उपसमूह, सीमान्तकृत र जोखिममा परेका समूहहरूमा लगायत जानकारी र ज्ञानको सञ्चार र हस्तान्तरण गर्न अवलम्बन गरिने स्थानीय तरिकाहरूका बारेमा सिक्ने ।<br><br>स्थानीय समुदायभित्र, खासगरेर स्थानीय ज्ञान एवं अभ्यासहरूसँग सम्बन्धित विश्वास योग्य मानिसहरू (सर्वस्वीकार्य ज्ञान भएका र/वा आधिकारीक आदि) र विभिन्न विशेषज्ञताका क्षेत्रहरूमा जानकारीको स्रोत (जस्तैः स्वास्थ्य, वातावरण, अर्थशास्त्र, शासन, संस्कृति आदि)को पहिचान गर्ने । |

## सामाजिक तथा संवेगात्मक आयाम

| GCED को जोड | अमूर्त साँस्कृतिक सम्पदा (ICH) का माध्यमबाट GCED तर्फ |
|---|---|
| मूल्य र जिम्मेवारीहरू, समानुभुति, ऐक्यबद्धता र भिन्नता तथा विविधताप्रति सम्मान व्यक्त गर्दै साझा मानवताको भावना राख्ने | आफ्नो र अरूका आइसीएचहरूको कदर र सम्मान गर्ने मनोवृत्तिको विकास गर्ने । |
| **GCED का माध्यमबाट विकास भएका विद्यार्थीका विशेषताहरू** | **यी विशेषताहरूको विकासमा योगदान दिने ICH सँग जोडिएका अनुभवका उदाहरणहरू** |
| **विद्यार्थीहरूलाई समाजसँग जोडिनेछ र विविधताको सम्मान गर्ने बनाइनेछ ।** | |
| पहिचान, सम्बन्ध र सम्बद्धताको भावना जगाउने तथा त्यसको व्यवस्थापन गर्ने | सम्बन्धित समुदायको पहिचान बनाउने मूल्य, सिप र ज्ञानहरूको पहिचान गर्ने (र तिनीहरूलाई अन्य समुदायसँग तुलना गर्ने) र तिनीहरूले कसरी अन्य समुदायहरूसँग हामीलाई जोड्दछन् त्यसको अध्ययन गर्ने । |
| मानव अधिकारमा आधारित मूल्यहरू एवं जिम्मेवारीहरू बाँड्ने । | महत्वपूर्ण मूल्य र सिपहरू (सम्मान, सहनशीलता र समझदारी, ऐक्यबद्धता, समभाव, हेरचाह, समानता, समावेशीकरण, मानव मर्यादा) को पहिचान गर्ने जसलाई मानिसहरूले आफ्नो समुदाय भित्र र अरूसँग शान्तिपूर्ण तवरले बस्नका लागि प्रबर्द्धन गर्दछन् । |

| **GCED का माध्यमबाट विकास भएका विद्यार्थीका विशेषताहरू** | **यी विशेषताहरूको विकासमा योगदान दिने ICH सँग जोडिएका अनुभवका उदाहरणहरू** |
|---|---|
| भिन्नता र विविधताहरूको कदर र सम्मान गर्ने मनोवृत्तिको विकास गर्ने | आफ्नो समुदाय बाहेक उही वा उस्तै आइसीएच तत्वहरूको अभ्यास गर्ने समुदायको पहिचान गर्ने ।<br>विभिन्न आइसीएच तत्वहरूले फरक समुदायमा पनि कसरी उस्तै उद्देश्यहरू पुरा गर्दा रहेछन् वा ती मूल्यहरूको प्रबर्द्धन गर्दा रहेछन् भनेर बुझ्ने । |
| **व्यवहारात्मक आयाम** | |
| **GCED को जोड** | **अमूर्त साँस्कृतिक सम्पदा (ICH) का माध्यमबाट GCED तर्फ** |
| अझै शान्तिपूर्ण र दिगो विश्वका लागि स्थानीय, राष्ट्रिय र विश्वस्तरमा प्रभावकारी र जिम्मेवारी ढंगले काम गर्ने | आइसीएचको अभ्यास र संरक्षणलाई योगदान पुऱ्याउन सक्ने कार्यक्रम तथा परियोजनाहरू शुरू गर्ने<br>नैतिक रूपले जिम्मेवार व्यवहारहरूको प्रबर्द्धन गर्ने आइसीएच अभ्यासहरू सम्बन्धी कार्यक्रम एवं परियोजना शुरू गर्ने |
| **GCED का माध्यमबाट विकास भएका विद्यार्थीका विशेषताहरू** | **यी विशेषताहरूको विकासमा योगदान दिने ICH सँग जोडिएका अनुभवका उदाहरणहरू** |
| **विद्यार्थीहरू नैतिकरूपमा जिम्मेवार र सक्रिय बन्नेछन् ।** | |
| उपयुक्त सिप, मूल्य, विश्वास तथा धारणाहरूलाई कार्यान्वयनमा ल्याउने | आइसीएच तत्वहरूको अभ्यास गरेर व्यक्ति तथा समूहहरूले हामी बसेको समुदाय र विश्वमा कसरी सुधार ल्याएका छन् भनेर अध्ययन गर्ने |
| शान्तिपूर्ण र दिगो विश्वका लागि व्यक्तिगत तथा सामाजिक जिम्मेवारी प्रस्तुति गर्ने । | स्थानीय तौरतरिकाहरूले यदि सहकार्य संयन्त्र, निर्णय प्रक्रिया, समस्या समाधान आदिमा सहयोग पुऱ्याउँछन् भने तिनीहरूलाई समेत प्रयोग गरेर यी सिपहरूको अभ्यास गर्ने । |
| सार्वजनिक हितका लागि उत्प्रेरणा र सदिच्छा विकास गर्ने । | समुदायसँगको विशेष गरेर आइसीएच संरक्षण कार्यक्रममा संलग्न रहने ।<br>आइसीएच तत्वहरूलाई सकारात्मक सामाजिक, साँस्कृतिक वा वातावरणीय प्रभाव सहित अभ्यास एवं हस्तान्तरण गर्न मानिसहरूलाई प्रबर्द्धन, प्रर्दशन र प्रोत्साहित गर्ने । |

यो तालिका विश्व नागरिक शिक्षाः विषय तथा शिक्षण उद्देश्य, UNESCO, 2015 बाट लिइएको हो, GCED र जीवित सम्पदा शिक्षणसंग सम्बन्ध अनुकूलित ।





## विश्व नागरिक शिक्षाले जीवन्त सम्पदायुक्त शिक्षणबाट कसरी लाभ लिन सक्छ ?

विश्व नागरिक शिक्षाले जीवन्त सम्पदायुक्त शिक्षणबाट धेरै तरिकाले लाभ लिन सक्दछ :

- सम्पदा शिक्षाले हामीहरूलाई हाम्रो र अरूको संस्कृतिका बारेमा सिक्न मद्दत गर्दछ । विद्यार्थीहरूले त्यस्तै प्रकारका मूल्यहरू भएको साझा मानवतासँग आफू पनि सम्बद्ध भएको कुरा सिक्नुका साथै साँस्कृतिक विविधताको पनि कदर गर्दछन् ।
- सम्पदा शिक्षाले सामाजिक सदभाव, शिक्षा, खाद्य सुरक्षा, स्वास्थ्य र प्राकृतिक स्रोतको दिगो व्यवस्थापन जस्ता क्षेत्रहरूसँग सम्बन्धित विश्वव्यापी चुनौतीहरूलाई सम्बोधन गर्न स्थानीय समाधानहरू प्रदान गर्दछ ।
- सम्पदा शिक्षाले परिवेश-विशेष विषयवस्तु र शिक्षण विधिका साथमा GCED सिकाइलाई स्थानीय आयाम प्रदान गर्दछ ।
- सम्पदा शिक्षाले सहकार्यात्मक र व्यवहारिक गतिविधिहरूका साथमा प्रभावकारी शिक्षण विधिहरूलाई सहजीकरण गर्दछ । GCED सिद्धान्तहरूलाई जीवन्त सम्पदायुक्त शिक्षणमा लागू गर्न सकिन्छ र विभिन्न परिवेशहरूमा पाठ योजनाहरू तयार पार्ने क्रममा र कक्षाकोठाका लागि उपयुक्त हुने रणनीति र विधिहरूको विकास गर्नका लागि शिक्षकहरूलाई मार्ग निर्देशन प्रदान गर्न ती सिद्धान्तहरूलाई समावेश गर्न सकिन्छ ।
- सम्पदा शिक्षाका माध्यमबाट, विद्यार्थीहरूले समय बित्दै जाँदा उनीहरूको जीवन्त सम्पदा परिवर्तन हुँदै जान्छ भनेर सिक्दछन् । यसको नियमित अभ्यासका माध्यमबाट सम्पदालाई सान्दर्भिक बनाइ राख्न उनीहरूलाई उत्प्रेरित गरिन्छ ।
- सम्पदा शिक्षाले विद्यार्थीहरूलाई अमूर्त साँस्कृतिक सम्पदाका अभ्यासहरूले समसामयिक विश्वव्यापी समस्याहरूलाई सम्बोधन गर्न कसरी योगदान दिन सक्छ भनेर पत्ता लगाउन र सो योगदानको कदर गर्न मद्दत गर्दछ ।
- सम्पदा शिक्षाले विद्यार्थीहरूलाई अल्पसंख्यक समूह वा पुरूषले वा महिलाले मात्रै परम्परादेखि अभ्यास गर्दै आएका जीवन्त सम्पदा तत्वहरू पत्ता लगाउन सहयोग गर्दछ । यो ज्ञानले समावेशीकरणको प्रबर्द्धन गर्दछ र हस्तान्तरणका अवसरहरूलाई विस्तार गर्दछ, जुन GCED सँग राम्री जोडिएको विषय हो, किन भने GCED ले साँस्कृतिक अभ्यासहरू लगायत समता र सामाजिक न्यायको प्रबर्द्धन गर्दछ ।



## किम्ची बनाउनेः विश्व नागरिक शिक्षाका बारेमा बुझ्ने एक प्रवेश विन्दु (गणतन्त्र कोरिया)

युनेस्को सम्बद्ध विद्यालय परियोजनाहरूको सञ्जाल (UNESCO Associated Schools Project Network – ASPnet) मा आबद्ध ग्युयङ मिडल स्कूलले विश्व नागरिक र दिगो विकासको प्रबर्द्धन गर्दछ । विद्यालयले *किम्ची* र *किम्जाङ* सम्बन्धी एउटा अनुसन्धान कार्यक्रमको शुरूवात ग¥यो । किम्ची नुनिलो र मर्चा हालेर पकाइएको (fermented) लोकप्रिय व्यञ्जन हो । *किम्जाङ* भनेको समुदायमा *किम्ची* बनाउने तथा जाडोको महिनाभरी पुग्ने गरी खान सबै घरधुरीहरूलाई पर्याप्त मात्रामा बाँड्ने एउटा प्रक्रिया हो । *किम्चीले* कोरियालाई प्रतिनिधित्व गर्ने उत्कृष्ट वस्तु भएको हुनाले उक्त विद्यालयले यो जीवन्त सम्पदालाई रोजेको थियो । यसका साथै कोरिया भित्र पनि विभिन्न ठाउँहरू अनुसार फरक फरक प्रकारका *किम्ची*हरू बन्दछन् । कहिलेकाहिँ त एउटै क्षेत्र भित्र पनि हरेक परिवारले *किम्ची* बनाउनका लागि प्रयोग गर्ने तौरतरिकाहरू फरक हुन्छन् ।

साँस्कृतिक विविधताका बारेमा बुझ्नका लागि *किम्ची* एउटा राम्रो शीर्षक हो । *किम्ची* बनाउने मुख्य काम शरद ऋतुमा गरिने भएता पनि मानिसहरूले यसमा प्रयोग गरिने सामाग्रीहरू बर्षे भरि किनमेल गर्दछन् । *किम्ची* र *किम्जाङ*का बारेमा सिकेर विद्यार्थीहरूले दिगो विकास र मत्स्यपालन, प्रकृतिसँग मिलेर बाँच्ने र स्वस्थ्य खाने बानीको महत्वबारे बुझ्दछन् । विद्यार्थीहरूले समुदायमा सहकार्य महत्वपूर्ण भएको र यसले गरिबीसँग सम्बन्धित समस्याहरू घटाउनमा मद्दत पुग्ने कुरा पनि बुझ्दछन् ।

# ३.२ दिगो विकास प्रबर्द्धन गर्न जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ

## दिगो विकास र दिगो विकासका लागि शिक्षा

### दिगो विकास

भावी पुस्ताले समेत उनीहरूको जीवनको गुणस्तरमा सुधार गर्नका लागि प्राकृतिक तथा साँस्कृतिक स्रोतहरू उपलब्ध हुनेछन् भन्ने सुनिश्चित गर्दै हामीले हाम्रो पुस्ताका लागि जीवनको गुणस्तरमा सुधार ल्याउन पाउने विकासलाई दिगो विकास भनिन्छ ।

गरिबीको अन्त्य गर्ने, पृथ्वीलाई जोगाउने र हरेक ठाउँका हरेक व्यक्तिहरूको जीवन र संभाव्यतालाई सुधार गर्ने उद्देश्य सहित सन् २०१५ मा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले दिगो विकास कार्यक्रम २०३० लगायत १७ वटा दिगो विकास लक्ष्यहरू पारित गरे । दिगो विकास कार्यक्रम २०३० र दिगो विकास लक्ष्यहरू प्राप्त गर्नका लागि सबैजना सरोकारवालाहरू – युवा, नागरिक समाज, मिडिया, निजी क्षेत्र, विद्यालय र सरकार आदि – ले विश्वस्तर, राष्ट्रिय र स्थानीय स्तरमा समुचित कार्यवाही सञ्चालन गर्नु जरूरी छ ।

### दिगो विकासका लागि शिक्षा

दिगो विकासका लागि शिक्षा एउटा जीवनपर्यन्त रूपान्तरणकारी अवधारणा हो जसले हरेक मानिसलाई दिगो समाजको निर्माणका लागि आवश्यक पर्ने ज्ञान, सिप, धारणा र मूल्य प्राप्त गर्न सक्षम बनाउने लक्ष्य राख्दछ । यसले साँस्कृतिक विविधता, लैङ्गिक समानता, स्वास्थ्य, जैविक विविधता र दिगो उत्पादन एवं उपभोग जस्ता विषयहरू सम्बन्धी अन्तरविषयात्मक सिकाइलाई समेट्दछ ।



यसले विद्यार्थीहरूलाई पर्याप्त सूचनाका आधारमा मात्रै निर्णय लिन तथा वर्तमान र भविष्यका चुनौतीहरूको समाधानका उपायहरू पत्ता लगाउन, हाम्रो समाजलाई रूपान्तरण गर्न तथा पृथ्वीको हेरचाह गर्न व्यक्तिगत एवं संयुक्त रूपमा कार्यवाहीहरू सञ्चालन गर्न सक्षम बनाउँछ । यसका लागि विद्यार्थीहरूले समालोचनात्मक सोच, भविष्यको परिदृष्यका बारेमा परिकल्पना गर्ने तथा सहकार्यमा आधारित नीति-निर्माण जस्ता क्षमताहरू सिक्नु जरूरी हुन्छ । दिगो विकासका लागि शिक्षा सहभागितामूलक शिक्षण तथा सिकाइ विधिमा आधारित छ जसले विद्यार्थीहरूलाई उनीहरूको व्यवहारमा परिवर्तन ल्याउन तथा दिगो विकासका लागि कार्यवाही सञ्चालन गर्न अभिप्रेरित तथा सशक्तिकरण गर्दछ ।

दिगो विकासका लागि शिक्षाले तीनवटा अन्तरसम्बन्धित क्षेत्रहरू अन्तर्गतका समस्याहरूलाई सम्बोधन गर्दछ :

- ***सामाजिक :*** मानव अधिकार, शान्ति र मानव सुरक्षा, लैङ्गिक समानता, स्वास्थ्य, सुशासन, साँस्कृतिक विविधता, साँस्कृतिक तथा मानव निर्मित सम्पदा, र स्थानीय ज्ञान तथा सिपहरू ।
- ***वातावरणीय :*** जैविक विविधता, प्राकृतिक स्रोत, प्राकृतिक वातावरण र पृथ्वीको जलवायु
- ***आर्थिक :*** गरिबी, आम्दानीको वितरण, रोजगारी र जीविकोपार्जन

**दिगो विकास लक्ष्यहरूले कक्षामा पढाइने पाठहरू र विद्यालयका गतिविधिहरूमा थुप्रै विषयहरू समेट्नका लागि लचिलो प्रारुप प्रदान गर्दछ ।**

## जीवन्त सम्पदायुक्त शिक्षाले दिगो विकास प्राप्त गर्नमा कसरी योगदान पुऱ्याउँछ

जीवन्त सम्पदाले तल उल्लेख गरिए अनुसार दिगो विकासका धेरैवटा तत्वहरू प्राप्त गर्नमा योगदान पुऱ्याउँछ ।

***सामाजिक दिगोपना :***

- सामाजिक अभ्यास, अनुष्ठान तथा चाडपर्वमा आयोजना हुने क्रियाकलापहरू ➔ सामुदायिक सामाजिक सदभाव ।
- स्थानीय शिक्षण विधि सम्बन्धी अवधारणा एवं विषयवस्तु ➔ गुणस्तरीय शिक्षा ।
- परम्परागत स्वास्थ्य अभ्यासहरू ➔ समृद्धि र राष्ट्रिय स्वास्थ्य सेवा प्रणालीलाई सहयोग पुऱ्याउने सस्तो र गुणस्तरीय स्वास्थ सेवा
- समुदायका सदस्यहरूका भूमिकाहरूको सिर्जना ➔ लैङ्गिकतामा आधारित विभेदहरू घटाउने अवसर ।
- परम्परागत खेती, मत्स्यपालन, शिकार एवं खाद्य भण्डारण ➔ खाद्य संरक्षण र पोषण

***आर्थिक दिगोपना :***

- परम्परागत जीवन पद्धति ➔ जिम्मेवारपूर्ण उत्पादन तथा स्थानीय स्तरमा पाइने सामाग्रीहरूको प्रयोग र वातावरण-मैत्री प्रविधिबाट उत्पादन गरिएका वस्तुहरूको उपभोग ।
- परम्परागत कृषि तथा हस्तकला निर्माण ➔ आय-आर्जन एवं विभिन्न तह र क्षेत्रका मानिसहरूका लागि सम्मानपूर्ण कामको व्यवस्था
- स्थानीय परम्परा र ज्ञान ➔ साँस्कृतिक र सिर्जनात्मक उद्योगका कलाकारका लागि प्रेरणा
- स्थानीय उत्पादन, क्रियाकलाप, अनुष्ठान र उत्सवहरू ➔ साँस्कृतिक पर्यटनबाट आम्दानी



***वातावरणीय दिगोपना :***

- स्थानीय परिवेश अनुसार अबलम्वन गरिएको स्थानीय ज्ञान तथा सिप; उदाहरणका लागिः जैविक विविधता संरक्षण गर्ने एवं प्राकृतिक स्रोतहरूको दिगो प्रयोग गर्ने स्थानीय विधिहरू जस्तैः परम्परागत पानी व्यवस्थापनका अभ्यासहरू जसले पानीको दिगो प्रयोग, स्थानीय मुहानहरूको संरक्षण र सफा पानीको समतामूलक पहुँचतर्फ डोऱ्याउँछ ।
- प्राकृतिक विपत्तिसँग सम्बन्धित जोखिमहरू घटाउन तथा जलवायु परिवर्तनका असरहरूलाई कम गर्न अपनाइने स्थानीय रणनीतिहरू ।

***शान्ति***

- सम्वाद र द्वन्द्व समाधानका स्थानीय सामाजिक अभ्यासहरू (झैझगडाको रोकथाम तथा समाधान)
- साझा स्थल एवं प्राकृतिक स्रोतहरूको पहुँचसँग सम्बन्धित स्थानीय नियमहरू
- सामुदायिक तथा आध्यात्मिक सहयोगसँग सम्बन्धित परम्परागत विधिहरू
- चुनौतीहरूको सामना एवं तिनीहरूलाई परास्त गर्न विपत्-उत्थानशीलता (resilience) एवं क्षमता निर्माण गर्ने स्थानीय तौरतरिकाहरू ।




## जीवन्त सम्पदा र दिगो विकासलाई पाठ्यक्रममा समेट्ने

अमूर्त साँस्कृतिक सम्पदालाई (कुनै एक वा धेरै विषयहरूको कुनै शीर्षकका रूपमा वा जीवन्त सम्पदा स्वयंलाई एउटा विषयकै रूपमा) पढ्नाले दिगो विकास शिक्षामा योगदान पुग्दछ । तपाईंले आफ्नो कक्षाकोठामा जीवन्त सम्पदा र दिगो विकासको अवधारणालाई प्रवेश गराउनु भनेको तपाईंका विद्यार्थीहरूको विगत र भविष्य दुवैलाई जोड्ने एउटा उपाय हो ।

दिगो विकासका बारेमा पढाउनका लागि जीवन्त सम्पदालाई पाठ्यक्रममा समेट्न शिक्षकहरूले विभिन्न तरिकाहरू अपनाउन सक्छन् :

- शिक्षकहरूले विद्यार्थीलाई उनीहरूको समुदायमा अभ्यास गरिने अमूर्त साँस्कृतिक सम्पदाहरूलाई समग्र रूपमा अध्ययन गर्न अभिप्रेरित गर्न सक्छन् । यसले विद्यार्थीहरूलाई उनीहरूको सामाजिक, वातावरणीय र आर्थिक पक्षहरू र यी पक्षहरूको सम्बन्धका बारेमा बुझ्न मद्दत गर्नेछ । अमूर्त साँस्कृतिक सम्पदाको समालोचनात्मक एवं समग्र अध्ययनले विद्यार्थीहरूलाई उनीहरूको साँस्कृतिक तरिका, मूल्य एवं कार्यहरूले जीवनको समग्र गुणस्तर ल्याएको छ कि छैन, र ती तरिका, मूल्य एवं कार्यहरू जिम्मेवार तथा समतामूलक छन् कि छैनन् भनेर केलाउन सहयोग गर्दछ ।
- शिक्षकहरूले दिगो विकास, १७ वटा दिगो विकास लक्ष्यहरू, वा स्थानीय तहमा परिभाषित गरिएका दिगो लक्ष्यहरूसँग सम्बन्धित विषयलाई शुरूवातको विन्दुका रूपमा प्रयोग गर्न सक्छन् । उदाहरणका लागि, कुनै कक्षाले दिगो विकास लक्ष्यहरू मध्ये कुनै एउटाको अध्ययन गरेर उक्त लक्ष्यसँग एक वा सो भन्दा बढी जीवन्त सम्पदाहरू कसरी जोडिएका छन् भनेर केलाउन सक्छ । कुनै एउटा जीवन्त सम्पदाले अक्सर गरेर एक भन्दा बढी लक्ष्यहरू प्राप्त गर्नमा योगदान दिन्छ ।
- शिक्षकहरूले विद्यार्थी र समुदायका सदस्यहरूका साथमा कुनै विशिष्ट प्रकारको जीवन्त सम्पदाको अर्थ महत्व पत्ता लगाउन सक्छन् । उदाहरणका लागि अमूर्त साँस्कृतिक सम्पदा अभ्यास गर्ने क्रममा संलग्न विभिन्न पक्ष एवं प्रक्रियाहरूको सूची तयार पार्ने । र त्यसपछि पत्ता लगाइएका यी तथ्यहरू समग्रमा दिगो विकासको अवधारणा वा कुनै विशिष्ट लक्ष्यसँग कसरी सम्बन्धित हुन सक्छन् भनेर सबै मिलेर विश्लेषण गर्ने ।
- शिक्षकहरूले हालको अवस्थामा समुदायहरूले सामना गर्दै आएका विकाससँग सम्बन्धित केही चुनौतीहरूलाई सम्बोधन गर्न दिगो स्थानीय र संस्कृतिमा आधारित विधिहरूको खोजी गर्ने क्रियाकलापहरू तयार पार्न सक्छन् । उदाहरणका लागि, स्थानीय प्राकृतिक स्रोतहरूलाई दिगो तरिकाले कसरी व्यवस्थापन गर्ने, स्थानीय क्षेत्रमा भूक्षय तथा प्राकृतिक विपत्तिलाई कसरी रोक्ने, विपत्-उत्थानशीलता (resilience) कसरी निर्माण गर्ने तथा स्वास्थ्य प्रबर्द्धन कसरी गर्ने आदि ।
- शिक्षकहरूले जीवन्त सम्पदाको जीवन्ततालाई मद्दत गर्न तथा दिगो विकास लक्ष्यहरूको प्राप्तिमा योगदान दिन कसरी भूमिका खेल्ने भनेर विद्यार्थी र समुदायसँग छलफल गर्न सक्छन् ।

### पानी प्रदूषणका बारेमा चेतना जगाउन रसायनशास्त्रको कक्षा (भियतनाम)

भियतनाममा मुओङ लगायत धेरै समुदायहरू धान खेती र माछा पालनका लागि पानीमा निर्भर छन् । नयाँ वर्षको बेला मुओङ समुदायले पानीको मुहानमा विभिन्न प्रकारका गतिविधिहरू गरी पानीका देवी-देउताहरूको पूजा गर्दछन् ।

रसायनशास्त्रको कक्षामा, विद्यार्थीहरूले जस्तै धातु, बेस अक्साइड र एसिड अक्साइड जस्ता विभिन्न प्रकारका रासायनिक प्रतिक्रिया गराउने तत्वहरूको सम्पर्कमा आएपछि पानीको स्वभावमा कसरी परिवर्तन आउँदो रहेछ भनेर विभिन्न प्रकारका प्रयोगहरू गरे । यसले गर्दा पानी प्रदूषणको कारण र प्रभावका बारेमा छलफल भयो, जुन दिगो विकास लक्ष्य नं. ६ (स्वच्छ पानी र सरसफाइ) सँग सम्बन्धित छ । त्यसपछि विद्यार्थीहरूले मुओङ समुदायले पानीको स्रोतलाई प्रदूषणबाट कसरी जोगाउन सक्छन् भनेर अध्ययन गर्दा पानीको मुहान वरपर संरक्षण गर्ने, जनावरहरू काट्ने वा मरेका जनावरहरू पानीका स्रोतहरूमा गाड्ने कार्यमा प्रतिबन्ध लगाउने उपायहरू गरेका कुरा अध्ययन गरे ।

## ३.३ जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ र सामाजिक - संवेगात्मक सिकाइ (Socio-Emotional Learning -SEL)

**सामाजिक-संवेगात्मक सिकाइ**

सामाजिक तथा संवेगात्मक सिकाइ सम्बन्धी एक संस्था कोलाबरेटिभ फर एकेडेमिक, सोसल एन्ड इमोशनल लर्निङ (CASEL) ले सामाजिक-संवेगात्मक सिकाइलाई एउटा यस्तो प्रक्रियाको रूपमा परिभाषित गरेको छ जुन प्रक्रियाका माध्यमबाट मानिसहरूले स्वस्थ पहिचानको विकास गर्न, संवेगहरूको व्यवस्थापन गर्न, अरू प्रति समभावको महसुस गर्न र त्यसलाई दर्शाउन, सहयोगी सम्बन्ध बनाउन र त्यसलाई कायम राख्न, जिम्मेवारपूर्ण र सोचविचार गरेर निर्णय गर्न र व्यक्तिगत तथा साझा उद्देश्यहरू प्राप्त गर्नका लागि आवश्यक



पर्ने ज्ञान, सिप र धारणाहरू प्राप्त गर्दछन् र तिनीहरूलाई लागु गर्दछन् । त्यसैले SELलाई सुखमय जीवनका लागि महत्वपूर्ण मानिन्छ, जुन गुणस्तरीय जीवनको एक अभिन्न अंश हो ।

**SEL मा सहभागी हुने विद्यार्थीहरूका धेरै साथीहरू हुन्छन् र त्यसैले विद्यालयमा सकारात्मक अन्तरक्रिया हुन्छ ।**

युनेस्को क्याटगोरी १ मा पर्ने एउटा अनुसन्धान संस्था महात्मा गान्धी इन्स्टिच्युट अफ एजुकेशन फर पिस एन्ड सस्टेनेवल डिभलप्मन्ट (MGIEP)ले पनि SEL लाई CASEL ले जसरी नै परिभाषित गरेको छ : त्यस्तो सिकाइ जसले सबै विद्यार्थीहरूलाई उनीहरूका संवेगहरूको पहिचान एवं खोजी गर्न, कुनै पनि अभ्यासहरूमा सावधानीपूर्वक सहभागी हुन तथा मानव समृद्धि एवं शान्त र दिगो पृथ्वीका लागि समाजको हित हुने गरी व्यवहार प्रदर्शन गर्न आवश्यक ज्ञान प्रदान गर्दछ ।

SEL का फाइदाहरू :

- विद्यार्थीहरूले आफूभित्र के भइरहेको छ भनेर कसरी चिन्ने सिक्दछन् । यसले उनीहरूलाई कडा प्रकृतिका संवेगहरूको व्यवस्थापन गर्न मद्दत पुग्छ, ता कि आवेगमा आएर कुनै प्रतिक्रिया जनाइ हाल्नु भन्दा पहिले उनीहरूले सोच्न सकून् ।
- विद्यार्थीहरूले अरूको संवेग र परिप्रेक्ष्य पहिल्याउन सिक्दछन् । यसले उनीहरूलाई अरू प्रति करूणाभाव दर्शाउन, राम्रोसँग कुराकानी गर्न र समस्यालाई शान्तिपूर्ण ढङ्गले समाधान गर्नमा सहयोग गर्दछ ।
- SEL मा सहभागी हुने विद्यार्थीहरूको शैक्षिक नतिजा र व्यवहार राम्रो हुन्छ ।
- SEL मा सहभागी हुने विद्यार्थीहरूका धेरै साथीहरू हुन्छन् र त्यसैले विद्यालयमा सकारात्मक अन्तरक्रिया हुन्छ ।

जीवन्त सम्पदा र SEL युक्त शिक्षण एवं सिकाइले एक-अर्काका कमीहरू पुरा गर्नुका साथै एकले अर्कोलाई फाइदा पुऱ्याउँछन् । किनभने :

- जीवन्त सम्पदालाई कक्षाकोठामा प्रयोग गर्नाले जीवनस्तर सुधारमा हामीलाई मद्दत गर्न सक्छ, किनकि जीवन्त सम्पदाले हामीहरूलाई पहिचान, निरन्तरता र सम्बद्धताको भाव प्रदान गर्दछ, र हाम्रो जीवनमा अर्थ प्रदान गर्दछ ।

- जीवन्त सम्पदा शिक्षा हाम्रो आफ्नो र साथै हाम्रा छिमेकीहरूको इतिहास र संस्कृतिको सराहनाका लागि अत्यावश्यक हुन्छ । यसले हामीहरूलाई समभावको प्रबर्द्धन गर्न तथा हाम्रो साझा मानवता, मूल्य र विश्वासहरूको बुझाईलाई अझै राम्रो बनाउन मद्दत गर्दछ जुन मूलभूत SEL सिपहरू हुन् ।

- विभिन्न साँस्कृतिक कार्यक्रमहरूको अभ्यास एवं त्यस्ता कार्यक्रमहरूमा सहभागी भए पछि विद्यार्थीहरूले त्यसमा निहित विश्वास प्रणालीका बारेमा सचेत हुन्छन् र उनीहरूको संस्कृतिका बारेमा उनीहरू आफैले अभिव्यक्त गर्न सिक्दछन् । उनीहरूले विद्यालयका साथीहरूसँग पनि यसका बारेमा अझै धेरै कुरा गर्दछन् – जसले उनीहरूलाई अझै बलियो सम्बन्ध बनाउन सहयोग गर्दछ ।

- पारिवारिक तथा सामुदायिक वस्तुस्थितिले हाम्रो व्यवहार तथा सञ्चारका मूल्य मान्यताहरूलाई परिभाषित गर्न तथा हामीहरूले हाम्रा संवेगहरूलाई कसरी अभिव्यक्त गर्दछौँ भन्ने बारेमा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षकहरू र परिवारहरूकाबीच सम्पदा शिक्षाका माध्यमबाट हुने सहकार्यले उनीहरूलाई एक-अर्काका बारेमा अझै राम्रोसँग बुझ्न तथा युवाहरूलाई बलियो सामाजिक-संवेगात्मक सिपहरूको विकास गर्नमा सहयोग गर्नका लागि एउटै खालको सन्देश प्रवाह गर्न मद्दत पुग्छ ।

जीवन्त सम्पदाका साथमा शिक्षण गर्दा, शिक्षकहरूले सर्वप्रथम उनीहरूको विद्यार्थीहरूका स्थानीय जीवन्त सम्पदा अभ्यासहरू – जस्तैः स्थानीय कला, चाडपर्व, प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू र साँस्कृतिक मान्यताहरूका बारेमा जानकार हुनु पर्दछ । विद्यार्थीहरूले आफूलाई कसरी अभिव्यक्त गर्दछन् र आफ्ना संवेगहरूलाई कसरी व्यवस्थापन गर्दछन् भन्ने कुरालाई साँस्कृतिक मान्यताले असर गर्दछ । शिक्षाकर्मीले साँस्कृतिक परिवेशलाई बुझे पछि मात्रै विद्यार्थीहरूसँग संवेगहरूका बारेमा प्रभावकारी तवरले कुराकानी गर्न सक्दछन् । उनीहरूले विद्यार्थीहरूलाई SEL सिपहरू सिक्नमा मद्दत गर्नका लागि अमूर्त साँस्कृतिक सम्पदा तत्वहरूको पनि प्रयोग गर्न सक्छन् ।

## ३.४ जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ र मातृभाषामा आधारित शिक्षा

बालबालिकाहरूले उनीहरूको घर परिवारका सदस्यहरूसँग कुराकानी गर्ने क्रममा एक वा सो भन्दा बढी भाषाहरू सिक्छन् । बालबालिकाहरूले उनीहरूको घरमा सिक्ने भाषा उनीहरूको 'मातृभाषा' हो जसलाई 'घरमा बोलिने भाषा' पनि भनिन्छ । भाषाहरू सिक्नुका साथै, बालबालिकाहरूले अनौपचारिक तरिकाले, अधिकांश रूपमा अवलोकन र सहभागिताका माध्यमबाट घरमा नै उनीहरूको संस्कृति र सम्पदाका बारेमा पनि सिक्छन् । यसरी सिके पछि उनीहरूले घरैमा बोलिने भाषा र उनीहरूको आफ्नो संस्कृतिका आधारमा बाँकी संसारका बारेमा सोच्न एवं मनन गर्न थाल्दछन् ।

**मातृभाषामा आधारित शिक्षा (Mother Tongue-Based Education — MTBE)**

मातृभाषामा आधारित शिक्षाको उद्देश्य विद्यार्थीहरूले भविष्यमा सिक्ने सिकाइको बलियो जग निर्माण गर्न शिक्षण, सिकाइ र साक्षरताको भाषाका रूपमा घरको भाषालाई प्रयोग गर्नु हो ।

MTBE का फाइदाहरू :

- घरमा बोलिने भाषाको प्रयोगले घरबाट विद्यालयमा जाने प्रक्रियालाई सहज बनाउँछ । विद्यालयमा सहभागी हुनका लागि विद्यार्थीहरूलाई शव्दहरूको ज्ञान हुनु जरूरी हुन्छ र उनीहरूले घरमा सिकेका ज्ञान तथा सिपहरूलाई विद्यालयमा प्रयोग गर्न सक्छन् ।
- विद्यालयमा विद्यार्थीको मातृभाषामा गरिने शिक्षण एवं सिकाइले बालबालिकाहरूले उनीहरूको घरमा विकास गरेको बौद्धिक तथा बुझाइको सिपलाई थप बलियो बनाउनमा मद्दत पुग्छ । त्यसपछि यी आधारभूत सिपहरूलाई मातृभाषाको प्रयोग गर्दै नयाँ भाषाहरू जस्तै, राष्ट्रिय भाषामा लैजान सकिन्छ ।

> मातृभाषामा आधारित शिक्षाको उद्धेश्य विद्यार्थीहरूले भविष्यमा सिक्ने सिकाइको बलियो जग निर्माण गर्न शिक्षण, सिकाइ र साक्षरताको भाषाका रूपमा घरको भाषालाई प्रयोग गर्नु हो ।

- MTBE ले विद्यार्थीहरूलाई कक्षामा बढी भन्दा बढी अभ्यस्त रहन, शिक्षकहरूका प्रश्नहरूको जवाफ दिन, र समानभावले सहभागी हुन अभिप्रेरित गर्दछ । यसले विद्यालयमा समग्र शैक्षिक नतिजामा सुधार ल्याउन, विद्यालय छाड्ने दर घटाउन, र सबै भाषाहरूमा उच्चस्तरको आत्मबल सहित बोल्नमा सहयोग गर्दछ ।
- विद्यालयको र घरको भाषा एउटै भएमा अभिभावकहरू बालबालिकाहरूको सिकाइमा संलग्न हुन र उनीहरूको विद्यालयका क्रियाकलापहरूमा सहभागी हुन सक्षम हुन्छन् ।
- मातृभाषाको प्रयोगलाई निरन्तरता दिनाले एउटै साँस्कृतिक समुदायका सदस्यहरूले उनीहरूको भाषिक तथा साँस्कृतिक पहिचानलाई पुनः प्राप्त गर्न सक्नुका साथै व्यापक क्षेत्रीय एवं राष्ट्रिय संस्कृतिहरूसँग आफैले सक्रियतापूर्वक संलग्नता जनाउन सक्छन् ।



## जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइ र MTBE ले कसरी एकार्कालाई परिपुरकका रूपमा सहयोग गर्न सक्छन् ?

मातृभाषाहरू (घरमा बोलिने भाषाहरू) र जीवन्त सम्पदाकाबीच अत्यन्तै घनिष्ठ सम्बन्ध छ । भाषा साँस्कृतिक रहस्यको एउटा अंश हो जसले हाम्रो सम्पदा निर्माण गर्दछ । साँस्कृतिक अभ्यास, सिप तथा ज्ञान जस्तै भाषा पनि सिकिन्छ, एक देखि अर्को पुस्तामा हस्तान्तरण गरिन्छ र यसको स्वयं परिवर्तन हुँदै जान्छ । सँगसँगै, भाषाहरू आफ्नो संस्कृतिका बारेमा  सोच्ने र जान्ने तरिकाहरूका बारेमा सिक्ने माध्यमहरू पनि हुन् ।

जीवन्त सम्पदा र MTBE का साथमा शिक्षण एवं सिकाइको सहजीकरण गर्नका लागि स्थानीय समुदायबाट आएका शिक्षकलाई जिम्मेवारी दिनु महत्वपूर्ण हुन्छ, किनकि यस्ता शिक्षकले स्थानीय भाषा(हरू) बोल्छन् र स्थानीय संस्कृति (हरू)लाई गहिरोसँग बुझेका हुन्छन् ।

यस्ता शिक्षकहरूले कक्षामा पढाउँदा विद्यार्थीहरूको सम्पदालाई प्रयोग गर्न सक्षम हुन्छन् । उदाहरणका लागि, स्थानीय समुदायसँग विशेषरूपले सम्बन्धित खेती गर्ने तौरतरिकालाई वातावरणीय समस्याहरू सम्बन्धी पाठ पढाउन, वा साँस्कृतिक अभ्यासहरू सम्बन्धी शब्दावलीहरू बनाएर भाषाहरूको कक्षामा पढाउन सकिन्छ ।

कक्षाकोठामा सिकाइको माध्यमका रूपमा घरमा बोलिने भाषाको प्रयोग र साँस्कृतिक तत्वहरूलाई सिकाइ सामाग्रीका रूपमा प्रयोग गर्नाले सिकाइका उद्देश्यहरूसम्म पुग्नमा पाठ योजना र पाठ्यक्रम पनि सहयोगी बन्न सक्छ । यसका अतिरिक्त, स्थानीय विषयवस्तुहरूको प्रयोगले स्थानीय भाषा र संस्कृतिको प्रबर्द्धनका लागि उपयुक्त वातावरण प्रदान गर्दछ ।

नयाँ भाषा सिक्नु भनेको अरूको संस्कृतिसँग भेट्नु हो, नयाँ भाषाहरू सिकेर सिक्ने व्यक्तिले सोच्ने र जिउने विभिन्न तरिकाहरू –कुनै पनि देशको राष्ट्रिय भाषासँग सम्बन्धित– का बारेमा एक प्रकारको बुझाइ प्राप्त गर्दछ । यसरी, विद्यार्थीको घरको भाषाबाट शुरू गरेर र त्यसपछि अरू विषयवस्तुहरू, जस्तैः थप भाषाहरू सिक्नाले मानिसहरूकाबीच वृहत समझदारीका साथै साँस्कृतिक विविधता प्रति ठूलो सम्मानको विकास हुन्छ र यसरी सामाजिक सदभावको प्रर्बद्धन एवं समावेशी समाजको निर्माण हुन्छ ।


सम्भव भएसम्म शिक्षकहरूले, विशेष गरेर विद्यार्थीको मातृभाषा बोल्ने समुदायका सदस्यहरूसँग सहकार्य गर्नु पर्दछ । यी ज्ञान वाहकहरूले सिधै उनीहरूको आफ्नै भाषामा जीवन्त सम्पदा अभ्यास र ज्ञान बाँड्न सक्छन् । सँगसँगै, MTBE ले समुदायलाई उनीहरूको भाषा र अभ्यासहरू नयाँ पुस्ताका लागि सान्दर्भिक छ र उनीहरूले त्यसको कदर गर्दछन् भन्ने बारेमा अझै बढी सचेत बनाउन सवल बनाउँछ ।

यदि प्रविधि उपलब्ध भएमा, शिक्षकहरूले विद्यार्थीलाई स्थानीय भाषामा मौखिक परम्पराहरू रेकर्ड गर्न सामान्य श्रव्य र/वा दृष्य प्रविधिहरू प्रयोग गर्न अह्राउन सक्नेछन् । स्थानीय सहभागिताले समुदायबाट प्राप्त हुने सहयोगमा थप सघाउ पुग्छ जसले भाषाको कदर र स्वीकार्यतालाई सुनिश्चित गर्दछ ।

### मुख्य सिकाइहरू

जीवन्त सम्पदालाई तपाईले आफ्नो शिक्षण सम्बन्धी क्रियाकलापहरूमा समावेश गर्नाले विश्व नागरिक शिक्षा, दिगो विकासका लागि शिक्षा, सामाजिक–संवेगात्मक सिकाइ र मातृभाषामा शिक्षा लगायत तपाईंको विद्यालयमा प्रयोग भएका अन्य शैक्षिक विधिहरूलाई सहयोग पुग्न तथा तिनीहरूमा सुधार ल्याउन सक्छ ।





एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई

स्रोत-सामाग्री :

पुस्तिका

४

# शिक्षकहरुलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरु

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ — **शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू**
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरू
- पुस्तिका ९ — शिक्षकका कथाहरू

पुस्तिका
४

# शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू

यस पुस्तिकामा छ वटा अत्यन्तै व्यवहारिक चरणहरू (स्टेप्स) को प्रस्ताव गरिएको छ, जसका आधारमा शिक्षकहरूले जीवन्त सम्पदालाई उनीहरूको कक्षाकोठामा ल्याउन, कुनै अभिप्राय (आइडिया) पत्ता लगाइ त्यसका आधारमा शुरू गर्न र तत्पश्चात पाठ योजना तयार पार्न, पढाउन र त्यसपछि नतिजाहरूको मूल्याङ्कन गर्न सक्नेछन् ।

यो खण्डमा प्रस्तुत गरिएका छ वटा चरणहरूले यो प्रक्रियालाई अनुसरण गर्दै अगाडि बढ्न तपाईंलाई मार्गदर्शन गर्नका लागि एउटा तार्किक प्रवाह (logical progression) को प्रस्ताव गर्दछन् । यी चरणहरूलाई विभिन्न प्रायोगिक परियोजनाहरूमा परीक्षण गरेर शिक्षकहरूको आवश्यकतालाई सबैभन्दा राम्रोसँग मिल्ने गरी समायोजन गरिएको छ ।

अमूर्त साँस्कृतिक सम्पदालाई तपाईंको विद्यालयमा प्रवेश गराउन अधिकांश शिक्षण विधिहरूमा सुझाइएको कुनै एउटै उपायले सबै ठाउँमा काम गर्दछ भन्ने हुँदैन । तपाईंले आफ्नो परिवेश र आवश्यकतालाई सम्बोधन गर्न तथा तपाईंका विद्यार्थीहरू र तपाईंका सिकाइका उद्देश्यहरूलाई राम्रोसँग पुरा गर्ने गरी प्रक्रिया र अनुक्रमलाई मिलाउन सक्नु हुन्छ ।

जीवन्त सम्पदालाई विद्यालयमा आधारित शिक्षाको परिवेशमा समेट्ने धेरैवटा सम्भावित तरिकाहरू छन् । तपाईंले एक्लै वा अन्य शिक्षहरूसँग मिलेर, कक्षाकोठामा वा अतिरिक्त शैक्षिक क्रियाकलापका रूपमा, एउटा मात्रै पाठका लागि वा क्रमबद्ध रूपमा पढाइने धेरै पाठहरूका लागि यसप्रकारको योजना बनाउन सक्नुहुन्छ । प्रक्रियामा आफूलाई मार्गदर्शन गर्न पुस्तिका ८: साधन तथा स्रोतहरू मा दिइएको परिवेश विश्लेषणको नमूना हेर्नुहोस् ।

चरणहरू पछ्याउन तथा तपाईंको आफ्नो पाठ योजना तयार पार्नका लागि तपाईंले स्वनियन्त्रित अनलाइन कोर्स CLICK "एसिया-प्रशान्त क्षेत्रका कक्षा कोठाहरूमा जीवन्त सम्पदा अध्ययन" मा जोडिनु सक्नु हुन्छ ।

**हामीहरू भव्य विविधतायुक्त परम्परा एवं रितिरिवाजहरूले भरिएको सुन्दर पृथ्वीमा बस्छौं । यसको संरक्षण, प्रबर्द्धन र भावी पुस्तालाई हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो । हामीसँग भएको सबैभन्दा राम्रो चिज हाम्रो सम्पदा हो ।**

*एल्मिरा सार्कुलोभा, शिक्षक, किर्गिस्तान*






- विद्यालय वरपरको वातावरणमा भएका जीवन्त सम्पदाहरू पत्ता लगाउने
- गतिविधिका प्रकारहरू
- साझेदारहरू (विद्यालय, समुदाय र अन्यत्र)
- आईसीएचयुक्त पाठ सम्बन्धी समय तालिका तयार पार्ने

- प्रवेश विन्दुका रूपमा आईसीएच वा विद्यालयमा पढाइने कुनै विषय
- विद्यार्थीहरूको रूची
- साधनस्रोत र बाधाव्यवधानका बारेमा पूर्वानुमान गर्ने

- आवश्यक सूचना
- सङ्कलन विधि अन्तरवार्ता, डेस्क रिसर्च
- भ्रमण

- सिकाईका लक्ष्य तथा उद्देश्यहरू .....
- पाठ तथा क्रियाकलापहरूमा आईसीएचको प्राधन्यता
- शिक्षण / सिकाई विधि.....
- आईसीएच झल्काउने शिक्षण विधि
- शिक्षण गर्ने तथा लैङ्गिक समानता, विविधता र सहनशीलताका प्रति सम्मानभाव जगाउन अभिप्रेरित गर्ने

- विद्यालयमा
- सञ्जालका माध्यमबाट
- अनलाईन
- सेयर गरेको अनुभव

- विद्यार्थीहरूको सिकाईका उपलब्धीहरू
- आईसीएच समेट्ने प्रक्रियाको अनुभव माथि चर्चा गर्ने

# ४.१ चरण १ – आफ्ना परिस्थितिका बारेमा बुझ्नुहोस्

पहिलो चरण तयारीको चरणका रूपमा रहन्छ, जसमा तलका प्रश्नहरूको उत्तर खोज्नु पर्ने हुन्छ :

- तपाईंको पाठमा के कस्ता स्थानीय जीवन्त सम्पदाहरू समावेश गर्न सक्नु हुन्छ ?
- जीवन्त सम्पदाको प्रयोग गरेर तपाईंको विद्यालयमा कस्तो प्रकारका क्रियाकलापहरू गर्न सक्नु हुन्छ ?
- को बाट जानकारी एवं सहयोग लिन सक्नु हुन्छ ?
- जीवन्त सम्पदाको प्रयोग गरेर कसरी र कहिले पाठको समय तालिका बनाउन सक्नुहुन्छ ?

**तपाईंको क्षेत्रमा के कस्ता जीवन्त सम्पदा तत्वहरू रहेका छन् ?**

- स्थानीय परिवेशको अवलोकन गर्नुहोस्, विद्यार्थी र अरू शिक्षकहरूसँग कुराकानी गर्नुहोस्, र विद्यार्थीको जीवनसँग सम्बन्धित एवं विद्यालय रहेको ठाउँका स्थानीय समुदायहरूले वृहत रूपमा अभ्यास गर्ने अमूर्त साँस्कृतिक सम्पदाहरू जस्तैः स्थानीय चाडपर्वहरू, नयाँ वर्षको महोत्सव, परम्परागत खेल नृत्य, स्थानीय बाजागाजाहरू, हस्तकला आदिका बारेमा सोधखोज गर्नुहोस् । विद्यार्थी र तिनका परिवारहरू यी अभ्यासहरूका बारेमा पहिले नै जानकार भएका हुन सक्छन् र केही सुझावहरू दिन सक्छन् । स्थानीय अभ्यासकर्ताहरू तथा समुदायका सदस्यहरू, साँस्कृतिक संघसंस्थाहरू, संस्कृतिका क्षेत्र (जस्तै तपाईंको साँस्कृतिक केन्द्र, पुस्तकालय, संग्रहालय आदि) मा काम गर्ने कर्मचारीहरू पनि सूचनाको उत्तम स्रोत हुन् । यो खास गरेर विविधतायुक्त साँस्कृतिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूको कक्षाहरूमा सान्दर्भिक हुन सक्छ, किन कि यसले विद्यार्थीहरूलाई एक-अर्काको जीवन्त सम्पदाका बारेमा जानकारीहरूको आदान-प्रदान गर्ने तथा सिक्ने अवसर दिन्छ ।

### भूगोलको कक्षामा औषधीजन्य जडीवूटीहरूको नक्साङ्कन (किर्गिस्तान)

भूगोलको कक्षामा विद्यार्थीलाई गर्न दिइएको एउटा छुट्टै कार्यमा, एकजना विद्यार्थीले औषधीजन्य जडीबुटीको नक्साङ्कन सम्बन्धी शीर्षक छाने। उनकी आमा विज्ञान प्रतिष्ठानमा काम गर्नुहुन्थ्यो र परम्परागत औषधीहरूका बारेमा पढ्नु भएको थियो । ती विद्यार्थीले उनकी आमा र हजुरआमालाई जडीबूटी सङ्कलन गर्न सघाँउथिन् । आफ्नो कक्षा कार्यका लागि उनले परिवारसँग मिलेर जडीबुटीको प्रशोधन गरिन् र घरेलु सावुन तयार पारिन् ।





- तपाईंको आफ्नो वा सहकर्मीको जीवनसँग सम्बन्धित आइसीएच तत्वहरू पत्ता लगाउनुहोस् । तपाईंले सिधै आफ्नो अनुभव सुनाउन सक्नु हुन्छ र यो सम्पदाको अभ्यास तपाईंका लागि किन महत्वपूर्ण छ भनेर बताउन सक्नु हुन्छ ।



### परम्परागत पानी भण्डारण सम्बन्धी सिकाइ (नेपाल)

नेपालमा एकजना शिक्षकले उनको छिमेकीका परम्परागत पानीको घैँटोका बारेमा थाहा पाए पछि उनले आफूले पढाउने 'पेशा, व्यवसाय र प्रविधि शिक्षा' विषयका लागि परम्परागत पानी भण्डार गर्ने घैँटोका बारेमा एउटा पाठ तयार पार्ने विचार गरे । उनले पढाउने विषयवस्तु तयार पार्न आफैसँग भएको ज्ञानको प्रयोग गरे । विद्यार्थीहरूले पानी भण्डार गर्ने परम्परागत र आधुनिक तरिकाहरूको तुलनात्मक फाइदाहरूका बारेमा आफूलाई लागेका कुराहरू व्यक्त गरे । साथै उनीहरूले माटोको प्रयोग गरी स-साना घैँटाहरू बनाए ।

- सम्पदा तत्वहरूको स्थानीय वा राष्ट्रिय विवरण-सूची एवं युनेस्कोको सूचीमा अभिलेखीकरण गरिएका आइसीएच तत्वहरूका बारेमा पत्ता लगाउनुहोस ।



### आइसीएच संरक्षण महासन्धि २००३ को सूचीमा सूचीकृत सम्पदा तत्वहरूको प्रयोग (गणतन्त्र कोरिया)

कोरियाका विद्यालयहरूले *योन्डेङ्हो* (लालटिन महोत्सव), *किमजाङ* (*किम्ची* बनाउने र बाँड्ने प्रक्रिया) र *नाम्साडाङ नोरी* (बहुविधात्मक लोक नाटक) सम्बन्धी पाठहरू बनाएका छन् । यी तीनै वटा सम्पदाहरू २००३ को महासन्धिले व्यवस्थान गरेको मानवताको प्रतिनिधित्व गर्ने अमूर्त साँस्कृतिक सम्पदाहरूको सूचीमा सूचीकृत गरिएका छन् र तिनीहरूलाई राम्रोसँग अभिलेखीकरण गरिएका छन् । त्यसैले शिक्षकहरूलाई यी जीवन्त सम्पदाहरूका बारेमा जानकारी प्राप्त गर्न तथा पाठ योजना तयार पारी शिक्षण गर्न सहज भएको थियो ।

मूर्त सम्पदा, जस्तै सामाजिक वा ऐतिहासिक महत्वको कुनै स्थल वा स्मारक, देख्न सकिने तथा कुनै स्थानमा सजिलै पत्ता लगाउन सकिने हुन्छ । मूर्त सम्पदासँग थुप्रै अमूर्त तत्वहरू जोडिएका छन् । उदाहरणका लागि, धेरै थरी सामाजिक अभ्यासहरू उक्त स्थलमा हुने गर्दछन्, र यस्ता स्थलहरूसँग सम्बद्ध अभिव्यक्ति एवं कला हुन्छ (उदाहरणका लागि, धार्मिक स्थलमा गरिने पूजापाठहरूमा सामान्यतया सङ्गीत तथा मन्त्रोच्चारण हुने गर्दछ) वा सम्पदा स्थल (उदाहरणका लागि मन्दिर) बनाउन वा कुनै वस्तु (उदाहरणका लागि हस्तकला) बनाउनका लागि परम्परागत ज्ञान वा सिपको प्रयोग भएको हुन्छ ।

विद्यालयको क्रियाकलापका लागि चाखलाग्दा स्थानीय जीवन्त सम्पदाहरू पत्ता लगाउने प्रक्रियामा विद्यार्थीहरूलाई पनि संलग्न गराउनुहोस् । हाल उपलब्ध विवरण-सूची वा युनेस्को सूचीको प्रयोग गरेर उनीहरूले के कस्ता अमूर्त साँस्कृतिक सम्पदाहरू पत्ता लगाउन सक्छन् भनेर वा उनीहरूको परिवारमा अभ्यास गरिने सम्पदा तत्वहरूका बारेमा खोजी गर्नका लागि दिमाग खियाउन सक्नु हुन्छ। तपाईंले उनीहरूलाई उनीहरूको परिवार तथा समुदायको अनुसन्धान वा सहभागितामूलक सर्वेक्षणमा संलग्न गराउन सक्नुहुन्छ ।


तर कुनै कुनै अमूर्त साँस्कृतिक सम्पदाहरू मूर्त सम्पदासँग जोडिएका हुँदैनन् (उदाहरणका लागिः वनस्पतिको प्रयोग गरेर गरिने स्थानीय उपचार अभ्यास; त्यस्तै कुनै कुनै प्रस्तुति कलाहरू प्रदर्शन गर्नका लागि खास प्रकारको स्थलको आवश्यकता पर्दैन), त्यसरी नै कुनै साँस्कृतिक सम्पदाको ऐतिहासिक महत्व हुन सक्छ, तर त्यसले अहिले नजिकै बसिरहको समुदायको पहिचान र मूल्यलाई प्रतिबिम्बित नगर्न सक्छ (उदाहरणका लागि, कुनै स्थल वा स्मारकहरू अर्कै समुदायले बनाएको हुन्छ र सो समुदाय अहिले सो ठाउँमा नबसेको हुन सक्छ, वा उक्त स्थलमा पहिले गरिने संस्कारहरू वा गतिविधिहरू अब गर्न छाडिएको हुन सक्छ) ।

## मूर्त र अमूर्त सम्पदालाई जोड्नेः शालमार बँगैचामा विद्यालयको शैक्षिक भ्रमण (पाकिस्तान)



पाकिस्तानको लाहोरमा अवस्थित शालमार बगैँचालाई सन् १९८१ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको थियो । उक्त स्थलमा सुरम्य मण्डपहरू, झरना र शोभायमान विशाल पोखरीहरू छन् । उक्त बगैँचाले सद्भाव र परम्परागत कलाको श्रेष्ठतालाई समेट्छ । विद्यार्थीहरूले यसको ऐतिहासिक महत्वका बारेमा बुझ्न तथा उक्त स्थलका मूर्त र अमूर्त सम्पदा दुवै तत्वहरूका बारेमा सिक्न उक्त सम्पदा स्थलका कर्मचारीका साथमा त्यहाँको भ्रमण गरे । भ्रमणका क्रममा उनीहरूले त्यहाँका ज्यामितीय वास्तुकलाहरूको अवलोकन गरे, फूलबुट्टाहरूको चित्र बनाए र रूख विरूवाहरूका बारेमा समेत जानकारी लिए । एकजना सङ्गीतका उस्तादले सङ्गीत, गणित, हस्तलेखन, उच्चारण, भूगोल र लोकसाहित्यको सम्बन्धका बारेमा व्याख्या गरे । त्यसपछि उनले सङ्गीतका माध्यमबाट दिनको कुन समय हो भनेर तथा विभिन्न संवेगहरूका बारेमा कसरी अनुमान लगाउन सकिन्छ भनेर देखाए । विद्यार्थीहरूले उक्त बगैँचा र प्रकृतिसँग सम्बन्धित स्थानीय गीत गाए ।

## तपाईंले कस्ता प्रकारका क्रियाकलापहरू गर्न सक्नुहुन्छ ?




विद्यालयमा गर्न सकिने विभिन्न क्रियाकलापहरूका बारेमा सोच्नुहोस् र कस्ता प्रकारका क्रियाकलापहरू सबैभन्दा बढी सान्दर्भिक र गर्न सकिने खालका छन् तिनीहरूको पहिचान गर्नुहोस् । यस्ता गतिविधिहरू धेरै हुन सक्छन् ।


- जीवन्त सम्पदाको विषयवस्तुलाई विद्यालयको विद्यमान पाठ्यक्रममा समावेश गर्नु धेरै नै प्रभावकारी हुन्छ । इतिहास, सामाजिक विज्ञान, सङ्गीत, कला र भाषाका विषयहरूमा स्थानीय जीवन्त सम्पदासँग सम्बन्धित शीर्षकहरू हुन्छन् । अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी विषयवस्तुका माध्यमबाट पाठ योजनामा सुधार ल्याउन सजिलो हुन्छ । अमूर्त साँस्कृतिक सम्पदाले तपाईंले पढाउने पाठलाई जीवन्त पार्न सक्छ र गणित, भौतिकशास्त्र, रसायनशास्त्र, जीवशास्त्र र अर्थशास्त्र लगायत कुनै पनि विषयमा विद्यार्थीहरूको ध्यान तान्न सक्छ ।
- अतिरिक्त शैक्षिक क्रियाकलापहरू जस्तैः विद्यालय क्लव, विशेष कार्यक्रमहरू, विशेष शैक्षिक भ्रमण र गर्मीको महिनामा गरिने गर्मी क्याम्पहरूमा नियमित कक्षाहरूमा जस्तो निर्दिष्ट विषयवस्तु एवं क्रियाकलापहरू नहुने र परिक्षा सम्बन्धी बाध्यता पनि नहुने भएकोले जीवन्त सम्पदालाई सिकाइमा समेट्न यस्ता गतिविधिहरू सजिलो माध्यम हुन सक्छन् ।
- विद्यार्थीहरूले एक्ला एक्लै गर्नु पर्ने परियोजनाहरू तथा परिवार र समुदायका सदस्यहरूसँग अन्तर्वार्ता लिने जस्ता गृह-कार्यहरूले पनि विद्यार्थीहरूलाई अमूर्त साँस्कृतिक सम्पदा तत्वहरूका बारेमा सिक्ने अवसरहरू प्रदान गर्दछन् ।



### वंशावली कला सम्बन्धी विद्यालयव्यापी छलफल (काजखस्तान)

काजखस्तानमा कसैको कम्तिमा पनि सात पुस्तासम्मको वंशावलीका बारेमा जान्ने एउटा परम्परा छ जसलाई *शेजिरे* भनिन्छ ।

यहि विषयमा डोस्टर इन्टरनेशलन स्कूल-लाइसियमले एक विद्यालयव्यापी अतिरिक्त शैक्षिक कार्यक्रमको आयोजना गर्‍यो । विद्यार्थीहरूले जीवन्त सम्पदा र अमूर्त साँस्कृतिक सम्पदा महासन्धि २००३ का बारेमा सिके र त्यसपछि उनीहरूले *शेजिरे*लाई पनि मानवताको प्रतिनिधित्व गर्ने युनेस्कोको अमूर्त साँस्कृतिक सम्पदा सूचीमा समावेश गर्नु पर्दछ कि भनेर छलफल गर्न एउटा वहस कार्यक्रमको आयोजना गरे । वहसको तयारी गर्दा, विद्यार्थीहरूले यो अभ्यास र विभिन्न समुदायहरूमा यसको महत्वका बारेमा सिके । साथै उनीहरूले यसलाई संरक्षण गर्ने विभिन्न सम्भावित उपायहरूका बारेमा पनि आफूलाई लागेका कुराहरू व्यक्त गरे ।




## गणित सिक्न खाना पकाउने परम्परागत विधिको प्रयोग (नेपाल)

विशेष चाडपर्वहरू, जस्तै नयाँ वर्षमा तामाङ समुदायहरूले धेरै मात्रामा *खाप्से* बनाउँछन् । *खाप्से* चपाएर खाने खानेकुरा हो । यो अमूर्त साँस्कृतिक सम्पदा तत्व गणित विषयसँग मज्जाले फिट हुन्छ । गणितको एउटा कक्षामा, विद्यार्थीहरूले खाप्से बनाउँदा चाहिने खाद्यमात्राको परिमाण र संख्याको मापन गरे । उनीहरूले यो खाद्य पदार्थ बनाउन प्रयोग हुने भाँडाकुँडाहरूको सतहको क्षेत्रको पनि नापो लिए र त्यसपछि विद्यालयमा नै खाप्से तयार पारे । यो पाठको तयारीका क्रममा विद्यार्थीहरूले उनीहरूको समुदायमा मनाइने चाडपर्वहरूमा तयार पारिने खानाहरूका बारेमा पत्ता लगाए र उनीहरूको परिवारको सहयोगमा ती परिकारहरू पकाउने विधिहरूको पनि अभिलेखीकरण गरे ।

## आइसीएचको महत्व बुझ्न साङ्गीतिक सम्पदाको प्रयोग (किर्गिस्तान)

किर्गिस्तानमा सङ्गीत शिक्षक र उनका विद्यार्थीहरूले जीवन्त सम्पदाका बारेमा गम्भीरताका साथ सोच विचार गरेर यससँग सम्बन्धित प्रश्नहरू तयार पारे । कक्षा सकिएपछि यी प्रश्नहरूको प्रयोग गरी विद्यार्थीहरूले विद्यालयका सहपाठीहरू एवं शिक्षकहरूको अन्तर्वार्ता लिए । अन्तर्वार्तामा सहभागी मध्ये धेरै जनाले आइसीएचले उनीहरूको पहिचान प्रदान गरेको बताउँदै यसको संरक्षण तथा युवा पुस्तालाई हस्तान्तरण गर्नु पर्नेमा विशेष जोड दिए । केही सहभागीहरू भने आइसीएचका बारेमा त्यति जानकार थिएनन्, यस क्रियाकलापले उनीहरूलाई पनि सिक्ने अवसर प्रदान गऱ्यो । यस क्रियाकलापले विद्यार्थीहरूलाई विद्यालय भित्र एक-अर्काका बिच आफ्नो ज्ञान र विचारहरूको आदान-प्रदान गर्ने अवसरको शुरुवात गराउनुका साथै जीवन्त सम्पदाको महत्वका बारेमा चेतना जगाउने कार्यमा समेत योगदान पुऱ्यायो ।



## सॉँस्कृतिक अभ्यासहरूको आदान-प्रदान (फिलिपिन्स)

हरेक वर्ष, प्रेसिडेन्ट सेर्गिओ अस्मेना सिनियर हाई स्कूलले सङ्गीत, कला, शारीरिक शिक्षा र स्वास्थ्य (Music, Art, Physical Education and Health- MAPEH) महोत्सव सञ्चालन गर्दछ । यो महोत्सवका लागि प्रत्येक कक्षाले विद्यार्थीहरूको परम्परागत नृत्यहरू मध्ये कुनै एकमा आधारित नृत्य निर्देशन गर्नु पर्दछ । सम्बन्धित विद्यार्थीले उसका साथीहरूलाई सिकाउने कामको नेतृत्व लिन्छ । यसरी नेतृत्व लिँदा विद्यार्थीको सशक्तिकरणमा मद्दत पुग्दछ । MAPEH महोत्सवमा देशै भरीबाट विद्यार्थीहरू आउने भएकाले देशका विभिन्न क्षेत्र र जातजातिहरूका नृत्य एवं गीतहरूका बारेमा थाहा पाउने यो एउटा राम्रो अवसर हो । यसले विद्यार्थीहरूलाई उनीहरूको सम्पदा आफ्ना सहपाठीहरूसँग आदान-प्रदान गर्न अभिप्रेरित गर्दछ, उनीहरूलाई सिकाउने कार्यमा सशक्त बनाउँछ, र वास्तवमा सहपाठीहरूका माझ सॉँस्कृतिक विविधता र सहनशीलताको प्रबर्द्धन गर्दछ ।

## विद्यालयमा विद्यार्थीहरूको उपस्थिति बढाउने माध्यमका रूपमा सम्पदा शिक्षा (नेपाल)

पञ्चकन्या विद्यालयले दश वर्ष भन्दा बढी समयदेखि विद्यार्थीहरूको जीवन्त सम्पदामा केन्द्रीत भइ अतिरिक्त शैक्षिक क्रियाकलापहरू चलाइरहेको छ । उदाहरणको लागि, प्रत्येक शुक्रबार यस्ता क्रियाकलापहरूमा विद्यार्थीहरूले स्थानीय गीत र नृत्यहरू सिक्न सक्छन् । कहिलेकाहिँ उनीहरू प्रतिस्पर्धामा पनि सहभागी हुन्छन् । महोत्सवहरूका बेलामा समेत उनीहरूले आफ्नो कला प्रस्तुत गर्दछन् । जीवन्त सम्पदामा आधारित अतिरिक्त शैक्षिक कार्यक्रमहरू शुरू गरे पछि विद्यार्थीहरू नियमित रूपमा विद्यालय आउन थालेको विद्यालयका प्रधानाध्यापकको अनुभव छ । विद्यार्थीहरूले पनि कक्षा कोठामा र अतिरिक्त क्रियाकलापहरू आयोजना हुँदा अझै राम्रोसँग मिलेर काम गर्दछन् जसले उनीहरूलाई राष्ट्रिय भाषाको बोलाइ र लेखाइ दुवै क्षेत्रमा उनीहरूको निखरता आएको छ । विद्यार्थीहरूमा एक-अर्का प्रति अझ बढी सम्मानको भावना पनि विकास भएको छ ।

## विद्यालय, समुदाय र अन्यत्र समेत तपाईंको साझेदार को बन्न सक्छन् ?

जीवन्त सम्पदालाई विद्यालय शिक्षामा समेट्ने प्रक्रियामा सहयोग गर्ने कुनै साझेदार भएमा यो प्रक्रिया सहज हुन्छ । साझेदारको रूपमा तपाईंले ज्ञान, स्रोत, विचार, धारणा र कार्यभार बाँड्न सक्नुहुनेछ ।

### विद्यालयमा हुन सक्ने सम्भावित साझेदारहरू

- कुनै कुनै सहकर्मीहरूसँग जीवन्त सम्पदायुक्त शिक्षणका बारेमा पहिलेदेखि नै अनुभव भएको हुन सक्छ । उनीहरूले आफ्नो अनुभव र पाठयोजना बाँड्न सक्छन् ।
- उही विषय पढाउने सहकर्मीहरूले विषयवस्तुसँग सम्बन्धित विचार एवं सुझावहरू दिन तथा सिकाइका उद्देश्यहरूसँग तपाईंले सोच्नु भएको जीवन्त सम्पदा सान्दर्भिक छ कि छैन भनेर मूल्याङ्कन गर्न सहयोग गर्न सक्छन् ।
- अरू विषयमा विशेषज्ञता भएका सहकर्मीहरूसँग तपाईंले कुनै पनि आइसीएच तत्वका विभिन्न आयामहरूका बारेमा खोजी गर्न सक्नुहुन्छ र संयुक्त रूपमा परियोजना सञ्चालन गर्न वा तपाईंले पढाउने र उनीहरूले पढाउने पाठहरूलाई जोड्न सक्नुहुन्छ ।
- क्लव वा संस्थाहरूका लागि जिम्मेवार सहकर्मीहरूले छनौट गरेका जीवन्त सम्पदाहरूसँग सम्बन्धित गतिविधिहरू सञ्चालन गर्ने स्थल प्रदान गरेर, भ्रमण वा कार्यक्रमहरूको आयोजना गरेर, र विद्यार्थीहरूलाई प्रवचनहरू दिएर यी सम्पदाहरूलाई विद्यालयमा एकीकृत गराउने प्रक्रियामा योगदान दिन इच्छुक हुन सक्छन् ।

शुरूमा सबैजना सहकर्मीहरूले सहभागी हुने चाहना व्यक्त नगर्न सक्छन्, तर सानो र प्रतिबद्ध समूहले सकरात्मक नतिजाहरू निकाल्न सक्यो भने पछि गएर धेरै जना सहकर्मीहरू यसप्रति आकर्षित हुन सक्छन् ।

शुरूमा सबैजना सहकर्मीहरूले सहभागी हुने चाहना व्यक्त नगर्न सक्छन्, तर सानो र प्रतिबद्ध समूहले सकरात्मक नतिजाहरू निकाल्न सक्यो भने पछि गएर धेरै जना सहकर्मीहरू यसप्रति आकर्षित हुन सक्छन् ।



विद्यालय व्यवस्थापनको सहयोगले तपाईंका सहकर्मीहरूलाई जीवन्त सम्पदायुक्त शिक्षणमा तपाईंसँगै हातेमालो गर्नमा सहमत हुन तथा अभिप्रेरित गर्न सक्छ ।



## राम्रो बहुविधात्मक पाठ तयार पार्नका लागि सहकर्मीहरूसँग सहकार्य (कोरिया)

*नाम्साडाङ नोरी*का बारेमा पाठहरू तयार पार्ने उद्देश्यले कोरियाली भाषा, सामाजिक शिक्षा र शारीरिक शिक्षा पढाउने शिक्षकहरू सँगसँगै काम गर्न थाले । यस परम्परागत प्रस्तुति कलामा सङ्गीत, मुखुण्डो लगाएर गरिने नृत्य, पुतली नाटक, डोरीमा हिंड्ने र एरोबेटिक नृत्य तथा थाल नृत्य लगायत विभिन्न क्रियाकलापहरू हुन्छन् । कोरियाली भाषाको कक्षामा विद्यार्थीहरूले यी प्रस्तुतिहरूसँग सम्बन्धित विभिन्न तत्वहरूको अर्थका बारेमा बुझ्न सन्दर्भ सामाग्रीहरूको विश्लेषण गर्नुका साथै यसका इतिहासका बारेमा समेत अध्ययन गरे । शारीरिक शिक्षाको कक्षामा, डोरीमा हिड्ने तथा थाल नचाउने क्रियाकलापहरू समावेश गरियो । त्यसरी नै *नाम्साडाङ नोरीले* समाज र समाजमा रहेका विभेदकारी सामाजिक व्यवस्थाहरूको आलोचना गर्ने भएकोले, मानव अधिकारका बारेमा विद्यार्थीहरूलाई परिचित गराउन यो प्रस्तुतिकला सान्दर्भिक प्रवेश विन्दु बन्न पुग्यो । यी कक्षाहरूले विद्यार्थीहरूलाई यो प्रस्तुतिलाई विभिन्न कोणहरूबाट केलाउँदै महत्वपूर्ण सिपहरूको अभ्यास गर्न सहयोग पुऱ्याए ।

## प्रशासकीय टोलीको सहयोग (काजखस्तान)

काजखस्तानका तीनवटा परीक्षण-अभ्यास-विद्यालयहरू (pilot schools) का प्रशासकीय टोलीहरू अत्यन्तै सहयोगी थिए । उनीहरूले विद्यालयव्यापी क्रियाकलापहरू जस्तै 'फ्रेतिसुको बसन्त महोत्व २०२१' को आयोजना गर्नमा सहयोग गर्नुका साथै यी कार्यक्रमहरूमा सम्पदा अभ्यासकर्ताहरूलाई विद्यालयमा निमन्त्रणा गर्न पनि मद्दत गरे । विद्यालय व्यवस्थापनले कोभिड-१९ महामारीका बेलामा पनि शिक्षक तथा विद्यार्थीहरूलाई अभ्यासकर्ताहरूसँग सुरक्षित तरिकाले भेट्नका लागि भौतिक स्थल तथा अनलाईन मञ्च उपलब्ध गरायो ।



## समुदायमा भएका साझेदारहरू

अभ्यासकर्ताहरूसँग काम गर्नाले युवा विद्यार्थीहरूलाई उनीहरूको समुदायका पाका सदस्यहरूसँग जोड्ने साथै ज्ञान, अर्थ र सिपको हस्तान्तरणलाई सहजीकरण गरेर सिकाइको प्रक्रियालाई थप महत्वपूर्ण बनाउँदछ ।

अभ्यासकर्ताहरूले

- स्थानीय समुदायमा भएका आइसीएच तत्वहरू पत्ता लगाउनमा सहयोग गर्न सक्छन् ।
- सम्बन्धित आइसीएच अभ्यासलाई विद्यालयको परिवेशमा कसरी प्रयोग गर्न वा शिक्षण सामाग्रीहरू तयार पार्न उक्त आइसीएच तत्वलाई कसरी प्रयोग गर्न सकिन्छ भनेर अभिप्रेरित गर्न उक्त आइसीएच अभ्यास र यसको अर्थका बारेमा बढी भन्दा बढी जानकारीहरू दिन सक्छन् ।
- उक्त अभ्याससँग सम्बन्धित कक्षाहरू भएको बेलामा सो सम्बन्धी केही सामाग्री, सिप वा वस्तुहरू शिक्षक तथा विद्यार्थीहरूलाई सापट दिन सक्छन् ।
- अतिथि वक्ताका रूपमा आउन सक्छन्, पाठको व्यवहारिक पक्षको नेतृत्व गर्न वा उनीहरूले अभ्यास वा प्रदर्शन नै गर्ने गरी विशेष कक्षा नै पनि लिन सक्छन् ।
- विद्यार्थीहरूलाई उनीहरूकै ठाउँ (जस्तैः उनीहरूको कार्यशाला, सम्पदा स्थल, संग्रहालय वा पुस्तकालय) मा भेट्न सक्छन् ।
- पाठहरूको समीक्षा गर्नमा सहयोग गर्न तथा आइसीएच सम्बन्धी विषयवस्तुले समुदायको मूल्यलाई झल्काएको छ कि छैन भनेर सुझाव दिन सक्छन् ।
- साँस्कृतिक कार्यक्रमहरू –जस्तैः चाडपर्वहरू– का बेला विद्यार्थीहरूलाइ मार्गदर्शन गर्न तथा अझै राम्रोसँग बुझ्नमा मद्दत गर्न सक्छन् ।

अभ्यासकर्ताहरूसँग काम गर्नाले युवा विद्यार्थीहरूलाई उनीहरूको समुदायका पाका सदस्यहरूसँग जोड्ने साथै ज्ञान, अर्थ र सिपको हस्तान्तरणलाई सहजीकरण गरेर सिकाइको प्रक्रियालाई थप महत्वपूर्ण बनाउँदछ ।



शिक्षकहरूले जीवन्त सम्पदाका बारेमा जानकारी हासिल गर्नका लागि भेट्न सक्ने समुदायका सदस्यहरू :

- विद्यार्थीहरूका बा-आमा, हजुरबा-हजुरआमा एवं अन्य आफन्तहरू लगायत विद्यार्थीको परिवारका सदस्यहरू ।
- आइसीएच तत्वका गुरूवर्ग तथा अभ्यासकर्ताहरू ।
- स्थानीय संघसंस्था तथा महासंघहरू (साँस्कृतिक, खेलकूद, धार्मिक आदि) ।
- संस्कृतिविद, प्राज्ञ तथा कलाकारहरू ।
- साँस्कृतिक केन्द्र, संग्रहालय, पुस्तकालय, अभिलेखालय, कला विद्यालय आदिका प्रतिनिधिहरू ।
- सरकारी कर्मचारीहरू (संस्कृति, सम्पदा र पर्यटनसँग सम्बन्धित) ।
- स्थानीय शिल्पी तथा आइसीएचसँग सम्बन्धित अन्य व्यापार व्यवसायीहरू ।

**समुदायका सदस्यहरूको प्रधान भूमिका रहन्छ किन भने उनीहरूबिना जानकारी नै पाइँदैन । हामीहरूलाई आइसीएचको बाहिरी आवरण मात्रै थाहा थियो तर जब हामीहरूले उनीहरूसँग कुराकानी गर्‍यौँ, हामीहरूलाई जात्राका बारेमा विस्तृत कुराहरू जान्न पार्यौं । यो सहकार्यले मलाई हाम्रो संस्कृतिका बारेमा धेरै कुरा जान्न मद्दत पुग्यो ।**

*पवित्रा शाक्य, शिक्षक, नेपाल*





## प्रख्यात कालिगडलाई विद्यालयमा निमन्त्रणा (थाइल्याण्ड, नेपाल र काजखस्तान)

थाइल्याण्डको बान थवाइमा एक विद्यालयले गाउँका दक्ष सिकर्मीहरूसँग नियमित रुपमा सहकार्य गर्ने गरेको छ । यस्ता सिकर्मीहरू मध्ये एक हुन् मिस्टर अनन्त थाओ, जसले बच्चा हुँदा यही विद्यालयमा पढेका थिए । उनले थुप्रै वर्षदेखि विद्यालयमा काठमा बुट्टा भर्ने कलाका बारेमा पढाइरहेका छन् । आफूले जानेको कुरा उनी विद्यार्थीहरूलाई खुशीका साथ सिकाउँछन् । उनीहरूमध्ये केहीले यो हस्तकलालाई जारी राख्न रूचि देखाउलान् भन्ने उनलाई आशा छ ।



काठमाडौँ उपत्यकामा नेवार समुदायले परिवारका मृत सदस्यहरूको सम्मानमा वर्षको एक पटक गाई-जात्रा प्रदर्शन गर्दछन् । उक्त गाईजात्रामा बितेको एक वर्ष भित्र परिवारको कोही सदस्यको मृत्यु भएमा, सो परिवारको सबैभन्दा कान्छो सदस्य जात्रामा गाई जस्तै देखिने गरी पोशाक लगाउँछन् र कागजको मुखुण्डो पहिरन्छन् । रविन्द्र महर्जन एक जना स्थानीय कलाकार हुन् । उनको परिवारले पुस्तौँ पुस्तादेखि गाईको मुखुण्डो छाप्ने साँचो बनाउँदै आएको छ । विद्यालयका एक जना शिक्षक पवित्रा शाक्यले विद्यार्थीहरूलाई मुखुण्डो बनाउने बारे सिकाउन दुई वटा कक्षाहरू सञ्चालन गर्नका लागि उनलाई निमन्त्रणा गर्नुभयो ।

काजखस्तानको अल्मतीमा डोम्बिरा क्वे (Dombyra Kuy) भन्ने बाजा बजाउने उस्तादहरूले अब्दुल्ला रोजीबाकिभ स्कूल जिम्नेसियम नं. १५३ को भ्रमण गरी उक्त बाजालाई कसरी बजाउने भनेर प्रत्यक्ष रूपमा प्रदर्शन गरे ।





## संस्थागत तथा व्यक्तिगत साझेदारहरू

साँस्कृतिक संस्थाहरू, जस्तै संग्रहालय, पुस्तकालय, सामुदायिक केन्द्र, साँस्कृतिक क्लवहरू तथा गैरसरकारी संस्थाहरू सूचनाका महत्वपूर्ण स्रोत तथा सम्भाव्य साझेदारहरू पनि हुन् । यदि तपाईंको विद्यालयले यस्ता संघसंस्थाहरूसँग पहिले नै सहकार्य गरेको भए उनीहरूसँगको विद्यमान साझेदारीलाई थप सुदृढ बनाउने बारेमा ध्यान दिनुहोस् । तिनीहरू मध्ये धेरै संस्थाहरूसँग शैक्षिक कार्यक्रमहरू पनि हुन सक्छन् जसलाई तपाईंले अनुसन्धान गर्न सक्नु हुन्छ । संस्कृतिविदहरू आइसीएचलाई विद्यालयमा समेट्ने कार्यमा सहयोग गर्न तथा पाठ योजना निर्माण एवं शिक्षण सामाग्रीहरू तयार पार्न तपाईंलाई सहयोग गर्न सहमत हुन सक्छन् ।

निजी क्षेत्रको सामाजिक संस्थान दायित्व कार्यक्रमहरू मार्फत कल्याणकारी योगदानका लागि आपूर्तिहरू अनुदान गर्ने संभवना रहन्छ ।

जीवन्त सम्पदा अत्यन्तै विविधतायुक्त हुन्छ ।  हामीले स्वास्थ्य र वातावरण जस्ता शीर्षकहरू लगायत संस्कृतिका बारेमा कुरा गर्दा जे सोच्छौँ, त्यो भन्दा पनि धेरै विषयहरूसँग यसको सम्बन्ध छ । यी क्षेत्रहरूमा कुन संस्थाले काम गर्दछ भनेर पत्ता लगाउनु होस् । यी संस्थाहरू स्वास्थ्य संगठन, खेलकूद महासंघ, वातावरण समूह, स्थानीय विद्यालय, क्याम्पस एवं विश्वविद्यालयहरू हुन सक्छन् ।

### संघसंस्था एवं महासंघहरूसँग सहकार्य (किर्गिस्तान)

विद्यालय नं. ९५ का एक जना शिक्षक साल्बुरूम फेडेरेशन अफ ट्रेडिसनल गेम्स एन्ड स्पोर्ट्सका सदस्य हुनुहुन्छ । दिन र रातको समय बराबर हुने वसन्त ऋतुको दिन विद्यालयले नूरूज महोत्सवको आयोजना गर्दा उक्त फेडेरेशनलाई पनि निम्ता गरियो । उक्त महोत्सवका क्रममा, फेडेरेशनका सदस्यहरूले परम्परागत खेलका बारेमा जानकारीहरू प्रदान गर्नुका साथै विद्यार्थीहरूका लागि विभिन्न प्रदर्शनीहरू एवं कक्षाहरू सञ्चालन गरे ।

## गैर-साँस्कृतिक संस्थाहरूसँग सहकार्य (चीन)

चीनको एउटा माध्यमिक विद्यालयले युनिभर्सिटी अफ ट्रेडिसलन चाइनीज मेडिसिनसँग सहकार्य गरी परम्परागत ओखतीहरूका बारेमा एउटा कक्षाको आयोजना गर्यो । उक्त कक्षामा सो विश्वविद्यालयमा प्राध्यापकहरूको निर्देशनमा विद्यालयका शिक्षकहरूले पढाएका थिए ।

## तपाईंले जीवन्त सम्पदाको प्रयोग गरी कसरी र कहिले कक्षाको कार्यतालिका तयार पार्न सक्नु हुन्छ ?

तपाईंले पढाउने पाठ एवं क्रियाकलापहरूमा जीवन्त सम्पदालाई समावेश गर्ने कार्य विद्यालय सञ्चालन हुने समयमा बर्षै भरी गर्न सक्नु हुन्छ । तपाईंले कुनै एक वा दुईवटा पाठहरू सहित सानो स्तरमा वा आगामी वर्षहरूमा विस्तार गर्ने गरी सानो परियोजनाबाट शुरू गर्न सक्नु हुन्छ । तर कुनै जीवन्त सम्पदा अभ्यासहरू खास समयसँग मात्रै सम्बन्धित हुन्छन् । यसमा चाडपर्वहरू, संस्कार एवं महोत्सव; तथा मौसम परिवर्तन वा कृषि कर्मसँग सम्बन्धित समय चक्रसँग जोडिएका अभ्यासहरू लगायत पर्दछन् । यस्ता कार्यक्रमहरू विद्यार्थीहरूका लागि जीवन्त सम्पदाको अनुभव गर्ने, यसका बारेमा मनन गर्ने र सम्भवतः भविष्यमा यसको हस्तान्तरणलाई निरन्तरता दिने अवसर बन्न सक्छन् । कार्यक्रममा सहभागी भएर उनीहरूलाई उक्त सम्पदा अभ्यासको अवलोकन गर्ने तथा त्यसको अभिलेखीकरण गर्ने अवसर पनि प्राप्त हुन्छ । सम्पदा तत्वलाई सिकाइ प्रक्रियामा समावेश गर्ने योजना सहित आयोजना गरिएको कार्यक्रममा हुने सहभागिताका हकमा, पर्याप्त मात्रामा तयारी गर्न तथा कार्यक्रमका बारेमा विद्यार्थीहरूका माझ चेतना जगाउन अलिक पहिले नै योजना बनाउनु पर्दछ ।

समुदायका सदस्यहरूले योगदान दिन (जस्तैः स्थलगत भ्रमण, अभ्यासको प्रदर्शन, अन्तर्वार्ता आदि) का लागि उपलब्ध भए नभएको पनि सुनिश्चित गर्नुहोस् र उनीहरूको संलग्नताका सम्बन्धी योजना बनाउनु भन्दा पहिले उनीहरूको सहमति लिनुहोस् । वर्षको निश्चित समयमा उनीहरू अत्यन्तै व्यस्त हुन सक्छन् ।






## स्थानीय महोत्सवको समय पारेर पाठहरूको समय तालिका तयार पार्ने (किर्गिस्तान, काजखस्तान)

दिन र रात बराबर हुने वसन्त ऋतुको समयमा मनाइने नूरूज (जसलाई नाउरूज पनि भनिन्छ) किर्गिजस्तान र काजखस्तान लगायत धेरै देशहरूमा मनाइने एक महत्वपूर्ण धार्मिक दिवस हो, जसमा विविध प्रकारका उत्सवहरू तथा संस्कारहरू हुन्छन् । यो महोत्सव मनाउने कार्यमा धेरै विद्यालयहरू समर्पित भएर लाग्दछन् । एउटा किर्गिज विद्यालयले यो पर्वको दिन आउनुभन्दा एक हप्ता पहिलेदेखि नै प्राथमिक देखि माध्यमिक तहका सबै कक्षाहरूमा जीवन्त सम्पदा सम्बन्धी कक्षाहरू सञ्चालन गर्यो । विद्यार्थीहरूले आफूलाई रूचि भएको जीवन्त सम्पदा तत्व (जस्तैः किर्गिज परिकथा एवं गँलैचा बनाउने आदि) को छनौट गरी त्यसका बारेमा अध्ययन गरे । महोत्सवका क्रममा, उनीहरूले सङ्कलन गरेका जानकारीहरू एक-अर्कासँग बाँडे । प्राथमिक तहका विद्यार्थीहरूले किर्गिज परिकथाका बारेमा सुनाए भने माध्यमिक तहका विद्यार्थीहरूले काल्पनिक गलैचा बनाउन चाहिने परम्परागत ज्ञान र सिपका बारेमा आफूले थाहा पाएका जानकारीहरू बाँडे । यो क्रियाकलापले विभिन्न कक्षाका विद्यार्थीहरूकाबीच सञ्चार प्रवर्द्धन गर्नुका साथै सिकाइको प्रक्रियालाई अझ बढी रमाइलो र महोत्सवलाई स्मरणीय बनायो । अर्को विद्यालयमा, विद्यार्थीहरूले परम्परागत खेलहरू खेले, सङ्गीत सुनाए, खानेकुराहरू बाँडे, मानस गायन प्रस्तुत गरे र युर्ट (yurt) भनिने परम्परागत पाल बनाए ।

## जाँच गर्नुहोस्

यो चरणको अन्त्यमा आइपुग्दा के तपाईंले निम्न कार्यहरू गर्न सक्षम हुनु भयो

- शिक्षण एवं सिकाइमा प्रयोग गर्न सकिने सम्भाव्यता भएका, थप जानकारी प्राप्त गर्नु पर्ने सम्पदा तत्वहरूको सूची तयार पार्ने कार्य ।
- जीवन्त सम्पदालाई समेट्न मिल्ने खालका विद्यालयका (शैक्षिक र/वा अतिरिक्त शैक्षिक) क्रियाकलापहरूको पहिचान गर्ने कार्य ।
- विद्यालय भित्र र बाहिरका सम्भाव्य साझेदारहरूको सूची तयार पार्ने कार्य ।
- जीवन्त सम्पदासँग जोडिएका गतिविधिहरूलाई विद्यालयको पात्रोमा समावेश गर्ने उपयुक्त पात्रो पहिल्याउने कार्य ।






## ४.२. चरण २ – जीवन्त सम्पदा तत्वलाई विद्यालयमा पढाउने विषयसँग जोड्नुहोस्

पहिलो चरणमा तपाईंको वरपर भएका जीवन्त सम्पदा र तपाईंको विद्यालयको परिवेशमा कस्तो सम्पदालाई समावेश गर्न उपयुक्त हुन्छ भन्ने बारेमा जानकारीहरू लियौँ । अर्को चरणले यसको दायरालाई अझै साँघुरो बनाउँदै लगेर खासमा कुन अमूर्त साँस्कृतिक सम्पदा तत्व(हरू) विद्यार्थीहरूलाई सिकाउने, तपाईंले पढाउन चाहेको जीवन्त सम्पदायुक्त पाठ र तपाईंले आयोजना गर्न चाहने गतिविधि(हरू)का बारेमा निर्णय गर्न तपाईंलाई सहयोग पुऱ्याउने लक्ष्य लिएको छ ।

> **परम्परागत ज्ञान व्यवस्थापनका बारेमा सिक्न सजिलो छ, किनभने यो ज्ञान हाम्रो वरपर नै हुन्छ । विद्यार्थीहरूले उनीहरूको समालोचनात्मक सोचाइ र अन्य दक्षताहरूको विकासमा सहयोग पुग्ने गृहकार्यहरू गर्न रमाइलो मान्छन् । यसले उनीहरूलाई धैर्यवान र मेहनती बनाउँछ । यी विशेषताहरूले उपयोगी ज्ञान एवं सिपहरूको उत्पादन हुन्छ । यसबाट उनीहरूले स्थानीय सम्पदाको महत्व तथा यसलाई संरक्षण गर्नु पर्ने आवश्यकताका बारेमा थाहा पाउँछन् ।**
>
> *श्री सासिवान काएवना, प्रायोगिक शिक्षक, टन काएवु फदुङ पिट्टालाइ स्कूल, थाइल्याण्ड*


दोस्रो चरणमा चारवटा भागहरू रहेका छन् :

- विद्यालयमा पढाउने पाठ तथा गतिविधिहरूसँग जोड्न जीवन्त सम्पदा तत्वको छनौट गर्ने ।
- विद्यालयका प्राथमिकताहरूमा आधारित हुने ।
- एक सफल जीवन्त सम्पदायुक्त क्रियाकलाप योजना बनाउने ।
- क्रियाकलापको सम्भाव्यताका बारेमा सोचविचार गर्ने ।

**विद्यालयमा पढाउने पाठ तथा गतिविधिहरूसँग जोड्न जीवन्त सम्पदा तत्वको छनौट गर्ने ।**

यसका दुईवटा विधिहरू छन्:

- कुनै एउटा जीवन्त सम्पदा तत्वको पहिचानबाट शुरू गर्नुहोस् र यसलाई कस्तो गतिविधि(हरू) ले सहयोग पुग्ला भन्ने बारेमा अध्ययन गर्नुहोस् ।
- विद्यालयमा पढाउने विषयबाट शुरू गर्नुहोस् र कुन आइसीएच तत्वले शिक्षणको महत्व बढाउन सक्ला त्यसको पहिचान गर्नुहोस् ।




आइसीएच तत्वको प्रयोग गरेर शुरू गर्ने विचार गर्नु भयो भने, सर्वप्रथम तपाईंले पहिलो चरणमा पत्ता लगाएका अमूर्त साँस्कृतिक सम्पदाहरूको सूचीको समीक्षा गर्नु पर्ने हुन्छ । यसरी समीक्षा गर्दा आफूलाई रूचिकर लागेको कुनै एउटा सम्पदा तत्वको छनौट गर्नुहोस् ।

यसरी छनौट गर्नाका विभिन्न कारणहरू हुन सक्छन्, जस्तैः

- स्थानीय क्षेत्रमा धेरै मानिसहरूले यसको अभ्यास गर्दछन् ।
- विद्यार्थीहरूलाई यसमा अभिरूचि छ ।
- यस तत्वका बारेमा सहकार्य गर्न समुदायका सदस्यहरूले रूचि देखाएका छन् ।
- विद्यालयको पात्रोसँग मिल्ने गरेर यसको अभ्यास गरिन्छ ।
- तपाईं र तपाईंका सहकर्मीहरू यो सम्पदा तत्वका बारेमा रूचिकर हुनुहुन्छ र यसका बारेमा तपाईंहरूलाई थाहा छ ।
- तपाईं र तपाईंका सहकर्मीहरूलाई यसका बारेमा जानकारीहरू प्रदान गरेर सहयोग गर्न सक्ने अभ्यासकर्ताहरू वा साँस्कृतिक संघसंस्थाहरूका बारेमा थाहा छ ।
- यो सम्पदा तत्व सम्बन्धी प्रशस्त साधन स्रोतहरू उपलब्ध छन् र तिनीहरूलाई विद्यालयका गतिविधिहरू तयार गर्दा प्रयोगमा ल्याउन सकिन्छ ।

सम्पदा तत्वको छनौट गर्दा सम्बन्धित समुदाय, विद्यार्थी, शिक्षक र/वा विद्यालय व्यवस्थापनसँग मिलेर गर्न सकिन्छ । त्यसपछि छनौट गरिएको सम्पदा विद्यालयमा पढाइने कुन विषय एवं गतिविधिसँग सम्बन्धित छ भनेर पत्ता लगाउन यी विषयहरू र गतिविधिहरूको समीक्षा गर्न सक्नु हुन्छ ।

यसको विकल्पमा, तपाईंले विद्यालयमा पढाउने विषय वा कुनै खास विषय वा गतिविधिबाट शुरू गर्न सक्नु हुन्छ र यसमा कुन जीवन्त सम्पदा तत्वलाई जोड्न सकिन्छ भनेर हेर्न सक्नुहुन्छ । यो विधिका लागि तपाईंले पाठ्यक्रमलाई प्रष्टसँग बुझेको हुनु पर्दछ । यो अझ बढी व्यवस्थित पनि हुन्छ । यदि तपाईं खास गरेर विद्यालय वरपर अभ्यास गरिने जीवन्त सम्पदाका बारेमा जानकार हुनुहुन्छ भने, तपाईंले सजिलैसँग यी सम्पदा तत्वहरू र तपाईंले पढाउने विषय (हरू) का बिच सम्बन्ध पत्ता लगाउन सक्नु हुनेछ ।

**विद्यालयमा पढाउने विषयबाट शुरू गर्न तपाईंले पाठ्यक्रमलाई प्रष्टसंग बुझेको हुनु पर्दछ ।**

कुनै कुनै देशहरूमा, सम्पदासँग प्रष्टसँग जोडिएका विषयहरूलाई समेटिएको हुन्छ जसले सम्पदालाई विद्यालयमा जोड्ने प्रक्रियालाई सहज बनाउँदछ । अन्य सन्दर्भहरूमा पाठ्यक्रम नक्साङ्कन गर्नु उपयोगी हुन सक्छ ।

उदाहरणका लागि तपाईंले निम्न कुराहरूको अध्ययन गर्न सक्नुहुन्छ :

- पाठ्यक्रममा समावेश गरिएको पाठ वा क्रियाकलापको विषयवस्तु
- तपाईंले पढाउने विषयका मुख्य-मुख्य सिकाइ उद्देश्यहरू वा अपेक्षित क्षमता
- विश्व नागरिक शिक्षा वा दिगो विकासका लागि शिक्षा जस्ता ठूल-ठूला कार्यक्रमहरूले प्रबर्द्धन गरेका मूल्यमान्यताहरू

त्यसपछि सम्बन्धित पाठलाई बुझाउन तथा अपेक्षा गरिएको खास क्षमता प्राप्त गर्न जीवन्त सम्पदाको कुन पक्षले राम्रोसँग सहयोग गर्न सक्ला भनेर गहन विश्लेषण गर्न सक्नु हुन्छ ।

जीवन्त सम्पदा तत्व छनौटमा सहयोग पुऱ्याउन पुस्तिका ८ मा विद्यालयमा पढाइने विषयहरू र जीवन्त सम्पदा अभ्यासहरूकाबीचको सम्बन्धका बारेमा केही उपायहरू सुझाइएका छन् । स्मरण रहोस्, एउटा मात्रै सम्पदा तत्व पनि विद्यालयमा पढाइने धेरै विषयहरूसँग सम्बन्धित हुन सक्छ ।।

## समुदायको नेतत्वदायी भूमिका (चीन)

समुदायले उनीहरूका लागि खास महत्वपूर्ण रहेको जीवन्त सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने बारेमा सरसल्लाह दिएर नेतृत्वदायी भूमिका खेल्न सक्छन् । सांघाइ फोङगौ हाइ स्कूलले नजिकको समुदायसँग निकट सम्बन्ध बनायो । स्थानीय समुदायले विद्यालयमा *पान्कौ* (कपडामा गाँठो पारेर टाँक बनाउने) बनाउने एउटा परियोजना प्रस्ताव गरे । यो परियोजनाको सफलताले विद्यालयलाई अन्य विषयहरू पनि प्रस्ताव गर्न सघायो । *पान्कौ* गाँठो बनाउने, कागज काट्ने तथा हत्केलाले बुन्ने विषयहरूलाई वरपरको समुदायका दक्ष अभ्यासकर्ताहरूले विद्यालयमा नै आएर सिकाउने गरी पाठ्यक्रमको निर्माण गरियो । त्यस्तै सांघाइ युनिभर्सिटी अफ ट्रेडिसनल मेडिसिनका प्राध्यापकहरूको निर्देशनमा विद्यालयका शिक्षकहरूले चिनीया ओखतीका बारेमा पढाउने कक्षा पनि सञ्चालनमा आयो ।



## उत्तरी थाइल्याण्डको विशाल ढोलक विद्यालयमा सम्पदा तत्व अध्ययनको प्रवेश विन्दु (थाइल्याण्ड)

चियाङ माइमा रहेको बान साला स्कूलले स्थानीय समुदायले दिएको सुझावलाई आधार मान्दै प्रसिद्ध *क्लोङ लुवाङ* (विशाल ढोलक) कसरी बनाइन्छ र यसलाई कसरी बजाइन्छ भन्ने कुरालाई विद्यालयमा सम्पदा अध्ययनको प्रवेश विन्दुका रूपमा छनौट गऱ्यो । उक्त विशाल ढोलकलाई बान फ्रचाओ नाङ कन गाउँका मानिहरूले प्रदेश स्तरीय बार्षिक ढोलक प्रतियोगितामा प्रयोग गर्ने भएकोले उक्त गाउँको सँस्कृति र इतिहासको प्रतिनिधित्व गर्ने वस्तु मानिन्छ । यस परम्पराले थुप्रै प्रकारका जीवन्त सम्पदाहरूलाई अभिव्यक्त गर्दछ । *क्लोङ लुवाङ*लाई विद्यालयमा पढाइने धेरै विषयहरूसँग जोड्न सकिन्छ । जीव-विज्ञानको कक्षामा विद्यार्थीहरूले यो ढोलकमा प्रयोग हुने काठका लागि चाहिने विशेष प्रकारको रूखको प्रजाति र यसमा प्रयोग हुने गाईको छालाको प्रकारका बारेमा सिके । गणितको कक्षामा, उनीहरूले ड्रमको गोलकार परिधिको हिसाव गरे । कलाको कक्षामा उनीहरूले ढोलकको जटिल डिजाइनको नक्कल उतारे । थाइ इतिहासको कक्षामा, उनीहरूले सम्बन्धित समुदाय र ढोलकको इतिहासका बारेमा सिके र यसका बारेमा निबन्ध लेखे । अभिनय कलाको कक्षामा समुदायका वरिष्ठ अभ्यासकर्ताहरूले प्रत्यक्ष रूपमा विद्यार्थीहरूलाई आफूसँग भएको ज्ञान हस्तान्तरण गर्नुका साथै परम्परागत बाजाको प्रयोग गर्न तथा परम्परागत नृत्य प्रदर्शन गर्न तालिम प्रदान गरे । यी सबै पाठहरूमा यो जीवन्त सम्पदा (*क्लोङ लुवाङ*) लाई सिकाइको केन्द्रमा राखिएको थियो ।

## गणित सिकाइलाई अझै राम्रो बनाउन जीवन्त सम्पदा तत्वहरूको अध्ययन (थाइल्याण्ड)

थाइल्याण्डमा गणित विषय कार्यक्रममा विभिन्न ज्यामितीय आकारहरू पत्ता लगाउने तथा चिन्ने पाठहरू समावेश गरिएका हुन्छन् । बान माइ आइ स्कूलका एक जना शिक्षकले परम्परागत कपडामा विभिन्न प्रकारका ज्यामितीय बान्की (प्याटर्न) हरू हुने गरेको देखे । उनले आफ्ना विद्यार्थीहरूलाई यी कपडाहरूको डिजाइन र प्याटर्नका बारेमा अध्ययन गर्ने काम लगाए । विद्यार्थीहरूले उक्त क्षेत्रका विभिन्न जनजातिहरूले हातले बुनेका कपडाहरूका नमूनाहरू सङ्कलन गरे र रङ्गीन रेखाचित्रको प्रदर्शनीका माध्यमबाट उनीहरूले आफूले पत्ता लगाएका जानकारीहरू बाँडे । उनीहरूले गणित मात्रै नसिकेर स्थानीय संस्कृति र यी सुन्दर कपडाहरूका पछाडिको कथाका बारेमा पनि सिके ।

## विद्यालयका प्राथमिकताहरूमा आधारित हुने

कहिलेकाहिँ कुनै विषयवस्तु (थीम) पनि प्रवेश विन्दु बन्न सक्छ । उदाहरणका लागि, यदि विद्यालयले शान्ति शिक्षाको प्रबर्द्धन गरिरहेको छ र बहु-साँस्कृतिकतामा जोड दिन्छ भने संस्कृति विषय जीवन्त सम्पदालाई शिक्षामा समावेश गर्ने उपयुक्त प्रवेश विन्दु बन्न सक्छ । कक्षाहरूमा विविध साँस्कृतिक अभ्यासहरूलाई प्रस्तुत गर्न सकिन्छ जसका कारण साँस्कृतिक विविधताको प्रबर्द्धन हुन सक्छ । यसरी नै यदि विद्यालयको विषयवस्तु दिगो विकास छ भने, जैविक विविधता सम्बन्धी रैथाने ज्ञान प्रवेश विन्दु हुन सक्छ ।

केही शैक्षिक कार्यक्रमहरूले विश्व नागरिकलाई प्राथमिकतामा राख्दछन् । यस्ता कक्षाहरूमा भाषा, इतिहास, सामाजिक शिक्षा र संस्कृति शिक्षा जस्ता विषयहरूलाई साँस्कृतिक सम्पदा अभ्यासका बारेमा जान्न तथा सँगसँगै मानव अधिकार प्रबर्द्धन गर्न एवं विविधिता र अन्य महत्वपूर्ण विश्व नागरिक शिक्षाका सिद्धान्तहरू प्रति सम्मानको भाव जगाउने कार्यका लागि प्रवेश विन्दुका रूपमा लिन सकिन्छ ।

> **म टुशूकेसू अनुष्ठानमा सहभागी हुने गर्दथे, जुन बच्चाले पहिलो पटक पाइला चाल्ने विषयप्रति समर्पित रहेको छ । मैले बच्चाको गोलीगाँठोमा डोरीले कसेको देख्थें तर त्यो डोरीको रङ किन कालो र सेतो हुन्थ्यो भन्ने थाहा थिएन । कक्षामा पाठ पढ्ने क्रममा शिक्षकले यो संस्कारको अर्थ र अरू विवरणहरूको विस्तृत कुरा भन्नुभयो । त्यसपछि मैले यो एउटा करूणामय किर्गिज परम्परा रहेछ भन्ने थाहा पाएँ ।**
>
> *बग्दान ज्मीभ, प्रायोगिक परियोजनाका एकजा विद्यार्थी, किर्गिस्तान*

> **स्थानीय ज्ञान संस्कृतिको जग हो जुन हाम्रो जीवनमार्गमा अभिव्यक्त हुन्छ । यसको मूल्यलाई पैसामा नाप्न सकिँदैन । हामी बसेको भूमिसँग यसको लामो इतिहास जोडिएको हुनाले यसको भविष्य सुनिश्चित गर्न हामीहरूले यसका बारेमा सिक्नु पर्दछ ।**
>
> *श्री पुवाङफेत मीमा, शिक्षक, बान माइ डोन खि लेक स्कूल, थाइल्याण्ड*

## सफल जीवन्त सम्पदायुक्त क्रियाकलाप योजना निर्माण

आफूले काम गर्न चाहेको जीवन्त सम्पदा छनौट गर्दा विद्यार्थीहरूको रूचि र आवश्यकतालाई ध्यानमा राख्नुहोस् । विद्यार्थीहरूलाई रूचि भएको विषयवस्तु भएमा उनीहरूले सिकाइका क्रियाकलापहरूमा बढी मन लगाएर सहभागी हुन्छन् । कुनै कुनै विद्यार्थीहरू आफै पनि जीवन्त सम्पदा अभ्यासकर्ता हुन सक्छन् र उनीहरूको आफ्नो समुदायमा प्रस्तुत गरिने केही अभ्यासहरूका बारेमा अत्यन्तै गौरवान्वित महसुस गर्न सक्छन् । उनीहरूले आफ्नो अनुभवलाई विद्यालयका साथीहरूसँग बाँड्न सक्षम भएका हुन सक्छन् । वा उनीहरू अरू समुदायहरूको सम्पदाका बारेमा जान्न अत्यन्तै उत्सुक हुन सक्छन् ।

कार्यान्वयन गर्न नै असम्भव हुने पाठ योजना तयार गर्नु भन्दा यो चरणमा सर्वप्रथम छोटो विश्लेषण गर्नु उपयोगी हुन्छ। अधिकांश पाठहरू तथा गतिविधिहरू थोरै सरसामाग्रीका माध्यमबाट गर्न सकिन्छ, तर अरू गतिविधिहरूका लागि धेरै नै साधन-स्रोत, सरसामाग्री एवं लगानी चाहिने हुन सक्छ। हरेक पाठ वा गतिविधिका लागि के कस्ता साधन-स्रोतहरू, जस्तैः जानकारी, सिक्ने ठाउँ, सामाग्री, श्रव्यदृष्य सामाग्री, यातायात, अन्य संघसंस्थाहरूसँग साझेदारी, आर्थिक स्रोत र समय आदिको आवश्यकता पर्दछ भनेर पहिल्याउनु पर्दछ। साधन-स्रोतको उपलब्धताले तपाईंले कुन गतिविधि कार्यान्वयन गर्न सक्नुहुन्छ भन्ने कुराको निर्धारण गर्दछ।






## विद्यार्थीहरूको अभिरूचि थाहा पाउन मतदान (उज्वेकिस्तान, किर्गिजस्तान)

उज्वेकिस्तान र किर्गिजस्तानका शिक्षकहरूले विद्यार्थीहरूलाई विद्यालयमा जीवन्त सम्पदा तत्वहरूको सम्भावित सूची बनाउन प्रस्ताव गरे। त्यसपछि उनीहरूले विद्यार्थीहरूलाई सबैभन्दा बढी रूचि भएको सम्पदा तत्व पत्ता लगाउन मतदान कार्यक्रमको आयोजना गरे।



तालिका ४.१ आइसीएच पाठसम्बद्ध काम तथा सम्बन्धित आवश्यकताहरू

| कार्यहरू | आवश्यकताहरू |
|---|---|
| पाठ योजना तयार पार्ने, गतिविधिहरूसँग सम्बन्धित हस्तलिखित सामाग्री एवं साधनस्रोतहरू तयार पार्ने | सम्पदा तत्व सम्बन्धी जानकारी, समुदायका सदस्यहरू एवं साझेदारहरू सँगको सहकार्य |
| अतिथि वक्तालाई स्वागत गर्ने, कार्यक्रम, प्रदर्शनी तथा गतिविधिहरूको आयोजना गर्ने | कार्यक्रमका लागि उपयुक्त स्थल |
| कक्षाकोठामा केही गतिविधिहरू गर्ने | मसलन्द सामाग्रीहरू, आइसीएच अभ्याससँग सम्बन्धित वस्तुहरू |
| श्रव्यदृष्य सामाग्रीहरू (फोटो, फिल्म आदि) प्रदर्शन गर्ने | श्रव्यदृष्य सामाग्रीहरू (प्रोजेक्टर, स्क्रीन आदि) |
| स्थलगत भ्रमणको आयोजना गर्ने र स्थानीय स्रोत व्यक्तिहरूसँग भेट्ने | भ्रमण गर्ने संघसंस्था वा समुदाय (जस्तैः साँस्कृतिक स्थल, संग्रहालय, पुस्तकालय, अभिलेखालय, कुनै कालिगडको कारखाना, प्रस्तुतिकला केन्द्र, स्थानीय साँस्कृतिक संस्थाहरू आदि) |
| अभ्यासहरूको अभिलेख राख्ने एवं अन्तर्वार्ता लिने | नोटबुक, डायरी, क्यामेरा, भिडियो रेकर्डर (वा मोवाइल फोन) आदि |
| स्थलगत भ्रमण आयोजना गर्ने, सरसामाग्रीहरू, सूचना एवं स्रोत व्यक्तिहरूलाई जुटाउने | अन्य संघसंस्थाहरू (जस्तैः संग्रहालय, पुस्तकालय, अभिलेखालय, प्रस्तुतिकला केन्द्र, स्थानीय साँस्कृतिक संघसंस्थाहरू) |
| प्रवेश शुल्क तिर्ने, सरसामाग्रीहरू किन्ने | आर्थिक स्रोत, कोषको व्यवस्थापन |
| अध्ययन/अनुसन्धान गर्ने, अन्तर्वार्ताका लागि प्रश्नावलीहरू तयार पार्ने, गतिविधिहरूको योजना बनाउने, विद्यार्थी, शिक्षक र स्थानीय समुदायहरूका बिच आदान-प्रदान कार्यक्रमको आयोजना गर्ने | समय व्यवस्थापन |

आइसीएच तत्वहरूसँग सम्बन्धित अन्य पक्षहरूलाई ध्यानमा राख्नुहोस् । साथै तपाईंले गर्ने गतिविधिहरूलाई असर पार्न सक्ने नीतिहरू (विद्यालय, स्थानीय वा राष्ट्रिय स्तरमा)का बारेमा विचार पुऱ्याउनुहोस् । उदाहरणका लागि :

- .*भाषा :* बहुसाँस्कृतिक वातावरणमा, के विद्यार्थीहरू स्रोतव्यक्तिसँग अन्तरक्रिया गर्न वा फरक भाषाहरूमा भएका पठन सामाग्रीहरू पढ्न सक्षम छन् ?
- *सुरक्षा सम्बन्धी नियमहरू :* स्थलगत भ्रमणको आयोजना गर्दा वा बाह्य व्यक्तिलाई तपाईंको विद्यालयमा बोलाउँदा के कस्ता नियमहरूको पालना गर्नु पर्ने हुन्छ ? के तपाईंलाई आफ्नै सवारी साधनमा विद्यार्थीहरूलाई यात्रा गराउने अनुमति छ ?
- *अभिभावकको अनुमति :* के तपाईंले कुनै क्रियाकलाप शुरू गर्नुभन्दा अगाडि अभिभावकहरूलाई जानकारी गराउनु वा उनीहरूबाट औपचारिक, लिखित अनुमति प्राप्त गर्नु पर्दछ ?

### क्रियाकलापको सम्भाव्यताका बारेमा सोचविचार गर्ने

माथि दिएको तालिका ४.१ जस्तै एउटा तालिका बनाएर तपाईंको शैक्षिक गतिविधिहरूका आवश्यकता र चुनौतीहरूको सूची तयार पार्नुहोस् । यदि कुनै साधनहरू उपलब्ध भएमा वा तपाईंले कुनै अवरोधको सामना गर्नु परेमा, तपाईंको उद्देश्य प्राप्त गर्ने कुनै वैकल्पिक उपायहरू पो छन् कि, र यसो गर्दा पनि पाठ प्रभावकारी हुन सक्ला कि भनेर आफैंसँग एक पटक प्रश्न गर्नुहोस् र ती विकल्पहरूको सूची तयार पार्नुहोस् । यो प्रक्रियाले तपाईंलाई आफूले छनौट गरेको सम्पदा तत्वसँग काम गर्न सम्भव छ कि छैन, वा आवश्यक परेमा तपाईंको क्रियाकलापलाई सफलतापूर्व सम्पन्न गर्न अर्के सम्पदा तत्व वा अर्के प्रकारको क्रियाकलाप पो चयन गर्नु पर्ने हो कि भनेर निर्धारण गर्न सहयोग पुऱ्याउनेछ ।

### वित्तीय सहयोगका अवसरहरू पहिचान गर्ने (चीन)

सांघाई सरकारले विद्यालयमा जीवन्त सम्पदा प्रबर्द्धन गर्ने कार्यक्रमहरूलाई हार्दिकताका साथ सहयोग गर्दछ । संस्कृति तथा शिक्षा सम्बन्धी नगर कार्यालय र अमूर्त साँस्कृतिक सम्पदा जिल्ला कार्यालयले जीवन्त सम्पदा प्रबर्द्धन गर्ने शैक्षिक कार्यक्रम निर्माणका लागि मार्ग निर्देशन प्रदान गर्दछ । विद्यालयहरूले वार्षिक वित्तीय सहयोग विशेष कोषका लागि आवेदन दिन सक्छन् र उनीहरूका केही पाठहरू पढाउन सम्पदा अभ्यासकर्ताहरूलाई नियुक्ति गर्न सक्छन् ।

### गैरआर्थिक स्रोत प्राप्त गर्न सञ्जाल निर्माण (थाइल्याण्ड)

बान कु कु विद्यालयसँग विद्यार्थीहरूका लागि साँस्कृतिक गतिविधिहरू आयोजना गर्न अत्यन्तै कम बजेट छ । शिक्षकहरूले स्थानीय सरकारी संस्थाहरू र अन्य संगठनहरूसँग उनीहरूलाई बाजागाजाहरू र सरसामाग्रीहरू हातसारो गर्न, तथा आफ्ना विद्यार्थीहरूलाई साँस्कृतिक महोत्सवहरूमा सहभागी हुन सञ्जाल बनाएका छन् ।

## जाँच गर्नुहोस्

यो चरणको अन्त्यमा आइपुग्दा के तपाईंले निम्न कार्यहरू गर्न सक्षम हुनु भयो

- आफैंले वा अन्य शिक्षकहरूसँग मिलेर आफूले काम गर्न गइरहेको जीवन्त सम्पदा तत्वको छनौट गर्ने कार्य ।
- यो सम्पदा तत्वसँग जोड्ने क्रियाकलापका प्रकारहरू (नियमित शैक्षिक विषयहरू वा अतिरिक्त शैक्षिक क्रियाकलापहरू) को छनौट गर्ने कार्य ।
- आवश्यकता र चुनौतीहरूका बारेमा सचेत हुन, ता कि तपाईंले आफ्नो क्रियाकलापलाई सफलतापूर्वक सञ्चालन गर्न सक्नुहोस् ।

# ४.३. चरण ३ – छनौट गरेको जीवन्त सम्पदा अभिव्यक्तिका बारेमा थप सिक्नुहोस्

आइसीएचलाई पाठमा समावेश गर्ने प्रयोजनाका लागि अक्सर गरेर तपाईंले विद्यालय र पाठ्यपुस्तकमा पहिले नै उपलब्ध भएका स्रोतहरू भन्दा अन्य स्रोतहरू जुटाउनु पर्ने हुन्छ ।।




जानकारीहरू सङ्कलन गर्ने उपायहरू धेरै छन् । सबैभन्दा बढि प्रयोग गरिने विधि भनेको कार्यालयमा बसेर गरिने डेस्क रिसर्च र अन्तर्वार्ता हो । यी मध्ये समुदायका लागि सम्पदा तत्वको अर्थ के हो भनेर बुझ्न अन्तर्वार्ताको विशेष महत्वपूर्ण हुन्छ ।

डेस्क रिसर्चका क्रममा तपाईंले अरू नै लेखकहरूले संग्रह गरेका पुस्तक, लेख र अन्य प्रकाशनहरूका माध्यमबाट उपलब्ध गराएको तथा स्थानीय संग्रहालय र अभिलेखालय, सामुदायिक सिकाइ केन्द्र तथा अन्य संस्थाहरूबाट वा इन्टरनेटमा उपलब्ध भरपर्दो जानकारी सङ्कलन गर्नु हुन्छ ।

अन्तर्वार्ताका क्रममा तपाईंले जीवन्त सम्पदाका बारेमा आफैंले प्रत्यक्ष अनुभव गरेका मानिसहरू जस्तैः विद्यार्थी र उनीहरूको परिवारका सदस्यहरू, साँस्कृतिक संघसंस्थाका प्रतिनिधि आदिसँगबाट जानकारी बटुल्नु हुन्छ । अन्तर्वार्ताको प्रक्रियामा सहभागीहरूलाई चारवटा तहहरूमा संलग्न गराइन्छः सुन्ने, अवलोकन गर्ने, प्रतिबिम्बित (मनन) गर्ने र कुनै सन्दर्भमा सम्पदा तत्वको अभ्यास गर्ने । अन्तर्वार्ताकारले सम्पदा तत्वका बारेमा उसको आफ्नो र अभ्यासकर्ताहरूको ज्ञानलाई गहिराइमा गएर बुझ्न प्रश्नहरू सोध्छ । मानिसहरूसँग अन्तर्वार्ता लिने काम डेस्क रिसर्चको तुलनामा बढी समय लाग्ने भएतापनि, यस्तो प्रकारका अन्तर क्रियाहरू सूचनाको बढी भरपर्दो स्रोत हुन सक्छन् । अभ्यासकर्तासँग गरिने अन्तर्वार्ता पनि विद्यार्थीहरूका लागि खास शैक्षिक महत्वको गतिविधि हुन सक्छ ।

साधन र स्रोतहरू सम्बन्धी पुस्तिका (पुस्तिका ८) मा प्रभावकारी र आचरणगत ढङ्गले कसरी अन्तर्वार्ता लिने भन्ने बारेमा उपयोगी सुझावहरू दिइएको छ । यसमा जीवन्त सम्पदाका बारेमा अझ बढी जान्नका लागि तपाईंले सोध्न सक्ने प्रश्नहरूका साथै जानकारीहरूलाई रेकर्ड गर्ने तरिकाहरू पनि सुझाइएको छ ।





अनुसन्धान गर्ने तथा समुदायमा गएर सूचनाहरू सङ्कलन गर्ने कार्य संवेदनशील कार्य हुन सक्छ र यसलाई उच्च सम्मानका साथ गर्नु पर्ने हुन सक्छ भन्ने कुरालाई सदा स्मरण गर्नुहोस् । 'अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्ने १२ वटा आचरणगत सिद्धान्तहरू' ले उपयोगी मार्गदर्शन गर्न सक्दछन् । थप जानकारीका लागि CLICK हेर्नुहोस् ।

तपाईंलाई तल दिइएका सुझावहरू पनि रूचिकर लाग्न सक्ला :

- सूचनाको गुणस्तर जाँच गर्नुहोस् : के आइसीएच सम्बन्धी सूचनालाई जसरी प्रस्तुत गरिएको छ, के त्यो समुदायका लागि स्वीकार्य छ ? के यसले समुदायका मूल्यमान्यताहरूलाई प्रतिबिम्बित गर्दछ ?
- विश्लेषणको विविधतालाई स्वीकार गर्नुहोस् : एक वा केही व्यक्तिहरूसँग सङ्कलन गरेको जानकारीले समग्र समुदायको अभ्यास वा विश्वासलाई प्रतिनिधित्व नगर्न सक्छ ।
- विभेद, पूर्वाग्रह त्याग्नुहोस् : तपाईंले अन्तर्वार्ता लिने व्यक्तिले लैङ्गिक भूमिका, धर्म, जन्मिएको देश, जातजाति आदिका बारेमा पहिले नै आफ्नै प्रकारको अवधारणा बनाएको हुन सक्छ र तपाईंले पनि पहिले नै आफ्नै प्रकारको अवधारणा बनाउनु भएको हुन सक्छ ।

जीवन्त सम्पदा शिक्षण आफैंमा मात्रै नभएर क्रियाकलापहरूको तयारीका सम्पूर्ण पक्षहरूमा प्रतिबिम्बित हुन सक्छ । तपाईंले छनौट गरको आइसीएचका बारेमा अझ धेरै जान्न तथा सँगसँगै विद्यार्थीहरूका लागि स्मरणीय र रमाइलो अनुभव गराउनका लागि तपाईंले :

- तपाई र तपाईंका विद्यार्थीहरूले छनौट गरिएको अभ्यासका बारेमा सूचनाहरू सङ्कलन गर्ने गतिविधिहरूको योजना बनाउनुहोस् । उदाहरणका लागि, परिवार तथा समुदायका सदस्यहरूसँग अन्तर्वार्ता लिने, डकुमेन्ट्रीहरू, फिल्म, अनलाइनमा उपलब्ध सोतहरू, प्रकाशनहरू आदिको विश्लेषण गर्ने ।
- विद्यार्थीहरूलाई समुदायका सदस्यहरू एवं अभ्यासकर्ताहरूको घर, कारखानामा भ्रमण गराउने व्यवस्था गर्नुहोस्, वा उनीहरूले अभ्यास गर्ने आइसीएचका बारेमा विद्यार्थीहरूलाई जानकारी दिन सिधै विद्यालयमा आउनका लागि निमन्त्रणा गर्नुहोस् । साथै, उनीहरूबाट बटुलेको सूचनाका बारेमा केही सुझावहरू छन् कि भनेर पृष्ठपोषण पनि सोध्नुहोस् ।
- स्थलगत भ्रमणको योजना बनाउनुहोस् र अभ्यास र/वा सम्बन्धित सम्पदा तत्वको संरक्षणका बारेमा जानकारीहरू बटुल्न साँस्कृतिक संघसंस्थाहरू, व्यवसायिक संस्थाहरूको भ्रमण गर्नुहोस् ।

यदि अन्य शिक्षकहरूसँग सहकार्य गर्दै हुनुहुन्छ भने कामहरूलाई भिन्दा भिन्दै भागमा बाँडेर आइसीएचका बारेमा विभिन्न कोणहरूबाट सिक्नुहोस् । उदाहरणका लागि, भौतिक विज्ञान पढाउने शिक्षकले सम्पदा तत्वको वैज्ञानिक आयाम हेर्न सक्नुहुन्छ भने मानविकी पढाउने शिक्षकले ऐतिहासिकता तथा सामाजिक पक्ष जस्तैः उक्त अभ्याससँग सम्बन्धित लैङ्गिक भूमिकासँग सम्बन्धित जानकारीहरू खोज्न सक्नुहुन्छ । यसप्रकारको समूह कार्यले उक्त सम्पदा तत्वको गहन बुझाइ निर्माणमा सहयोग पुग्न सक्छ र यसले धेरैवटा विषयहरूमा सहयोगी सिकाइका गतिविधिहरू तयार पार्ने दिशामा डोऱ्याउन सक्छ ।


## डेस्क रिसर्च (गणतन्त्र कोरिया)




कोरियाका प्रायोगिक (पाइलट) विद्यालयहरूले *योन्डेङ्हो* (लालटिन महोत्सव) का साथै *किम्ची* बनाउने तथा वितरण गर्ने अभ्यास किम्जाङ र बहुविधात्मक लोक अभिनय कला *नाम्साडाङ नोरी*का बारेमा पाठहरू तयार पारे । यी तीनवटै आइसीएच तत्वहरूलाई युनेस्कोको मानवताको प्रतिनिधित्व गर्ने अमूर्त साँस्कृतिक सम्पदा सूचीमा सूचीकृत गरिएका छन् । यी सम्पदा तत्वहरूका बारेमा साँस्कृतिक संस्थाहरू एवं प्राज्ञिक संस्थाहरूले राम्रोसँग अनुसन्धान एवं अभिलेखीकरण गरेका छन् । त्यसैले शिक्षकहरूलाई उनीहरूको पाठको तयारी एवं सञ्चालन गर्न सूचनाहरू एवं श्रव्यदृष्य सामाग्रीहरू जुटाउन सहज भयो । खास गरेर कोभिड-१९ को समयमा यो महत्वपूर्ण बन्न पुग्यो किन कि शिक्षकहरूले अभ्यासकर्ताहरूसँग सजिलै भेट्न सक्दैनथे ।

## शिक्षकहरूद्वारा समुदायको अनुसन्धान (भियतनाम)

पाठ तयारीका चरणमा भियतनामका शिक्षकहरूको एउटा समूह र भियतनाम म्युजियम अफ इथ्नोलोजीका विज्ञहरूसँग मिलेर स्थानीय जीवन्त सम्पदाका बारेमा सूचनाहरू बटुल्न विभिन्न समुदायहरूको भ्रमण गरे । उनीहरूले अभ्यासकर्ताहरूसँग उनीहरूको अभ्यासका बारेमा अन्तर्वार्ता लिनुका साथै उनीहरूको फोटो र भिडियो पनि खिचे । यसले स्थानीय अभ्यासका बारेमा उनीहरूको ज्ञानलाई थप गाढा बनाउनुका साथै पाठहरूका लागि उपायहरू पत्ता लगाउन तथा विद्यार्थीहरूलाई पढाउनका लागि सबै भन्दा सान्दर्भिक सूचनाको छनौट गर्न सक्षम बनायो । उनीहरूले तयार पारेका श्रव्यदृष्य सामाग्रीहरूबाट पछि छोटा-छोटा चलचित्रहरू बनाइयो जसलाई कक्षाकोठामा देखाउन सकिन्थ्यो ।





## विद्यार्थीहरूद्वारा परिवार वा समुदायका सदस्यहरूको अन्तर्वार्ता (थाइल्याण्ड)

थाइल्याण्डको एउटा विद्यालयका शिक्षकहरूले समुदायको सहयोगमा विद्यार्थीहरूलाई *तालेव* भनिने बाँसबाट बनेको रक्षात्मक जन्तरका बारेमा सिकाउन एउटा स्थलगत भ्रमणको आयोजना गरे । विद्यार्थीहरूले घर-घरमा गएर *तालेव*को अर्थ, महत्व, काम र यसलाई बनाउने तरिका र सामाग्रीहरूका बारेमा प्रश्नहरू सोधे । यसरी अन्तर्वार्ता लिँदै जानकारीहरूको रेकर्ड गर्न उनीहरूले नोट लेख्ने, फोटो तथा भिडियोहरू पनि खिच्ने कार्यहरू पनि गरे । उनीहरूले *तालेव* बनाउन पनि सिके र प्रत्येकले उपहारका रूपमा एक-एकवटा आफ्नो घरमा लिएर गए । यो सामान्य तर प्रभावकारी स्थलगत भ्रमणबाट शिक्षकहरूलाई आठवटा विषयहरूमा *तालेव*सँग सम्बन्धित पाठहरू तयार पार्नमा पर्याप्त जानकारीहरू प्राप्त भयो ।

## जाँच गर्नुहोस्

यो चरणको अन्त्यमा आइपुग्दा के तपाईंले निम्न कार्यहरू गर्न सक्षम हुनु भयो ?

- छनौट गरेको जीवन्त सम्पदा तत्वसँग सम्बन्धित सूचना तथा श्रव्यदृष्य सामाग्रीहरू जुटाउने कार्य ।






## ४.४. चरण ४ – पाठयोजनाको खाका तयार पारी आइसीएचका साथमा शिक्षण गर्नुहोस्

पाठ योजना बनाउँदा निम्न कुराहरूमा ध्यान दिनुहोस् :

- पाठ योजना पाठ्यक्रममा आधारित पाठ र अतिरिक्त शैक्षिक क्रियाकलाप दुबैका लागि बनाउन सकिन्छ ।
- तपाईंले प्रयोग गर्ने गरेको मानकयुक्त (स्ट्याण्डर्ड) पाठ योजनाको ढाँचा (फर्म्याट) प्रयोग गर्नुहोस् । त्यसपछि यसलाई जीवन्त सम्पदासँग जोड्नुहोस् ।
- सिकाइका सबै उद्देश्यहरू, शिक्षण गतिविधिहरू र सामाग्रीहरूले जीवन्त सम्पदालाई जनाउनै पर्छ भन्ने छैन ।

**“सिकाइ एकदमै रमाइलो भयो किन कि हामीहरूले कुनै नोट लेख्नु परेन । हामीहरूले त केवल हाम्रो रमाइलो सहजकर्ताले अह्राए अनुसार अभ्यास मात्रै गर्‍यौं ।”**

*थाइल्याण्डमा सञ्चालित एक प्रायोगिक परियोजनामा सहभागी एक जना विद्यार्थी*

**“आफ्नो दिमागलाई खुल्ला राख्नुहोस् र विविध प्रकारका शिक्षण विधिहरूको प्रयोग गर्नुहोस् ता कि तपाईंले आफ्ना विद्यार्थीहरूसँग सिक्न सक्नुहोस् ।”**

*श्री ओरावन कान्थानन, शिक्षक, माइ आइ वित्तायकम स्कूल, थाइल्याण्ड*

### पाठको लक्ष्य एवं सिकाइका उद्देश्यहरूलाई पुनरावलोकन वा परिभाषित गर्नुहोस्

***लक्ष्य :*** सिकाइको लक्ष्य अक्सर गरेर एउटा यस्तो वाक्य हो जसले पाठको समग्र दिशालाई बताउँछ ।

***उद्देश्यहरू :*** सिकाइका उद्देश्यहरूले विद्यार्थीहरूले पाठको अन्त्यसम्ममा आइपुग्दा के जान्नु पर्दछ वा के गर्न सक्षम हुन्छन् भनेर बताउँछ ।

सम्भवतः तपाईंले पढाउने पाठमा पहिले नै सिकाइका लक्ष्य तथा उद्देश्यहरू भएका हुन सक्छन् । जीवन्त सम्पदायुक्त पाठमा, आइसीएच तत्वले सिकाइका लक्ष्य र उद्देश्यहरूको प्राप्तिमा कसरी सहयोग गर्न सक्छन् र तपाईंका गतिविधिहरूलाई कसरी थप महत्वपूर्ण बनाउन सक्छन् भनेर प्रकाश पार्न उक्त लक्ष्य तथा उद्देश्यहरूलाई संशोधन गर्न सक्नुहुन्छ ।

उक्त पाठले जीवन्त सम्पदाका बारेमा चेतना जगाउन एवं सम्पदा संरक्षणमा कत्तिको मात्रामा सहयोग पुर्‍याउन सक्छ भनेर मापन गर्न सिकाइको अर्को उद्देश्य पनि थप्न सक्नुहुन्छ ।



## स्वास्थ्य तथा शारीरिक शिक्षाको पाठको लक्ष्य (नेपाल)

यो स्वास्थ्य तथा शारीरिक शिक्षाको पाठ नेपालको नेवा समुदायले नयाँ वर्षमा गर्ने विशेष संस्कार माथि केन्द्रित थियो, जहाँ हरेक व्यक्तिले *मण्डला* बनाउँछन् । विद्यार्थीहरूले *पूजा*मा चढाइने विभिन्न प्रकारका खानेकुराहरूलाई वर्गीकरण गरे र सन्तुलित आहारका बारेमा छलफल गरे । *मण्डला* बनाउनका लागि हरेक विद्यार्थीले मसी राखेर छाप्न मिल्ने नमूना प्लेट (स्टेन्सील) बनाए । साथै उनीहरूले ज्यामितीय आकारहरूको अध्ययन गर्ने तथा रेखाचित्रहरूको मापन गर्ने काम पनि गरे । शिक्षकले लक्ष्यलाई यसरी व्यक्त गरेः *'म्हः पूजा*मा *मण्डला* बनाउने कार्यबाट प्रभावित भई विविधतायुक्त संस्कृतिमा सन्तुलित आहारका बारेमा सिक्ने' । 'विविधतायुक्त संस्कृतिमा सन्तुलित आहारका बारेमा सिक्ने' भन्नु पाठ्यक्रमको एउटा उद्देश्यसँग प्रत्यक्ष रूपले जोडिनु हो भने *'म्हः पूजा*मा मण्डला बनाउने कार्यबाट प्रभावित' भन्नु नेवा संस्कारसँग जोडिनु हो ।

## भौतिकशास्त्रमा अध्यापन गरिने ध्वनि-विज्ञानको सिकाइ उद्देश्य (भियतनाम)

साङ्गीतिक स्वर (टोन) हरू सम्बन्धी सिकाइका उद्देश्यहरू प्रायः भौतिकशास्त्र कार्यक्रमहरूमा फेला पर्दछन् । एक जना शिक्षकले निम्न उद्देश्यहरू राखेर परम्परागत सङ्गीतलाई उनले पढाउने भौतिक शास्त्रको पाठमा समावेश गरेः 'का त्रु साङ्गीतिक बाजाको प्रयोग गरी उच्च स्वर र गहिरो स्वरका फरक फरक बान्कीहरूका बारेमा बुझ्ने' । यो उद्देश्यले यो सिप स्थानीय साङ्गीतिक बाजाका कारण प्राप्त हुने कुरालाई जोड दिन्छ । यसले पाठ र जीवन्त सम्पदाको सम्बन्ध देखाउँछ ।

## साहित्य र वंशावली कलालाई जोड्ने पाठको सिकाइका उद्देश्यहरू (काजखस्तान)





काजख जनताले नाता सम्बन्धमा प्रयोग गर्ने शव्दावलीहरू सम्बन्धी सिकाइका उद्देश्यहरू निम्नानुसार तय गरिएको थियो ।

### ज्ञान

- काजख जनताहरूको पारिवारीक वंशावली (शेजिरे) को उदाहरणका माध्यमबाट उनीहरूको साँस्कृतिक तथा आनुवंशिक संकेत कसरी निर्माण भएको रहेछ भनेर निधो गर्ने ।
- नयाँ शब्द एवं शव्दावलीहरू सिक्ने, शव्दज्ञान विस्तार गर्ने ।

### सिप

- अनुसन्धान एवं प्रस्तुति कला सिपको अध्यास गर्ने ।

### धारणा

- निश्चित समुदायसँग उनीहरूको इतिहास र वंशावलीको ज्ञानका माध्यमबाट सम्बद्धताको भाव विकास गर्ने ।
- अन्तरपुस्ता सम्बन्धलाई सुदृढ पार्ने ।

यो पाठमा पहिलो उद्देश्यले *शेजिरे* को अभ्यासलाई प्रत्यक्ष रूपमा जनाउँछ जहाँ बितेको सात पुस्तासम्मका आफ्ना पुर्खाहरूका बारेमा जान्ने कुरा समाहित हुन्छ ।

शाव्दिक ज्ञान र अनुसन्धान एवं प्रस्तुति सिप प्राप्त गर्ने सम्बन्धी दोस्रो र तेस्रो उद्देश्यहरू सामान्यतया भाषाका पाठहरूमा पाइन्छन् । यसले सिकाइका सबै उद्देश्यहरूले जीवन्त सम्पदालाई जनाउनु नपर्ने तथ्यलाई दर्शाउँछ ।

अन्तरपुस्ता सम्बन्ध र सम्बद्धताको भाव जगाउने अन्तिमका दुईवटा उद्देश्यहरूले विद्यार्थीहरूलाई उनीहरूको जीवन्त सम्पदाका प्रति चेतना र धारणाको विकास गर्ने लक्ष्य राखेको देखिन्छ ।

**पुस्तिका ८**

यो स्रोत-सामाग्री को पुस्तिका ८ मा पाठ योजनाका उदाहरणहरू समावेश गरिएको छ जसले ज्ञान, सिप र धारणाका आधारमा सिकाइका उद्देश्यहरूको बनावटलाई व्यक्त गर्दछन् । तर, सिकाइका उद्देश्यहरूलाई व्यक्त गर्ने धेरै तरिकाहरू छन् । तपाईंले आफ्नो विद्यालयमा प्रयोग गर्दै आएको मानकयुक्त पाठ-योजनाको नमूना प्रयोग गर्न सक्नु हुन्छ ।

**पुस्तिका ३**

यदि तपाईंको विद्यालयले विश्व नागरिक शिक्षा, दिगो विकासका लागि शिक्षा, सामाजिक तथा संवेगात्मक शिक्षा वा मातृभाषामा आधारित शिक्षा जस्ता कार्यक्रमहरूको अवलम्वन गरेको छ भने सिकाइका उद्देश्यहरूमा पनि यी कार्यक्रमका मूल्यहरू झल्कन सक्छन् । यिनीहरूलाई जीवन्त सम्पदासँग कसरी जोड्ने भन्ने बारेमा पुस्तिका ३ हेर्नुहोस ।

## तपाईंको पाठमा जीवन्त सम्पदा सम्बन्धी विषयवस्तु कत्ति मात्रामा समावेश गर्नु पर्दछ भनेर छनौट गर्नुहोस्

जीवन्त सम्पदायुक्त शिक्षणको अर्थ सम्पूर्ण शिक्षण अवधिभर संस्कृतिका बारेमा मात्रै कुरा गर्नु पर्दछ भन्ने होइन । पाठको शीर्षक अनुसार, जीवन्त सम्पदासँग सम्बन्धित विषयवस्तु सानो वा कक्षाको मुख्य विषयवस्तु बन्न सक्छ ।

जीवन्त सम्पदालाई पाठमा समेट्ने विभिन्न तरिकाहरूः

- कक्षाको परिवेशमा ढाल्न एवं विद्यार्थीहरूको ध्यान तान्न आइसीएचलाई गतिविधिको शुरूमा उल्लेख गर्न सकिन्छ ।
- सम्पूर्ण कक्षालाई जीवन्त सम्पदाको वरिपरि रहेर डिजाइन गर्न सकिन्छ ।
- विभिन्न पक्ष र दृष्टिकोणहरूका बारेमा जान्न आइसीएच विभिन पाठहरूको साझा विषयवस्तु (थीम) पनि बन्न सक्छ ।
- पाठको विषयवस्तुसँग नजोडिकन आइसीएच तत्वहरूलाई शिक्षण विधिको साधनका रूपमा प्रयोग गरेर सिकाइ गर्न सकिन्छ । उदाहरणका लागि स्थानीय हस्तकलाका तौरतरिकाहरूलाई दृष्यात्मक वा प्रतिवेदन तयार पार्ने क्रियाकलापमा समेट्न सकिन्छ । वा तथ्य, संख्या वा सूत्रहरू सम्झिन सङ्गीत वा लयको प्रयोग गर्न सकिन्छ ।



### सामाजिक शिक्षाको परिचयात्मक कक्षामा जीवन्त सम्पदा (ब्रुनाइ दरूसलाम)

दक्षिणपूर्वी एसियाको लोकप्रिय सङ्गीत सम्बन्धी सामाजिक शिक्षाको शुरूको कक्षामा, विद्यार्थीहरूले इण्डोनेशियाली *केरोन्कङ* सङ्गीत १९२० को एउटा क्लिप हेरे । शिक्षकले इण्डोनेशियाली लोकप्रिय लोकसङ्गीतलाई परिचयका रूपमा प्रस्तुत गरे । त्यसपछि दक्षिण-पूर्वी एसियामा कक्षामा सङ्गीत उद्योग, खास गरेर टेलिभिजनमा प्रस्तुत गरिने आइडल प्रतिस्पर्धाले कसरी स्थानीय र विश्वव्यापी प्रभावको मिश्रण गरेको छ भन्ने बारेमा छलफल गरे ।



### भौतिकशास्त्रको मुख्य विषयवस्तुका रूपमा जीवन्त सम्पदा (भियतनाम)

विद्यार्थीहरूले स्थानीय घण्टाहरू र समुदायमा यसको महत्वका बारेमा सिके । त्यसपछि उनीहरूले यी घण्टाहरूलाई भौतिकशास्त्रको कक्षामा थरथराहटका बारेमा जान्नमा प्रयोग गरे । कक्षामा विज्ञान सम्बन्धी परीक्षण गर्न अधिकांश समय यी उपकरणहरूको प्रयोग गरिएको थियो ।



### शिक्षण विधि सहयोगीका रूपमा जीवन्त सम्पदा (लाओ जनगणतन्त्र)

गणितका एकजना शिक्षकले विद्यार्थीहरूलाई गणितका सूत्रहरू सिकाउन स्थानीय लोकप्रिय धुनहरूको प्रयोग गरे । गायनको बान्की (प्याटर्न) ले विद्यार्थीहरूलाई सूचनाहरूको सिलसिला सम्झन मद्दत पुग्यो ।

## शिक्षण/सिकाइ विधिको छनौट गर्नुहोस्

आइसीएचलाई विद्यालयको कार्यक्रममा ल्याउनु जीवन्त सम्पदाको हस्तान्तरण एवं संरक्षण गर्नु मात्रै नभएर पाठलाई अझ रमाइलो र चाखलाग्दो बनाउनु पनि हो । आइसीएच अभिप्रेरित कक्षाहरूले व्यवहारिक खोजी र अन्तरक्रियाका लागि धेरै ठाउँ दिने भएकाले यस्ता कक्षाहरूमा सक्रिय शिक्षण विधिहरूले राम्रोसँग काम गर्दछन् ।

सिकाइका उद्देश्यहरू प्राप्त गर्न कस्तो प्रकारका गतिविधिहरूको प्रयोग गर्नुहुन्छ ? यसका धेरैवटा उपायहरू छन्, जस्तैः समूह कार्य एवं गृहकार्य, छलफल एवं बहस, खेल, भूमिका अभिनय, छुट्टाछुट्टै एवं छोटो प्रवचन, कक्षा प्रदर्शनी, श्रव्यदृष्य सामाग्रीहरू, व्यवहारिक गतिविधि तथा प्रयोग आदि ।

सिकाइका गतिविधिहरूलाई छनौट गरिएको सम्पदा अभ्यासलाई तपाईंले पढाउने विषय एवं विधिसँग मिल्ने गरी डिजाइन गर्नुहोस् । तपाईंका विद्यार्थीहरूलाई कसरी अभ्यस्त राख्न सकिन्छ र तपाईंको विद्यालयको दर्शनसँग के कुरा मिल्दछ भन्ने बारेमा तपाईंलाई सबैभन्दा राम्रोसँग थाहा हुन्छ ।



### *कक्षा भित्रका गतिविधिहरू*

- जीवन्त सम्पदा अभ्यास गर्ने व्यवहारिक गतिविधि एवं प्रयोगहरू
- अन्तरक्रियात्मक गतिविधिहरू: समूह कार्य, भूमिका अभिनय, नक्कल, चित्रशाला भ्रमण (ग्यालरी वाक), प्रस्तुतिकरण

### *कक्षा बाहिरका गतिविधिहरू*

- अनुसन्धान परियोजना (रिसर्च प्रोजेक्ट)
- स्थानीय संग्रहालय वा कालिगडको कारखानामा स्थलगत भ्रमण

### *बाह्य स्रोत व्यक्तिहरू एवं समुदायका सदस्यहरू*

- यी व्यक्तिहरू जीवन्त सम्पदाका बारेमा प्रदर्शनी गर्न र/वा पढाउन कक्षा भित्र र बाहिरका गतिविधिहरूमा सहभागी हुन सक्छन् ।

जीवन्त सम्पदा एकबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको छ । यसको अर्थ तिनीहरूका बारेमा औपचारिक वा अनौपचारिक रूपमा पढाइएको छ, र ज्ञान वाहकहरूले अक्सर कथावाचन, गर्दै सिक्ने, प्रशिक्षुता आदि जस्ता विवेक तथा प्रेरणादायी शिक्षण विधिहरूको प्रयोग गर्दछन् ।

## शिक्षण विधिका रूपमा भूमिका अभिनय (पाकिस्तान)

पाकिस्तानमा कथा वाचन र गायन मौखिक परम्पराका लोकप्रिय विधा हुन् । विद्यार्थीहरूलाई उर्दूको एउटा कविता *रावलपिण्डी से आइ खाइवर रेल* पढाउने क्रममा एक जना साहित्यका शिक्षकले भूमिका अभिनय शिक्षण विधिको प्रयोग गरिन् । विद्यार्थीहरूले सर्वप्रथम रेकर्डिङ सुन्दै पाठ पढे । खाइवर रेल पाकिस्तानको एउटा रेलमार्ग थियो, त्यसैले शिक्षकले विद्यार्थीहरूलाई कक्षामा भएका कुर्सीहरूलाई लाइनमा मिलाएर राख्न भनिन् र उनीहरूलाई रेलभित्रै बसेको कल्पना गरी कुर्सीमा बस्न भनिन् । त्यसपछि विद्यार्थीहरूले कवितामा उल्लेख भएका विभिन्न कार्यहरूलाई दर्शाउनका लागि प्रप्स (रंगमञ्चमा प्रयोग हुने सामाग्रीहरू) को प्रयोग गरे । यो प्रक्रियाले उनीहरूलाई कथाको वहावको दृष्यकल्पना गर्न तथा छन्दहरू सम्झिन सहयोग पुग्यो ।




## शिक्षण विधिका रूपमा व्यवहारिक क्रियाकलापहरू (नेपाल)

मङ्गल माध्यमिक विद्यालयमा एकजना गणित शिक्षकले *जँकू* परम्पराका बारेमा अभिलेख तयार पारे । यस परम्परामा कोही व्यक्ति ७७ वर्ष सात महिना सात दिन सात घण्टा पुगेको अवसरमा मनाइन्छ । *जँकू* मनाउने क्रममा परिवारका सदस्यहरू ज्येष्ठ सदस्यहरूलाई सम्मान व्यक्त गर्नका लागि एकै ठाउँमा भेला हुन्छन् । शिक्षकले यस परम्परालाई गणितमा पढाइने सेट (विभिन्न तत्वहरूको संग्रह र तिनीहरूका बिचको सम्बन्ध) को पाठसँग जोडिन् । विद्यार्थीहरूले *जँकू* महोत्सवको नाटक बनाएर मञ्चन गरे जहाँ दुई जनाले ज्येष्ठ सदस्यहरूको भूमिका अभिनय गरे । यसले परिवारका सदस्यहरूको सेट (समूह) पत्ता लगाउने र सेटका वर्गहरू जस्तै दोहोरिएर आउने तत्वहरूको समूह (ओभरल्यापिङ सेट) का बारेमा बुझ्न परिवारका सदस्यहरूको सम्बन्धको मापन गर्ने आधार प्रदान गऱ्यो ।

## शिक्षण विधिका रूपमा समूह कार्य र चित्रशाला भ्रमण (इण्डोनेशिया)

अङ्ग्रेजीमा सञ्चार गर्ने सिपमा सुधार ल्याउन विद्यार्थीहरूले वनस्पतिको प्रयोग गरी कसरी प्राकृतिक औषधी र सौन्दर्य प्रशोधनका सामाग्रीहरू तयार पार्न सकिन्छ भन्ने बारेमा खोजी गरी आफूले प्राप्त गरेका जानकारीको अभिलेख तयार पारे । विद्यार्थीहरूले एउटा एपको सहारामा उनीहरूको विद्यालयमा र नजिकैका ठाउँहरूमा हुर्किरहेका वनस्पतिहरूको पहिचान गरे । उनीहरूले समूहमा यी वनस्पतिहरूको विशेषताहरूका बारेमा अनुसन्धान गरे र यसबाट कुनै वस्तु उत्पादन गर्ने साँच बनाइ त्यसको उत्पादन पनि गरे । त्यसपछि उनीहरूले पोस्टरहरू बनाए र आफ्ना साथीहरूलाई जानकारी बाँड्ने उद्देश्यले एउटा चित्रशाला भ्रमणको आयोजना गरे । यस प्रक्रियाले विद्यार्थीहरूलाई ज्येष्ठ नागरिकहरूको बौद्धिकताका बारेमा जान्न एवं वस्तुहरूलाई पर्यावरणीय एवं आर्थिक दृष्टिकोणबाट परीक्षण गर्न उत्प्रेरित गर्नुका साथै उनीहरूको बोल्ने तथा लेख्ने सिप एवं सहकार्य र समस्या समाधान सिपको समेत विकास गऱ्यो ।

## खेलकूदका माध्यमबाट नयाँ ज्ञान जुटाउने (किर्गिजस्तान)

कथनकला र *मानस* (किर्गिजतानको परमपरागत महाकाव्य) सम्बन्धी कक्षामा विद्यार्थीहरूले प्रसिद्ध कथा वाचकहरूका बारेमा जानकारीहरू सङ्कलन गर्न समूहमा काम गरे र आफूले प्राप्त गरेका जानकार ीहरूलाई कक्षामा प्रस्तुत गरे । त्यसपछि उनीहरूले 'ट्रोजन हर्स' नामक एउटा खेल खेले जसमा विद्यार्थीहरूले गोलाकारमा उभिएर एक-अर्काको हात समात्नु पर्दथ्यो । तीन जना विद्यार्थीहरू गोलाकार घेराको भित्र थिए । घेरामा भएका विद्यार्थीहरूले पाठको शीर्षकसँग सम्बन्धित प्रश्नहरू सोध्थे । जुन विद्यार्थीले सही उत्तर दिन सक्थ्यो, ऊ घेरामा रहन्थ्यो । गलत उत्तर दिने विद्यार्थीले प्रश्न सोध्ने विद्यार्थीसँग आफू उभिएको ठाउँ परिवर्तन गर्नु पर्दथ्यो । यो खेलले खेलीखेली विद्यार्थीहरूलाई पाठको सूचनाको समीक्षा गर्न तथा उनीहरूको ज्ञानलाई एकै ठाउँमा ल्याउनमा मद्दत गऱ्यो ।

प्रसिद्ध सम्पदा स्थल वा स्मारकको भ्रमण विद्यार्थीहरूका लागि अक्सर उत्साहप्रद र रमाइलो अनुभव हुनुका साथै शैक्षिक पनि हुने गर्दछ । यस्तो भ्रमणका क्रममा विद्यार्थीहरूलाई उक्त स्थलका बारेमा थप खोजी गर्न एवं जानकारीहरू सङ्कलन गर्न तथा उक्त स्थलका मूर्त र देखिने विशेषता भन्दा अन्य त्यहाँका साँस्कृतिक सम्पदाका बारेमा मनन गर्न अभिप्रेरित गर्नुहोस् ।

यदि तपाईंले विद्यार्थीहरूलाई सम्पदा र जीवन्त सम्पदाको अवधारणाका बारेमा वर्णन गर्न चाहनु हुन्छ भने तपाईंले विभिन्न खेलहरूको प्रयोग गर्न सक्नुहुन्छ । पुस्तिका ८ मा नमूना पाठ योजनामा प्रस्तुत गरिएको क्रियाकलाप केलाउने यसको एउटा उदाहरण हो ।

### शिक्षण विधि सम्बन्धी सामाग्रीहरूको छनौट एवं तयार पार्नुहोस्

पाठ्यपुस्तकहरूको प्रयोगका अतिरिक्त, शिक्षकहरूले उनीहरूको पाठका लागि थुप्रै अन्य सामाग्रीहरू पनि बनाउन सक्छन् । शिक्षकहरूलाई त्यस्ता साधन-स्रोतहरू चाहिन्छ जसले सूचना दिन्छन्, विद्यार्थीहरूलाई बुझ्नमा सहयोग पुऱ्याउँछन् र ज्ञानलाई सजिलैसँग ग्रहण गर्न मद्दत गर्दछन् र विद्यार्थीहरूलाई अत्यन्तै धेरै र विस्तृत विवरणमा नडुबिकन जीवन्त सम्पदाको सम्मान गर्न सघाउँछन् । जीवन्त सम्पदा तत्वहरू प्रेरणाका खानी हुन् । यिनीहरूलाई मद्दत पुग्ने धेरै जानकारीहरू उपलब्ध छन्, जस्तैः

- श्रव्यदृष्य सामाग्रीहरू (जस्तैः फोटो, भिडियो, डकुमेन्ट्री फिल्म, आइसीएच तत्व वा अभ्यासको रेखाचित्र), कथा (जस्तैः परिवार वा समुदायका सदस्यहरूसँग अन्तर्वार्ता), आदि ।
- आइसीएच सम्बन्धी अनलाइनमा उपलब्ध सामाग्रीहरू । यसले प्रस्तुतिकरणलाई जीवन्त बनाउँछ र गतिविधिहरू सञ्चालन गर्ने क्रममा स्रोतका रूपमा प्रयोग गर्न सकिन्छ ।
- अभ्यासका लागि सहयोगी विभिन्न उपकरण तथा सामाग्रीहरू । यी सामाग्रीहरूलाई कक्षाको पाठ परियोजनका लागि सहयोगी बनाउन अवलोकन गराउने, हेरफेर गर्ने तथा पुनःउत्पादन गर्ने कार्य गर्न सकिन्छ ।
- पुस्तक एवं अन्य प्रकाशनहरू । यी सामाग्रीहरूले अनुसन्धान एवं तोकिएको काममा गहन सहयोगी सामाग्रीका रूपमा काम गर्दछन् ।
- हस्तपत्र । यी सामाग्रीहरू छनौट गरिएको आइसीएच तत्वबाट अभिप्रेरित भएर तथा खास कक्षा एवं विद्यार्थीहरूको समूहको आवश्यकता अनुसार तयार पारिएका हुन सक्छन् ।



## वस्तुदेखि श्रव्यदृष्य सामाग्रीसम्मः शिक्षणमा प्रयोग गर्न सकिने साधन र विधिहरू (काजखस्तान)

भाषा र इतिहासका कक्षाहरूमा, विद्यार्थीहरूले दुईवटा साङ्गीतिक बाजाहरूः *उइघुर डुटार* (Uyghur Dutar) र *काजख डोम्ब्रा* (Kazakh Dombra) को तुलना एवं विश्लेषण गरे । उनीहरूले सम्बन्धित संस्कृतिमा यी बाजाहरूको भूमिकाका बारेमा बुझ्न यी बाजाहरू सम्बन्धी भिडियोहरू हेरे र यी बाजाहरू बनाउने प्रक्रियाहरूको तुलना पनि गरे। सबैभन्दा महत्वपूर्ण कुरा, विद्यार्थीहरूले उस्ताद सङ्गीतज्ञले गरेको प्रस्तुतिमा सहभागी भए र तिनीहरूको स्वरसँग परिचित हुन ती बाजाहरूको प्रयोग पनि गरे । यी वस्तुहरूको प्रयोगले विद्यार्थीहरूमा बलियो अभिरूचि जगायो ।

> **मलाई परम्परागत बाजाहरू दिक्क लाग्ने हुन्छन् भन्ने लाग्थ्यो, तर यसको ठिक उल्टो पो हुन पुग्यो ।**
>
> *अब्दुल्ला रोजिबकीएभ नामाकरण गरिएको स्कूल-जिम्नेसियम नं. १५३ मा कक्षा १ मा पढ्ने एक जना विद्यार्थी*





## पाठमा प्रयोग गरिएका हस्तपत्रहरू (कम्बोडिया)

शिक्षकले बुनाइ सम्बन्धी एउटा हस्तपत्रमा गुन्द्री बुन्ने प्रक्रियाका मुख्य चरणहरूलाई सारांशमा प्रस्तुत गर्दै विद्यार्थीहरूले पनि यसको अभ्यास गर्ने क्रियाकलापको प्रस्ताव गरे । यस हस्तपत्रलाई थप मद्दत पुऱ्याउने काम एउटा डकुमेन्ट्रीले गर्दथ्यो जहाँ कालिगडहरूले प्रक्रिया र उनीहरूको कामको महत्वका बारेमा विस्तृत रूपमा व्याख्या गरेका थिए ।

## विद्यालयको कार्यशालामा परम्परागत तौरतरिकाहरूको सिकाइ (मङ्गोलिया):

खान-ऊल कम्प्लेक्स विद्यालयमा पढाइने अनिवार्य काष्ठ प्रशोधन प्रविधि पाठ्यक्रममा विद्यार्थीहरूलाई प्राचीन कालिगडहरूले प्रयोग गर्ने विधि एवं प्रविधिका बारेमा पत्ता लगाउन भनिन्छ । विद्यार्थीहरूले कालिगडहरूले तयार पारेका भिडियो तथा सिर्जनाहरू देखाउँछन् । विद्यार्थीहरू छलफलमा भाग लिनुका साथै कागजको डफ्टीबाट किस्ती/बक्साहरू (paper mâché), छालाका हस्तकलाहरू, काष्ठकला, भूईमा विछ्याउने टाटको टुक्रामा कला भर्ने तथा चित्रहरू कुँद्ने जस्ता प्रयोगात्मक क्रियाकलापहरूमा सक्रियतापूर्वक सहभागी बने । यो पाठ्यक्रमले साँच्चैका कलाकृतिहरू उत्पादन गर्ने लक्ष्य राख्दछ, त्यसैले यसमा सहभागी हुनाले विद्यार्थीलाई ठूलो आत्म सन्तुष्टि मिल्दछ ।

अमूर्त साँस्कृतिक सम्पदा महासन्धि २००३ मा सूचीकृत भएका आइसीएच तत्वहरूको फोटो तथा भिडियो हरूलाई युनेस्कोको वेवसाइट CLICK बाट डाउनलोड गर्न सकिन्छ ।





**पाठ पढाउने ठाउँको छनौट गर्नुहोस्**

धेरैजसो शिक्षण कार्य कक्षाकोठा भित्र नै हुने गर्दछन् किनभने यस्ता ठाउँहरू सुरक्षित र आवश्यक तयारीहरू पुरा भएका हुन्छन् । सहभागितालाई प्रोत्साहित गर्नका लागि तपाईंले ती कक्षाकोठाहरूमा आइसीएच अभ्यासबाट विभिन्न साधनहरू ल्याउन सक्नुहुन्छ । विद्यार्थीहरूले कक्षाकोठामा अन्तरक्रियात्मक सत्र, प्रयोग तथा प्रदर्शनी गर्न सक्छन् । तर कक्षाकोठामा स्वतन्त्ररूपमा हिँडडुल गर्न मिल्दैन । यसका अतिरिक्त सिकाइ कक्षाकोठामा नै हुनुपर्दछ भन्ने छैन । सरसामाग्रीहरूसँग सम्बन्धित ध्यान दिनु पर्ने कुराहरू र सुरक्षाका नियमहरू पुरा हुने भएमा, विद्यालयको मैदान वा वरपरको क्षेत्रलाई पनि सिकाइको वातावरणका रूपमा प्रयोग गर्न सकिन्छ । तपाईंले सम्पदा तत्वहरूको अभ्यास गरिने ठाउँहरूको भ्रमण गर्न एवं पाठबाट गहन बुझाइ प्राप्त गर्नका लागि अनुसन्धान परियोजना र/वा स्थलगत भ्रमणको योजना पनि बनाउन सक्नुहुन्छ । यसबाट विद्यार्थीहरूले आइसीएचलाई अझै बढी उनीहरूका सबै इन्द्रियहरूले पूर्णरूपमा अनुभव गर्न पाउँछन् । साथै परम्परागत खेलकूदहरूका बारेमा सिक्न विद्यालयको आगँनलाई पनि प्रयोग गर्न सकिन्छ, वा यस्ता खेलहरू विद्यालय बाहिर पनि आयोजना हुन सक्छन् । कक्षाकोठा बाहिरको सिकाइका लागि केही अतिरिक्त योजना र तयारी आवश्यक पर्दछ किनकि यस्ता ठाउँहरूमा नियन्त्रित वातावरण हुँदैन । तर बाह्य वातावरणले सिकाइका उपलब्धिहरूमा सुधार ल्याउन सक्छ ।

## विद्यालयको आइसीएच संग्रहालयमा कक्षा सञ्चालन (किर्गिजस्तान)

युनेस्को सम्बद्ध परियोजना सञ्जाल (UNESCO ASPnet) विद्यालयहरूमध्येको एक 'इलिम' एजुकेशनल कम्प्लेक्सले विद्यालय प्राङ्गण भित्रै आइसीएच म्युजियमको स्थापना गऱ्यो, जसमा अभिभावकहरू तथा समुदायका सदस्यहरूले दान गरेका वस्तुहरूलाई प्रदर्शन गरिन्छ । भाषा, इतिहास, सङ्गीत र सामाजिक शिक्षासँग सम्बन्धित कक्षाहरू यस स्थलमा चलाइएको थियो । विद्यार्थीहरूले संग्रहालयको वातावरणका कारण अझै राम्रोसँग 'अमूर्त साँस्कृतिक सम्पदा भित्र डुबुल्की लगाउन' सक्षम भएको प्रतिक्रिया दिए ।

## जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइलाई सम्भव बनाउने

सबै प्रकारका तयारी कार्यहरू पछि अब यो तपाईंले विद्यार्थीहरू, सहकर्मीहरू र पहिचान गरिएका समुदायका सदस्यहरू एवं साझेदारहरूसँग मिलेर क्रियाकलापहरू कार्यान्वयन गर्ने समय हो ।

स्मरण रहोस् कि यस्ता पाठहरूमा छलफल, समूह कार्य र/वा व्यक्तिगत गृहकार्यहरूले विद्यार्थीहरूलाई उनीहरूका अभ्यासहरू देखाउन तथा उनीहरूको विचार एवं दृष्टिकोण अभिव्यक्त गर्न उत्प्रेरित गर्ने सम्भावना हुन्छ । सबैजना विद्यार्थीहरू पाठमा प्रयोग गरिएको आइसीएचका बारेमा जानकार भएको भएतापनि उनीहरूको अनुभव, ज्ञान र विश्वास फरक हुन सक्छ, र यो विविधताले सिकाइको प्रक्रियालाई समृद्ध बनाउँछ । यस्ता पाठहरूका बेला विद्यार्थीहरूले पाठ योजनामा कल्पना गरिए भन्दा पनि बढी उनीहरूको अनुभव बाँड्न सक्छन् । यसले सत्रलाई अत्यन्तै रमाइलो बनाउन सक्छ ।

तथापि, यसका साथ साथै, केही विद्यार्थीहरू र अभ्यासकर्ताहरूले विद्यालयमा खास प्रकारका आइसीएच तत्वहरूलाई शैक्षिक गतिविधिहरूसँग जोड्न असहज महसुस गर्न सक्छन्, वा अनिच्छा पनि जाहेर गर्न सक्छन् । केही जीवन्त सम्पदाहरूलाई परम्परादेखि केवल समुदायको खास समूहले मात्रै अभ्यास गर्दै आएकोले यसो भएको हो । यस्ता समूहहरूलाई अक्सर उमेर, लिङ्ग, सामाजिक कार्य आदिका आधारमा परिभाषित गरिन्छ । यस्तो परिस्थितिमा कक्षाका सहभागीहरूलाई आइसीएच अभ्यासहरू समयक्रममा बदलिँदै जाने कुरामा जोड दिनु उचित हुन्छ । शिक्षकहरूले समानता, भेदभाव र पूर्वाग्रह (उदाहरणका लागि लैङ्गिक पूर्वाग्रह)का अवधारणाहरूका बारेमा छलफल गर्न प्रेरित गर्नु पर्दछ । सबै परिस्थितिहरूमा, पाठहरूले अरू मानिसहरूको विश्वास र अनुभवलाई सम्मान एवं सराहना गर्नु पर्ने आवश्यकता माथि जोड दिनु पर्दछ ।

तपाईंले आफ्ना गतिविधिहरू सञ्चालन गर्दा ख्याल राख्नु पर्ने केही बुँदाहरू यहाँ दिइएका छन् :

- विद्यार्थीहरूलाई उनीहरूका विचारहरू राख्न र अनुभवहरूलाई बाँड्न दिनुहोस् ।
- लचकदार बन्नुहोस्ः समूह कार्यले भरपूर अन्तरक्रियातर्फ डोऱ्याउन सक्छ, जुन तपाईंले पाठ योजनामा परिकल्पना गरे भन्दा पनि फरक हुन सक्छ ।
- सबै सहभागीहरूले अरू मानिसहको विचारप्रति सम्मान र सहनशीलता दर्शाउँछन् भन्ने सुनिश्चित गर्नुहोस् ।

### लोकगीत : विद्यार्थीहरूको विविधतालाई सम्मान गर्ने एउटा माध्यम (नेपाल)

सामाजिक शिक्षाका कक्षा शिक्षक प्रकाश ढकालले तामाङ समुदायले नयाँ वर्षमा मनाइने पर्वः *सोनाम ल्होसार*मा गाइने लोक गीत प्रस्तुत गरे । उक्त गीत पाठमा एउटा मुख्य उदाहरणका रूपमा प्रस्तुत गरिएको भएतापनि यसबाट सहभागीहरूलाई विभिन्न समुदायहरूले गाउने थुप्रै प्रकारका अन्य लोकगीतहरूलाई सम्मान तथा सराहना गर्दै तिनीहरूका बारेमा अध्ययन गर्ने अवसर सिर्जना भयो । विद्यार्थीहरूले एक-अर्काका गीतहरू गाएर समूहमा र कक्षामा सबैसँग हरेक गीतको अर्थका बारेमा छलफल गरे ।

> आइसीएच म र मेरा विद्यार्थीहरूका बिच एउटा पुल बन्यो । साथै हामीहरू व्यक्तिगत रूपमा कहिल्यै नभेटेर अनलाइनमा मात्रै भेटेको भएतापनि सम्बन्ध निर्माणमा सहयोग गऱ्यो ।
>
> *मदिना नुराखानोभा,*
> *जिम्नेसियम स्कूल नं. ८*



## जाँच गर्नुहोस्

यो चरणको अन्त्यमा आइपुग्दा के तपाईंले निम्न कार्यहरू गर्न सक्षम हुनु भयो ?

- जीवन्त सम्पदासँग सम्बन्धित पाठका लागि सिकाइका उद्देश्यहरू तयार पार्ने कार्य ।
- विद्यार्थीहरूका लागि चाखलाग्दो र रमाइलो पाठ बनाउन जीवन्त सम्पदासँग सम्बन्धित गतिविधिहरू तयार पार्ने कार्य ।
- जीवन्त सम्पदा सिकाइलाई मद्दत गर्ने तथा यसका बारेमा चेतना जगाउने शिक्षण विधिहरू सम्बन्धी सामाग्रीहरू तयार पार्ने कार्य ।
- सबै विद्यार्थीहरूलाई सहभागी हुन एवं पाठसँग जोडिएको अनुभूति दिलाउने पाठ योजना बनाउने कार्य ।

# ४.५. चरण ५ – आफ्नो अनुभवको अभिलेख राख्नुहोस् र बाँड्नुहोस्

धेरै शिक्षकहरूका लागि आइसीएचयुक्त शिक्षण नयाँ अवधारणा हो । समयका हिसाबले यसका लागि केही लगानी आवश्यक पर्ने भएतापनि, तपाईंले पढाउने पाठ र यहाँसम्म आइपुग्न अपनाउनु पर्ने प्रक्रियाको अभिलेखीकरण राख्नु भयो भने के कुरालाई फरक ढङ्गले गर्न सकिएला भनेर सोचविचार गर्न सहयोग पुग्नेछ र अर्को पटक पनि यस्तै खालको गतिविधि सञ्चालन गर्दा समयको बचत हुनेछ ।

शिक्षकहरू स्वयं पनि अन्य शिक्षकहरूका लागि प्रेरणाका स्रोत हुन् । तपाईंको अनुभवका सबै चरणहरूको अभिलेखीकरण गर्नाले तपाईंले भविष्यमा पढाउने पाठहरूका लागि एक महत्वपूर्ण स्रोत बन्ने मात्रै नभएर तपाईंका सहकर्मीहरूले पढाउने पाठहरूको आधार समेत बन्न सक्ने तथा समुदायका सदस्यहरूका लागि सन्दर्भ सामाग्रीका रूपमा पनि काम गर्नेछ ।

> **शिक्षक हुनुको अर्थ अविरल रूपमा नयाँ विचार, जानकारी र प्रेरणाको खोजीमा लागिरहनु हो । त्यसकारण, आफूलाई परिस्कृत गर्न नछाड्नुहोस्; हरेक दिन केही नयाँ कुरा सिक्ने प्रयास गरिरहनुहोस् ।**
>
> *बाकिटबेक्कीज आइसेजिम, शिक्षक, किर्गिजस्तान*

### के लाई अभिलेखीकरण गर्नु महत्वपूर्ण हुन्छ ?

- जीवन्त सम्पदायुक्त शिक्षणमा संलग्न हुने सम्बन्धमा तपाईंको शुरूको उत्प्रेरणा, कारण र अपेक्षाहरू ।
- तपाईंले लिएका तयारीमूलक चरणहरू ।
- तपाईंले तयार पारेका पाठ योजना, शिक्षण क्रियाकलाप र सामाग्रीहरू ।
- तपाईंले सामना गरेका चुनौतीहरू र तपाईंले तिनीहरूलाई कसरी परास्त गर्नु भएको थियो होला ।
- तपाईंले सञ्चालन गरेका क्रियाकलापहरूका उपलब्धिहरू: विद्यार्थी, समुदाय, जीवन्त सम्पदा तत्व र तपाई आफैका लागि ।

### तपाईंले कसरी अभिलेखीकरण गर्न सक्नुहुन्छ ?

- जर्नल (डायरी) लेख्नुहोस् : कुन कुरा राम्रो भयो वा भएन, नयाँ सोच-विचारलाई प्रयास गरेर हेर्ने ।
- तयारी र शिक्षणका क्रममा सम्पर्क गरिएका व्यक्तिहरू र प्रयोग गरिएका सामाग्रीहरूको सूची ।
- विद्यार्थी, सहकर्मी र समुदायसँगको पृष्ठपोषण सङ्कलन ।
- आफूले गरेका क्रियाकलापहरूको फोटो र भिडियो सहितको रेकर्ड ।
- अभिलेखीकरण प्रक्रियामा तपाईंका विद्यार्थीहरूलाई पनि संलग्न गराउनु होस् । अभिलेखीकरण प्रक्रियाको शैक्षिणिक महत्वका अतिरिक्त, यी सामाग्रीहरूले भविष्यमा पढाइने पाठहरूलाई समेत सजीव प्रदान गर्नेछन् र अरूका लागि तपाईंको अनुभवले अर्थपूर्ण दृष्टान्त प्रदान गर्नेछन् ।

## अमूर्त साँस्कृतिक सम्पदा पाठयोजना लेख्नका लागि निर्देशिका (पलाउ)

यो मार्गदर्शन पुस्तिका पलाउको शिक्षा मन्त्रालयले शिक्षकहरूलाई हरेक पाठ पढाएर सकेपछि के ले काम गर्‍यो, के ले गरेन, अब उनीहरूले कसरी अघि बढ्ने योजना बनाएका छन्, र पुनः पढाउनका लागि उनीहरूलाई के को आवश्यकता पर्न सक्ला लगायत उनीहरूका अनुभवहरू लेख्नका लागि अभिप्रेरित गर्न बनाएको हो । यी नोटहरूले आगामी दिनमा बनाउने पाठ योजनालाई सुधार्ने काममा शिक्षकहरूलाई मार्गदर्शन गर्दछन् । थप जानकारीका लागिः CLICK

### अरूसँग आफ्ना अनुभवहरू बाँड्नुहोस्

तपाईंका अनुभवहरू अत्यन्तै मूल्यवान हुन्छन् किन कि तिनीहरूले तपाईंका सहकर्मीहरूलाई उत्प्रेरणा, व्यवहारिक सोचविचार र उनीहरूको आफ्नै पाठका लागि नमूना प्रदान गर्दछन् । खास गरेर, तपाईंको पाठ योजना तथा सामाग्रीहरू अरू शिक्षकहरूका लागि उपयोगी स्रोत हुन् । तपाईंको सफलताले अरूलाई प्रेरित तथा प्रोत्साहित गर्नेछ । तपाईंले सामना गर्नु परेका अप्ठ्याराहरूबाट उनीहरूले सिक्नेछन् । परिणाम स्वरूप, उनीहरूले तपाईंले तयार पार्नु भएको पाठलाई अझै सुधार गर्न तपाईंलाई उपयोगी सुझावहरू पठाउन सक्नेछन् वा नयाँ पाठहरू तयार पार्नका लागि अभिप्रेरित गर्न सक्नेछन् ।

तपाईंले आफ्ना पाठ योजनाहरू र सामाग्रीहरूलाई बाँड्ने धेरै तरिकाहरूमा विद्यालयको पुस्तकालयमा भण्डारण गर्ने सामान्य ढङ्गले छापिएका सामाग्री देखि विद्यालय वा शिक्षा मन्त्रालयले व्यवस्थापन गर्ने समाचारपत्र तथा अनलाइन सङ्ग्रह सम्म छन् । तपाईंका पाठ योजनाहरूलाई तपाईंकै विद्यालयभित्र रहेको स्रोत भण्डारमा भण्डारण गर्न सकिन्छ जसमा अन्य शिक्षकहरूको पनि पहुँच हुन्छ। उनीहरूले आफूले सञ्चालन गर्ने क्रियाकलापको आवश्यकता अनुसार तपाईंले तयार पार्नु भएको पाठ योजनालाई हेरफेर गर्न सक्नेछन् । र तपाईंले छलफलका क्रममा, कार्यक्रम तथा सम्मेलन आदिका बेला सूचनाहरूको आदान-प्रदान पनि गर्न सक्नुहुन्छ ।

> तपाईंका अनुभवहरू अत्यन्तै मूल्यवान हुन्छन् किन कि तिनीहरूले तपाईंका सहकर्मीहरूलाई उत्प्रेरणा, व्यवहारिक सोचविचार र उनीहरूको आफ्नै पाठका लागि नमूना प्रदान गर्दछन् ।





तपाईंले आफ्ना अनुभवहरूलाई तपाईंको विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग तपाईंको क्षेत्र र देशका अन्य विद्यालयहरूसँग, र विदेशी विद्यालयहरूसँग र साथै युनेस्को सम्बद्ध विद्यालय सञ्जालका माध्यमबाट पनि बाँड्न सक्नु हुनेछ । तपाईंले आफ्नो अनुभवलाई जीवन्त सम्पदा सम्बन्धी युनेस्कोको सूचना-प्रसारण केन्द्र मार्फत पनि प्रदर्शन गर्न सक्नु हुन्छ । CLICK

### पाठ योजना बाँड्नका लागि मन्त्रालयको शैक्षिक मञ्चको उपयोग (भियतनाम)

भियतनाममा सञ्चालित प्रायोगिक परियोजना सम्पन्न भएपछि पाठ योजनाहरूलाई शिक्षा मन्त्रालयको अनलाइन भण्डारमा राखियो । यो मञ्च शिक्षकहरूका लागि लोकप्रिय स्रोत हो । केही शिक्षकहरूले आफूले पढाएका कक्षाहरूको भिडियो खिचेर युट्युवमा पनि हालेका छन् । यसो गर्दा अरू शिक्षकहरूले मन्त्रालयको वेवसाइटमा उपलब्ध पाठ योजनाहरू मात्रै नहेरेर अनलाइन कक्षाका (अन्य) व्यवहारिक उदाहरणहरू पनि हेर्न सक्ने भए । नमूना पाठहरूको भिडियोमा अंग्रेजी उपशीर्षक (सबटाइटल)हरू पनि राखिएको छ जसले गर्दा भियतनाम भन्दा बाहिरका शिक्षकहरूले पनि यसलाई हेरेर प्रेरणा लिन सक्छन् ।

## अभिलेखीकरण जीवन्त सम्पदा संरक्षणको एउटा औजार


तपाईंले पाठको तयारी शिक्षणका क्रममा:

- जीवन्त सम्पदा सम्बन्धी सूचनाहरू जुटाउनु भएको थियो होला ।
- यो जीवन्त सम्पदाको अभ्यास गर्ने मानिसहरूसँग जोडिनु भएको थियो होला ।
- विद्यार्थीहरूलाई यो सम्पदा तत्वका बारेमा आफूलाई लागेका कुराहरू अभिव्यक्त गर्न तथा यसको अभ्यास गर्न उत्प्रेरित गर्नु भएको थियो होला ।
- यस प्रति तपाई आफैले पनि कदर र ज्ञानको विकास गर्नु भएको थियो होला ।

यस प्रक्रियाबाट प्रशस्त मात्रामा स्रोत-सामाग्रीहरू तयार हुन्छन्, यी सबै सामाग्रीहरूले जीवन्त सम्पदाका बारेमा चेतना जगाउन तथा यसको हस्तान्तरणमा योगदान पुऱ्याउँछन् ।


स्मरण रहोस् कि जीवन्त सम्पदा निरन्तर रूपमा उद्विकासको प्रक्रियाबाट अघि बढिरहेको हुन्छ र तपाईंले सङ्कलन गर्नु भएका सामाग्रीहरूले खास समयमा प्रचलित साँस्कृतिक अभ्यासहरूलाई मात्रै प्रतिबिम्बित गर्दछन् । त्यसैले तपाईंले प्रयोग गर्नु भन्दा पहिले तपाईंका स्रोत-सामाग्रीहरूलाई पुनः एकपटक जाँच गर्नु तथा ती सामाग्रीहरूलाई अद्यावधिक गर्नु महत्वपूर्ण हुन्छ । केही समय पछि तपाईंले तयार पारेको अभिलेख विगतको आलेख तथा समयक्रममा जीवन्त सम्पदामा हुने परिवर्तनलाई दर्शाउने सूचनाको एउटा स्रोत बन्न सक्छ ।

## समुदाय र साझेदारहरूसँगको सहकार्यलाई सुदृढ पार्न आफूले सम्पन्न गरेका क्रियाकलापहरूका उपलब्धिहरूलाई बाँड्नुहोस्




आइसीएचयुक्त सिकाइमा समुदाय र अन्य साझेदारहरूसँग सम्पदाका बारेमा उनीहरूसँग भएको ज्ञानको खोजी गर्न तथा उनीहरूका साथमा रमाइलो सिकाइ अनुभवको वातावरण सिर्जना गर्न उनीहरूसँग सहकार्य गरिन्छ । तपाईंले गर्नु भएको प्रगति र साथसाथै विद्यार्थीहरूको काम र सिकाइका उपलब्धिहरूलाई उनीहरूसँग बाँड्ने काम यो प्रक्रियाको एउटा महत्वपूर्ण पाटो हो । तपाईं र तपाईंको कक्षाले क ` त य ा र पारेको छ भन्ने हेरेर, समुदायका सदस्यहरूले उनीहरूले गरेको योगदान महत्वपूर्ण रहेको महसुस गर्नेछन् र विद्यार्थीहरू पनि उनीहरूले सम्पन्न गरेको काम देखाउन पाउँदा गौरवान्वित बन्नेछन् ।

उदाहरणका लागि, विद्यालयले आयोजना गरेको कुनै कार्यक्रम वा प्रदर्शनी समुदायसँग जोडिने तथा उनीहरूको योगदानलाई कदर गर्ने एउटा अवसर हो । यस्ता कार्यक्रमहरूले जीवन्त सम्पदा अभ्यासहरूको महत्वमाथि प्रकाश पार्नुका साथै यसको संरक्षणमा योगदान दिन्छन् । विद्यार्थीहरूले गरेको कडा मेहनत र उनीहरूले सिकेका कुराहरू प्रति पनि उनीहरू खुशी हुन्छन् । समुदायका सदस्यहरूका लागि पनि यस्ता कार्यक्रमहरू उनीहरूको कामलाई प्रस्तुत गर्ने अवसर बन्न सक्छन् ।



को सँग र कसरी बाँड्ने :

- विद्यालयमा तपाईंका सहकर्मीहरूसँग बाँड्नुहोस् ।
- अन्य विद्यालयहरूसँग बाँड्नुहोस् ।
- स्थानीय समुदाय र अन्यत्रका साझेदारहरूसँग बाँड्नुहोस् ।
- अनुभवलाई प्रस्तुतिकरणका माध्यमबाट बाँड्नुहोस् ।
- पाठ योजना र सामाग्रीहरूलाई सामाजिक मिडिया, अनलाइन र विद्यालयको पुस्तकालयका माध्यमबाट बाँड्नुहोस् ।
- प्रदर्शनीका माध्यमबाट विद्यार्थीहरू र समुदायको योगदानलाई अरू समक्ष बाँड्नुहोस् ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालका माध्यमबाट बाँड्नुहोस् ।

### श्रव्यदृष्य सामाग्री बाँड्ने सम्बन्धमा केही कुराहरू

तपाईंले विद्यार्थीहरू र समुदायका सदस्यहरूलाई प्रस्तुत गर्ने फोटो वा भिडियोहरू खिच्दा उनीहरूको लिखित स्वीकृति लिनु आवश्यक हुन्छ ।

१८ वर्ष भन्दा कम उमेरका विद्यार्थीहरूको हकमा उनीहरूका अभिभावकबाट लिखित स्वीकृति लिनु पर्दछ । यस सम्बन्धमा विद्यालयको नीति के छ भनेर हेर्नुहोस् र आफूले यसको पालना गरेको सुनिश्चित गर्नुहोस् ।



## जाँच गर्नुहोस्

यो चरणको अन्त्यमा आइपुग्दा के तपाईंले निम्न कार्यहरू गर्न सक्षम हुनु भयो ?

- पाठ बनाउने प्रक्रियाको अभिलेख तयार पार्न एवं यसका बारेमा चिन्तन मनन गर्न, जसले भविष्यमा जीवन्त सम्पदासँग जोडेर तपाईं वा अन्य शिक्षकहरूले सञ्चालन गर्ने विद्यालय क्रियाकलापहरूलाई मार्गदर्शन प्रदान गर्नेछ ।
- यो अनुभव बाँड्ने माध्यमहरूको पहिचान गर्ने कार्य ।

## ४.६. चरण ६ – नतिजाहरूको मूल्याङ्कन गर्नुहोस्

पाठ सम्पन्न भएपछि यसबाट विद्यार्थी, शिक्षक र विद्यालयलाई के के लाभ पुग्यो त भनेर मापन गरी मूल्याङ्कन गर्नु महत्वपूर्ण हुन्छ । मूल्याङ्कन क्रियाकलापको अन्त्यमा वा शिक्षण तथा सिकाइ प्रक्रियाका क्रममा पनि गर्न सकिन्छ । यसलाई तपाईं आफैले वा अन्य विद्यार्थीहरू वा सहकर्मीहरूको सहयोग लिएर, उदाहरणका लागि पाठका बारेमा अन्य शिक्षकहरूबाट पृष्ठपोषण प्राप्त गरेर गर्न सकिन्छ ।

मूल्याङ्कनको उद्देश्य निम्न कुराहरू कत्तिको मात्रामा प्राप्त भए भनेर आँकलन गर्नु हो:

- सिकाइका उद्देश्यहरू कत्तिको मात्रामा पुरा भए । यसमा विद्यार्थीहरूका सिकाइ उपलब्धिहरूलाई मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीहरू आफैले पनि वा उनीहरूका साथीहरूसँग मूल्याङ्कन गर्न सक्छन् ।
- विषय र पाठ्यक्रमसँग पाठ कत्तिको सान्दर्भिक थियो ।
- सहभागी सबै (बाह्य स्रोत व्यक्तिहरू लगायत) लाई पाठले कत्तिको लाभ पुऱ्यायो ।
- उक्त क्रियाकलापले जीवन्त सम्पदामा कत्तिको सकरात्मक प्रभाव पाऱ्यो ।
- उक्त क्रियाकलापले विश्व नागरिक र अन्य लक्ष्यहरू जस्तैः दिगो विकासका लागि शिक्षा, सामाजिक तथा संवेगात्मक सिकाइ र मातृभाषामा आधारित शिक्षा प्रवर्द्धनमा कत्तिको योगदान दियो ।



## विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूको मूल्याङ्कन

सोध्नु पर्ने प्रश्न होः के विद्यार्थीहरूले सिकाइका उद्देश्यहरू हासिल गरे त ?

अमूर्त साँस्कृतिक सम्पदालाई समेट्ने पाठहरूले जीवन्त सम्पदाका बारेमा चेतना जगाउन तथा यसको संरक्षणमा योगदान पुऱ्याउँछन् । तपाईंले यस्तो चेतनासँग सम्बन्धित सिकाइ उद्देश्यको पनि पहिल्याउनु भएको होला। जीवन्त सम्पदासँग जोडिएका पाठहरूको मूल्याङ्कनमा पनि तपाईंको विद्यालयको परिवेशमा अन्य पाठहरूका हकमा प्रयोग गरिएका र पाठ्यक्रमको आवश्यकतासँग सुहाउने खालका उस्तै प्रकारको रचनात्मक (formative) र योगात्मक (summative) विधिहरूको अनुसरण गर्न सकिन्छ ।

जीवन्त सम्पदा सम्बन्धी सिकाइको मूल्याङ्कन गर्न तपाईंले सोध्न सक्ने प्रश्नहरूमा तलका प्रश्नहरू समावेश गर्न सकिन्छ :

- के विद्यार्थीहरूले गतिविधिका बेलामा आइसीएचका बारेमा प्रस्तुत गरिएका जानकारीहरू बुझे ?
- यस गतिविधिका माध्यमबाट के विद्यार्थीहरू यो जीवन्त सम्पदा तत्व वा समग्रमा आईसीएचका बारेमा र किन यसको संरक्षण गर्नु आवश्यक छ भन्ने बारेमा अझै बढि सचेत बने ?
- के विद्यालयका गतिविधिहरूका क्रममा आइसीएचलाई जसरी प्रस्तुत र प्रयोग गरियो, त्यसले समुदायका मूल्यमान्यताहरूलाई सम्मान एवं उक्त अभ्यासको महत्वलाई प्रतिबिम्बित गर्दछ ?
- के उक्त गतिविधिले विद्यार्थीहरूलाई यो जीवन्त सम्पदा तत्वको अभ्यास तथा यसको हस्तान्तरणमा सहभागी हुने तर्फ डोऱ्यायो ?

तपाईंले विद्यार्थीहरूलाई उनीहरूको आफ्नो वा आफ्ना साथीहरूको कामको मूल्याङ्कन गर्न लगाउन सक्नुहुन्छ, वा तपाईं आफैले सिकाइका उपलब्धिहरूको मूल्याङ्कन

> **आइसीएचलाई शिक्षासँग जोड्ने परियोजना विद्यार्थीहरूको शिक्षाका साथै शिक्षकका रूपमा मेरो व्यक्तिगत वृद्धिका लागि पनि धेरै नै महत्वपूर्ण र उत्पादनमूलक थियो ।**
>
> *दिलवर आइतखुनोभा, अब्दुल्ला रोजीबाकीभको नामबाट राखिएको स्कूल-जिम्नेसियम नं. १५३, कागखस्तान*

> **विद्यार्थीहरू हरेक कक्षामा पूर्णरूपले संलग्न थिए जसले गर्दा उनीहरूलाई गाइजात्राका बारेमा बुझ्न सहयोग पुग्यो । यो आफैले गरेर सिक्ने प्रकृया हो । अर्को कक्षाका विद्यार्थीहरूले पनि उनीहरूको कक्षामा समेत यस्तै कक्षाको आयोजना गर्न अनुरोध गरेका थिए । हामी शिक्षकहरू समेत आइसीएचका बारेमा र यसलाई हामीले पढाउने विषयहरू र पाठहरूमा कसरी समावेश गर्ने भनेर सिक्न सक्षम भयौं । त्यसैले, यसले साँच्चै नै विद्यार्थी र शिक्षक दुवैलाई सहयोग गऱ्यो ।**
>
> *पवित्रा शाक्य, शिक्षक, जनसेवा माध्यामिक विद्यालय, नेपाल*

नाम ______________________ मिति ____________

## जानकारी, चाहना तथा सिकाइ (Know-Want-Learn KWL) मूल्याङ्कन फारम

| K मलाई यस आइसीएचका बारेमा के जानकारी छ । | W म यस आइसीएचका बारेमा के जान्न चाहन्छु । | L मैले यस आइसीएचका बारेमा के सिकेँ । |
|---|---|---|
| | | |

नाम ______________________ मिति ____________

## ३-२-१ प्रस्थान अनुमति फारम

३ मैले यस आइसीएचका बारेमा सिकेका ३ वटा कुराहरू

२ मेरो समुदाय र मेरा लागि यो किन महत्वपूर्ण छ भन्ने २ वटा कारणहरू

१ या आइसीएच अभ्यासलाई संरक्षण गर्ने १ उपाय

## प्रक्रियाको मूल्याङ्कनः जीवन्त सम्पदायुक्त शिक्षणका बारेमा चिन्तन-मनन गर्ने



शिक्षाको गुणस्तरमा सुधार ल्याउने भनेको एउटा प्रक्रियागत कार्य हो, र यसका लागि समय र स्रोतका हिसाबले लगानीको जरूरत पर्दछ । यो लगानीबाट भएको फाईदा (अर्थात यो प्रक्रियाको प्रभाव) को मूल्याङ्कन गर्न तपाईंले आफैलाई, तपाईंका सहकर्मीहरू वा तपाईंका विद्यार्थीहरूलाई केही प्रश्नहरू सोध्न सक्नुहुन्छ, जसलाई तल दिइएको छ :

- के आइसीएचलाई समेट्नाले तपाईंले पढाउने पाठ(हरू)को महत्व बढेको छ ?
- के आइसीएचको प्रयोगले विद्यार्थीहरूका लागि पाठ वा गतिविधिलाई अझै बढी आकर्षक, अझै बढी रूचिकर, अझै बढी अर्थपूर्ण र/वा अझै बढी पहुँचयोग्य बनायो?
- के यसले विद्यार्थी र शिक्षकका बिच अझै बढी अन्तरक्रिया र/वा अझै बढी खुला सम्बन्धको सिर्जना गऱ्यो ?
- के यसले विद्यार्थीहरूकाबीच सकारात्मक सम्बन्धलाई बलियो बनायो वा सुधार ल्यायो ?
- के विद्यार्थीहरू कक्षामा पढाइएको पाठमा अझै बढी सक्रियताका साथ सहभागी भए ?
- के जीवन्त सम्पदा सम्बन्धी विषयवस्तु र नव प्रवर्तन सिकाइ विधिहरूले विविध प्रकारका विद्यार्थीहरूका लागि सहभागी हुने एवं आफ्ना अभिव्यक्तिहरू राख्ने अवसरहरू सिर्जना गऱ्यो ?

तपाईंले विद्यालयमा र समुदायका सदस्यहरूसँग आइसीएचयुक्त सिकाइ एवं शिक्षणका क्रममा भएका क्रियाकलापहरूका बारेमा प्रतिवेदन प्रस्तुत गर्न सक्नु हुन्छ र तलका प्रश्नहरूको प्रयोग गरेर सिकाइको प्रभावका बारेमा मूल्याङ्कन गर्न सक्नु हुन्छ :

- के गतिविधिहरू सञ्चालनका क्रममा जीवन्त सम्पदालाई समुचित ढङ्गले र ससम्मान पूर्वक प्रस्तुत एवं प्रयोग गरिएको थियो ?
- सिकेका पाठहरू र सफलताहरू के के थिए ?
- के कुनै चुनौतीहरू थिए ? र थिए भने तिनीहरूलाई कसरी परास्त गर्न सकिन्छ ?
- विद्यालय र समुदाय तथा अभ्यासकर्ताहरूकाबीचको सहकार्यलाई कसरी बलियो बनाउन सकिन्छ ?
- विद्यालयले भविष्यमा यो सिकाइ प्रक्रियालाई कसरी सहयोग गर्न सक्छ र/वा पाठमा जीवन्त सम्पदाको एकीकरणलाई प्रबर्द्धन गर्न अन्य के कस्ता चरणहरू हुन सक्लान् ?


पाठ अध्ययन समूहहरूमा शिक्षकहरूको एउटा टोलीले कक्षा कोठामा विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउनका लागि सँगसँगै मिलेर पाठहरूको योजना बनाउने, शिक्षण, अवलोकन, परिष्कृत गर्ने तथा समीक्षा गर्ने गर्दछन् ।

पाठ अध्ययन सम्बन्धी वेवसाइटहरूले शिक्षकहरूलाई यसका बारेमा सिक्न तथा अभ्यास गर्न मार्गदर्शन प्रदान गर्दछन् । केही उदाहरूणहरू तल प्रस्तुत गरिएको छ

- अमेरिकन फेडेरेशन अफ टिचर्स, २००४, ह्वाट इज लेसन स्टडी (पाठ अध्ययन के हो)? CLICK
- अष्ट्रेलियन इन्स्टिच्युट फर टिचिङ एन्ड स्कूल लिडरशीप (एआइटीएसएल), 'हाउ-टु' गाइड लेसन स्टडी (पाठ अध्ययनलाई कसरी मार्गदर्शन गर्ने) CLICK
- लेसन स्टडी युके. लेसन स्टडीः अ ह्यान्डबुक (पाठ अध्ययनः हातेपुस्तिका) (जर्मन र अन्य भाषाहरूमा पनि उपलब्ध) CLICK








## जाँच गर्नुहोस्

यो चरणको अन्त्यमा आइपुग्दा के तपाईंले निम्न कार्यहरू गर्न सक्षम हुनु भयो ?

- मूल्याङ्कनका विधिहरू पत्ता लगाउन तथा सिकाइका उद्देश्यहरू प्राप्त भए नभएको मूल्याङ्कन गर्ने कार्य ।
- मूल्याङ्कनका विधिहरू पत्ता लगाउन तथा सञ्चालन गरेको गतिविधिले जीवन्त सम्पदा र यसको संरक्षणमा सकरात्मक असर पारे-नपारेको मूल्याङ्कन गर्ने कार्य ।
- यो दृष्टिकोण (approach) का सबल पक्षहरू र यसलाई थप सुधार गर्ने उपायहरूकाबारेमा चिन्तन गर्ने कार्य ।



# त्यसो भए, यसलाई पुनः दोहोऱ्याइ-दोहोऱ्याइ अभ्यास गर्नुहोस् !

तपाईंको पाठ्यक्रम धेरै नै व्यापक छ र जीवन्त सम्पदा अत्यन्तै समृद्ध छ । आइसीएच र तपाईंको विद्यालयका गतिविधिहरूकाबीचका सम्बन्धहरू पत्ता लगाउने धेरै सम्भावनाहरू छन् ।

नयाँ शिक्षण एवं सिकाइ विधिलाई परीक्षण गर्न तथा शुरूवाती पाठहरू तयार पार्न प्रशस्त साहस र समय चाहिन्छ । तथापि, सामान्यतया, (एकपटक थालनी गरिसकेपछि) पछि गरिने प्रयासहरू अझ धेरै सजिला हुन्छन् ।

अर्को पटक, तपाईंलेः

- अर्को आइसीएच तत्वका बारेमा खोजी गर्न सक्नुहुन्छ ।
- नयाँ अन्तरविधात्मक सहकार्यका लागि फरक शिक्षकहरूसँग साझेदारी गर्न सक्नुहुन्छ ।
- फरक विधि र दृष्टिकोणको परीक्षण गर्न सक्नुहुन्छ ।
- नयाँ परियोजना वा अतिरिक्त शैक्षिक गतिविधि प्रस्ताव गर्न सक्नुहुन्छ ।

“

**केही नयाँ कुराको शुरूवात गर्न डर नमान्नुहोस् ।**

*आइझार्किन कझोम्बेर्डिएभा, प्रायोगिक परियोजनाका शिक्षक, किर्गिजस्तान*

”

"तपाईंका विद्यार्थीहरूसँग पनि केहि आइडियाहरू हुन सक्छन् । त्यसैले सृजनशील बन्नुहोस् र यसलाई फेरि दोहोऱ्याएर गर्नुहोस् !

**मुख्य सिकाइहरू**

- यहाँ सुझाइएको विधिले तपाईंलाई जीवन्त सम्पदासँग जोडिएका पाठ योजनाहरू एवं गतिविधिहरू बनाउन मार्गदर्शन गर्दछ । यहाँ उल्लेखित छ वटा चरणहरू एक पछि अर्को गर्दै तर्कसंगत तरिकाले अघि बढ्दछन्, तर तपाईंले आफ्नो आवश्यकताहरू अनुसार यिनीहरूलाई हेरफेर गर्न सक्नुहुन्छ ।
- तपाईंको कार्यभारलाई सहज बनाउन तथा प्रक्रियालाई सम्पन्न बनाउन विद्यार्थीहरूलाई संलग्न गराउनुहोस् र विद्यालयका सहकर्मीहरू र स्थानीय समुदायसँग सहकार्य गर्नुहोस् ।
- गतिविधिहरू गुणस्तरीय शिक्षा प्रदान गर्न र आइसीएचका बारेमा चेतना एवं ज्ञान बढाउनका लागि निर्माण गरिनु पर्दछ ।
- जीवन्त सम्पदायुक्त शिक्षणका लागि केही मात्रामा समयको लगानी आवश्यक हुन्छ । यसले थप्ने अतिरिक्त महत्वका बारेमा चिन्तन-मनन गर्नुहोस् ।








एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई

स्रोत-सामाग्री :



पुस्तिका

# ५

# अभिभावक र समुदायका सदस्यहरूको भूमिका

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ **अभिभावक र समुदायका सदस्यहरूको भूमिका**
- पुस्तिका ६ विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ साधन तथा स्रोतहरू
- पुस्तिका ९ शिक्षकका कथाहरू

पुस्तिका

५

# अभिभावक र समुदायका सदस्यहरूको भूमिका


यस पुस्तिकामा जीवन्त सम्पदालाई शिक्षामा समेट्नका लागि अभिभावक र समुदायका सदस्यहरूले विद्यालय, शिक्षक र उनीहरूका आफ्नै बालबालिकाहरूसँग कसरी काम गर्न सक्दछन् भन्ने बारेमा सुझावहरू दिइएको छ ।

विद्यालयले अमूर्त साँस्कृतिक सम्पदा (आइसीएच)का बारेमा र आइसीएचयुक्त शिक्षण गर्न सक्छ । आइसीएच (जसलाई जीवन्त सम्पदा भनेर पनि जानिन्छ) लाई विद्यालयमा ल्याउनाले विद्यार्थीहरूको सिकाइलाई उनीहरूको विशिष्ट संस्कृति र परिवेशसँग अझै बढी जोड्छ जसले गर्दा उनीहरू आफ्नो सम्पदाप्रति रूचि राख्ने हुनाका साथै उनीहरूको सिकाइका उपलब्धिहरूमा पनि सुधार आउँछ । जीवन्त सम्पदा र यसलाई विद्यालयमा ल्याउनाले समुदायको सम्पदा संरक्षण गर्ने तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउने यी दुवै कार्यहरूमा कसरी सहयोग पुग्छ भन्ने बारेमा अझै बढी जान्नका लागि यसै स्रोत-सामाग्री मा संलग्न पुस्तिका १ र पुस्तिका २ हेर्नुहोस् ।



अमूर्त साँस्कृतिक सम्पदालाई औपचारिक शिक्षामा समावेश गर्ने अवधारणाको **संक्षिप्त जानकारीका लागि** CLICK मा गएर एनिमेशन शृङ्खला हेर्नुहोस् ।

यो एनिमेशन धाराबाहिक शिक्षक, अभिभावक, समुदायका सदस्यहरू, शिक्षा व्यवस्थापक तथा विद्यार्थीहरूका लागि बनाइएको हो ।



## तपाईंले विद्यालय र शिक्षकहरूसँग कसरी सहकार्य गर्न सक्नुहुन्छ ?

समुदायको सदस्यका रूपमा, तपाईंलाई आफ्नो जीवन्त सम्पदा र यो किन महत्वपूर्ण छ भनेर थाहा छ । यो ज्ञान एवं जानकारीलाई बाँडेर तपाईं र समुदायका अन्य सदस्यहरूले तपाईंको जीवन्त सम्पदा संरक्षण गर्न तथा यसलाई भावी पुस्ताहरूलाई हस्तान्तरण गर्नमा ठूलो योगदान पुऱ्याउन सक्नुहुन्छ ।

तपाईंले जीवन्त सम्पदालाई शिक्षामा ल्याउन विद्यालय तथा शिक्षकहरूलाई धेरै तरिकाले सहयोग गर्न सक्नुहुन्छ । ती मध्ये केही तरिकाहरू तल उल्लेख गरिएको छ :

- जानकारीहरू बाँड्नुहोस्
- आफूसँग भएका अभिलेखहरू तथा वस्तुहरू बाँड्नुहोस्
- विद्यार्थीहरूलाई भ्रमणका लागि बोलाउनुहोस् वा यस प्रकारको भ्रमणको आयोजना गर्नुहोस्
- पाठ तयार पार्नका लागि शिक्षकसँग सहकार्य गर्नुहोस्
- एक दिनका लागि शिक्षक बन्नुहोस्
- कुनै एक परियोजना प्रस्ताव गर्नुहोस्
- स्रोतव्यक्ति वा संगठनहरू सिफारिस गर्नुहोस्

॥

**सबै परिस्थितिहरूमा, शिक्षक र समुदायका सदस्यहरूले एक-अर्कासँग सहकार्य गर्न सहज महसुस गर्नु पर्दछ । समुदाय र शिक्षकहरू बिच गरिने आदान-प्रदानले सम्बन्धित आइसीएच अभ्याससँग सम्बन्धित सबै मानिसहरूप्रति सम्मान गरेको हुनु पर्दछ ।**

॥



## जानकारीहरू बाँड्नुहोस्

स्थानीय सम्पदाका बारेमा सँधै शिक्षकहरू नै विज्ञ हुन्छन् भन्ने छैन । तपाईंले शिक्षकहरूसँग भेटेर यो सम्पदा के हो र समुदाय र तपाईंका लागि यसको किन महत्व छ भनेर वर्णन गर्न सक्नुहुन्छ । खास गरेर, तपाईंले आफ्नो साँस्कृतिक सम्पदाका बारेमा शिक्षक, विद्यालय र विद्यार्थीहरूसँग विस्तृत जानकारीहरू बाँड्न सक्नुहुन्छ । यदि शिक्षकहरूलाई यस्तो साँस्कृतिक सम्पदाका बारेमा तथा विद्यार्थीहरूले थाहा पाएका सम्पदा तत्वहरूका बारेमा जानकारी भयो भने उनीहरू रोचक पाठहरू बनाउन तथा विद्यार्थीहरूको सिकाइका उपलब्धिहरूलाई अझै राम्रो बनाउने सुनिश्चित गर्न सक्षम हुने छन् ।



## आफूसँग भएका अभिलेखहरू तथा वस्तुहरू बाँड्नुहोस्

तपाईंले पुस्तक, तस्वीर, श्रव्य सामाग्री तथा साँस्कृतिक वस्तुहरूलाई शिक्षक र विद्यार्थीहरूसँग बाँड्न सक्नुहुन्छ । पाठ तथा गतिविधिहरूलाई अझै बढी अभिरूचिपूर्ण बनाउन यिनीहरूको प्रयोग गर्न सकिनेछ । यिनीहरूलाई प्रदर्शन गर्न वा विद्यालयमा मनाइने कुनै विशेष दिवस वा कार्यक्रममा प्रयोग गर्न सकिन्छ ।

## विद्यार्थीहरूलाई भ्रमणका लागि बोलाउनुहोस् वा यस प्रकारको भ्रमणको आयोजना गर्नुहोस्

विद्यालयका तर्फबाट स्थलगत यात्रा वा भ्रमणमा जानु विद्यार्थीहरूका लागि अक्सर गरेर रोमाञ्चक गतिविधि हुन्छ । यस्तो यात्रामा, उनीहरूले साँस्कृतिक अभ्यासको अनुभव गर्न वा त्यसका बारेमा नयाँ ज्ञान पत्ता लगाउन सक्छन्, जसले गर्दा उनीहरूले राम्रोसँग सिक्न र स्मरण गर्न सक्छन् ।

तपाईंले विद्यार्थीहरूलाई सम्पदा अभ्यास गरिने स्थलहरू (जस्तैः मन्दिर, कारखाना, नाट्यशाला आदि) मा आमन्त्रण गर्न वा साँस्कृतिक कार्यक्रममा सहभागी हुनका लागि विद्यार्थीहरूलाई बोलाउन सक्नु हुन्छ । यस्ता साँस्कृतिक अभ्यासमा सहभागी हुने अवसरहरू प्राप्त भएमा विद्यार्थीहरूले यसका बारेमा अझ धेरै सिक्नेछन् ।

कुनै कुनै मानिसहरूले परम्पराका बारेमा थाहा नपाएको हुन सक्ने भएकोले, तपाईंको संस्कृतिमा बर्जित गरिएका कुनै कार्यहरू, प्रतिबन्ध, प्रथाजनित कानुनहरूका साथै गर्न हुने तथा नहुने कार्यहरूका बारेमा उनीहरूलाई जानकारी दिंदा उपयोगी हुन्छ । यसले सम्मानजनक सम्बन्धको प्रबर्द्धन गर्ने तथा तपाईंको समुदायलाई कुनै अनपेक्षित अपमान हुनबाट रोक्छ । यदि तपाईंलाई कुनै सम्पदा अभ्यास वा यसका केही पक्षका बारेमा जानकारी बाँड्न असहज लाग्छ भने जानकारीका लागि गरिएका कुनै पनि अनुरोधहरूलाई तपाईंले अस्वीकार गर्ने अधिकार छ ।







## *बटिक* कारखाना भ्रमण (इण्डोनेशिया)

*बटिक* तातो मैन र रङको प्रयोग गरेर कपडामा बान्कीहरू (प्याटर्न) निकाल्ने एउटा प्रविधि हो । इण्डोनेशियाको पसुरूवाँमा, *बटिक* कालिगडहरूले विद्यार्थीहरूलाई उनीहरूको कला देखाउन तथा यसका बारेमा पढाउन उनीहरूको कारखानामा स्वागत गर्दछन् । यी भ्रमणहरूका क्रममा, विद्यार्थीहरूले उनीहरूको आफ्नै बस्त्रढाँचा (फेब्रिक) बनाउँछन् र *बटिक* बनाउने प्रक्रियाहरूका बारेमा विस्तृत विवरणहरू तयार पार्दछन् ।

यसले विद्यार्थीहरूलाई व्यवहारिक अनुभव हासिल गर्न तथा साँस्कृतिक सम्पदा तत्वलाई कालिगडबाट विद्यार्थीहरूमा हस्तान्तरण गर्नलाई प्रोत्साहित गर्दछ । जोशिला-जाँगरिला कालिगडहरूसँग काम गर्नाले विद्यार्थीहरूलाई उनीहरूको सम्पदाप्रतिको ज्ञान र मायाको भावना विकास गर्नमा समेत मद्दत गर्दछ ।

## पाठ तयार पार्नका लागि शिक्षकसँग सहकार्य गर्नुहोस्

यदि तपाईंलाई खास प्रकारको जीवन्त सम्पदा तत्वका बारेमा जानकारी छ भने वा तपाईंले यसको अभ्यास गर्नुहुन्छ भने, तपाईंले यसका बारेमा शिक्षकहरूसँग पाठ तयार पार्नु भयो भने ज्यादै महत्वपूर्ण कार्य हुनेछ । उदाहरणका लागि, तपाईंले कक्षामा बताउनु पर्ने सबैभन्दा रोचक जानकारी के होला भनेर छनौट गर्न शिक्षकलाई सहयोग गर्न सक्नुहुन्छ । तपाईंले पाठमा प्रस्ताव गरिएका गतिविधिहरू अभ्यासकर्ताहरू एवं समुदायहरूका लागि उचित हुन् कि होइनन् भनेर सल्लाह दिन सक्नुहुन्छ र यसरी कुनै असमझदारी वा अप्रसन्नताबाट जोगाउनमा सहयोग गर्न सक्नुहुन्छ ।

### स्थानीय परिकारका बारेमा पढाउने (नेपाल)

एकजना गणितका शिक्षकले खाप्से भनिने सम्पदा तत्वका बारेमा पाठ तयार पारिन् । *खाप्से* तामाङ समुदायको नयाँ बर्ष *ल्होसार* मनाउने क्रममा बनाइने विशेष प्रकारको परिकार हो । शिक्षकले विद्यार्थीहरूको परिवारका सदस्यहरूसँग सरसल्लाह गरी *खाप्से* कसरी बनाउने भनेर सिकेको हुँदा उनले आफूले बनाएको पाठलाई सफलतापूर्वक सञ्चालन गर्न सकिन् । समुदायसँग प्रत्यक्ष रूपमा सिकेकोले गहन ज्ञानमा आधारित भएर जानकारीहरू बाँड्न तथा उक्त पाठलाई तथ्यगत हिसाबले सही भएको सुनिश्चित गर्न मद्दत पुग्यो ।





## एक दिनका लागि शिक्षक बन्नुहोस्

तपाईंले कुनै साँस्कृतिक अभ्यास देखाउन वा उक्त अभ्यास वा त्यो सँग सम्बन्धित पाठको शिक्षणमा सहयोग गर्न सक्नुहुन्छ ।

### ब्लकका माध्यमबाट छाप्ने कला (ब्लक प्रिन्ट) सम्बन्धी ज्ञान बाँड्ने (नेपाल)

रूपेन्द्र महर्जनले लोकप्रिय पर्व गाईजात्रामा सहभागी हुने मानिसहरूका लागि ब्लक प्रिन्ट र मुखुण्डोहरू उत्पादन गर्दछन् । उनले यी कलाहरू आफ्ना परिवारबाट सिकेका थिए । श्री महर्जनलाई एउटा स्थानीय विद्यालयले उनको कामका बारेमा छोटो प्रवचन दिन, उनको हस्तकलासँग सम्बन्धित प्रविधिका बारेमा वर्णन गर्न तथा विद्यार्थीहरूलाई उक्त *गाईजात्रा* पर्वका बारेमा बताउन निमन्त्रणा गऱ्यो । उनको सुपरिवेक्षणमा, विद्यार्थीहरूले रंग भर्ने, कागजका पङ्खाहरू बनाउने तथा मुखुण्डोहरूलाई सजाउने काम गरे ।








## कुनै परियोजना प्रस्ताव गर्नुहोस्

यदि तपाईंसँग साँस्कृतिक सम्पदाको प्रबर्द्धनमा मद्दत पुग्ने कुनै उपाय छ भने, तपाईं आफैले अघि सरेर विद्यालयका निर्देशक, शिक्षक वा अभिभावकहरूको समूह समक्ष उक्त उपायका बारेमा प्रस्ताव गर्न सक्नुहुन्छ । त्यो कुनै एक दिवसीय कार्यक्रम वा दीर्घकालीन गतिविधि पनि हुन सक्छ ।

## स्रोतव्यक्ति वा संगठनहरू सिफारिस गर्नुहोस्

यदि तपाईंलाई प्रत्यक्ष रूपमा आफैले जानकारीहरू बाँड्न सहज लाग्दैन भने तपाईंले अरू मानिस तथा ज्ञान–वाहकहरू कहाँ जान सुझाउन सक्नुहुन्छ जो सहयोग गर्न तत्पर हुन सक्छन् । यस्ता ज्ञान-वाहकहरू खास प्रकारका जीवन्त सम्पदा अभ्यासका विज्ञ, उही क्लवमा भएका अन्य अभ्यासकर्ताहरू, र तपाईंको छरछिमेकमा भएका बासिन्दाहरू एवं तपाईंले सहकार्य गरेका साँस्कृतिक विज्ञहरू हुन सक्छन् । वा तपाईंले विद्यालयलाई आफ्नो जीवन्त सम्पदा अभ्यासका क्रममा अन्तरक्रिया गरेका साँस्कृतिक संगठनहरू वा संस्थाहरूलाई सम्पर्क गर्न सिफारिस गर्न सक्नुहुन्छ ।



एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई

स्रोत-सामाग्री :

पुस्तिका

६

# विद्यालय व्यवस्थापकहरूको भूमिका

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ — शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरू
- पुस्तिका ९ — शिक्षकका कथाहरू


पुस्तिका
६

# विद्यालय व्यवस्थापकहरूको भूमिका

यस पुस्तिकामा जीवन्त सम्पदालाई शिक्षाका क्षेत्रमा ल्याउने प्रक्रियामा सहयोग गर्न विद्यालयका प्रधानाध्यापकहरू र व्यवस्थापकहरूले शिक्षकहरू तथा समुदायका सदस्यहरूसँग कसरी काम गर्न सक्छन् भनेर सुझावहरू दिइएको छ ।

जीवन्त सम्पदाका बारेमा अझ धेरै सिक्न एवं यसलाई विद्यालयमा ल्याउनाले समुदायको सम्पदा संरक्षण गर्ने तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउने यी दुवै कार्यहरूमा कसरी सहयोग पुग्छ भन्ने बारेमा अझै बढी जान्नका लागि यसै स्रोत-सामाग्रीमा संलग्न पुस्तिका १ र पुस्तिका २ हेर्नुहोस् ।

अमूर्त साँस्कृतिक सम्पदालाई औपचारिक शिक्षामा समावेश गर्ने अवधारणाको संक्षिप्त जानकारीका लागि CLICK मा गएर एनिमेशन शृङ्खलाहरू हेर्नुहोस् ।







# सहजकर्ता र समन्वयकर्ताका रूपमा विद्यालय व्यवस्थापकहरू

आइसीएचयुक्त शिक्षण विद्यार्थीहरूका लागि लाभदायक अवधारणा हो, तर यसको कार्यान्वयन गर्नका लागि तयारी तथा विद्यालयका व्यवस्थापकहरू लगायत विभिन्न सरोकारवालाहरूको संलग्नता आवश्यक पर्दछ ।

विद्यालय व्यवस्थापनसँग विद्यालयले लिन सक्ने अवसरहरू एवं अड्चनहरू तथा नीतिगत प्रारूप, शिक्षण समूहको पृष्ठभूमि र कार्यभार, विद्यार्थीहरूको परिवेश र स्थानीय परिस्थितिहरूका बारेमा मोटामोटी ज्ञान हुन्छ । त्यसैले उसले नयाँ शिक्षण विधिहरू जस्तैः आइसीएचयुक्त शिक्षणलाई विद्यालयमा सञ्चालन गर्ने कार्यमा सहजिकरण भूमिका निर्वाह गर्न सक्छ ।

विद्यालय व्यवस्थापन समूहले गरेको समन्वयकारी प्रयासबाट आइसीएचयुक्त शिक्षणलाई सजिलोसँग अघि बढाउन सकिन्छ । उदाहरणका लागि, प्रशासकीय एवं सरसामाग्रीहरूमा सहयोग गर्नाले व्यस्त भइरहने शिक्षकहरूले पाठहरू तयार पार्ने एवं सोही अनुसार शिक्षण गर्ने कार्यमा ध्यान केन्द्रीत गर्न सक्छन् । साथै समन्वयकारी कार्यले गतिविधिहरूलाई एकमाथि अर्को खप्टिनबाट तथा दोहोरिनबाट जोगाउँछ । उदाहरणका लागि, एउटै आइसीएच तत्वलाई विभिन्न विषयहरूमा समेट्न सकिन्छ, यदि समन्वय भएन भने एउटै विद्यालयका धेरै जना शिक्षकहरू समुदाय वा संस्थाका एउटै स्रोतव्यक्ति-कहाँ धाउन सक्छन् ।

विद्यालय व्यवस्थापकहरू एवं नीति-निर्माताहरूले शिक्षकहरू तथा संलग्न अन्य सरोकार वालाहरूलाई गर्न सक्ने सहयोगका बारेमा केही व्यवहारिक सुझावहरू तल दिइएको छ । सुझावहरूको यो सूची पूर्ण भने होइन । यसका बारेमा शिक्षकहरूसँग कुराकानी गरियो भने अन्य आवश्यकताहरू वा रणनीतिहरूको पहिचानमा मद्दत पुग्न सक्छ ।



# शिक्षकहरूको व्यवसायिक विकासमा सहयोग गर्नुहोस

शिक्षकहरूले सेवामा रहँदा लिने प्रशिक्षण, काम गर्दै लिइने प्रशिक्षण र व्यक्तिगत अध्ययन एवं पढाइका माध्यमबाट आफ्नो सिपमा निखार ल्याउँछन् । हाल, आइसीएचयुक्त शिक्षणका क्षेत्रमा थोरै मात्र तालिमका अवसरहरू उपलब्ध छन् । शिक्षकहरूले जब नव प्रवर्तन शिक्षण विधिहरू (जस्तैः सक्रिय सिकाइ जसलाई यो अवधारणामा पनि अबलम्वन गरिएको छ) को प्रयोग गर्ने तथा स्थानीय सम्पदा एवं संस्कृति, साँस्कृतिक मापन प्रविधि, विश्व नागरिक शिक्षा र सामाजिक संलग्नता जस्ता विषयहरूका बारेमा सिक्दछन्, तब सिकाइका उपलब्धिहरूमा पनि सुधार आउन सक्छ । तथापि, कुनै शिक्षकहरू आफैंले परीक्षण गर्न सहज महसुस नगर्न सक्छन् ।

यस मार्गमा लाग्नका लागि शिक्षकहरूलाई उत्प्रेरित गर्न, विद्यालय व्यवस्थापकहरूले निम्न उपायहरू अपनाउन सक्छन्ः

> विद्यालय व्यवस्थापन समूहले गरेको समन्वयकारी प्रयासबाट आइसीएचयुक्त शिक्षणलाई सजिलोसँग अघि बढाउन सकिन्छ ।

- जीवन्त सम्पदालाई शिक्षामा समेट्दाका फाइदाहरूका बारेमा शिक्षकहरूमा चेतना अभिवृद्धि गर्नुहोस् ।
- शिक्षकहरू र स्थानीय स्रोत-व्यक्तिहरूको सहयोगमा आइसीएचयुक्त शिक्षणका घतलाग्दा स्रोतहरू (जस्तैः स्थानीय संस्कृतिका बारेमा वा शिक्षण विधिका बारेमा) र राम्रा उदाहरणहरू जुटाउनुहोस् । यिनीहरूलाई विद्यालय स्रोत केन्द्रमा उपलब्ध गराउनुहोस् ।
- यदि व्यवस्थापन टोलीका कुनै सदस्यहरूले पहिले नै सम्पदायुक्त वा सम्पदाका बारेमा शिक्षण गरेका छन् भने वा यसो गर्ने प्रयास गरेका छन् भने, अन्य सहकर्मीहरूलाई आफ्नो अनुभव बाँड्न उनीहरूलाई उत्प्रेरित गर्नुहोस् । अन्य विद्यालयका शिक्षकहरूलाई पनि उनीहरूको काम र उत्प्रेरणाका बारेमा छलफल गर्नका लागि आमन्त्रण गर्न सकिन्छ ।
- शिक्षकहरूलाई सँगसँगै नयाँ पाठहरूको विकास गर्न वा नयाँ शिक्षण विधिहरूको खोजी गर्न अध्ययन समूहहरूमा सहभागी हुन तथा सहकर्मीहरूकाबीच एक-अर्काको ज्ञान आदान-प्रदान गर्न प्रेरित गर्नुहोस् ।
- उपयुक्त हुने खालका भौतिक रूपमा सहभागी हुने वा अनलाइन, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका क्षमता विकासका अवसरहरू पत्ता लगाउनुहोस् । शिक्षकहरूलाई यी तालिमहरूमा भाग लिनका लागि आमन्त्रण गर्नुहोस् ।



# सरसामाग्रीहरू तथा प्रशासनिक आवश्यकताहको सहजीकरण

स्थलगत घुमघाम, कालिगडहरूद्वारा विद्यालयको भ्रमण तथा साँस्कृतिक कार्यक्रमहरू मनाउने जस्ता गतिविधिहरूले विद्यार्थीहरूलाई उत्साहप्रद सिकाइका अवसरहरू प्रदान गर्दछन् । आइसीएचयुक्त शिक्षणमा यी गतिविधिहरू अत्यन्तै सान्दर्भिक हुन्छन् । तथापि, यस्ता गतिविधिहरूका सामान्यतया समय लाग्ने खालका बन्दोबस्ती तथा प्रशासकीय व्यवस्थाहरू गर्नुपर्ने हुन्छ र कहिलेकाहिँ त पैसा पनि खर्च गर्नुपर्ने हुन्छ ।

शिक्षकहरूलाई विद्यालय व्यवस्थापकहरूले निम्न तरिकाले सहयोग गर्न सक्छन्:

- शिक्षकहरूको कार्यतालिका समयानुकुल हुने खालको लचिलो बनाइदिनुहोस् ता कि उनीहरू गतिविधिहरू सञ्चालन गर्न वा अन्य संयुक्त विषयगत परियोजाहरू गर्नका लागि भेट्न सकून् ।
- स्थलगत घुमघामको आयोजना गर्दा एवं आगन्तुकहरूलाई विद्यालयमा आमन्त्रण गर्दा सजिलो कार्यपद्धति (जस्तै: दर्ता प्रक्रिया, उपकरण वा सवारी साधन दर्ता प्रक्रिया, सुरक्षा प्रक्रिया आदि) सजिलो बनाइदिनुहोस् । शिक्षकहरूलाई कुनै चरणहरू अत्यन्तै जटिल र समय लाग्ने खालका छन् कि भनेर उनीहरूसँग परामर्श गर्नु पर्दछ ।
- यस्ता गतिविधिहरूको लागत व्यहोर्न आर्थिक कोष विनियोजन गर्नुहोस् र/वा बाह्य आर्थिक स्रोतहरूको पहिचान गर्नुहोस् । बजेट तर्जुमा गर्दा शिक्षकहरू र विद्यालय व्यवस्थापन मिलेर संयुक्त रूपमा गर्नु पर्दछ ।
- बैठक गर्न, गतिविधि सञ्चालन गर्न तथा नतिजाहरू प्रदर्शन गर्न शिक्षकहरूका लागि ठाउँ उपलब्ध गराइ दिनुहोस् ।

### विद्यालयव्यापी नीति तर्जूमा (मंगोलिया)

खान-ऊल कम्प्लेक्स स्कूलले जीवन्त सम्पदालाई शिक्षामा समेट्ने कार्यको प्रबर्द्धन गर्न विभिन्न आइसीएच गतिविधिहरूलाई विद्यालयको वार्षिक योजनामा समावेश गर्न, शिक्षकहरूका कार्यभारलाई समायोजन गर्ने एवं विद्यार्थीहरूको सिकाइलाई प्रोत्साहित गर्न उपयुक्त वातावरण (जस्तै: परम्परागत खेलकूद हल तथा लोकसाहित्य अध्ययन हल लगायत विषयगत स्थलहरू) सिर्जना गर्ने जस्ता बिद्यालय नीतिहरू तयार पारेको छ ।



## स्थानीय समुदायहरूसँग जोडिनुहोस्



समुदायका सदस्यहरू उनीहरूको आइसीएचका प्रमुख संरक्षक हुन् । उनीहरूले यसका बारेमा जान्दछन् र यसको महत्व र अर्थका बारेमा बयान गर्न सक्दछन् । यद्यपि उनीहरूसँग विद्यालयमा पढाएको अनुभव नहुन सक्छ, तर अक्सर उनीहरूसँग साँस्कृतिक सम्पदाका बारेमा गहिरो ज्ञान हुन्छ र शिक्षकहरूले उनीहरूसँग सहकार्य गरेर अनेक प्रकारका लाभहरू (पुस्तिका ५ मा बताइए झैँ सूचनाको आदान-प्रदान, पाठ योजना बनाउँदा सुझाव दिने, सह-शिक्षण आदि) लिन सक्छन् ।

मुख्यतया आदान-प्रदान शिक्षकहरू र आइसीएच अभ्यासकर्ताहरूकाबीचमा हुनेछ, तर व्यवस्थापन टोलीले यस्ता बैठकहरू वा भ्रमणको आयोजना गर्न सहयोग गर्न सक्छ ।

प्रायः विद्यालय र समुदायकाबीच सम्बन्ध पहिलेदेखि नै भएको हुन्छ, जस्तैः अभिभावक-शिक्षक संगठन आदि; तर सहकार्यलाई सुदृढ एवं अझै बढी व्यवस्थित बनाउन सकिन्छ ।

समुदायका सदस्यहरूलाई शैक्षिक गतिविधिहरूमा संलग्न गराउन विद्यालय व्यवस्थापकहरूले निम्न कार्यहरू गर्न सक्छन्ः

- निर्णय गर्ने प्रक्रियामा तथा विद्यालयको दिवसमा अभिभावकहरूलाई संलग्न गराउनुहोस् । उदाहरणका लागि, उनीहरूले अभिभावकहरूलाई विद्यालयमा विशेष कार्यक्रमहरूको आयोजना गर्ने कार्यमा सहभागी गराउन सक्छन् ।
- समुदायका महत्वपूर्ण कार्यक्रमहरू तथा समयावधिको पात्रो बनाउनुहोस् (जस्तैः चाडपर्व, बाली थन्काउने मौसम आदि) । यो पात्रोले विद्यालयमा गतिविधिहरू आयोजना गर्नलाई प्रेरित गर्न सक्छ । यसले व्यस्त समयावधि समेत पत्ता लगाउन सकिन्छ जुन बेला विद्यालयका परिवारहरू विद्यालयका गतिविधिहरूमा सहभागी हुनका लागि कमै मात्रामा उपलब्ध हुन सक्छन् ।
- समुदायका मुखिया वा ज्येष्ठ सदस्यहरूसँग नियमित रूपमा सम्पर्कमा रहनुहोस् । उदाहरणका लागि, उनीहरूलाई विद्यालयले थालेका प्रयासहरूका बारेमा जानकारी दिनुहोस्; समुदायमा हुने कार्यक्रमका बारेमा जानकारीहरू माग्नुहोस्; र उनीहरूसँग सूचना तथा विचारहरू आदान-प्रदान गर्नुहोस् ।
- सम्पदा र संस्कृतिमा विशेषज्ञता भएका समुदायका सदस्यहरूको सूची जम्मा पार्नुहोस् जसलाई शिक्षकहरूले परामर्शका लागि सम्पर्क गर्न सक्नेछन् ।
- संवाद र सहकार्यलाई प्रोत्साहित गर्न एवं सम्पदा सम्बन्धी विद्यालयका परियोजनाहरूका लागि सोचविचारहरू निकाल्न शिक्षकहरू र समुदायका सदस्यहरूका लागि भेटघाट कार्यक्रम आयोजना गर्नुहोस् ।
- समुदायका सदस्यहरूलाई विशेष दिवसमा विद्यालयमा आमन्त्रण गर्नुहोस् । आगन्तुकहरूले उनीहरूका कला-कौशल, हस्तकला प्रदर्शन गर्न सक्छन्, अतिथि वक्ता बन्न सक्छन्, उनीहरूको सम्पदासँग सम्बन्धित अनुभवलाई विद्यार्थीहरूसँग बाँड्न सक्छन् र/वा उनीहरूको विशेषज्ञताको क्षेत्रसँग सम्बन्धित पाठहरूमा सहभागी बन्न सक्छन् ।
- विद्यार्थी, उनीहरूको परिवार र समुदायका अन्य सदस्यहरूको सहयोगमा स्थानीय सम्पदासँग सम्बन्धित विषयमा विद्यालयमा प्रर्दशनीहरूको आयोजना गर्नुहोस् ।
- शिक्षक तथा विद्यार्थीहरूलाई स्थानीय अभ्यासहरूका बारेमा थप सिक्न समुदायमा हुने साँस्कृतिक महोत्सवहरूमा सहभागी बन्न अभिप्रेरित गर्नुहोस् ।



## विद्यालयमा आइसीएच संग्रहालयको निर्माण (किर्गिजस्तान)

शिक्षकहरूको अनुरोधमा युनेस्को सम्बद्ध विद्यालयहरूको सञ्जाल 'इलिम' एजुकेशनल कम्प्लेक्सका प्रधानाध्यापकले विद्यालय परिसरको एउटा कोठामा आइसीएच संग्रहालय स्थापना गरे । अभिभावकहरू र समुदायका सदस्यहरूले सम्पदा तत्वसँग सम्बन्धित वस्तुहरू दान गर्नुका साथै ती सम्पदा तत्वहरू र तिनीहरूको प्रयोगका बारेमा जानकारी प्रदान गरे । उक्त संग्रहालय पाठहरू एवं गतिविधिहरू सञ्चालन गर्नका लागि शिक्षक तथा विद्यार्थीहरूका लागि लोकप्रिय स्थान बनेको छ ।



# सञ्जाल तथा संस्थागत सहयोगको विकास गर्नुहोस्

शिक्षकहरू र सम्पदा विज्ञहरूका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूले शिक्षकहरूलाई आफ्ना विचारहरू बाँड्न तथा शिक्षाका क्षेत्रमा सम्पदालाई प्रवेश गराउने उपायहरूका बारेमा छलफल गर्ने अवसर प्रदान गर्दछन् ।

संग्रहालयका विज्ञहरू, पुस्तकालय, स्थानीय संघसंस्थाहरू, सरकार तथा प्राज्ञिक विभागहरू ज्ञान र स्थानीय साँस्कृतिक सम्पदाका उपयोगी स्रोतहरू बन्न सक्छन्, जसले शिक्षकहरूलाई नयाँ पाठका लागि विषयवस्तु बनाउनमा सहयोग गर्न सक्छन् । यस्ता संस्थाहरूले विद्यार्थीहरूको भ्रमणको आयोजना गर्न सक्छन् र विद्यालयहरूलाई श्रव्यदृष्य एवं अन्य सामाग्रीहरू प्रदान गर्न सक्छन् । यस्ता संस्थाहरू मध्ये केही संस्थाहरूसँग पहिले नै विश्व सम्पदा शिक्षा र कला शिक्षा जस्ता सम्पदा शिक्षा कार्यक्रमहरू चलाएको अनुभव पनि हुन सक्छ वा उनीहरूले आफ्ना शैक्षिक क्रियाकलापहरूको विकास गरेका हुन सक्छन् जस्तो कि धेरै संग्रहालयहरूले गर्ने गर्दछन् ।

शिक्षकहरू र सम्पदा विज्ञहरूका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूले शिक्षकहरूलाई आफ्ना विचारहरू बाँड्न तथा शिक्षाका क्षेत्रमा सम्पदालाई प्रवेश गराउने उपायहरूका बारेमा छलफल गर्ने अवसर प्रदान गर्दछन् ।

विद्यालय व्यवस्थापकहरूले निम्न कार्यहरू गर्न सक्छन् :


- सम्पदाका विषयहरूमा रूचि भएका **विद्यालय सञ्जालहरू** (जस्तै युनेस्को सम्बद्ध विद्यालय, एसिया प्रशान्त विश्व नागरिक शिक्षा सञ्जाल, APCEIU NEST [Network for Schools and Teachers], SEAMEO Network आदि) सँग सम्बन्ध राख्नु ।
- राष्ट्रिय तथा **अन्तर्राष्ट्रिय कार्यशाला** परियोजना तथा आदान-प्रदान कार्यक्रमहरूका बारेमा सूचनाहरू सङ्कलन एवं वितरण गर्न । शिक्षकहरूको सहभागिताका लागि अभिप्रेरित गर्न, ता कि उनीहरूले सहकर्मीहरूसँग भेट्न सकून् र आफ्ना अनुभवहरू बाँड्न सकून ।
- शिक्षकहरूले परामर्श गर्न सक्ने साँस्कृतिक सम्पदासँग जोडिएका **सम्भावित साझेदारहरू** (जस्तैः संग्रहालय, पुस्तकालय आदि) को सूची सङ्कलन गर्नुहोस्, र सम्भावित क्रियाकलापहरूका बारेमा शिक्षकहरूसँग बैठकको व्यवस्था गर्न उनीहरूलाई सम्पर्क गर्न ।

## विश्वविद्यालयहरू, संग्रहालय र विद्यालयलाई जोड्ने (पाकिस्तान)

लाहोरमा, पथप्रदर्शक बन्नका लागि नेशनल कलेज अफ आर्ट्समा पढ्न आउने विद्यार्थीहरूले स्वयंसेवकका रूपमा लाहोर संग्रहालयमा लैजाने विद्यालयको स्थलगत भ्रमणलाई सहजीकरण गर्दछन् । यी अभिलाषी पथप्रदर्शकहरूले वास्तविक परिवेशमा नै उनीहरूको सिपको अभ्यास गर्दछन्, भने विद्यार्थीहरू उपयोगी सूचनाहरूले भरिएको रमाइलो यात्राबाट लाभान्वित हुन्छन् ।







एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई

स्रोत-सामाग्री :

पुस्तिका

७

# नीति निर्माताहरूको भूमिका

यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ साधन तथा स्रोतहरू
- पुस्तिका ९ शिक्षकका कथाहरू

पुस्तिका
७

# नीति निर्माताहरूको भूमिका

यस पुस्तिकामा नीति-निर्माताहरूले जीवन्त सम्पदालाई शिक्षामा समेट्ने कार्यमा कसरी सहयोग गर्न सक्छन् भन्ने बारेमा सुझावहरू दिइएको छ ।

जीवन्त सम्पदाका बारेमा अझ धेरै सिक्न एवं यसलाई विद्यालयमा ल्याउनाले समुदायको सम्पदा संरक्षण गर्ने तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउने यी दुवै कार्यहरूमा कसरी सहयोग पुग्छ भन्ने बारेमा अझै बढी जान्नका लागि यसै स्रोत-सामाग्रीमा संलग्न पुस्तिका १ र पुस्तिका २ हेर्नुहोस् ।

अमूर्त साँस्कृतिक सम्पदालाई औपचारिक शिक्षामा समावेश गर्ने अवधारणाको संक्षिप्त जानकारीका लागि CLICK मा गएर एनिमेशन सिरीजहरू हेर्नुहोस् ।





## कानुन एवं नीतिहरू किन उपयोगी हुन्छन् ?

देशहरू, क्षेत्रहरू एवं विद्यालयहरूले शैक्षिक प्रणाली र विद्यालयहरूको सञ्चालनमा मार्गदर्शन प्रदान गर्न तथा विद्यार्थी, शिक्षक र प्रभावकारी एवं रूचिपूर्ण सिकाइको परिस्थिति सिर्जना गर्न एवं विद्यालयका कर्मचारीहरूका लागि सुरक्षित वातावरण बनाउन कानुन तथा नीतिहरूको विकास गरेका हुन्छन् ।

आइसीएचयुक्त शिक्षण एवं सिकाइमा नीतिहरूले धेरै तरिकाले प्रभाव पार्दछन् । कुनै कुनै नीतिहरूले सकरात्मक प्रभाव पार्दछन्, उदाहरणका लागि जब तिनीहरूलेः

- स्थानीय समुदायहरूको आइसीएचसँग जोडिएका पाठहरूको सहजीकरण गर्ने गरी स्थानीय विषयवस्तुलाई राष्ट्रिय पाठ्यक्रममा समेट्ने कार्यको प्रबर्द्धन गर्दछन् ।
- स्थानीय साहित्य तथा मौखिक अभिव्यक्तिहरूलाई अवसर प्रदान गर्ने गरी मातृभाषामा शिक्षा प्रदान गर्न उत्प्रेरित गर्दछन् ।
- साँस्कृतिक विविधता प्रतिको सम्मानलाई प्रबर्द्धन गर्दछन् (विद्यालयको तथा वृहत सन्दर्भमा)
- विविध प्रकारका संस्कृतिहरूलाई सम्मान गर्नुको महत्वलाई स्वीकार गर्ने *विश्व नागरिक शिक्षा र दिगो विकासका लागि शिक्षा* जस्ता धेरै विषयहरूसँग सम्बन्धित (cross-cutting) कार्यक्रमहरूहरूलाई पाठ्यक्रममा समाहित गर्दछन् ।
- शिक्षण तथा सिकाइ प्रक्रियामा लचकता र सिर्जनशीलतालाई प्रोत्साहित गर्दछन् ।
- धेरैवटा क्षेत्रहरू (जस्तैः संग्रहालय, सम्पदा स्थल, परम्परागत उपचारक संस्था आदि)लाई समेट्ने परियोजनाहरू एवं साझेदारीका लागि ढोका खोल्दै अन्तर-मन्त्रालय सहकार्य (जस्तैः शिक्षा मन्त्रालय र संस्कृति, वातावरण एवं स्वास्थ्य मन्त्रालयकाबीच सहकार्य) ।



तर कुनै नीतिहरूका नकारात्मक असरहरू पनि हुन सक्छन् । उदाहरणका लागि जब तिनीहरूले:

- अत्यन्तै भारी हुने खालका पाठ्यक्रम निर्माण तर्फ डोऱ्याउँछन् । यस्तो परिस्थितिमा, शिक्षकहरूलाई परीक्षण गरिएका विषयहरूमा मात्रै ध्यान केन्द्रीत गर्ने समय हुन्छ र उनीहरूले निर्दिष्ट कक्षा कार्यभन्दा बाहिरका गतिविधिहरू सञ्चालन गर्ने सम्भावना कम हुन्छ ।
- देशको सम्पदा वा साँस्कृतिक विविधतालाई प्रतिबिम्बित नगर्ने पाठ्यक्रम लाद्न खोज्छन् । सीमातन्कृत समूहका विद्यार्थीहरूले आफूलाई वहिष्कृत गरिएको महसुस गर्न सक्छन् र विद्यालयमा सहभागी हुन वा विद्यालयमा उपस्थित हुन पनि उत्प्रेरणा गुमाउन सक्छन् । उदाहरणका लागि, विद्यार्थीहरूले मातृभाषामा सिक्न नपाउँदा उनीहरूको सिकाइमा अप्ठ्यारो आउने सम्भावना बढी हुन्छ र उनीहरूले विद्यालय छाड्ने प्रबल सम्भावना हुन्छ ।
- शिक्षकहरूको सिर्जनशीलता र/वा लचकतालाई सीमित पारिदिन्छन् । कुनै संरचनामा ढालिएका तथा विस्तृत विवरण सहित प्रस्तुत गरिएका पाठ्यक्रमहरू र यसो गर्न/उसो गर्न भनेर निर्देशन दिइ तयार पारिएका (स्क्रिप्टेड) पाठहरू शिक्षकहरूका लागि उपयोगी हुन सक्छन् । तर जहाँ अत्यन्त धेरै नियन्त्रण हुन्छ (उदाहरणका लागि परीक्षाको नतिजमा ज्यादै धेरै जोड दिने), त्यहाँ शिक्षकहरूले आफूलाई बाँधिएको महसुस गर्न सक्छन् । यस्तो अवस्थामा, शिक्षकहरूले खास विद्यार्थीहरूका आवश्यकताहरूलाई पुरा गर्न पाठमा संशोधन गर्न सक्ने सम्भावना कम हुन्छ ।
- स्थलगत भ्रमण तथा विज्ञहरूको आगमनलाई सीमित तुल्याइदिन्छन् । संकुचित बजेट, सुरक्षा सम्बन्धी अत्यन्तै कडा नियम एवं नियमनकारी व्यवस्थाहरूले विद्यार्थीहरूलाई आइसीएचका बारेमा सिक्न एवं नयाँ तरिकाले सिक्ने अवसरहरूलाई सीमित पारिदिन्छन् ।
- आइसीएचको संरक्षणमा समुदायको भूमिकालाई स्वीकार गर्दैनन् । जब शैक्षिक नीति तथा उपायहरू समुदायका प्राथमिकता र आवश्यकताहरूसँग मेल खाँदैनन्, र अभ्यासकर्ताहरूको आवाजलाई सुनिंदैन भने समुदायले विद्यालयसँग ऊ सँग भएको ज्ञान बाँड्न सक्षम हुने छैन र यस्तो ज्ञान युवा पुस्तामा हस्तान्तरण हुँदैन ।



नीति तथा कानुनको प्रभावकारीतालाई बढाउन केही सुझावहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

## दीर्घकालीन योजना निर्माणका लागि नीतिहरू प्रतिचित्रण एव विश्लेषण

सरकारले विभिन्न क्षेत्रहरूकाबीच सहकार्यका अवसरहरू र चुनौतीहरूको पहिचान गर्न एक बहुक्षेत्रीय नीति प्रतिचित्रण एवं विश्लेषण **(policy mapping and analysis)** परियोजना सञ्चालन गर्न सक्छ। यो विश्लेषणका आधारमा शिक्षा मन्त्रालयले विद्यालयमा आइसीएचलाई समेट्नका लागि दीर्घकालीन रणनीति तथा योजना बनाउन सक्छ ।

> यदि सकारात्मक प्रभाव पार्दछन् भने त्यस्ता सबै नीतिहरूका बारेमा बुझ्नु पर्दछ र तिनीहरूलाई लागू गर्नु पर्दछ ।

## आइसीएचलाई शिक्षामा समेट्न सहयोग पुऱ्याउने नीतिहरूका बारेमा चेतना अभिवृद्धि गर्ने

यदि सकारात्मक प्रभाव पार्दछन् भने त्यस्ता सबै नीतिहरूका बारेमा बुझ्नु पर्दछ र तिनीहरूलाई लागू गर्नु पर्दछ । त्यसैले शिक्षा मन्त्रालयले विद्यालयहरूसँग उनीहरूको नीतिका विषयवस्तुहरू र अपेक्षाका बारेमा वर्णन गर्न चेतना अभिवृद्धि अभियान र/वा नियमित सञ्चार थाल्नु पर्दछ । उदाहरणका लागि, यदि स्थानीय विषयवस्तुका बारेमा वा सम्पदायुक्त शिक्षण सम्बन्धी कुनै नीति शुरू गर्न लागिएको हो भने, मन्त्रालय वा विद्यालयहरूले त्यस्तो नीति शुरू गर्नु भन्दा पहिले नै मुख्य संदेश प्रवाह गर्नु पर्दछ । यसलाई बैठकहरू, हस्तपत्र, पोष्टर, सामाजिक सञ्जाल, अभिभावकहरूलाई पत्र पठाउने आदिका माध्यमबाट गर्न सकिन्छ । यसका अतिरिक्त, स्थानीय आधिकारीक निकायहरूले शिक्षक, स्थानीय स्रोतव्यक्ति, विद्यालय र उनीहरूको परिवारका सदस्यहरूलाई नयाँ शिक्षा कार्यक्रम बनाउनमा सहयोग गर्न सुझावहरू तथा जानकारीहरू प्रदान गर्नका लागि आमन्त्रण गर्न सक्छन् । साथै, यस्ता नीतिहरूबाट विद्यार्थीहरूले कसरी सबैभन्दा राम्रोसँग लाभ लिन सक्छन् भनेर अध्ययन गर्नका लागि विद्यालय प्रशासकहरूले स्थानीय तथा राष्ट्रिय नीतिहरूको समीक्षा गर्न सक्छन् ।



### विद्यालयहरूमा जीवन्त सम्पदा प्रबर्द्धन गर्नका लागि नीति (चीन)

सांघाई सरकारले विद्यालयमा जीवन्त सम्पदा प्रबर्द्धनका लागि सक्रियताका साथ सहयोग गर्दछ । खास गरेर संस्कृति र शिक्षा सम्बन्धी पालिका कार्यालय र जिल्ला अमूर्त साँस्कृतिक सम्पदा कार्यालयले जीवन्त सम्पदा प्रबर्द्धन गर्ने शैक्षिक कार्यक्रमहरूको विकासमा मार्ग निर्देशनहरू प्रदान गर्दछन् । विद्यालयले विशेष वार्षिक आर्थिक सहयोग कोषका लागि आवेदन दिन सक्छन् र उनीहरूका केही पाठहरू पढाउनका लागि साँस्कृतिक सम्पदा अभ्यासकर्ताहरूलाई नियुक्त गर्न सक्छन् ।

### नीतिहरूलाई परिस्थिति अनुकूल समायोजन गर्न दिने

नीतिहरू लचकदार हुनुपर्दछ; परिस्थितिहरूमा परिवर्तन आउँदा वा नयाँ आवश्यकता देखापर्दा तिनीहरूलाई सोही अनुसार समायोजन गर्नुपर्ने हुन्छ । त्यसैले शिक्षा मन्त्रालयले शिक्षक तथा विद्यालयका कर्मचारीहरू एवं विद्यार्थी र उनीहरूका परिवारहरूबाट (विद्यमान नीति तथा तिनीहरूको कार्यान्वयन) का बारेमा पृष्ठपोषण तथा सुझावहरू सङ्कलन गर्ने संयन्त्रहरू बनाउनु पर्दछ । यस्तो सुझाव संयन्त्र अन्तर्गत सुझावहरू सङ्कलन गर्न बार्षिक शिक्षक सर्वेक्षण सञ्चालन गर्ने, विषयगत कार्य समूहहरू वा अनलाइन मञ्च स्थापना गर्ने, तथा विद्यालयहरूलाई उनीहरूका कर्मचारीहरूसँग सूचना-सङ्कलन गर्ने बैठकहरू आयोजना गर्न उत्प्रेरित गर्ने कार्यहरू समावेश गर्न सकिन्छ ।

> **नीतिहरू लचकदार हुनु पर्दछ; परिस्थितिहरूमा परिवर्तन आउँदा वा नयाँ आवश्यकता देखा पर्दा तिनीहरूलाई सोही अनुसार समायोजन गर्नु पर्ने हुन्छ ।**


यसरी बटुलेका सूचनाहरूले नीतिहरूमा कुनै समायोजनको आवश्यकता छ कि छैन भनेर पत्ता लगाउन सहयोग गर्दछ । उदाहरणका लागि, विद्यालयमा सुरक्षा अत्यन्तै महत्वपूर्ण भएतापनि, सुरक्षा सम्बन्धी नियम तथा नीतिहरूले कहिलेकाहिँ गतिविधि र सिकाइका अवसरहरूलाई संकुचित पारिदिन सक्छन् । त्यसैले सुरक्षा सम्बन्धी नीतिहरूलाई नीतिविद, शिक्षक र विद्यालयका कर्मचारीहरू मिलेर बनाइएको कार्य समूहले नियमित रूपमा समीक्षा गर्नुपर्ने हुन्छ । यी समूहहरूले स्थानीय आवश्यकता र जोखिमहरूको आँकलन गर्नुपर्दछ र सुरक्षित वातावरण र रमाइलो र प्रभावकारी सिकाइ गतिविधिहरूकाबीच सन्तुलनको सुनिश्चित गर्नु पर्दछ ।

### श्रोतहरूको आदान-प्रदान गर्ने साधन एवं संयन्त्रहरूलाई मद्दत पुऱ्याउने

शिक्षकहरूका लागि आइसीएचसँग सम्बन्धित रचनात्मक उपायहरू लगायत उनीहरूका पाठहरू अरूसँग बाँड्नका लागि सूचना मञ्च एक उपयोगी उपाय हुन सक्छ । यस्ता मञ्चहरू स्रोतहरूलाई एकै ठाउँमा भण्डार गर्न तथा क्षमता विकासका अवसरहरूका बारेमा जानकारी प्रदान गर्न पनि उपयोगी हुन्छन् । त्यसैले यी मञ्चहरूलाई शिक्षा मन्त्रालयले सहयोग गर्नुपर्दछ ।

सरकारका मन्त्रालयहरूले साँस्कृतिक सम्पदा अभ्यासकर्ताहरूको विशेषज्ञता तथा उनीहरूले प्रदान गरिरहेका विद्यमान शैक्षिक कार्यक्रमहरूका बारेमा जानकारी प्रदान गर्ने तथ्याङ्क कोष (database) स्थापना गर्न संस्कृति क्षेत्रका अभ्यासकर्ताहरूलाई शिक्षा क्षेत्रसँग सहकार्य गर्नका लागि अभिप्रेरित गर्नुपर्दछ । यस्तो तथ्याङ्क कोष एउटा उपयोगी स्रोत बन्नेछ जसलाई विद्यालयहरूले सम्पदा शिक्षा गतिविधिहरूका लागि सम्बन्धित साझेदारहरूको खोजी गर्ने क्रममा प्रयोग गर्न सक्नेछन् ।





एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई
स्रोत-सामाग्री :

पुस्तिका

# ८

# साधन तथा स्रोतहरू

यस स्रोत-सामाग्रीले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ — शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरू
- पुस्तिका ९ — शिक्षकका कथाहरू

# पुस्तिका ८

# साधन तथा स्रोतहरू

यस पुस्तिकाले तपाईंलाई विद्यालयमा जीवन्त सम्पदालाई प्रवेश गर्ने कार्य विधिहरूलाई लागू गर्दा प्रयोग गर्न सकिने साधन एवं स्रोतहरू प्रदान गर्दछ ।

**यस पुस्तिकामा निम्न भागहरू रहेका छन् :**

- स्रोतहरू (सन्दर्भ सामाग्रीहरू)
- साधन १: नमूना पाठ योजना: जीवन्त सम्पदा के हो?
- साधन २: विद्यालयका विषयसूची, जीवन्त सम्पदा र विश्व नागरिक शिक्षालाई जोड्ने प्रयोजनका लागि केही सुझावहरू
- साधन ३: कार्यान्वयन तथा परीक्षण गरिएका पाठ योजनाहरूका उदाहरणहरू
- साधन ४: सूचना सङ्कलन गर्ने
- साधन ५: बहुसाँस्कृतिक कक्षाकोठामा जीवन्त सम्पदायुक्त शिक्षण
- साधन ६: तपाईंले सोध्न सक्ने प्रश्नहरूका उत्तरहरू
- साधन ७: कार्यसूची-पत्र: जीवन्त सम्पदा र विद्यालयको कुनै एउटा गतिविधिलाई जोडेर तपाईंको आफ्नै पाठ योजना बनाउनुहोस् ।



# स्रोतहरू

## ICH आइसीएच सम्बन्धी जानकारीका स्रोतहरू

जीवन्त सम्पदा र संरक्षण कार्यक्रमहरूका बारेमा सूचनाहरू तलका स्रोतहरूबाट प्राप्त गर्न सकिन्छः

***युनेस्को वेवसाइट***

CLICK आइसीएच भनेको के हो?

CLICK युनेस्को सूचीः अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्रदान गरिइएका जीवन्त सम्पदा तत्वहरू

CLICK युनेस्को आइसीएच कुण्ड (UNESCO Dive into ICH)

***आइसीएचसीएपी***

CLICK आइसीएचसीएपी (ICHCAP)

## आइसीएचलाई शिक्षासँग जोड्ने प्रयोजनका लागि उपयोगी स्रोतहरू

युरोपका विद्यालयहरूमा सञ्चालित आइसीएच परियोजनाहरूका भिडियो सामाग्रीहरू

CLICK भौतिक विज्ञान र कम्प्युटर सहायक डिजाइनका कक्षाहरूमा ग्लकरलफ (Glöcklerlauf)

CLICK भूगोल, संगित र गणितका कक्षाहरूमा ओ मर्डिरो (O Merdeiro)

CLICK कला र गणितका कक्षाहरूमा जापानी हंगामा प्रिन्ट

CLICK भिडियो एनिमेशन श्रृङ्खला

यी भिडियोहरू निम्न भाषाहरूमा उपलब्ध छन्:
(**अंग्रेजी**) (**खमेरे**) (**कोरियने**) (**नेपाली**) (**रूसी**) (**थाई**) (**लाओ**) (**बर्मेली**)

CLICK अनलाइन पाठ्यक्रम (अध्ययनको गति आफै निर्धारण गर्न सकिने, विश्व नागरिक शिक्षा अनलाइन क्याम्पस प्लेटफर्ममा नि:शुल्क उपलब्ध)

CLICK आइसीएचलाई समेट्ने पाठहरूको संग्रह

CLICK एसिया-प्रशान्त क्षेत्रमा अमूर्त साँस्कृतिक सम्पदायुक्त एवं अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी शिक्षण एवं सिकाइः सर्वेक्षण प्रतिवेदन

CLICK दिगो भविष्यका लागि अमूर्त सम्पदायुक्त सिकाइः एसिया-प्रशान्त क्षेत्रका शिक्षाकर्मीहरूका लागि निर्देशिका (**अंग्रेजी**) (**रूसी**) (**उज्बेक**)

CLICK भियतनाममा औपचरिक शिक्षाका क्षेत्रमा सञ्चालित 'दिगो विकास लक्ष्यहरूमा आइसीएचको योगदान' परियोजनाका लागि तयार पारिएको निर्देशिका

CLICK दिगो विकास लक्ष्यहरूमा आइसीएचको योगदान सम्बन्धी अध्ययनः शिक्षा तथा समुदाय विकास प्रतिवेदन आर्थिक वर्ष २०२०–२०२१

## विश्व नागरिक शिक्षा सम्बन्धी जानकारीका स्रोतहरू

CLICK विश्व नागरिक शिक्षा सम्बन्धी युनेस्को वितरण-केन्द्र

CLICK विश्व नागरिक शिक्षाः विषय एवं सिकाइका उद्देश्यहरू

CLICK विश्व नागरिक शिक्षाका लागि शिक्षकहरूलाई तयार पार्ने सम्बन्धी नमूना सन्दर्भ सामाग्री

CLICK विश्व नागरिक शिक्षाः प्रशिक्षकहरूका लागि सहयोगी सामाग्री

### *APCEIU स्रोत-सामाग्री*

CLICK विश्व नागरिक र विश्व सम्पदालाई जोड्ने

CLICK जल, सम्पदा र जोखिमकाबीच जीवनः विश्व नागरिक शिक्षक सामाग्री

CLICK एसिया-प्रशान्त क्षेत्रका सन्दर्भमा विश्व नागरिक शिक्षाः स्थानीयकरण सहयोगी सामाग्री (APCEIU,2020)

CLICK सोच, समानुभूति र सक्रियता जनाऔः विश्व नागरिकहरू एकजुट बनौँ (APCEIU, 2021) प्रशिक्षक निर्देशिका एवं विद्यार्थीहरूको अभ्यास पुस्तिका (अंग्रेजी इण्डोनेसियन, खमेर, लाओ र मङ्गोलियन भाषामा) (**प्रशिक्षक निर्देशिका**) (**विद्यार्थीहरूको अभ्यास पुस्तिका**)

CLICK विश्व नागरिक शिक्षा अनलाइन क्याम्पस

CLICK विश्व नागरिक शिक्षा सम्बन्धी सार्वजनिक पहुँचयुक्त कोर्सहरू

CLICK विश्व नागरिक शिक्षा र सम्बन्धित विषयहरूमा विशेष प्रवचनहरू

CLICK विश्व नागरिक शिक्षा माइन्यूट (विश्व नागरिक शिक्षा र सम्बन्धित विषयहरूमा तयार पारिएका छोटा-छोटा सामाग्रीहरू जस्तैः भिडियो क्लिप्स, पोस्टर फाइल आदि)

CLICK विश्व नागरिक शिक्षा भनेको के हो?

CLICK विश्व नागरिक शिक्षाका शिक्षण-विधिहरू सम्बन्धी सिद्धान्तहरू

CLICK विश्व नागरिक शिक्षाको अभ्यास (विश्व नागरिक शिक्षा अभ्यासका उदाहरणहरू)

## शैक्षिक अभ्यासहरू सम्बन्धी जानकारीका स्रोतहरू

शिक्षण विधिहरूसँग सम्बन्धित जानकारीहरू तल दिइएका स्रोतहरूबाट प्राप्त गर्न सकिन्छः

### *सक्रिय शिक्षण विधि*

सिकाइ तथा शिक्षण अनुसन्धान केन्द्र :

- CLICK शिक्षण रणनीति
- CLICK सक्रिय शिक्षण भनेको के हो ?
- CLICK टीच डट कम (Teach.com)

शिक्षण सोचाइ :

- CLICK मिरिय क्लिफर्ड, शिक्षकहरूका लागि २० वटा सहकार्यात्मक सिकाइ सुझाव एवं रणनीतिहरू
- CLICK कक्षा-कोठामा जिज्ञासामा आधारित सिकाइको वातावरण सिर्जना गर्ने उपायहरू

शिक्षक परिकल्पना :

- CLICK सहकार्यात्मक सिकाइ

### *कक्षाकोठा व्यवस्थापन*

- CLICK युनेस्को । २००६ । धेरै विद्यार्थीहरू भएका कक्षाहरूमा शिक्षण कसरी गर्ने भन्ने बारे व्यवहारिक सुझावहरूः शिक्षक मार्गदर्शन
- CLICK युनेस्को । २००९ । विविधतालाई आत्मसाथ गर्दै समावेशी एवं सिकाइ-मैत्री वातावरणको सिर्जना गर्न मद्दत पुऱ्याउने सहयोगी सामाग्री

### *कक्षाकोठामा लैङ्गिक समता*

- CLICK युनेस्को । २०१९ । एसिया-प्रशान्त शैक्षिक सञ्जालमा लैङ्गिकता सहयोगी सामाग्रीः शिक्षामा लैङ्गिक समानता प्रबर्द्धन

# सहयोगी सामाग्री १ : नमूना पाठ योजना: जीवन्त सम्पदा भनेको के हो?

| | |
|---|---|
| **मुख्य विचार** | जीवन्त सम्पदा अत्यन्तै विविधतापूर्ण छ ।<br>यसलाई जीवन्त राख्नु महत्वपूर्ण छ किनभने यसले समुदायहरूलाई उनीहरूको पहिचान परिभाषित गर्न मद्दत गर्दछ । |
| **मुख्य अवधारणाहरू** | • **मूर्त सम्पदा:** हामीले हाम्रा पुर्खाहरूबाट विरासतमा पाएका स्मारक, स्थान वा वस्तुहरू जसलाई हामीहरू हामीसँगै राख्न चाहन्छौँ ।<br>• **अमूर्त साँस्कृतिक सम्पदा (आइसीएच) = जीवन्त सम्पदा:** हामीले हाम्रा पुर्खाहरूबाट विरासतमा पाएका परम्परा, ज्ञान, सिप जसलाई हामीहरू अहिले पनि अभ्यास गर्दछौँ र भावी पुस्तालाई हस्तान्तरण गर्न चाहन्छौँ किनकि तिनीहरू हामी र हाम्रो समुदायका लागि महत्वपूर्ण छन् ।<br>• **समुदाय:** मानिसहरूको समूह, ठूलो वा सानो, जो खास जीवन्त सम्पदा तत्व अभ्यास गर्दछ वा आफू पनि त्यससँग जोडिएको महसुस गर्दछ ।<br>• **संरक्षण:** समुदायले उनीहरूका लागि अर्थपूर्ण हुनेगरी अमूर्त साँस्कृतिक सम्पदाको अभ्यास एवं हस्तान्तरण गर्न सकिरहेको सुनिश्चित गर्नु । |
| **कक्षा संख्या/पाठको संख्या** | १ देखि ३ कक्षा (१ कक्षा करिब ५० मिनेटको हुन्छ) |
| **तह** | उच्च प्राथमिक/निम्न माध्यमिक |
| **आवश्यक सामाग्री एवं उपकरणहरू** | • फ्लिपचार्ट वा बोर्ड<br>• सादा टाँस्ने नोट वा कार्ड<br>• मार्कर, टाँस्ने टेप<br>• तस्वीरहरू देखाउन वा भिडियो क्लीपहरू बजाउने हो भने श्रब्य-दृष्य उपकरण र इन्टरनेटको पहुँच (वा यस्तै सामाग्रीहरू भएको हार्डकपि)<br>• कक्षामा प्रयोग गर्न वा वितरण गर्नका लागि हस्तपत्र<br>• सम्पदा वस्तुहरू (ऐच्छिक) |
| **पूर्व-ज्ञानको आवश्यकता** | पूर्व-ज्ञान आवश्यक नपर्ने |

## सिकाइका उद्देश्यहरू

***ज्ञान:***

- सम्पदा के हो र सम्पदाका विभिन्न स्वरूपहरू के के हुन् भनेर बुझ्ने
- आफ्नो जीवन्त सम्पदाका बारेमा सचेत बन्ने
- सम्पदा संरक्षण गर्न किन महत्वपूर्ण छ भन्ने बारेमा चिन्तन गर्ने

***सिप:***

- सम्पदाहरूलाई विभिन्न मापदण्डहरू अनुसार वर्गीकरण गर्ने
- सूचना सङ्कलन (अन्तर्वार्ताका माध्यमबाट) गर्ने तथा प्रस्तुत गर्ने

***धारणा:***

- जीवन्त सम्पदाको विविधताको सराहना गर्ने
- आफ्नो तथा अरूको जीवन्त सम्पदाप्रति अभिरूचि तथा खुला हृदय प्रदर्शन गर्ने

## गतिविधिहरू

### कक्षा १

*द्रष्टव्यः अमूर्त साँस्कृतिक सम्पदाका तत्वहरू सम्बन्धी केही भिडियोहरू हेर्न तथा युनेस्कोद्वारा निर्मित Dive into ICH सामाग्रीको खोज अनुसन्धान गर्न यसलाई २ वटा कक्षाहरूभित्र विस्तार गर्न सकिन्छ । खेल र छलफलका लागि छुट्याएको समय पनि बढाउन सकिनेछ ।*

| # | गतिविधि/कृयाकलाप | सहयोगी सामाग्रीहरू |
|---|---|---|
| १<br>५ मि | **अभिरूचि जगाउने प्रारम्भिक (Hook) गतिविधिः सम्पदा**<br>१.१. विद्यार्थीहरूलाई एक एक गरेर सम्पदा शव्दले उनीहरूका लागि के अर्थ राख्दछ भनि सोध्नुहोस ।<br>१.२. हरेक विद्यार्थीहरूले टाँस्न मिल्ने कागजमा सम्पदाका तीन वटा उदाहरणहरू लेख्छन् ।<br>१.३. विद्यार्थीहरूले उनीहरूले लेखेका कागजहरू बोर्डमा टाँस्छन् । | • फ्लिप चार्ट वा बोर्ड<br>• पोस्ट–इट नोट वा कार्ड टेप<br>• मार्कर |

| # | गतिविधि/कृयाकलाप | सहयोगी सामाग्रीहरू |
|---|---|---|
| २<br>१० मि | **शिक्षक प्रवचन : सम्पदा**<br>२.१ सम्पदा भनेको के हो ?<br>२.२ मूर्त र अमूर्त सम्पदा बिचको भिन्नता<br>२.३ अमूर्त साँस्कृतिक सम्पदा (आइसीएच)का विशेषताहरू | • शिक्षकको नोट १<br>• विश्व सम्पदा स्थलहरूको सूची: CLICK<br>• तपाईंको देशमा भएका संरक्षित सम्पदा स्थल तथा ऐतिहासिक स्मारकहरूको सूची<br>• २००३ को महासन्धिले निर्दिष्ट गरेको प्रावधान अनुसारका आइसीएच तत्वहरूको सूची<br>• अमूर्त साँस्कृतिक सम्पदाका राष्ट्रिय, क्षेत्रीय (प्रदेश स्तरीय) र स्थानीय निकाय विवरणसूचीहरू |
| ३<br>१५ मि | **वर्गीकरण गर्ने खेलः मूर्त र अमूर्तको तुलना**<br>३.१ दुईवटा ठाउँ (जस्तैः भित्ताका दुईवटा भागहरू वा बोर्डमा रेखा तानेर दुईवटा कोठाहरू बनाउने) बनाउनुहोस् र एउटामा "मूर्त सम्पदा" र अर्कोमा "अमूर्त सम्पदा" लेख्नुहोस् ।<br>३.२ प्रारम्भिक गतिविधिका बेला विद्यार्थीहरूले तयार पारेका वा तपाईंले पहिले नै तयार पारेका कार्डहरू पढ्नुहोस् ।<br>३.३ विद्यार्थीहरूलाई मूर्त र अमूर्त साँस्कृतिक सम्पदा – यी दुईवटा वर्गहरूमा मिल्ने गरी कार्डमा लेखिएका सम्पदा तत्वहरूलाई वर्गीकरण गर्न लगाउनुहोस् ।<br>३.४ छलफल । प्रश्नहरू सोध्नुहोस् । उदाहरणका लागि:<br>– क) के मूर्त वा अमूर्त तत्वमा वर्गीकरण गर्नु सजिलो छ ?<br>– ख) के यी दुईवटा वर्गहरू प्रष्टसँग फरक छन्, वा यी दुई वर्गहरूका बिच थुप्रै कुराहरू दोहोरिएका छन् ? | • मूर्त र अमूर्त सम्पदा लेखिएका दुईवटा संकेत कार्डहरू<br>• प्रारम्भिक गतिविधिका बेला विद्यार्थीहरूले तयार पारेका कार्डहरू<br>• बैकल्पिक रूपमा वा यसका अतिरिक्त, विद्यार्थीहरूले थाहा पाएका विभिन्न सम्पदा तत्वहरू जस्तैः प्रसिद्ध कलाकृति, लोकप्रिय पौराणिक कथा, कथा वा गीत, स्थानीय हस्तकला, स्मारक वा स्थान आदि उदाहरणहरू समेटेर पहिले नै तयार पारेका कार्डहरू<br>वा<br>• हस्तपत्र १: जसलाई ठूलो आकारमा बनाउन एवं पुनःउत्पादन गर्न सकिन्छ |

| # | गतिविधि/कृयाकलाप | सहयोगी सामाग्रीहरू |
|---|---|---|
| ४<br>१० मि | **शिक्षक प्रवचनः अमूर्त साँस्कृतिक सम्पदा (जीवन्त सम्पदा)**<br>४.१ जीवन्त सम्पदा अत्यन्तै विविधताले भरिएको छ ।<br>४.२ जीवन्त सम्पदा को सरंक्षणः किन र कसरी?<br>– विद्यार्थीहरूलाई उनीहरूका लागि जीवन्त सम्पदा किन महत्व छ भनेर उनीहरूको विचार जान्नुहोस्<br>४.३ समुदायको भूमिका | • शिक्षकको नोट २<br>• आइसीचका ५ वटा (वा सो भन्दा बढी) विधाहरूका स्थानीय उदाहरणहरू भएका फोटोहरू वा छोटा छोटा भिडियो क्लिप्सहरू<br>• भिडियो एनिमेशन (०१:३९ मिनेट सम्म) (अप्सनल) CLICK<br>• हस्तपत्र २: जीवन्त सम्पदा भनेको के हो? (यसमा स्थानीय आइसीएच अभ्यासका आधारमा तयार पारिएको फोटो सहित) |
| ५<br>१० मि | **हाम्रो विविधतायुक्त जीवन्त सम्पदा**<br>५.१ पहिला प्रस्तुत गरेका (जस्तैः वर्गीकरण गर्ने खेलमा प्रयोग गरिएका) मध्येबाट केही उदाहरणहरू छान्नुहोस् र ती कुन विधा अन्तर्गत पर्न सक्लान् भनेर छलफल गर्नुहोस् ।<br>५.२ कुनै कुनै जीवन्त सम्पदाहरू धेरैवटा विधाहरू अन्तर्गत पनि पर्न सक्छन् भनेर वर्णन गर्नुहोस् ।<br>५.३. विद्यार्थीहरूलाई विभिन्न विधामा पर्न सक्ने जीवन्त सम्पदाका थप उदाहरणहरू प्रस्तुत गर्न लगाउनुहोस् ।<br>५.४ यदि समयले साथ दिएमा युनेस्कोको अनलाईन स्रोत भण्डार आइसीएच कुण्ड (Dive into ICH) को प्रयोग गर्नुहोस्; विद्यार्थीहरूले आफ्नो रूचि अनुसार कुन विषयवस्तु वा देशका बारेमा जानकारी लिने भनेर प्रस्ताव गर्न सक्छन् । | • आइसीएच कुण्ड (Dive into ICH) CLICK |

| # | गतिविधि/कृयाकलाप | सहयोगी सामाग्रीहरू |
| --- | --- | --- |
| ६<br>५ मि | **समापन**<br>६.१ पाठका मुख्य बुँदाहरूलाई संक्षेपमा प्रस्तुत गर्नुहोस्<br>- मूर्त र अमूर्त सम्पदा बिचको फरक<br>- अमूर्त सम्पदा जीवन्त सम्पदा हो; यो विविधताले भरिएको छ ।<br>- समुदायको भूमिका (यसलाई घरघरमा विस्तार गर्ने गतिविधिको शुरूवातका रूपमा लिन सकिनेछ, जसमा समुदाय पनि सहभागी हुनेछन् )<br>६.२ **गृह कार्यः "मेरो जीवन्त सम्पदा" परियोजना**<br>– सुझाइएको गृहकार्य १ 'मेरो जीवन्त सम्पदा' परियोजनाका बारेमा बताउनुहोस्<br>– विद्यार्थीहरूले समूहमा गर्नु पर्ने अनुसन्धान तथा प्रस्तुतिकरणको निर्देशन सहित ह्याण्डआउट ३ वितरण गर्नुहोस् ।<br>– यो गृहकार्य अभिलेखिकरण (डकुमेन्टेशन) गर्ने कार्य हो, त्यसैले यसले जीवन्त सम्पदा संरक्षण गर्ने तथा चेतना अभिवृद्धि गर्ने कार्यमा योगदान पुऱ्याउँछ भनेर वणर्न गर्नुहोस् । | • ह्याण्डआउट ३: "मेरो जीवन्त सम्पदा"<br>• सहयोगी सामाग्री ४: सूचना सङ्कलन |

## कक्षा २

| # | गतिविधि/कृयाकलाप | सहयोगी सामाग्रीहरू |
|---|---|---|
| ७<br>५-१० मि | **खाली ठाउँ भर्ने क्रियाकलाप**<br>७.१ विद्यार्थीहरूले व्यक्तिगत रूपमा हस्तपत्र (ह्याण्डआउट) ४ मा भएका खाली ठाउँहरू भर्दछन् ।<br>७.२ विद्यार्थीहरूले जोडीमा एकार्काका उत्तरहरू जाँच गर्दछन् र/वा कक्षामा छलफल गर्दछन् ।<br>उत्तर:<br>जीवन्त/पुस्ता/पुस्ता परिवर्तन/अर्थपूर्ण/सम्बद्ध/समुदाय/संरक्षित/प्रकृति/सामाजिक अभ्यास<br>७.३ विद्यार्थीहरूका बुझ्न नसकेका कुनै अवधारणाहरू छन् भने प्रष्ट पार्नुहोस् । | • ह्याण्डआउट ४: अमूर्त सास्कृतिक सम्पदा सम्बन्धी खाली ठाउँ भर्ने क्रियाकलाप |
| ८<br>३०-३५ मि | **आइसीएचसम्बन्धी प्रस्तुतीकरण**<br>८.१ विद्यार्थीहरूले एक्लाएक्लै वा समूहमा छनौट गरिएका आइसीएच तत्वहरूका बारेमा प्रस्तुत गर्दछन् ।<br>८.२ कक्षामा छलफल गर्नुहोस्:<br>- अर्को समूहले प्रस्तुत गरेका आइसीएच तत्वहरूसँग जो विद्यार्थीहरू परिचित छन् उनीहरूले ती तत्वहरूका बारेमा आफ्नो अनुभव बाँड्न सक्छन् ।<br>- अर्को समुदायले अभ्यास गर्ने आइसीएच तत्वसँग मिल्ने वा अलिकति फरक तत्हरूका बारेमा थाहा पाएका विद्यार्थीहरूले आफूसँग भएको ज्ञान बाँड्न एवं समानता र भिन्नताका बारेमा छलफल गर्न सक्छन् ।<br>*नोट: विद्यार्थीहरूले आफूलाई लागेका विचारहरू बाँड्दा खुला हृदय र सम्मानजनक तरिकाले बाँड्नु अत्यन्तै महत्वपूर्ण छ ।* | • विद्यार्थीहरूको प्रस्तुति: *विद्यार्थीहरूले उनीहरूको प्रस्तुतिकरणका लागि कुनै विशेष उपकरण आवश्यक पर्ने हो भने शिक्षकलाई यसका बारेमा कक्षा शुरू हुनु भन्दा पहिले नै जानकारी दिनु पर्दछ ।* |

| # | गतिविधि/कृयाकलाप | सहयोगी सामाग्रीहरू |
|---|---|---|
| ९<br>१० मि | **समापन**<br>९.१ पाठका मुख्य बुँदाहरूलाई संक्षेपिकरण गर्नुहोस्<br>- जीवन्त सम्पदा अत्यन्तै विविधतापूर्ण छ ।<br>- समुदायको अत्यन्तै महत्वपूर्ण भूमिका हुन्छः उनीहरूले आफ्नो सम्पदा अभ्यास र हस्तान्तरण गर्दछन् ।<br>- हामी सबैसँग समृद्ध सम्पदा छः यसले हामीहरूलाई हाम्रो पहिचान परिभाषित गर्न सहयोग गर्दछ । हामीहरूले यसलाई संरक्षण गर्नु पर्दछ ।<br>- हामीहरूले अरू मानिसहरूको जीवन्त सम्पदाको समेत सम्मान र सराहना गर्नुपर्छ ।<br>९.२ कक्षामा यदि उनीहरूले समूह प्रस्तुतीकरणका क्रममा प्रस्ताव गरिएका मध्ये कुनै परियोजना कार्यान्वय गर्न चाहन्छन् कि भनेर छलफल गर्नुहोस् । | |

## मूल्याङ्कन

मूल्याङ्कन निम्न कुराहरूमा आधारित हुन सक्छः

- कक्षामा हुने गतिविधिहरूमा सहभागिता (वर्गीकरण गर्ने खेल, विधा आदि)
- गतिविधिमा दिएका उत्तरहरू
- प्रस्तुतिकरणका उपलब्धिहरू

## घरमा गर्नका लागि सुझाइएका गतिविधिहरू :

### १ परियोजना : *"मेरो जीवन्त सम्पदा"*

सानो समूहमा विद्यार्थीहरूले उनीहरूको जीवन्त सम्पदा छनौट गर्दछन् र उनीहरूको परिवार वा समुदायका सदस्यहरूसँग अन्तर्वार्ता लिन्छन् । अन्तर्वार्ताका क्रममा उनीहरूले यी प्रश्नहरू सोध्दछन्: यो जीवन्त सम्पदा के हो; (२) समुदायमा यसलाई कसरी अभ्यास गरिन्छ; (३) समुदाय र उत्तरदाता आफैका लागि यसको महत्व किन छ र (४) यो सम्पदा तत्वको अभ्यास भइरहोस भनी सुनिश्चित गर्न के गर्नु पर्ला (विद्यार्थीहरूले आफूले गर्न सक्ने कुनै कार्यक्रम वा परियोजनाका बारेमा सोच्न सक्छन्)। यस पछि उनीहरूले सोधेका प्रश्नहरूको उत्तर तथा आफूले सङ्कलन गरेका अन्य सूचनाहरूका आधारमा ५ मिनेटको एउटा प्रस्तुति बनाउँछन् ।

आफूले प्राप्त गरेका जानकारीहरू प्रस्तुत गर्न विद्यार्थीहरूले श्रव्य-दृष्य सामाग्रीहरू, पोष्टर वा अन्य कुनै रचनात्मक सामाग्रीहरू बनाउन सक्छन् ।

द्रष्टव्यः विद्यार्थीहरूले साँस्कृतिक विविधतायुक्त वातावरणमा, उदारहणका लागि, उनीहरूको जीवन्त सम्पदा सहपाठीहरूको भन्दा धेरै नै फरक भएको खण्डमा, समूहमा नभएर व्यक्तिगत रूपमा प्रस्तुतिकरण बनाउन मन पराउन सक्छन् ।

### *२. जीवन्त सम्पदा प्रदर्शनी*

'मेरो जीवन्त सम्पदा' परियोजनाका उपलब्धिहरूलाई विद्यालयमा मनाइने विशेष दिवस जस्तैः वार्षिक दिवस, संवाद र विकासका लागि साँस्कृतिक विविधता विश्व दिवस (२१ मे) वा समुदायमा मनाइने विशेष दिवसमा प्रदर्शन गर्नका लागि जम्मा गरेर राख्न सकिन्छ ।

## शिक्षण तथा सिकाइ सम्बन्धी स्रोतहरू

- आइसीएच कुण्ड (Dive into ICH) CLICK
- अमूर्त साँस्कृतिक सम्पदा तथा अमूर्त साँस्कृतिक सम्पदा महासन्धि २००३ अन्तर्गत उल्लेख भएका संरक्षणका राम्रा अभ्यासहरूको सूचीकरण CLICK
- विश्व सम्पदा स्थलहरूको सूची CLICK
- तपाईंको देशमा भएका संरक्षित सम्पदा स्थल तथा ऐतिहासिक धरोहरहरू ।
- आइसीएचका राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय विवरण-सूचीहरू ।

# शिक्षकको नोट

## शिक्षकको नोट १

### *सम्पदा के हो ?*

द्रष्टव्य : यो जानकारी World Heritage in Young Hands: An Educational Resource Kit for Teachers (UNESCO, 2002) बाट साभार गरिएको हो ।

सम्पदाको परिभाषाः सम्पदा भनेको हामीले विगतबाट प्राप्त गरेको विरासत हो जससँगै हामीहरू आज बाँच्दछौँ, र जसलाई हामीहरू भावी पुस्ताका लागि हस्तान्तरण गर्नेछौँ । हाम्रा साँस्कृतिक र प्राकृतिक दुवै प्रकारका सम्पदाहरू हाम्रो जीवन र प्रेरणाका अनमोल स्रोतहरू हुन् ।

तपाईले त्यस्ता स्थान, वस्तु, वा परम्पराहरूका बारेमा पनि सोच्न सक्नुहुन्छ जसलाई हामीहरू बचाइ राख्न चाहन्छौँ । हामीहरूले तिनीहरूलाई मूल्यवान ठान्छौँ किनकि तिनीहरू हाम्रो पुर्खाबाट आएका हुन्, र किनभने तिनीहरू हाम्रो जीवनका महत्वपूर्ण हिस्सा हुन्, र हामीलाई आशा छ हाम्रा बालबालिकाहरूले पनि तिनीहरूको प्रशंसा गर्नेछन् । तिनीहरू सुन्दर छन्, वैज्ञानिक वा सामाजिक हिसाबले महत्वपूर्ण छन् र जीवन र प्रेरणाका श्रोतहरू हुन् । तिनीहरू हामीहरू जहाँ छौं - हाम्रो पहिचानसँग जोडिएका आधिकारीक प्रमाण हुन् ।

### *मूर्त र अमूर्त सम्पदाकाबीचको भिन्नता*

साँस्कृतिक सम्पदालाई मुख्यतया दुई भागममा बाँड्न सकिन्छ ।

- **मूर्त साँस्कृतिक सम्पदा**ः मूर्त = जसलाई तपाईं छुन सक्नुहुन्छ
  - एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्न सकिने साँस्कृतिक सम्पदा (पेन्टिङ, मूर्ति, सिक्का, पाण्डुलिपि)
  - अचल साँस्कृतिक सम्पदा (स्मारक, पुरातात्विक स्थल र यस्तै सम्पदाहरू)
  - अन्तर्जलीय साँस्कृतिक सम्पदा (डुबेको पानीजहाजका अवशेषहरू, पानीमुनि डुबेका भग्नावशेष तथा शहरहरू)
- **अमूर्त साँस्कृतिक सम्पदाः** अमूर्त = जसलाई तपाईंले छुन सक्नुहुन्न
  - हामीले हाम्रा पुर्खाहरूबाट विरासतका रूपमा पाएका परम्परा, ज्ञान, सिपहरू जसलाई हामीहरू अहिले पनि अभ्यास गर्दछौँ र हस्तान्तरण गर्न चाहन्छौँ किनकि तिनीहरू हामी र हाम्रो समुदायका लागि महत्वपूर्ण छन् ।

अर्को साँस्कृतिक सम्पदा प्राकृतिक सम्पदा हो **जुन मानव गतिविधिहरूबाट निर्मित भएको हुन्छ वा मानव संस्कृतिको महत्वपूर्ण हिस्साका रूपमा रहेको छ ।**

- यी प्राकृतिक स्थलहरूका साँस्कृतिक पक्षहरू हुन्छन्, जस्तैः
  - साँस्कृतिक भूपरिदृष्य : प्राकृतिक स्थलहरू जसलाई मानिसहरूले आफ्ना गतिविधिहरूका माध्यमबाट रूपान्तरण गरेका हुन्छन् । तिनीहरूको साँस्कृतिक, आध्यात्मिक वा सामाजिक मूल्यमान्यता हुन्छन् ।
  - महत्वपूर्ण भौतिक, जैविक वा भौगोलिक व्युत्पत्ति, उदाहरणका लागि त्यस्ता स्थल वा वस्तुहरू जसले यो ग्रहको उत्पत्ति र उद्विकासका महत्वपूर्ण कालखण्डहरूलाई दर्शाउँछन्; वा विशाल जैविक विविधता समेट्छ ।

**अमूर्त साँस्कृतिक सम्पदाका विशेषताहरू**

आइसीएचको परिभाषाः त्यस्ता अभ्यास, प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान, सिप –साथै औजार, वस्तु, कलाकृति तथा सम्बद्ध साँस्कृतिक स्थलहरू –जसलाई समुदाय, समूह र, कुनै सन्दर्भमा, व्यक्तिहरूले उनीहरूको साँस्कृतिक सम्पदाको हिस्साका रूपमा मान्यता दिन्छन् ।

अमूर्त सम्पदाः

... **जीवन्त** सम्पदा होः मानिसहरूले यसलाई आज पनि अभ्यास गर्दछन् ।

... पुस्तौं पुस्तादेखि **हस्तान्तरण** हुँदै आएको छ : युवा पुस्ताले उनीहरूका पुर्खाहरूबाट सिक्छन् ।

... **गतिशिल** र समयसँगै परिवर्तन हुँदै आएको छः यो हाम्रो हजुबा/आमाका पालामा जस्तो थियो अहिले त्यस्तै नहुन सक्छ, वा आउने पुस्ताका पालामा पनि यसरी नै परिवर्तन हुन सक्ला । त्यसैले, जीवन्त सम्पदा 'आधिकारिक' भन्ने हुँदैन । आधिकारिक भन्नाले खाली एउटै तरिकाले मात्रै अभ्यास गर्न सकिने भन्ने अर्थ दिन्छ । हामीहरूले हाम्रा हजुरबा हजुरआमाले भन्दा फरक तरिकाले अभ्यास गर्न चाहौंला, त्यो पनि सही हो ।

... **निरन्तरता** र **पहिचान**को भाव दिन्छः आफूलाई यसका माध्यमबाट आफूलाई चिनाउने मानिसहरूका लागि यो महत्वपूर्ण र अर्थपूर्ण हुन्छ ।

... **राज्यको सीमाना भित्र सीमित हुँदैन**ः कुनै एउटा आइसीएच तत्वलाई विभिन्न क्षेत्र र देशका मानिसहरूले अभ्यास गर्न सक्छन् । थुप्रै आप्रवासीहरूले उनीहरू आप्रवासनमा बसेको देशका जीवन्त सम्पदाहरू अभ्यास गर्दछन् । (त्यसैले, सम्पदा 'राष्ट्रिय' हुँदैन ।)

## शिक्षक नोट २

### *जीवन्त सम्पदा अत्यन्तै विविधतापूर्ण हुन्छ*

जीवन्त सम्पदा धेरै प्रकारका हुन्छन् । तिनीहरूलाई विधा भनिन्छ ।

जीवन्त सम्पदाका पाँचवटा मुख्य विधाहरू छन्:

- **मौखिक परम्परा** (उखान, दन्त्य कथा, वीरताका गीतहरू, कविता आदि)
- **अभिनय कला** (गीत-सङ्गीत, नृत्य, नाटक, सर्कस आदि)
- **सामाजिक अभ्यास एवं अनुष्ठान,** ऋतु परिवर्तन हुँदा वा व्यक्तिको जीवनका खास अवस्थाहरू पुरा हुँदा गरिने विभिन्न गतिविधिहरू, आदि ।
- **प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान (स्थानीय वनस्पति तथा जीवजन्तु सम्बन्धी ज्ञान, परम्परागत उपचार विधि, आध्यात्मिकता तथा विश्वदृष्टिकोणलाई प्रतिबिम्बित गर्ने अभ्यासहरू आदि)**
- **कलाकौशलतासँग** सम्बन्धित **सिप तथा ज्ञान**

धेरै देशहरूले अन्य विधाहरू, जस्तै **खेलकूद** पनि **समावेश** गर्दछन् ।

## *जीवन्त सम्पदा संरक्षणः किन र कसरी?*

संरक्षणका उपायहरू भनेका मानिसहरूलाई अर्थपूर्ण तरिकाले जीवन्त सम्पदा अभ्यास तथा हस्तान्तरण गर्न सहयोग गर्ने गतिविधिहरू हुन् ।

संरक्षण उपायका केही उदाहरणहरूः

- अभिलेखिकरण तथा अनुसन्धानः (जस्तैः जीवन्त सम्पदा भनेको के हो, यसलाई कसले अभ्यास गर्दछ, कहिले कहाँ, कसरी र किन अभ्यास गर्दछ, अभ्यासहरूलाई संरक्षणको आवश्यकता छ कि) ।
- विवरण-सूचीकरण गर्नेः कुनै क्षेत्रमा भएका जीवन्त सम्पदाहरूको सूची बनाउने ।
- प्रबर्द्धन जस्तैः प्रवचनहरूको आयोजना गर्ने वा आइसीएच तत्वको प्रदर्शनी गर्ने ।
- ज्ञान तथा सिप आदिको हस्तान्तरण आदिः जस्तैः कक्षाहरू सञ्चालन गर्ने, अभ्यासहरू प्रदर्शन गर्ने ।
- आइसीएचका बारेमा वा आइसीएचयुक्त शिक्षाः आइसीएका बारेमा पढाउने वा अन्य विषय पढाउन आइसीएचलाई सहयोगी सामाग्रीका रूपमा प्रयोग गर्ने ।

## *समुदायको भूमिका*

**समुदाय** भनेको मानिसहरूको समूह हो, जुन ठूलो वा सानो हुन सक्छ र जसले खास जीवन्त सम्पदा तत्व अभ्यास गर्दछ र त्योसँग आफूलाई जोडिएको महसुस गर्दछ । उदाहरणका लागि, यदि तपाईंले परम्परागत सङ्गीत बजाउनु हुन्छ, महोत्सवमा सहभागी हुनुहुन्छ वा आफ्ना हजुरबा वा हजुरआमाबाट सिकेको कुनै हस्तकला अभ्यास गर्नुहुन्छ भने तपाईं त्यो समुदायको सदस्य हुनुहुन्छ । तपाईं कुनै एक परिवारको मात्र नभएर सँगसँगै धेरै परिवारहरूको सदस्यको रूपमा पनि चिनिनु सक्नहुन्छ ।


प्रायः समुदाय वा परिवार भित्र नै ज्ञान र सिपको हस्तान्तरण हुन्छ ।

जीवन्त सम्पदा के हो, यसको हस्तान्तरण र यसलाई संरक्षण गर्नु पर्ने/नपर्ने वा कसरी गर्ने भन्ने बारेमा अन्तिम निर्णय गर्ने जिम्मा समुदायका सदस्यहरूकै हुन्छ ।


## हस्तपत्र (Handouts)

## हस्तपत्र १: वर्गीकरण गर्ने खेल

आठ वटा सम्पदा तत्वहरूलाई मूर्त र अमूर्त वर्गमा वर्गीकरण गर्नुहोस् ।



मूर्त



अमूर्त

| | |
|---|---|
| परम्परागत सङ्गीत | स्थानीय किंवदन्ती |
| संग्रहालयको कुनै वस्तु | महत्वपुर्ण व्यक्तित्वको मूर्ति |
| तुना बाँध्ने सिप | नयाँ वर्ष समारोह |
| चर्च | पुरातात्विक स्थल |

# हस्तपत्र २ः जीवन्त सम्पदा भनेको के हो ?

आइसीएचको परिभाषाः *त्यस्ता अभ्यास/प्रचलनहरू, प्रतिनिधित्व, अभिव्यक्ति, ज्ञान, सिप –साथै औजार, वस्तु, कलाकृति तथा सम्बद्ध साँस्कृतिक स्थलहरू –जसलाई समुदाय, समूह र, कुनै सन्दर्भमा, व्यक्तिहरूले उनीहरूको साँस्कृतिक सम्पदाको हिस्साका रूपमा मान्यता दिन्छन् ।*

अमूर्त सम्पदाः

... **जीवन्त** सम्पदा होः मानिसहरूले यसलाई आज पनि अभ्यास गर्दछन् ।

... पुस्तौँ पुस्तादेखि **हस्तान्तरण** हुँदै आएको छ : युवा पुस्ताले उनीहरूका पुर्खाहरूबाट सिक्छन् ।

... **गतिशिल** र समयसँगै परिवर्तन हुँदै आएको छः यो हाम्रो हजुबा/आमाका पालामा जस्तो थियो अहिले त्यस्तै नहुन सक्छ, वा आउने पुस्ताका पालामा पनि यसरी नै परिवर्तन हुन सक्ला । त्यसैले, जीवन्त सम्पदा 'आधिकारिक' भन्ने हुँदैन । आधिकारिक भन्नाले खाली एउटै तरिकाले मात्रै अभ्यास गर्न सकिने भन्ने अर्थ दिन्छ । हामीहरूले हाम्रा हजुर बा हजुरआमाले भन्दा फरक तरिकाले अभ्यास गर्न चाहौँला, त्यो पनि सही हो ।

... **निरन्तरता** र **पहिचानको** भाव दिन्छः आफूलाई यसका माध्यमबाट आफूलाई चिनाउने मानिसहरूका लागि यो महत्वपूर्ण र अर्थपूर्ण हुन्छ ।

... अभ्यास गर्ने समुदायका लागि यो सान्दर्भिक हुन्छ : यसले **सम्बद्धता**को भाव सिर्जना गर्दछ । तपाईं यसको अभ्यास गर्ने समूहको हिस्सा बन्नु हुन्छ ।

... राज्यको सीमाना भित्र **सीमित हुँदैन**ः कुनै एउटा आइसीएच तत्वलाई विभिन्न क्षेत्र र देशका मानिसहरूले अभ्यास गर्न सक्छन् । थुप्रै आप्रवासीहरूले उनीहरू आप्रवासनमा बसेको देशका जीवन्त सम्पदाहरू अभ्यास गर्दछन् ।  (त्यसैले, सम्पदा 'राष्ट्रिय' हुँदैन ।)

जीवन्त सम्पदा अत्यन्तै विविधतापूर्ण हुन्छ

जीवन्त सम्पदा धेरै प्रकारका हुन्छन् । तिनीहरूलाई 'विधा' भनिन्छ ।

- **मौखिक परम्परा** (उखान, कथा, वीरताका गीतहरू, कविता आदि)
- **अभिनय कला** (गीत-सङ्गीत, नृत्य, नाटक, सर्कस आदि)
- **सामाजिक अभ्यास एवं अनुष्ठान,** ऋतु परिवर्तन हुँदा वा व्यक्तिको जीवनका खास अवस्थाहरू पुरा हुँदा गरिने विभिन्न गतिविधिहरू, आदि
- **प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान** (स्थानीय वनस्पति तथा जीवजन्तु सम्बन्धी ज्ञान, परम्परागत उपचार विधि, आध्यात्मिकता तथा विश्वदृष्टिकोणलाई प्रतिबिम्वित गर्ने अभ्यासहरू आदि)
- **कलाकौशलतासँग** सम्बन्धित सिप तथा ज्ञान

धेरै देशहरूले अन्य विधाहरू, जस्तै खेलकूद पनि समावेश गर्दछन् ।

## हस्तपत्र ३: "मेरो जीवन्त सम्पदा""

यो कार्यलाई व्यक्तिगत रूपमा वा स-साना समूह बनाएर गर्नुपर्दछ ।

१. तपाईंको जीवन्त सम्पदाको कुनै एउटा तत्वलाई छनौट गर्नुहोस् ।

२. उनीहरूको परिवार वा समुदायका सदस्यहरूसँग अन्तर्वार्ता लिनुहोस् । अन्तर्वार्तामा तलका प्रश्नहरू सोध्नुहोस्:

- यो जीवन्त सम्पदा के हो?
- तपाईंको परिवार वा समुदायमा यसको अभ्यास कसरी गरिन्छ ? (विगतमा र अहिले, कहिले, कहाँ र कसले)
- समुदाय र तपाईं आफैका लागि यो किन महत्वपूर्ण छ ?
- यो सम्पदा तत्वको अभ्यास भइरहोस् भनेर सुनिश्चित गर्न के गर्न सकिएला ?

३. तपाईंले बटुलेका जनकारीहरूका बारेमा एउटा पाँच मिनेटको प्रस्तुति बनाउनुहोस् । यो जीवन्त सम्पदालाई संरक्षण गर्न तपाईंले बनाउन सक्ने कुनै कार्यक्रम वा परियोजनाका बारेमा प्रस्तुत गर्न सक्नुहुन्छ ।

आफूले फेला पारेका तथ्यहरू अर्को कक्षामा प्रस्तुत गर्नुहोस् । यो विभिन्न स्वरूपमा हुन सक्छ: श्रव्य-दृष्य सामाग्री वा पोष्टर अथवा तपाईंले आफ्नै सिर्जनात्मक कुनै तरिका प्रयोग गर्न सक्नुहुन्छ ।

**अन्तर्वार्ताका लागि सुझाव**

- अन्तर्वार्ता दिने व्यक्तिलाई अन्तर्वार्ताका उद्देश्यहरू र अन्तर्वार्ताबाट प्राप्त जानकारीहरूको प्रयोग कसरी गरिनेछ भनेर पहिले नै जानकारी दिनुहोस् ।
- यस अन्तर्वार्ताका लागि अन्तर्वार्ता दिने व्यक्ति सहमत भएको सुनिश्चित गर्नुहोस् । यसका अतिरिक्त, अन्तर्वार्ता दिने व्यक्ति उसले बोलेको कुरा रेकर्ड गर्न वा भिडियो खिचाउन सहमत छ कि छैन भनेर सोध्नुहोस् ।
- अन्तर्वार्ता लिनु भन्दा पहिले नै प्रश्नहरू तयार पार्नुहोस् ।
- सुन्नुहोस् ।
- सूचनाहरू टिप्नुहोस् (लिखित नोट, आवाज रेकर्ड गरेर आदि)
- सम्भव भएसम्म फोटो वा भिडियो खिच्नुहोस् ।
- सदा सम्मान व्यक्त गर्नुहोस् र आफ्नो धारणा व्यक्त नगर्नुहोस् ।

# हस्तपत्र ४ः अमूर्त साँस्कृतिक सम्पदाका बारेमा खाली ठाउँ भर्ने कार्य

**तलका शव्दहरूको प्रयोग गरी खाली ठाउँ भर्नुहोस्**

- *परिवर्तन*
- *संरक्षण*
- *पुस्ता*
- *अर्थपूर्ण*
- *जीवन्त*
- *प्रकृति*
- *सम्बद्धता*
- *पुस्ता*
- *समुदायहरू*
- *सामाजिक अभ्यासहरू*

अमूर्त सम्पदा ........................................ सम्पदा होः मानिसहरूले यसलाई आज पनि अभ्यास गर्दछन् ।

यो .................................... देखि ....................................सम्म हस्तान्तरण हुँदै आएको छ ।

समय वित्दै जाँदा यो .................................... हुन्छ ।

यसले निरन्तरता र पहिचानको भाव प्रदान गर्दछः जसले यसको अभ्यास गर्दछन् उनीहरूका लागि यो महत्वपूर्ण र .................................... छ ।

यसले ....................................को भाव सृजना गर्दछ ।

.................................... ले उनीहरूको जीवन्त सम्पदा के हो भनेर पत्ता लगाउँछन् ।

जीवन्त सम्पदालाई.................................... गर्नु आवश्यक छ ता कि मानिसहरूले यसको अभ्यासलाई निरन्तरता दिइराख्न सकून् ।

....................................सम्बन्धी ज्ञान जीवन्त सम्पदाको हिस्सा हो ।

हामीहरूले जसरी विवाह उत्सव र अन्य ........................................................................ मनाउँछौ, तिनीहरू पनि हाम्रो अमूर्त सम्पदाका हिस्सा हुन् ।

# सहयोगी सामाग्री २: विद्यालयका विषयहरू, जीवन्त सम्पदा र विश्व नागरिक शिक्षालाई जोड्ने सन्दर्भमा केही सुझावहरू

तालिका २ मा दिइएको सूचीले विद्यालयमा अध्यापन गराइने विविध विषयहरूसँग अमूर्त साँस्कृतिक सम्पदाहरू (आइसीएच)लाई कसरी एकीकृत गर्ने भन्ने बारेमा केही उपाय (आइडिया)हरू प्रदान गर्दछ । तालिकामा दिइएका केही गतिविधिहरूलाई आइसीएच अभ्याससँगै सम्बन्धित गरेर हेर्न सकिन्छ (जस्तैः महोत्सव, अभिनय कला, प्रकृतिसँग सम्बन्धित ज्ञानको प्रयोग गरी अभ्यास गरिने कृषि गतिविधि) भने अन्य गतिविधिहरूलाई अभ्याससँग सम्बन्धित वस्तुहरू (जस्तैः भेशभूषा, साङ्गीतिक वाद्यवादन सामाग्रीहरू) सँग र/वा अभ्यासका क्रममा वा सम्बन्धित वस्तुहरू उत्पादन गर्न चाहिने सामाग्रीहरू (जस्तैः कलात्मक सामाग्रीहरू बनाउनका लागि चाहिने कच्चा पदार्थ, सामाजिक संस्कारसँग सम्बन्धित खाद्यान्न तयार पार्नका लागि चाहिने मात्रात्मक सामाग्रीहरू) सँग जोडेर हेर्न सकिन्छ । सबै अवस्थामा सिकाइ प्रक्रियाले विद्यार्थीहरूलाई आइसीएच तत्वका विविध आयामहरू र समुदायमा यसको महत्व कति रहेछ भनेर पत्ता लगाउने अवसर प्रदान गर्नु पर्दछ ।

आइसीएचले पाठ्यक्रममा विद्यार्थीहरूले प्रायः थाहा पाएकै जानकारीहरू तथा गतिविधिहरूलाई प्रवेश गराउँछ भने विश्व नागरिकको अवधारणाले जे कुराका बारेमा थोरै मात्रै जानकारी पाइएको हो त्यसतर्फ बुझाइ विस्तार गर्न अभिप्रेरित गर्दछ । परिवेश अनुसारको विषयवस्तु प्रयोग गरिसकेपछि, विद्यार्थीहरूले आफूले गर्ने अभ्यास र आफूसँग भएको ज्ञानलाई अरूसँग तुलना गरी के के मिल्ने रहेछ र के के नमिल्ने रहेछ भनी हेर्ने तथा शान्ति, मानव अधिकार तथा विविधिताको सम्मान एवं दिगो विश्व निर्माणका क्षेत्रमा तिनीहरूले पुऱ्याएका सम्बन्धित योगदानहरूका बारेमा मनन गर्न सक्छन् ।

तालिका २ मा सुझाइए झैं विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने कार्यलाई कुनै पनि विषयहरूमा, अन्तर–विधात्मक परियोजनाहरूमा, कक्षामा, गृहकार्य वा अतिरिक्त शैक्षिक गतिविधिहरूका माध्यमबाट लागू गर्न सकिन्छ ।

तालिका २ः आइसीएच तत्वहरूलाई विद्यालयका विषयहरूमा समेट्ने

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **भाषा र साहित्य** | आइसीएच तत्व (सम्पदातत्व) र अभ्यासहरूसँग सम्बन्धित परम्परागत गीतका शब्दहरू, पाठ, कथा, पुराण, पाकशिक्षा, अभिलेखहरू पढ्नुहोस् । यी पाठहरूका ढाँचा, संरचना र विशेषताहरू विश्लेषण गर्नुहोस् ।<br><br>सम्पदा तत्व र यसको शाब्दिक क्षेत्रसँग सम्बन्धित अभिव्यक्तिहरू र भनाइहरू पत्ता लगाउनुहोस्, सिक्नुहोस्, शव्दहरूलाई अनुवाद गर्नुहोस् ।<br><br>विभिन्न कालखण्डमा विभिन्न क्षेत्रहरूमा प्रयोग भएका शव्दहरूको तुलना गर्नुहोस् ।<br><br>सम्पदा तत्वका बारेमा कविता, प्रतिवेदन तथा विज्ञापन लेख्नुहोस्<br><br>कुनै खास कलात्मक सामाग्री कसरी तयार पार्ने, खास चाड-पर्वहरू कसरी मनाउने वा रितिरिवाजका चरणहरू के के हुन् भन्ने बारेमा प्रक्रियाहरू समेटेर एउटा लेख तयार पार्नुहोस् । | संज्ञानात्मक : समुदायका लागि महत्वपूर्ण मूल्यहरू र यी मूल्यहरूलाई स्थानीय साँस्कृतिक अभिव्यक्तिहरूका माध्यमबाट, खासगरेर सहकारीता, ऐक्येबद्धता र सहनशीलताको कसरी प्रबर्द्धन गरिंदो रहेछ र साथ-साथै विभेद वा केही समूहको अधिकारमा नकारात्मक प्रभाव पार्ने कुरालाई कसरी प्रोत्साहित गरिने रहेछ भनेर पत्ता लगाउनुहोस् ।<br><br>सामाजिक संवेगात्मक : उस्तै विषयवस्तुसँग सम्बन्धित अन्य समुदायहरूका गीत, पाठ, कथा, पुराणहरू पढ्नुहोस् : छलफल गर्नुहोस्, तुलना गर्नुहोस् समान र फरक कुराहरू के रहेछन् हेर्नुहोस् ।<br><br>समुदाय भित्र तथा विभिन्न समुदायहरूका बीच सामाजिक अन्तरक्रियालाई कसरी व्याख्या गरिएको छ भनेर विश्लेषण गर्नुहोस् ।<br><br>व्यवहारगत : साहित्यमा प्रयुक्त हुने स्थानीय शैलीको प्रयोग गरी विश्व नागरिकसँग सम्बन्धित विषयवस्तुका बारेमा लेखहरू लेख्नुहोस् र तिनीहरूलाई जानकारी गर्नुहोस् । |
| **गणित** | समस्या समाधानः हिसाव गर्दा, मापन गर्दा, रेकर्ड गर्दा स्थानीय पद्धति र औजारहरूको प्रयोग गर्नुहोस्; लम्बाइ, तौल, आयतन जस्ता मापनका इकाईहरूलाई रूपान्तरण गर्नुहोस् । अनुपात (पाकविधिमा प्रयोग हुने मात्राहरू, कच्चा पदार्थको प्रयोग)को हिसाव गर्नुहोस् । कुनै खास आकार र व्यास भएको सामाग्री बनाउँदा के कति मात्रामा कच्चा पदार्थ चाहिएला भनेर हिसाब गर्नुहोस् । | संज्ञानात्मक : स्थानीय अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित गणितीय समस्याहरू समाधान गर्नुहोस् (संख्या, अनुपात, प्रतिशत, तथ्याङ्क आदिको प्रयोग गरेर)<br><br>सामाजिक संवेगात्मक : विभिन्न क्षेत्रका आइसीएचासँग सम्बन्धित सूचनाहरूको तुलना गर्नुहोस् (संख्या, अनुपात, प्रतिशत, तथ्याङ्क आदिको प्रयोग गरेर) |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **गणित** | ज्यामितिः कुनै कलात्मक सामाग्री (जस्तैः हातले बुनेर बनाइएको डोको) को लम्बाइ/चौडाइ, व्यास, परिधिको हिसाव गर्नुहोस् । स्थानीय प्याटर्न (आवर्तन, परिवर्तन, परावर्तन), समरूपताको ज्यामितीय रूपान्तरण के कसरी भएको छ भनेर खोजी गर्नुहोस् । रेखाहरूको समीकरण पत्ता लगाउनुहोस्, उतार-चढाव निर्धारण गर्नुहोस् र दुईवटा रेखाहरूका बिचको कोण हिसाब गर्नुहोस् (उदाहरणका लागिः बुट्टा हालेको, बुनेको, खोपेर बनाइएको रंगभरेको ढाँचाहरू) ।<br><br>तार्किक सोचाइः (कलात्मक सामाग्रीका हकमा) प्याटर्न (बान्की)को अनुक्रम (सिक्वेन्स) वा (मौखिक परम्पराका हकमा) लय तथा अन्त्यानुप्रास र सङ्गीतको सुर वा नृत्यका पाइलाहरूका बारेमा अध्ययन गर्नुहोस् । | व्यवहारात्मक : विद्यार्थीहरूलाई अर्थपूर्ण हुनेगरी समस्या समाधानका सिपहरू तथा गणितीय अवधारणाको प्रयोग गर्ने अवसर प्रदान गर्न सामूहिक छलफलहरूमा सहभागी बन्न उत्प्रेरित गर्नुहोस् । |
| **विज्ञान** | **भौतिकशास्त्रः** स्थानीय साँस्कृतिक अभ्यासहरूमा प्रयोग हुने वस्तुहरूका विशेषताहरू (जस्तैः ध्वनिसँग सम्बन्धितः वाद्यवादन सामाग्री, घण्टी; तापको प्रसारः माटाको भाँडा, धातुका वस्तु, कपडा; प्रकाश छिर्ने वस्तुः सीसा) को अध्ययन गर्नुहोस्;<br><br>स्थानान्तरण गर्ने मिल्ने वस्तुहरू (बच्चाहरूको खेलौना, हस्तकलाका सामाग्रीहरू, कषि औजारहरू आदिको प्रयोग गरेर) को प्रवेग र घर्षण तथा कम्पन आउने वस्तुहरू (ढोल वा अन्य वाद्यवादन सामाग्रीहरूको प्रयोग गरेर)को यान्त्रिक थरथराहट मापन गर्नुहोस् ।<br><br>आइसीएच तत्वसँग सम्बन्धित गतिविधिमा प्रयोग हुने सामाग्रीहरूको विद्युतीय वा विद्युतस्थीरात्मक विशेषताहरूको परीक्षण गर्नुहोस् । | संज्ञानात्मक : स्थानीय मानिसहरूका विश्वास एवं अभ्यासहरूका सकारात्मक र नकारात्मक महत्व तथा असरहरूलाई समालोचनात्मक ढङ्गले विश्लेषण गर्नुहोस् । यी अभ्यासहरूलाई आधुनिक वैज्ञानिक विश्वास एवं अभ्यासहरूसँग तुलना गरी तिनका गुण–दोषहरू केलाउनुहोस् ।<br><br>सामाजिक संवेगात्मक : विज्ञानको क्षेत्रसँग सम्बन्धित विभिन्न समुदायका अभ्यास तथा विश्वासहरूलाई तुलना गर्नुहोस् । समानताहरू र भिन्नताहरूको पहिचान गरी के कस्ता कारणहरूले गर्दा यस्ता फरकहरू आएका होलान् भनी तिनका सान्दर्भिक कारणहरूका बारेमा छलफल गर्नुहोस् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **विज्ञान** | निर्माण गर्ने, कलात्मक सामाग्रीहरू बनाउने जस्ता स्थानीय सिपहरूको प्रयोग गरेर कुनै वस्तुको नमूना (जस्तैः अणुको नमनू) बनाउनुहोस् वा स्थानीय साहित्यको शैली, कविता आदि प्रयोग गरी यस्ता नमूनाहरूको व्याख्या गर्नुहोस् ।<br><br>**रसायनशास्त्र :** तत्वहरूको पेरियोडिक टेवल सिक्नका लागि स्थानीय लयको प्रयोग गर्नुहोस् ।<br><br>स्थानीयरूपमा प्रयोग गरिने वस्तुहरू (जस्तै : रंगहरू, खाना, निर्माण सामाग्रीहरू) को pH नाप्नुहोस् ।<br><br>स्थानीय खानामा प्रयोग हुने मात्राहरूका विशेषताहरू अध्ययन गर्नुहोस् । यस्ता मात्राहरू (खानेकुरा, रंगाउने सामान आदिमा) मिसाउँदा वा तातेपछि कसरी तिनीहरूको रूप परिवर्तन हुँदो रहेछ भनेर त्यसको प्रक्रियाका बारेमा व्याख्या गर्नुहोस् ।<br><br>स्थानीय हस्ताकला सिपको प्रयोग गरी अणुहरूको संरचना बनाउनुहोस् ।<br><br>**प्राकृतिक विज्ञान र जीव विज्ञान** : वनस्पति तथा जनावरहरूको जीवनचक्र अध्ययन गर्नुहोस् ।<br><br>मौसममा आउने स्थानीय परिवर्तनको अवलोकन गर्नुहोस् ।<br><br>स्थानीय स्तरमा उत्पादन हुने वस्तुहरूको कच्चा पदार्थहरू (रेसादार, रंगरोगन, खाद्यान्न) कहाँबाट आउने रहेछ र तिनीहरूको उत्पादन र प्रशोधन कसरी गरिने रहेछ र तिनीहरूको उत्पादनसँग सम्बन्धित सम्भावित वातावरणीय सवालहरू के कस्ता रहेछन् भन्ने बारेमा खोजी गर्नुहोस् ।<br><br>स्थानीय वनस्पतिहरूको पोषण तथा औषधीय महत्व बुझ्नुहोस् । | व्यवहारात्मक : स्थानीय ज्ञानका सबल र दुर्बल पक्षहरूको विश्लेषणका आधारमा उर्जा र पानीलाई दिगो रूपमा प्रयोग गर्ने वा स्थानीय जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरूको पहिचान गर्नुहोस् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **इतिहास तथा सामाजिक शास्त्र** | अभ्यासकर्ताहरूसँग साँस्कृतिक सम्पदा तत्वका बारेमा अन्तर्वार्ता लिनुहोस् । बिगत र हालका अभ्यासहरू तथा उत्पादन विधिहरूको तुलना गर्नुहोस् । दैनिक क्रियाकलापहरू वा पूजापाठमा प्रयोग गरिने कुराहरूको पहिचान गर्नुहोस् ।<br><br>छनौट गरिएका सम्पदा अभ्यासका ऐतिहासिक, सामाजिक तथा राजनैतिक (लैङ्गिक भूमिका तथा सामाजिक संरचनाहरूको सम्बन्ध लगायत) परिवेशहरूको विगत र वर्तमानलाई तुलना गर्नुहोस् ।<br><br>गीत, कथा र दृश्यात्मक कलालाई सन्दर्भ-सामाग्रीका रूपमा प्रयोग गर्दै विगत र वर्तमानका अभ्यासहरूको तुलना गर्नुहोस् । | संज्ञानात्मक : मानव अधिकार –खास गरेर साँस्कृतिक अधिकार –लाई समुदायमा कसरी व्याख्या गरिएको छ र समयक्रममा एकबाट अर्को पुस्तामा आउँदा कसरी आइरहेको छ भन्ने बारेमा मनन गर्नुहोस् ।<br><br>केही साँस्कृतिक अभ्यासहरूले इतिहास देखि कसरी सहकार्यलाई अभिप्रेरित गरिरहेका वा समुदाय भित्र कसरी (सशक्त र कमजोर समूहकाबीच) असमानताको प्रबर्द्धन गरिरहेका हुन सक्छन् र कसरी परिस्थिति परिवर्तन हुँदै गइरहेको छ भनेर अध्ययन गर्नुहोस् ।<br><br>सामाजिक संवेगात्मक : समुदायहरूबीचका असमान मूल्यहरू र यिनीहरूले कसरी इतिहासदेखि अहिलेसम्म द्वन्द्व र युद्धको स्थितिमा पुऱ्याइरहेका छन् भनेर जाँच गर्नुहोस् । यी असमानहरूलाई परास्त गरी कसरी साझा मूल्य र जिम्मेवारी प्रबर्द्धन गर्न सकिएला भनी मनन गर्नुहोस् ।<br><br>व्यवहारात्मक : स्थानीय साँस्कृतिक अभिव्यक्तिहरूको प्रयोग गरी इतिहासबाट सिकेका पाठहरू र साझा मूल्यहरूका बारेमा चेतना अभिवृद्धि अभियान सञ्चालन गर्नुहोस् । |
| **भूगोल** | नक्सामा हेर्नुहोस् धर्काहरू खिच्नुहोस् : नक्सामा छनौट गरिएको सम्पदा तत्व कहाँ छ वा कहाँ अभ्यास हुन्थ्यो, विभिन्न प्रकारका कलात्मक सामाग्रीहरू वा साङ्गीतिक शैलीहरू कहाँबाट आउँछन्, खाद्यान्न, कलात्मक वस्तु, वाद्यवादन सामाग्रीको उत्पादन, औजार, निर्माण सामाग्री इत्यादिका कच्चा पदार्थहरू कहाँबाट आउँछन् भनेर (हालका तथा विभिन्न कालखण्डमा परिवर्तन भइरहेका) स्थलहरू पहिचान गर्नुहोस् । उक्त स्थल यदि अझै पनि उपयुक्त छ भने किन छ र लामो समयदेखि यो किन उस्तै रहेको होला वा परिवर्तन भएको होला भनेर विश्लेषण गर्नुहोस् । | संज्ञानात्मक: स्थानीय सम्पदाहरूको अध्ययन गरी यसले वातावरण सबन्धी जानकारीहरूलाई कसरी सम्प्रेषण गर्न सकिन्छ र यसलाई कसरी व्यवस्थापन गर्ने बारेमा छलफल गर्नुहोस् । मौखिक अभिव्यक्तिहरू एवं स्थानीय ज्ञान, जस्तै आकाशको अवलोकन गर्ने आदि समय र मौसम कसरी बितिरहेछ भनेर मापन गर्नका लागि उपयोगी हुन्छन् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **भूगोल** | प्राकृतिक चिह्नहरू (जस्तैः मौसम, कृषिका अवसरहरू, प्राकृतिक विपत्ति आदिसँग सम्बन्धित) लाई स्थानीय ज्ञान अनुसार अवलोकन, विश्लेषण र व्याख्या गर्नुहोस् ।<br><br>स्थानीय निर्माण एवं वास्तुकला प्रविधिलाई वातावरणसँगको सम्बन्धका आधारमा विश्लेषण गर्नुहोस् ।<br><br>प्रकृति र वातावरणसँग सम्बन्धित स्थानीय कथा, आख्यान, गीतहरू पढ्ने तथा विश्लेषण गर्नुहोस् । | यी अभ्यासहरू तथा ज्ञानलाई आधुनिक वैज्ञानिक विश्वास एवं अभ्यासहरूसँग तुलना गरी तिनका गुण-दोषहरू केलाउनुहोस् ।<br><br>खाद्यान्न र कच्चा पदार्थका स्थानीय स्रोतहरू पहिचान गर्नुहोस् र तिनीहरू कसरी स्थानीय वातावरणका लागि सुहाउने वा नसुहाउने छन् भन्ने जानकारीहरू लिनुहोस् ।<br><br>सामाजिक संवेगात्मक : स्थानीय ज्ञान र विज्ञानबाट अभिप्रेरित कृषि, वातावरण, भूमी व्यवस्थापनसँग सम्बन्धित विभिन्न अभ्यासहरूका सकारात्मक र नकारात्मक वातावरणीय प्रभावहरूको विश्लेषण तथा तुलना गर्नुहोस् ।<br><br>विभिन्न परिवेशहरूमा मानव र वातावरणका बिचको सम्बन्धका बारेमा छलफल गर्नुहोस् ।<br><br>व्यवहारात्मक : मानव तथा उनीहरूको वातावरणका बिच थप दिगो अन्तरक्रिया प्रबर्द्धन गर्न कुनै एउटा गतिविधि, परियोजना, क्लव सञ्चालन गर्नुहोस् । |
| **अर्थशास्त्र** | सम्पदा तत्व वा सम्बन्धित गतिविधि (जस्तैः चाडपर्व, हस्तकला उत्पादन, स्थानीय कृषिकर्म र सम्बन्धित उद्योगधन्दा) को वित्तीय सम्भाव्यता निर्धारण गर्नुहोस् । उत्पादन लागतको हिसाव गर्नुहोस् । आम्दानी खर्चको तुलना गर्नुहोस् । पुरूष र महिलाहरूले परम्परागतरूपमा छुट्टाछुट्टै व्यवस्थापन गरेका उद्योगहरूको सम्भावित आय तथा अतिरिक्त मूल्यकाबीच तुलना गर्नुहोस् । | संज्ञानात्मकः स्थानीय अभ्यासहरूको तुलनामा आधुनिक अभ्यासहरूका आर्थिक नमूनाहरू के कस्ता छन् भनेर विश्लेषण गर्नुहोस् । परम्परागत क्रियाकलापहरूले समुदायका सदस्यहरूका लागि कसरी दिगो जीविकोपार्जनका अवसरहरू प्रदान गर्लान भनेर जाँच्नुहोस् ।<br><br>सामाजिक संवेगात्मक : विभिन्न समुदायहरूको आर्थिक नमूनाहरूको तुलना गर्नुहोस् । सबैभन्दा महत्वपूर्ण व्यवसायिक सिपका समानताहरूको पहिचान गर्नुहोस् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **अर्थशास्त्र** | परम्परागत आय आर्जन क्रियाकलापहरूको आर्थिक महत्वमा आएको (जस्तैः विगतमा निर्वाहमुखी गतिविधिहरूमा केन्द्रीत भइरहेकोमा हाल पर्यटन, वृहत स्तरमा गरिने उत्पादन वा निर्यातमुखी गतिविधिहरूका माध्यमबाट आय आर्जन गर्ने कार्यमा ध्यान दिइएको) परिवर्तनको अध्ययन गर्नुहोस् ।<br><br>परम्परागत वस्तुहरूको दिगो उत्पादनसँग सम्बन्धित व्यापार तथा व्यवसायिक सिपहरूको विश्लेषण गर्नुहोस् । | व्यवहारात्मक : विद्यालयमा गरिने मेलाहरू वा अतिरिक्त शैक्षिक क्रियाकलापहरूका माध्यमबाट विश्व नागरिकको विषय र महत्वलाई प्रबर्द्धन गर्ने परियोजनाका लागि आर्थिक सहयोग जुटाउन आइसीएचसँग सम्बन्धित आय-आर्जनका गतिविधिहरू सञ्चालन गर्नुहोस् ।<br><br>विभिन्न समुदायबाट आएका विद्यार्थीहरूले परम्परागत उत्पादन वा सेवाहरूको विक्री गर्न मिल्ने कार्यक्रमको आयोजना गर्नुहोस् । |
| **नागरिक शिक्षा** | कुनै खास सँास्कृतिक अभ्याससँग सम्बन्धित स्थानीय नियमहरू र/वा कानून र/वा यस्ता नियमहरूले तिनीहरूको फलस्वरूप उत्पादन हुने कुराहरू (जस्तै कलाकृति माथिको बौद्धिक सम्पत्तिको अधिकार, मञ्चन कला, परम्परागत औषधी, भूमी व्यवस्थापन तथा भोगाधिकार, खाद्य अभ्यासको स्वास्थ्य आदि) माथि पार्ने प्रभावहरूको अध्ययन गर्नुहोस् ।<br><br>परम्परागत र आधुनिक कानूनी संयन्त्रहरूको तुलना गर्नुहोस् ।<br><br>स्थानीय शासन संरचनाको अध्ययन गर्नुहोस्: (महिला तथा अल्पसंख्यक समूहप्रति विशेष ध्यान दिँदै) कसले निर्णय गर्दछ, को सहभागी हुन्छ, को सहभागी हुँदैन र किन आदि पत्ता लगाउनुहोस् ।<br><br>स्थानीय विश्वास पद्धतिको महत्व र आचरणको विश्लेषण गर्नुहोस् ।<br><br>निर्णय गर्ने वा द्वन्द्व समाधान गर्ने प्रक्रियामा स्थानीय विधिहरूको अभ्यास गर्नुहोस् । | संज्ञानात्मक : तपाईंको समुदायमा मानव अधिकारको सम्मानको अवस्था के कस्तो छ मनन गर्नुहोस् । स्थानीय अधिकारहरू अन्तर्राष्ट्रिय मानव अधिकारहरूसँग मिल्छन् कि मिल्दैनन् जाँच्नुहोस् ।<br><br>के कुनै सम्पदा तत्वहरूले प्रजातन्त्र र मानव अधिकारको प्रबर्द्धन गर्दछन् ? यदि गर्दछन् भने कसरी गर्दछन्? वा यसको विपरित, तिनीहरूले असमानता र/वा विभेदलाई कसरी प्रश्रय दिन्छन् –पत्ता लगाउनुहोस । यी असमानताहरूका सम्भावित कारणहरूका बारेमा सोच्नुहोस् ।<br><br>स्थानीय द्वन्द्व समाधान संयन्त्रले कसरी स्थानीय तह र सो भन्दा वृहत क्षेत्रमा शान्तिको प्रबर्द्धन गर्न सक्छन्, मनन गर्नुहोस् ।<br><br>सामाजिक संवेगात्मक : स्थानीय शासन प्रणालीलाई राष्ट्रिय तह वा अन्य समुदायहरूसँग तुलना गर्नुहोस् । तिनीहरूमा के कस्ता कुराहरू दोहोरिएका रहेछन् र प्रजातन्त्र, समानता र विभेदरहित समाजका लागि तिनीहरूले के कस्ता अवसरहरू प्रदान गर्दा रहेछन् तिनीहरूको जाँचबुझ गर्नुहोस् ।<br><br>व्यवहारात्मक : विभेदरहित र न्यायपूर्ण व्यवस्थाका लागि सक्रियताका साथ योगदान गर्ने तथा प्रजातन्त्र र मानव अधिकारको प्रबर्द्धन गर्ने स्थानीय अभ्यासहरू तथा ज्ञानमा आधारित परियोजनाहरू बनाउनुहोस् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **कला र संस्कृति** | छनौट गरिएका सम्पदा तत्वहरू (जस्तैः सौन्दर्यात्मक मूल्य, आलङ्कारिक तत्व, चाल, श्रेणी, चिह्न आदि)हरूको अवलोकन, विश्लेषण गर्नुहोस् । समयकाल र विभिन्न समुदायहरू अनुसार सम्पदा तत्व (कलात्मक वस्तुको डिजाइन, गीत, सङ्गीत, कथानक) मा आएका फेरबदलहरूलाई तुलना गर्नुहोस् ।<br><br>विद्यमान –सम्भव भए सबैभन्दा प्रसिद्ध –कलाकृतिहरू (अभिनय कला, कलाकृति, खाना, उत्सवहरू)मा सम्पदा तत्वहरूलाई कसरी प्रतिनिधित्व गरिएको छ हेर्नुहोस् । यसलाई नयाँ कला बनाउने प्रेरणाको स्रोतका रूपमा प्रयोग गर्नुहोस् ।<br><br>विभिन्न प्याटर्नहरूको सूची तयार पार्नुहोस् । रंगहरूको मिश्रण गर्नुहोस् । सम्पदा अभ्यासका लागि पोशाकको डिजाइन गर्नुहोस् । कुनै कार्यक्रमको पोस्टर बनाउनुहोस् । वस्तु वा खाद्य सामाग्रीको विज्ञापन बनाउनुहोस् ।<br><br>सम्पदा अभ्याससँग सम्बन्धित स्थानीय गीत सङ्गीत सिक्नुहोस् । | संज्ञानात्मक : साँस्कृतिक अधिकारलाई मानव अधिकारको हिस्साका रूपमा लिने तथा अरूको संस्कृतिलाई सम्मान गर्नु पर्ने आवश्यकतालाई स्वीकार गर्नुहोस् ।<br><br>साँस्कृतिक अधिकारहरूलाई सर्वत्र यसरी नै सम्मान गरिएको छ या छैन खोजी गर्नुहोस् ।<br><br>विभिन्न संस्कृतिका मानिसहरूको बुझाइ र उनीहरूकाबीच सम्वादलाई सहजीकरण गर्नुहोस् ।<br><br>सामाजिक–भावनात्मक : एक वा धेरै समुदायहरूसँग सम्बद्धताको भावना व्यक्त गर्नुहोस् ।<br><br>कला तथा साँस्कतिक अभिव्यक्तिहरूमा; तौरतरिकाहरूका साथै अर्थ र महत्वमा रहेका समानता र भिन्नताहरू पहिल्याउनुहोस् । भिन्नताहरूलाई प्रेरणा र सृजनशीलता जगाउने स्रोतका रूपमा स्वीकार गर्नुहोस् । यसरी साँस्कृतिक विविधताको प्रशंसा गर्न सिक्नुहोस् र सहनशीलतालाई प्रोत्साहित गर्नुहोस् ।<br><br>व्यवहारात्मक : एउटा समुदायको कला र संस्कृतिलाई अर्कोसँग बाँड्न संयुक्त वा सामूहिक क्रियाकलापहरूको आयोजना गर्नुहोस् (जस्तैः विशेष दिवस मनाउने, साँस्कृतिक क्लवहरू बनाउने) ।<br><br>आत्म–अभिव्यक्तिका लागि क्षमता विकासलाई प्रोत्साहन गर्नुहोस् । संयुक्त अन्तरसाँस्कृतिक सिर्जनात्मक कार्यक्रमहरूको आयोजना गर्नुहोस् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **शारीरिक शिक्षा** | समय तालिका बनाएर (नाच, सर्कस, रंगमञ्चमा नाटक मञ्चन गर्ने, प्रस्तुतिहरू आदि) सिक्नुहोस्, अभ्यास गर्नुहोस् ।<br><br>परम्परागत खेलहरू खेल्नुहोस् ।<br><br>परम्परागत खेलहरू खेल्नुका साथै खेलकूदहरूमा पनि अभ्यास गर्नुहोस् ।<br><br>खेतबारीमा गरिने परम्परागत कृषिकर्महरूमा सहभागी हुनुहोस् । | संज्ञानात्मक : स्थानीय र अन्य समुदायले खेल्ने खेलकूदका नियमहरू, समय-तालिका र इतिहासका बारेमा सिक्नुहोस् ।<br><br>विद्यार्थीहरूलाई स्थानीय खेलकूदसम्बन्धी आफूसँग भएको सिप र ज्ञानलाई साथीहरूसँग बाँड्न, एक-अर्कालाई सहयोग गर्न तथा सँगसँगै कसरी प्रगति गर्ने उपायहरू पत्ता लगाउन प्रोत्साहित गर्नुहोस् ।<br><br>स्थानीय खेलकूदका शारीरिक, सामाजिक, संवेगात्मक फाइदाहरू र खेलकूदको अभ्यासबाट प्राप्त सिप र मूल्यहरू (जस्तैः बहादुरी, सहकार्य, शिष्टता, धैर्यता, दृढता, चिन्तन एवं रणनीति, गति तथा शक्तिका बारेमा मनन गर्नुहोस् ।<br><br>सामाजिक संवेगात्मक : स्थानीय खेलकूदका माध्यमबाट समूह कार्य, सामाजिक सदभाव, निष्पक्षताको प्रबर्द्धन गर्नुहोस् ।<br><br>व्यवहारात्मक : एक समुदायका खेलहरूलाई अर्कोसँग बाँड्नका लागि संयुक्त क्रियाकलापहरूको आयोजना गर्नुहोस् । मैत्रीपूर्ण प्रतिस्पर्धाहरूको आयोजना गर्नुहोस् । |

| विद्यालयको विषय | आइसीएच तत्वहरू विद्यालयमा पढाइने विषयहरूमा समेट्न केही उदाहरणहरू | आइसीएचयुक्त शिक्षण गर्दा विश्व नागरिकको मनोवृत्तिलाई प्रोत्साहित गर्ने केही उदाहरणहरू |
|---|---|---|
| **अन्तर–सम्बन्धित (Cross-cutting) सामाजिक सिप एवं मूल्यहरू** | समूह कार्य र सहकार्य ।<br><br>अवलकोन, विस्तृत अध्ययन ।<br><br>धैर्यता ।<br><br>विविधताको (लैंगिकता, जातीय, धार्मिक, पुस्तासँग सम्बन्धित) सम्मान ।<br><br>सम्पदा अभ्यासहरू (खासगरेर महिला तथा अल्पसंख्यक समूहहरू सहभागी हुने सन्दर्भमा) सँग सम्बन्धित सामाजिक अन्तरक्रियाहरू सम्बन्धी चेतना । | संज्ञानात्मक : विद्यार्थीहरूको समुदायमा महत्वपूर्ण मानिने सामाजिक सिप तथा मूल्यहरू पत्ता लगाउनुहोस् । स्थानीय समुदायका सामूहिक विशेषताहरू तथा द्वन्द्व समाधानका संयन्त्रहरूका बारेमा मनन गर्नुहोस् ।<br><br>सामाजिक संवेगात्मक : छलफल र आदान–प्रदानहरूलाई प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरूले नेतृत्व गर्ने क्रियाकलापहरूलाई प्राथमिकतामा राख्नुहोस् ता कि उनीहरूको समुदायमा र उनीहरूका लागि महत्वपूर्ण मानिने मूल्यहरू सामूहिक अन्तरक्रियाका माध्यमबाट अभिव्यक्त हुन सकून् ।<br><br>व्यवहारात्मक : अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी आफ्नो ज्ञान तथा दृष्टिकोण बाँड्नका लागि विभिन्न साँस्कृतिक पृष्ठभूमिका स्रोत व्यक्तिहरूलाई निमन्त्रणा गर्नुहोस् ।<br><br>विद्यार्थीहरूलाई (प्रत्यक्ष रूपमा आइसीएच अभ्यास र यसको संरक्षण वा ज्ञान र अभ्यासलाई एकीकृत गर्ने कार्यमाथि ध्यान केन्द्रीत गर्दै) शान्ति, दिगोपना र आचरणको प्रर्बद्धनार्थ आइसीएच सम्बन्धी परियोजनाहरूको विकास गर्न आह्वान गर्नुहोस् । |

# सहयोगी सामाग्री ३: प्रयोग र परीक्षण गरिएका पाठ योजनाका उदाहरणहरू

यो खण्डमा शिक्षकहरूले प्रयोगमा ल्याएका पाठ योजनाका उदाहरणहरू प्रस्तुत गरिएका छन् । यी उदाहरणहरूले तपाईंलाई पाठ योजनाहरू बनाउन उत्प्रेरित गर्न सक्नेछन् ।

यो खण्डमा प्रस्तुत गरिएका १४ वटा पाठ योजनाहरूलाई विषय अनुसार वर्गीकरण गरेर तलको तालिका ३ मा सूचीबद्ध ढङ्गले दिइएको छ ।

तालिका ३: विषय तथा पाठ योजना

| **विषय** | **पाठ योजनाको शीर्षक** |
|---|---|
| **भाषा र साहित्य** | *दुतार* – अब्दुगपुर कुट्लुकोभको लोकगाथा |
| | कथा वाचन |
| **गणित** | ढ्याक (डाइस)को प्रयोग गरेर गुणा र भागाको सिकाइ |
| | परम्परागत सिंढीको माध्यमबाट त्रिकोणमितिको सिकाइ |
| **विज्ञान तथा प्रविधि** | पानी सम्बन्धी परम्परागत प्रविधि |
| | वनस्पति तथा साबुन बनाउने सम्बन्धी परम्परागत ज्ञान |
| **इतिहास तथा समाजिक विज्ञान** | परिवारको इतिहास: परिवार वृक्ष (Family Tree) बनाउने तयारी |
| | दोस्रो विश्व युद्धताकाको काजखस्तान |
| | *किमजाङ* संस्कृतिलाई फर्केर हेर्दा: विद्यालयको एउटा अतिरिक्त शैक्षिक परियोजना |
| **नागरिक शिक्षा** | स्वप्नदर्शीहरू, नाम्साडाङ नोरी समूहले के सपना देखे ? एउटा कक्षा परियोजना |
| **कला र संस्कृति** | थाइ लन्ना काष्ठकला |
| | चङ्गा बनाउने |
| **स्वास्थ्य तथा शारीरिक शिक्षा** | *किर्गिज* परम्परागत खेलहरू |
| | हाम्रो शरीरको सम्मान: म्ह: पूजाका लागि मण्डला बनाउने |

थप उदाहरणहरू अनलाइन भण्डारणमा उपलब्ध छन् । CLICK

# भाषा र साहित्य

## पाठ योजना १ः दुतार – अब्दुगपुर कुट्लुकोभको प्रेमगीत

| विषय | कक्षा | आइसीएच तत्व | देश | अवधि |
|---|---|---|---|---|
| उइघुर भाषा एवं साहित्य र सङ्गीत | ७ | मौखिक परम्पराहरू/अभिनय कला/परम्परागत कलाकौशलता | काजखस्तान | १ घण्टी |

### सिकाइका उद्देश्यहरूः

| | |
|---|---|
| ज्ञान | • अब्दुगपुर कुट्लुकोभको लोकगाथा (ब्यालड) का बारेमा सिक्ने ।<br>• दुई वटा बाजाहरूः उइघुर दुतार र काजख डोम्ब्राका बारेमा तिनीहरूको आ-आफ्नो संस्कृतिमा के भूमिका छ भनेर बुझ्ने । |
| सिप | • मुख्य कथावस्तुको विश्लेषण गर्ने तथा लोकगाथामा पात्रहरूका मुख्य विशेषहरू पत्ता लगाउने ।<br>• प्राप्त जानकारीका बारेमा निष्कर्ष निकाल्न सिक्ने ।<br>• दुईवटा बाजाहरूः उइघुर दुतार र काजख डोम्ब्राको तुलना गर्ने ।<br>• सञ्चार सिप विकास गर्नेः कथाको अर्थका बारेमा विचारहरूको आदान-प्रदान गर्ने । |
| धारणा | • जीवन्त सम्पदाको महत्व र मूल्यका बारेमा सचेत बन्ने । |

**आवश्यक पर्ने विशेष सामाग्रीहरूः गाथागीत (ब्यालड)को** उदाहरण दिनका लागि गरिने प्रस्तुति, डोम्ब्रा दुतार बनाउने प्रक्रिया सम्बन्धी भिडियो ।

### कृयाकलापहरूः

- शिक्षकले जीवन्त सम्पदा के हो भनेर परिचय दिन्छन् ।
- विद्यार्थीहरूले कक्षामा छलफल गर्दछन्ः हाम्रा पुर्खाहरूबाट हामीहरूलाई के कस्ता जीवन्त सम्पदा हस्तान्तरण गरिएको छ ? के साङ्गीतिक बाजाहरू र १२ मुकाम (सङ्गीत संयोजन गर्न वा भइरहेको सङ्गीतमा सुधार ल्याउनलाई निर्देशन गर्ने धुन) लाई जीवन्त सम्पदा भन्न सकिन्छ ? किन ?
- समूहमा, विद्यार्थीहरूले अब्दुगोपुर कुत्लुकोभको गाथागीत सम्बन्धी लेखहरू पढ्छन् । उनीहरूले लेखको बनावटको विश्लेषण गर्दछन् र विषयवस्तुको संक्षेपीकरण गर्दछन् ।



- विद्यार्थीहरूले उइघुर दुतार र कजाख डोम्ब्रा बनाउने प्रक्रियाहरूको भिडियो हेर्दछन् ।
- उदाहरणहरूको सहायता लिएर विद्यार्थीहरूले मूर्त र अमूर्त साँस्कृतिक सम्पदाहरूको तुलना गर्दछन् ।

## गृह कार्य

विद्यार्थीहरूले तलका प्रश्नहरूको उत्तर दिनेछन्ः

- के तिमीलाई लाग्छ कि सबै जना मानिसहरूले साङ्गीतिक बाजाहरू, जस्तैः उइघुर दुतार वा *कजाख डोम्ब्रा* बनाउन सक्छन् ?
- तिम्रो विचारमा *दुतार* र *डोम्ब्राका* भिन्नता र समानताहरू के के हुन् ?
- विद्यार्थीहरूले भेन डायग्राममा यी दुईवटा साङ्गीतिक बाजाहरूका समानता र भिन्नताहरूको उदाहरण प्रस्तुत गर्न सक्छन् ।

### पाठ योजना २ः कथा वाचन

| विषय | कक्षा | आइसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| थाइ भाषा, पर्यटनका लागि अंग्रेजी भाषा, सूचना तथा सञ्चार प्रविधि, सामाजिक शिक्षा, विद्यार्थीहरूको परियोजना | ६ | स्थानीय खाना एवं स्थानीय अभ्यासहरू | थाइल्याण्ड | १ महिना |

### सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • जिल्लाका आठवटा जातजातिहरूका परम्परा, संस्कृति, विश्वास र जीवनशैलीहरूका बारेमा सिक्ने । |
| सिप | • अवधारणाहरूलाई विभिन्न स्वरूपमा विश्लेषण तथा प्रस्तुत गर्ने ।<br>• सिर्जनात्मक अवधारणाहरूलाई अभिव्यक्ति गर्न विभिन्न माध्यमको प्रयोग गर्ने (फोटो एवं भिडियोहरू) । |
| धारणा | • तपाईंको जीवन्त सम्पदाका बारेमा गौरवान्वित हुनुहोस् र साँस्कृतिक ज्ञानको संरक्षण तथा हस्तान्तरणमा अभिरूचि राख्नुहोस् ।<br>• अरू मानिसहरूको संस्कृतिप्रति अभिरूचि जगाउनुहोस् । |

**आवश्यक विशेष सामाग्रीहरूः** सक्रियतापूर्वक पढ्ने तथा हेर्ने गृहकार्यका लागि श्रव्यदृष्य सामाग्रीहरू । विद्यार्थीहरूको मोबाइल फोन वा क्यामेरा, श्रव्यदृष्य सामाग्रीहरू सम्पादन गर्न मिल्ने उपयुक्त सफ्टवेयर भएका कम्प्युटरहरू ।

### कृयाकलापहरू :

#### पहिलो घण्टी:

- शिक्षकले परियोजनाको परिचय दिन्छन् र मेइ आइ जिल्लाका आठवटा जातजातिहरूः लाहु, करेन, अखा, लिसु, पलाउङ, ताइ लुइ, शान, चाइनीज होरका केही परम्परा, संस्कृति, विश्वास एवं जीवन शैलीहरूको व्याख्या गर्दछन् ।
- विद्यार्थीहरूले छोटो डकुमेन्ट्री भिडियो हेर्दछन् । भिडियोमा एक युवा महिलाले समुदायहरूसँग भेटघाट गरेर उनीहरूका दैनिक गतिविधिहरूलाई सेयर गरेर एवं समुदायका सदस्यहरूसँग अन्तर्वार्ताहरू लिएर उनीहरूको जीवन शैलीका बारेमा जानकारीहरू हासिल गर्न लागेको देखिन्छ । भिडियो हेरी सकेपछि विद्यार्थीहरूले सक्रिय हेराइ (active watching) को अभ्यास गर्दछन् र भिडियोमा देखाएको विषयवस्तुहरूलाई संक्षेपीकरण गर्न अवधारणा नक्सा (concept maps) तयार पार्दछन् ।

### दोस्रो घण्टी:

- विद्यार्थीहरूले जीवन्त सम्पदा सम्बन्धी एउटा कथा पढ्छन् र सक्रिय अध्ययन (active reading) को अभ्यास गर्दछन् । कथामा बताइएका मुख्य तत्वहरू: शीर्षक, सवाल, कथालाई रोचक बनाउने तत्वहरू आदिलाई सारसंक्षेपमा प्रस्तुत गर्न उनीहरूले सानो समूह बनाएर अवधारणा नक्सा तयार पार्दछन् । त्यसपछि उनीहरूले उनीहरूको नक्सालाई कक्षामा प्रस्तुत गर्दछन् ।

### तेस्रो घण्टी

- समूहमा, विद्यार्थीहरूले मेइ आइ जिल्लाका आठवटा जातजातिहरूको परम्परा, संस्कृति, विश्वास र जीवन शैलीका बारेमा उनीहरूको आफ्नै कथाका लागि एउटा शीर्षक पहिल्याउने काम गर्दछन् ।
- शिक्षकले नीतिपरक ढङ्गले अन्तर्वार्ता लिने तथा जानकारीहरू सङ्कलन गर्ने तौरतरिकाहरूको परिचय दिन्छन् ।
- विद्यार्थीहरूले (समूहमा) अनुसन्धान योजना तयार पार्दछन् ।
- शिक्षकले विद्यार्थीहरूलाई उनीहरूका अनुसन्धान योजनाहरूलाई परिस्कृत गर्न सहयोग गर्दछन् र विद्यार्थीहरूले नीतिपरक अनुसन्धानका विधिहरूलाई लागू गरेको सुनिश्चित गर्दछन् ।

### अनुसन्धान कार्य (विद्यालय पछि)

- विद्यार्थीहरूले उनीहरूको खाली समयमा अनुसन्धानको कार्यलाई अघि बढाउँछन् । उनीहरूले मानिसहरूसँग तिनीहरूका सम्पदा अभ्यासहरूका बारेमा अन्तर्वार्ता लिन्छन् र त्यसबाट प्राप्त जानकारीहरूलाई लेखेर तथा फोटोहरू खिचेर अभिलेखीकरण गर्दछन् । त्यसपछि प्राप्त जानकारीहरूलाई कथामा ढाल्न कथा-पाटी (storyboard) तयार पार्दछन् ।
- हरेक समूहले आफूले गरेको प्रगतिका बारेमा शिक्षकहरूसँग छलफल गर्दछन् र शिक्षकको टिप्पणी तथा सुझाव अनुसार आवश्यक सुधार गर्दछन् ।

### चौथो घण्टी:

- कक्षामा विद्यार्थीहरूको हरेक समूहले उनीहरूले गरेका कार्यहरूलाई अन्तिम रूप दिई त्यसलाई आफ्ना सहपाठीहरू समक्ष प्रस्तुत गर्दछन् । प्रस्तुतिमा उनीहरूले उक्त शीर्षक किन छनौट गरे भनेर वर्णन गर्नुका साथसाथै आफूलाई तोकिएको कार्य (assignment)का क्रममा भोगेका समस्याहरू एवं रोचक अनुभवहरू पनि बाँड्दछन् ।
- आफूले प्राप्त गरेका जानकारीहरूलाई व्यापकरूपमा सेयर गर्नका लागि फेसबुकमा राख्छन् र उनीहरूका केही कथाहरूलाई समेटेर डिजिटल पुस्तक तयार पार्दछन् ।

# गणित

## पाठ योजना ३: ढ्याक (डाइस)को प्रयोग गरेर गुणा र भागको सिकाइ

| विषय | कक्षा | आईसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| गणित | २ | परम्परागत खेलहरू | किर्गिजस्तान | १ घण्टी |

### सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • परम्परागत ढ्याक खेल, जस्तैः चुको अत्माइका नियमहरू सिक्ने । <br>• खेलसँग सम्बन्धित शब्दसूची तयार पार्ने । <br>• साधारण गणितीय समस्याहरू समाधान गर्ने । |
| सिप | • गुणन र भागको अभ्यास गर्ने । <br>• परम्परागत खेल चुको अत्माइ खेल्न ढ्याक फाल्ने । <br>• ध्यान एकत्रित गर्ने सिपहरूको विकास गर्ने । |
| धारणा | • परम्परागत खेलहरूको महत्वका बारेमा सचेत बन्ने । <br>• गणित खेलहरू लगायत दैनिक जीवनमा पनि प्रयोग हुन्छ भनेर बुझ्ने । |

**आवश्यक विशेष सामाग्रीहरू:** गणितको किताब, अभ्यास पुस्तिका, स्केल, छनौट गरिएका श्रव्यदृष्य सामाग्रीहरू, डाइस हालेको झोला ।

### कृयाकलापहरू :

- शिक्षकले विद्यार्थीहरूलाई एउटा झोला (जसलाई किर्गिजमा कुर्भुन भनिन्छ) देखाउँछन् र उक्त झोला भित्र के होला भनेर अनुमान गर्न भन्दछन् ।
- विद्यार्थीहरूले आफूले अनुमान गरेको कुरा भन्दछन् ।
- शिक्षकले झोला भित्रको डाइस (ढ्याक) देखाउँछन् र उक्त झोलाका साथै परम्परागत खेलमा डाइसलाई कसरी प्रयोग गरिन्छ भनेर व्याख्या गर्दछन् । विद्यार्थीहरूले उनीहरूका साथीहरूलाई उनीहरूले पहिले नै खेलेका डाइस खेलहरू र उनीहरूलाई सबैभन्दा मन परेको डाइस खेलका बारेमा बताउँछन् ।
- शिक्षकले डाइसको प्रयोग गरेर गुणा र भाग कसरी गर्न सकिन्छ भनेर देखाउँछन् । (उदाहरणका लागिः म सँग झोलामा २० वटा डाइसहरू छन्, यदि मैले पाँच जना विद्यार्थीहरूलाई बराबरी बाँडे भने हरेक विद्यार्थीले २० भाग ५ बराबर ४ वटा डाइस पाउँछन्...आदि) ।
- विद्यार्थीहरूले जोडी बनाएर डाइसको सहयोगमा गुणा र भाग अभ्यास गर्दछन् ।
- उक्त अभ्यास सकिएपछि विद्यार्थीहरूले चुको आत्माइ खेल खेल्दछन् ।

**गृह कार्य:** विद्यार्थीहरूले उनीहरूको किताबमा भएका गणितका प्रश्नहरूको उत्तर पत्ता लगाउने अभ्यास गर्दछन् । गृहकार्य गर्दा उनीहरूलाई घरैमा पाइने वस्तुहरूको प्रयोग गर्न उत्प्रेरित गरिन्छ ।

***चुको अत्माइ*** (जसलाई स्थानीय भाषामा *अल्चिक* भनिन्छ) *ढ्याक* को प्रयोग गरेर खेलिन्छ । सहभागीहरूले ३ देखि ५ मिटरको एउटा गोलो घेरा तान्छन् । अल्चिकलाई घेराको बिचमा राखिन्छ । घेराको दुवै तिर एक-एक मिटरको दुरीमा दुईवटा रेखाहरू तानिन्छ । यदि डाइसलाई पहिलो पटक फाल्दा घेरा भन्दा बाहिर गयो भने दोस्रो पटक डाइसलाई घेराको रेखाबाट फाल्न सकिन्छ । यदि घेरा बाहिर गएन भने अर्को खेलाडीको पालो आउँछ । सबैभन्दा धेरै *अल्चिक* फाल्ने खेलाडीले खेल जित्छ ।

## पाठ योजना ४: परम्परागत सिंढीका माध्यमबाट त्रिकोणमितिको सिकाइ

| विषय | कक्षा | आईसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| गणित (त्रिकोणमिति) | ९ | परम्परागत सिँढी बनाउने | नेपाल | १२ घण्टी |

### सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • समकोण त्रिभुजमा त्रिकोणमितीय अनुपातको हिसाब निकाल्ने |
| सिप | • समस्या-समाधान सिपहरूको विकास गर्ने ।<br>• विभिन्न उचाइ र कोणका सिंढीहरू बनाउने आधारभूत सिकर्मी सिप हासिल गर्ने । |
| धारणा | • हरेक पेशाको सम्मान गर्न सिक्ने ।<br>• समूह भावना एवं सहयोगको विकास गन |

**आवश्यक विशेष सामाग्रीहरू :** श्रव्यदृष्य सामाग्री, प्लाइवुड, करौँती, कॉंटी, रंग र ब्रुसहरू ।

## कृयाकलापहरू :

### पहिलो घण्टी:

- शिक्षकले त्रिकोणमितिको परिचय दिन्छन् र दैनिक जीवनमा यसको उपयोगितका बारेमा वर्णन गर्दछन् । उनले पर्खालको उचाइ र कोण कति राख्न चाहेको हो सोहि अनुसार सिँढीको लम्बाइ हिसाब गर्ने अनुपातको सूत्र प्रस्तुत गर्दछन् ।
- विद्यार्थीहरूले हिसाब गर्ने अभ्यास गर्दछन् ।

### दोश्रो – छैटौँ घण्टी: स्थलगत भ्रमण

- विद्यार्थीहरूले उनीहरूको छरछिमेकमा परम्परागत सिँढी बनाउने बारेमा जानकारीहरू पत्ता लगाउँछन् ।
- उनीहरूले स्थानीय सिकर्मीहरूसँग अन्तर्वार्ता लिन्छन् र उनीहरूको कामलाई अवलोकन गर्दछन् ।
- उनीहरूले सिंढीको नाप लिन्छन् र त्यसको अभिलेख राख्दछन् ।
- उनीहरूले सिंढीका हरेक स्टेपहरू किन भुईंको तहसँग समानान्तर हुनु पर्दछ र परम्परागत तथा सिमेन्टबाट बनाइएको सिंढीमा के फरक छ भनेर छलफल गर्दछन् । उनीहरूले सैद्धान्तिक सूत्रहरू र स्थलगत अवलोकनको तुलना गर्दछन् ।

### सातौँ – बाह्रौँ घण्टी : व्यवहारिक प्रयोग

- विद्यार्थीहरूले समूहमा प्लाइवुडको पाताबाट आफू जत्रै सिँढी बनाउँछन् । एउटा समूहले ४५ डिग्रीको कोण भएको सिँढी बनाउँछ । अर्को समूहले ६० डिग्री कोण भएको सिँढी बनाउँछ । व्यवहारिक अभ्यासमा निम्न कुराहरू समावेश हुन्छन् :
  - त्रिकोणमितीय अनुपातको प्रयोग गरी लम्बाइ र कोणको हिसाब गर्ने, रेखाचित्र तयार पार्ने ।
  - आफूले चाहेको लम्बाइ अनुसार प्लाइवुड काट्ने ।
  - काठमा रङ लगाउने ।
  - सिँढी बनाउनका लागि काटिएका प्लाइवुडका टुक्राहरूलाई जोड्ने
- विद्यार्थीहरूले उनीहरूले बनाएका आ-आफ्ना सिंढीहरूको तुलना गर्दछन् र तिनका भिन्नताहरूका बारेमा छलफल गर्दछन् ।

# विज्ञान तथा प्रविधि

## पाठ योजना ५: पानीसँग सम्बन्धित परम्परागत प्रविधि

| विषय | कक्षा | आईसीएत तत्व | देश | अवधी |
|---|---|---|---|---|
| विज्ञान तथा प्रविधि शिक्षा | ८ | *त्य: प* (माटोका भाँडाकुँडा)। परम्परागत पानीका घैँटाहरूको प्रयोग | नेपाल | ३ घण्टी प्रदर्शनी |

### सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • *त्य: प* को प्रयोग कसरी गरिन्छ भनेर बुझ्ने ।<br>• *त्य: प* प्रयोगका फाइदाहरू पत्ता लगाउने ।<br>• परम्परागत र आधुनिक प्रविधिहरूको तुलना गर्ने । |
| सिप | • दृष्टिकोणहरू र विचारहरूलाई समूहमा प्रस्तुत गर्ने ।<br>• पोष्टरका माध्यमबाट सूचना प्रस्तुत गर्ने ।<br>• सृजनात्मक सिपको विकास गर्ने तथा *त्य: प* बनाउने । |
| धारणा | • अन्य व्यक्तिहरूको विचारलाई सम्मान गर्ने ।<br>• परम्परागत प्रविधिको प्रयोगप्रति सकारात्मक धारणाको विकास गर्ने । |

**आवश्यक विशेष सामाग्रीहरू:** चार्ट पेपर, फिट, पेन्सिल, विभिन्न थरी रङका कलमहरू, मार्कर, ग्लु स्टिक, माटो, KWL चार्ट तथा प्रस्थान पन्ना, कक्षामा प्रदर्शन गर्नका लागि केही *त्य: प* (माटोका भाँडा)हरू, श्रव्यदृष्य सामाग्रीहरू

### कृयाकलापहरू :

#### पहिलो घण्टी:

- विद्यार्थीहरूले *त्य: प* का बारेमा के जानेका छन् (what they know – K), के जान्न चाहन्छन् (want to know – W) भन्ने अभिव्यक्त गर्न 'जानेको—जान्न चाहेको-सिकेको' (Know-Want-Learn – KWL) चार्टका पहिलो दुईवटा कोठाहरू भर्दछन् । त्यसपछि उनीहरूले यसलाई कक्षामा प्रस्तुत गर्दछन् ।
- तलका प्रश्नहरूको उत्तर दिन शिक्षकले छोटो प्रवचन प्रस्तुत गर्दछन् र यसका अतिरिक्त श्रव्यदृष्य सामाग्रीहरू पनि देखाउँछन् : *त्य: प* भनेको के हो ? कुन समुदायले यसको प्रयोग गर्दछ ? *त्य: प* प्रयोग गर्नाले के-के फाइदाहरू हुन्छन् ?
- विद्यार्थीहरूले उनीहरूको घरमा *त्य: प* वा त्यस्तै वस्तुहरू प्रयोग गर्दाका फाइदाहरूका बारेमा छलफल गर्दछन् । उनीहरूले आर्थिक, वातावरणीय, व्यवहारिकता आदि जस्ता विभिन्न पक्षहरू हेर्न सक्छन् ।



**दोस्रो घण्टी:**

- शिक्षकले परम्परागत एवं आधुनिक प्रविधिहरूका बारेमा छोटो प्रवचन दिन्छन् र श्रव्यदृष्य सामाग्रीहरू देखाउँछन् ।
- विद्यार्थीरूले उनीरूको घर वा छरछिमेकमा प्रयोग हुने प्रविधिका प्रकारहरूका बारेमा छलफल गर्दछन् र परम्परागत *त्यः प* र आधुनिक पानी ट्याङ्कीकाबीच कम्तिमा तीनवटा भिन्नताहरू पत्ता लगाउँछन् ।
- विद्यार्थीहरूले आफूले सिकेको कुरालाई KWL चार्टको अन्तिम कोठा L मा भर्दछन् ।

**तेस्रो घण्टी:**

- शिक्षकले यी व्यवहारात्मक गतिविधिहरूका लागि (*त्यः प* को चित्र कोर्ने तथा बनाउने तथा पोस्टर बनाउने) निर्देशनहरू दिन्छन् ।
- विद्यार्थीहरूले *त्यः प* र आधुनिक पानी ट्याङ्कीको चित्र कोर्दछन् ।
- विद्याथीहरूले समूहमा *त्यः प* र यसका फाइदाहरू समेटेर पोस्टर तयार पार्दछन् र त्यसलाई प्रस्तुत गर्दछन् ।
- विद्यार्थीहरूले माटोबाट सानो *त्यः प* बनाउँछन् ।

**प्रदर्शनी:**

- कक्षामा विद्यार्थीहरूले आफूले बनाएको सानो *त्यः प* र पोस्टरको प्रदर्शनीको तयारी गर्दछन ।
- विद्यार्थीहरूले आफुले गरेको काम आगन्तुकहरूलाई देखाउँछन् र त्यसका बारेमा वर्णन गर्दछन् ।

## पाठ योजना ६: वनस्पति र साबुन बनाउने सम्बन्धी परम्परागत ज्ञान

| विषय | कक्षा | सम्पदा तत्व | देश | अवधी |
|---|---|---|---|---|
| जीव-विज्ञान, रसायनशास्त्र, भूगोल<br>विद्यार्थीहरूको परियोजना | ९ | वनस्पति र साबुन बनाउने सम्बन्धी परम्परागत ज्ञान | किर्गिजस्तान | १ महिना |

### सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • वनस्पति र साबुन बनाउने परम्परागत ज्ञानका बारेमा सिक्ने ।<br>• लोक-वनस्पति विज्ञानका बारेमा आधारभूत जानकारी प्राप्त गर्ने ।<br>• किर्गिजस्तानमा साबुन बनाउने परम्पराको इतिहासका बारेमा सिक्ने । |
| सिप | • साबुन बनाउन सिक्ने ।<br>• छलफलका सिपहरूको अभ्यास गर्ने । |
| धारणा | • स्थानीय वनस्पति र तिनीहरूको प्रयोगको महत्व बुझ्ने ।<br>• स्थानीय वनस्पतिहरूसँग सम्बन्धित परम्परागत ज्ञानलाई सुरक्षित राख्नुको महत्वका बारेमा सजग रहने । |

**आवश्यक विशेष सामाग्रीहरू:** साबुन बनाउने बारे श्रव्यदृष्य सामाग्री, वनस्पति तथा अन्य सामाग्रीहरू

### गतिविधिहरू:

यी गतिविधिहरू एक महिनाको अवधिमा सञ्चालन गरिएका थिए ।

- शिक्षकले वनस्पति सम्बन्धी परम्परागत ज्ञान र साबुन बनाउने इतिहासका बारेमा जानकारीहरू प्रस्तुत गरेर शुरू गर्दछन् । विद्यार्थीहरूले यो विषयसँग सम्बन्धित भिडियो हेर्दछन् ।
- स्वतन्त्र रूपमा विद्यार्थीहरूले किर्गिजस्तानको भौगोलिक क्षेत्र भित्र पाइने औषधीजन्य वनस्पतिहरूका बारेमा अनुसन्धान गर्दछन् (जस्तैः वनस्पतिहरू कहाँ हुर्कन्छन्, वनस्पतिका विशेषताहरू) ।
- घरमाः विद्यार्थीहरूले परम्परागत किर्गिज साबुन बनाउनका लागि चाहिने वनस्पति र अन्य सामाग्रीहरू जुटाउँछन् । उनीहरूले किर्गिज साबुन बनाउनमा प्रयोग हुने तर हाल उपलब्ध नहुने परम्परागत प्रविधिहरूको ठाउँमा सम्भावित नयाँ प्रविधिहरू पत्ता लगाउने प्रयास गर्दछन् । वनस्पति (औषधीजन्य जडीबुटी)को प्रयोग गरी उनीहरूले आफ्नै साबुन बनाउँछन् । यो प्रक्रियाको भिडियो बनाउँदा अति राम्रो हुन्छ ।
- कक्षामा, विद्यार्थीहरूले उनीहरूले बनाएका साबुन (र यदि सान्दर्भिक भएमा भिडियो) प्रदर्शन गर्दछन्, सहपाठीहरूका प्रश्नहरूको जवाफ दिन्छन् र उनीहरूले प्रयोग गरेका प्रविधि बारे छलफल गर्दछन् ।

# इतिहास तथा सामाजिक विज्ञान

## पाठ योजना ७: परिवारको इतिहास: परिवार वृक्ष बनाउने तयारी

| विषय | कक्षा | सम्पदा तत्व | देश | अवधी |
|---|---|---|---|---|
| इतिहास | ९ | *शेजिरे:* परिवार वृक्षको रेखाचित्र बनाउन | काजखस्तान | ३ घण्टी |

### सिकाइका उद्देश्यहरू

| | |
|---|---|
| ज्ञान | • मानव वंश परम्परा अध्ययनका मुख्य विधिहरूका बारेमा सिक्ने ।<br>• आनुवंशिक कोड र डीएनएका बारमा बुझ्ने ।<br>• वंशावली बनाउने विधिका बारेमा सिक्ने । |
| सिप | • सूचनाको सङ्कलन तथा छनौट गर्ने; तपाईं आफैका लागि कुन तालिमको विधि उपयुक्त हुन्छ, त्यसको निर्क्योल गर्ने ।<br>• अन्य विद्यार्थी, अभिभावक, विस्तारित परिवारका सदस्य एवं समुदायसँग सहकार्य गर्ने । |
| धारणा | • पारिवारिक परम्पराको महत्व बुझ्ने ।<br>• आफ्नो र अरूको सम्पदाका प्रति सम्मान प्राप्त गर्ने ।<br>• परम्परागत ज्ञानको महत्व, यसको संरक्षण तथा युवा पुस्तामा यसको हस्तान्तरणका बारेमा सचेत रहने । |

**आवश्यक विशेष सामाग्रीहरू** : चित्र बनाउने पन्ना, सिसाकलम वा मार्कर, गम, फिट, कलम ।

### तयारी कृयाकलाप:

- विद्यार्थीहरूले उनीहरूको परिवार, कुल र जातिका बारेमा जानकारी लिन आफ्ना आफन्तहरूसँग अन्तर्वार्ता लिन्छन्, फोटोहरू खिच्छन् । उनीहरूले आफ्नो परिवारका परम्परा, रीतिरिवाज तथा अनुष्ठानका बारेमा अनुसन्धान गर्दछन् । उनीहरूले स्थानीय ठाउँमा प्रचलित परी-कथा, उखानटुक्का एवं उनीहरूको परिवार वा कुलसँग सम्बन्धित भनाइहरू सङ्कलन गर्दछन् ।

### कृयाकलापहरू

- शिक्षकले मानव वंश परम्पराको अध्ययन तथा परिवारको सम्बन्धलाई रेकर्ड गर्ने विधिहरू प्रस्तुत गर्दछन् ।
- शिक्षकले पारिवारिक इतिहास झल्काउने परिवार वृक्षको परिचय दिन्छन् र प्राचीन समयदेखि नै यस्तो परिवार वृक्ष बनाउने परम्परा रहेको जानकारी दिन्छन् । शिक्षकले प्रसिद्ध व्यक्तिहरू (जस्तै: अबे, कुर्मान्गाजे, रानी भिक्टोरिया आदि) को परिवार वृक्ष देखाउँछन् ।

- शिक्षकले आनुवंशिक पारिवारिक इतिहासमा प्रतिनिधित्व गर्न परिवार वृक्षमा प्रयोग भएका नियम र प्रतिकहरूको परिचय प्रस्तुत गर्दछन् ।
- विद्यार्थीहरूले पुर्खाहरूका गुणहरूको आनुवंशिक हस्तान्तरणमा ध्यान दिँदै प्रसिद्ध मानिसहरूको परिवार विश्लेषण गर्दछन् ।
- शिक्षकले शेजिरेले मानिसहरूलाई केवल श्रद्धाञ्जलीका रूपमा मात्रै नभएर स्वस्थ र स्वस्थ बच्चा जन्माउनका लागि उनीहरूका पुर्खाको सम्झनालाई सम्मान गर्न सिकाउँछ भनेर व्याख्या गर्दछन् । विद्यार्थीहरूले यस परम्पराको उपयोगीतालाई विश्लेषण गर्न उनीहरूको आफ्नै उदाहरण एवं शिक्षकले दिएका उदाहरणहरूको प्रयोग गर्दछन् ।
- विद्यार्थीहरूले उनीहरूको कुल एवं जातिसँग सम्बन्धित जानकारी सहित उनीहरूको परिवार वृक्षको चित्र बनाउँछन् । उनीहरूले आफूले गरेको कामलाई कक्षामा प्रस्तुत गर्दछन् ।

## पाठ योजना ८: दोस्रो विश्वयुद्धताकामा काजखस्तान

| विषय | कक्षा | सम्पदा तत्व | देश | अवधी |
|---|---|---|---|---|
| इतिहास | ९ | *शेजिरे* (वंशावलीको ज्ञान) | काजखस्तान | १ घण्टी |

### सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • दोस्रो विश्व युद्धमा काजखस्तानीहरूको सहभागिताका बारेमा बुझ्ने ।<br>• दोस्रो विश्व युद्धमा सहभागी भएकाहरूका आफन्तहरूका बारेमा उनीहरूको पारिवारिक अभिलेखबाट जानकारी सङ्कलन गर्ने । |
| सिप | • व्यवहारिक अनुसन्धान एवं प्रस्तुतिकरण सिपको विकास गर्ने । |
| धारणा | • उनीहरूको परिवारको इतिहासको ज्ञानका कारण सम्बद्धताको भाव प्राप्त गर्ने ।<br>• उनीहरू र अन्य व्यक्तिहरूको सम्पदाप्रति सम्मान गर्ने । |

### तयारी कृयाकलापहरू :

- यस कक्षाको तयारी गर्दा विद्यार्थीहरूले दोस्रो विश्वयुद्धमा सहभागी भएका उनीहरूका आफन्तहरूसँग जानकारी सङ्कलन गर्दछन् । आफन्तहरूसँग सम्पर्क गर्न तथा उनीहरूसँग अन्तर्वार्ता गर्न शिक्षकले पर्याप्त समय छुट्याउनु पर्दछ । द्रष्टव्य: सबै विद्यार्थीहरूसँग पारिवारिक अभिलेख वा यस्तो सूचनाको पहुँच हुँदैन ।

## कृयाकलापहरू :

- शिक्षकले 'दोस्रो विश्व युद्धका बेला मेरा आफन्तहरू' शीर्षकमा प्रस्तुतिकरण कसरी गर्ने भनेर त्यसको संरचनाको परिचय दिन्छन् ।
- व्यक्तिगत रूपमा विद्यार्थीहरूले बटुलेका जानकारीहरूलाई प्रस्तावित संरचना अनुसार वर्गीकरण गर्दछन् ।
- समूहमा विद्यार्थीहरूले प्रस्तुतिकरण तयार पार्दछन् जसमा उनीहरूले दोस्रो विश्व युद्धमा सहभागी भएका उनीहरूका आफन्तहरूका बारेमा व्याख्या गर्दछन् ।

## पाठ योजना ९: किम्जाङ संस्कृतिलाई नियाल्दा : विद्यालयको एउटा अतिरिक्त शैक्षिक परियोजना

| विषय | कक्षा | आइसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| इतिहास | ७ - ९ | *किमजाङ*: किम्ची बनाउने तथा बाँड्ने सामुहिक प्रक्रिया | गणतन्त्र कोरिया | कक्षामा ३ घण्टी विद्यार्थीहरूले अनुसन्धान गर्ने समय |



## सिकाइका उद्देश्यहरू:

| | |
|---|---|
| ज्ञान | • समुदायले हाल भोगिरहेका समस्याहरूका पछाडिको इतिहासका बारेमा बुझ्ने ।<br>• विभिन्न समय र स्थानमा संस्कृति, परम्परा र मूल्यका बारेमा जान्ने । |
| सिप | • सिकाइ सामाग्रीहरूको प्रयोग, विश्लेषण, तुलना तथा तिनीहरूलाई समेट्नका लागि क्षमता अभिवृद्धि गर्ने ।<br>• संस्कृतिको संरक्षण तथा हस्तान्तरण गर्ने उपायहरू पहिल्याउने । |
| धारणा | • प्रजातन्त्र र शान्तिको महत्वप्रति सम्मान भाव प्रबर्द्धन गर्ने ।<br>• सामुदायिक सहयोग प्रणाली भित्र सहकार्यका फाइदाहरूको सराहना गर्ने । |

## कृयाकलापहरू :

यो परियोजना तीन महिनासम्म सञ्चालन गरिएको थियो ।

- विद्यार्थीहरूले भिडियो हेर्छन् र किम्चीका बारेमा र समुदाय भित्र सामुहिक रूपमा किम्ची बनाउने एवं बाँड्ने प्रक्रियाका बारेमा उनीहरूका अनुभवहरू साटासाट गर्दछन् ।
- शिक्षकले जीवन्त सम्पदा के हो भनेर जानकारी प्रस्तुत गर्दछन् ।
- समूहमा, विद्यार्थीहरूले पाक-कला, खास गरेर किम्ची बनाउनेसँग सम्बन्धित विभिन्न अभ्यासहरूको अनुसन्धान गर्दछन् । उनीहरूले किम्ची उत्पादन र दिगो विकास एवं आर्थिक विकासका बिचको सम्बन्ध पनि खोज्दछन् ।
- विद्यार्थीहरूले आफूले पत्ता लगाएका कुराहरूको छोटो भिडियो बनाएर कक्षामा प्रस्तुत गर्दछन् ।
- कक्षामा, विद्यार्थीहरूले तलका प्रश्नहरू माथि छलफल गर्दछन्:
  - हाम्रो संस्कृतिको पहिचान र विविधताः हाम्रो कक्षा, विद्यालय र स्थानीय समुदायका लागि यसको के अर्थ छ ?
  - के हामीहरूले किम्जाङ संस्कृतिको संरक्षण गर्न सक्छौँ ? हामीहरूले त्यस्तो कसरी गर्न सक्छौँ ?

# नागरिक शिक्षा

**पाठ योजना १०: स्वप्नदर्शीहरू, नाम्साडाङ नोरी समूहले के सपना देखे ? एउटा कक्षा परियोजना**

| विषय | कक्षा | आइसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| कोरियाली भाषा, सामाजिक शिक्षा, नागरिक शिक्षा, शारीरिक शिक्षा | प्राथमिक, पाँचौ, ११ वर्ष उमेर समूह | *नाम्साडाङ नोरी* प्रस्तुति कला | गणतन्त्र कोरिया | ५ घण्टी |

## सिकाइका उद्देश्यहरू :

| | |
|---|---|
| ज्ञान | • *नाम्साडाङ नोरी*को हस्तान्तरण र इतिहास एवं यसको सामान्य बनावटका बारेमा जान्ने ।<br>• विगतमा मानव अधिकारको प्रबर्द्धन गर्न मानिसहरूले *नाम्साडाङ नोरी*को कसरी प्रयोग गरिहेका थिए भनेर बुझ्ने । |
| सिप | • शारीरिक सिप: *नाम्साडाङ नोरी*लाई कसरी प्रस्तुत गरिन्छ भनेर अझै बढी जान्न फितलो डोरी र घुमाउने प्लेटको प्रयोग गर्ने ।<br>• छलफल सिप: विगतका मानिसहरूका प्रयासहरूबाट प्रेरित भै मानव अधिकार प्रबर्द्धन गर्न सक्ने कार्यहरूका बारेमा सुझाव दिने । |
| धारणा | • मानव अधिकारको महत्वको कदर गर्ने र सोही अनुसार व्यवहार गर्ने । |

**आवश्यक विशेष सामाग्रीहरू:** श्रव्यदृष्य सामाग्रीहरू, फितलो डोरी, घुमाउने थाली, प्रस्तुतिका लागि सजावटका सामाग्रीहरू ।

## कृयाकलापहरू :

- शिक्षकले मानव अधिकारको अवधारणाको परिचय दिन्छन् ।
- विद्यार्थीहरूले भिडियो हेरेर र *नाम्साडाङ नोरी* बारे सूचनाहरूको खोजी गरेर जीवन्त सम्पदा के हो भनेर जान्दछन् । उनीहरूले आफूले प्राप्त गरेका जानकारीहरूको सारांश लेख्छन् ।
- विद्यार्थीहरूले *नाम्साडाङ नोरी*मा प्रस्तुत गरिने केही कलाहरूको अनुभव गर्न डोरीमाथि हिँड्ने एवं थाली घुमाउने अभ्यास गर्दछन् ।

- विद्यार्थीहरूले *नाम्साडाङ नोरीले* आफूलाई पारेको प्रभाव सेयर गर्दछन् ।
- विद्यार्थीहरूले *नाम्साडाङ नोरी* सम्बन्धी प्रसिद्ध भनाईहरूलाई मानव अधिकारका दृष्टिकोणबाट मनन गर्दछन् र तिनीहरूलाई समकालिन लोकप्रिय के-पप (कोरियन पप सङ्गीत) समूहका गीतहरूसँग तुलना गर्दछन् ।
- विद्यार्थीहरूले यदि जोसेन राजवंशका बेला *नाम्साडाङ* आफूहरू नोरी दलको हिस्सा भएको भए जुन सन्देश दिन चाहन्थे सोही संदेश प्रस्तुत गर्दछन् ।
- समूहमा, विद्यार्थीहरूले कोरियाका विभिन्न ठाउँहरू वा अन्य देशहरूमा अभ्यास गरिने *नाम्साडाङ नोरीसँ*ग मिल्ने अन्य आइसीएच तत्वहरूका बारेमा अनुसन्धान गर्दछन् । उनीहरूले तिनीहरूका विशेषताहरू र मुख्य कथा एवं सन्देशहरूको तुलना गर्दछन् ।
- समूहमा, विद्यार्थीहरूले मानव अधिकार उल्लङ्घन (घरमा, विद्यालयमा, समुदाय वा देशमा) का उदाहरणहरू सङ्कलन गर्दछन् । उनीहरूले यो मानव अधिकार उल्लङ्घनका बारेमा आफ्ना भावनाहरू व्यक्त गर्न छोटो *नाम्साडाङ नोरी* नाटक बनाएर त्यसको मञ्चन गर्दछन् ।



# कला र संस्कृति

## पाठ योजना ११ः थाइ लन्ना काष्ठकला

| विषय | कक्षा | आइसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| लन्ना हस्तकला | प्राथमिक विद्यालय (४–६) | स्थानीय ज्ञानमा आधारित परम्परागत लन्ना काष्ठकला | थाइल्याण्ड | ३ घण्टा (कुल १५ घण्टा) |

**आवश्यक विशेष सामाग्रीहरूः** काठमा खोपेर बनाइएका बान्कीहरू समेटेर बनाइएका श्रव्यदृष्य सामाग्रीहरू मध्येबाट छानिएका सामाग्रीहरू, काठ, काठमा खोप्ने औजारहरु ।

### सिकाइका उद्देश्यहरू :

| | |
|---|---|
| ज्ञान | • काठ खोपेर बनाइने काष्ठकला र सजावटका बान्की (प्याटर्नहरू) बनाउन आवश्यक पर्ने शिल्पकला जान्ने ।<br>• परम्परागत काष्ठकलाका बान्कीहरूको इतिहास जान्ने । |
| सिप | • काठमा बान्कीहरू डिजाइन गरेर खोप्ने । |
| धारणा | • साँस्कृतिक सम्पदाहरूप्रति गर्व गर्ने र यसको संरक्षण एवं हस्तान्तरणमा अभिरूचि जगाउने ।<br>• समुदायप्रति अपनत्वको भावना विकास गर्ने । |

### कृयाकलापहरू :

- शिक्षकले विद्यार्थीहरूलाई काष्ठकलाका तस्वीरहरू देखाउँछन् र उनीहरूले ती तस्वीरहरूसँग आफूलाई कसरी सम्बन्धित गर्दछन् भनेर सोध्छन् ।
- कक्षामा शिक्षकले बान थावाइ गाउँको काष्ठकला परम्परा सम्बन्धी युट्युव भिडियोका क्लिपहरू देखाउँछन् र विद्यार्थीहरूलाई क्लिपहरूबाट जति धेरै सम्भव हुन्छ त्यति काष्ठकलाहरू पत्ता लगाउन भन्दछन् । त्यसपछि उनीहरूले परम्परागत शिल्पकला बनाउने प्रक्रिया, यसको महत्व र यसमा अभिव्यक्त भएका साँस्कृतिक तत्वहरूका बारेमा छलफल गर्दछन् ।
- शिक्षक र काष्ठकलामा निपुण स्थानीय कालिगडले काष्ठकला र सजावटको बान्की बनाउने बारे थप जानकारीहरू दिन्छन् ।
- विद्यार्थीहरूले काठको फलेकमा परम्परागत बान्की र आधुनिक बान्की कसरी खोप्ने बारे सिक्दछन् । शिक्षक र स्थानीय काष्ठकला कालिगडले उनीहरूलाई सुपरिवेक्षण गर्दछन् र बान्कीहरू कसरी बनाउने भनेर तालिम दिन्छन् ।

## पाठ योजना १२: चङ्गा डिजाइन गर्ने ।

| विषय | कक्षा | आईसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| संस्कृति र कला शिक्षा | ७ | परम्परागत चङ्गा डिजाइन | कम्बोडिया | १ घण्टी |

### सिकाइका उद्देश्यहरू :

| | |
|---|---|
| ज्ञान | • परम्परागत खमेर चङ्गाका बान्कीहरू पत्ता लगाउने । |
| सिप | • चङ्गाको डिजाइन गर्ने एवं बनाउने तौरतरिकाहरू जान्ने ।<br>• सिर्जनात्मक सिपको विकास गर्ने ।<br>• समूहकार्य सिपको विकास गर्ने |
| धारणा | • बौद्ध धर्म सम्बन्धी सिकाइका लागि कलालाई आधारभूत तत्वका रूपमा कदर गर्ने । |

**आवश्यक विशेष सामाग्रीहरू:** श्रव्यदृष्य सामाग्री एवं पाठ्यपुस्तक, रंगीन कागज, डफ्टी, कैँची, चक्कू, काठ, स्टीकर, विभिन्न बान्कीहरू कोरिएका सामाग्रीहरू (pattern drawings)।

### कृयाकलापहरू :

- शिक्षकले खमेर चङ्गा र अन्य देशहरूमा प्रचलित चङ्गाका चित्रहरू कक्षामा देखाउँछन् र परम्परागत खमेर चङ्गाको इतिहासका बारेमा व्याख्या गर्दछन् ।
- विद्यार्थीहरूले खमेर चङ्गा सम्बन्धी भिडियो हेर्छन् । उनीहरूले विभिन्न आकार र बान्कीहरूका बारेमा छलफल गर्दछन् ।
- शिक्षकले चङ्गा बनाउनका लागि परम्परागत रूपमा प्रयोग हुँदै आएका कच्चा पदार्थहरूको परिचय प्रस्तुत गर्दछन् र चङ्गा बनाउने तौरतरिकालाई चरणबद्ध तरिकाले प्रस्तुत गर्दछन् ।
- विद्यार्थीहरूले ती चरणहरूको अनुसरण गर्दछन् र आफै चङ्गा बनाउछन् । उनीहरूले आफूले बनाएको चङ्गालाई कक्षाकोठामा प्रदर्शन गर्दछन् र आफ्ना सहपाठीहरूको सृजनालाई हेर्दै तिनीहरूका बारेमा छलफल गर्दछन् ।

# स्वास्थ्य तथा शारीरिक शिक्षा

## पाठ योजना १३ : किर्गिज परम्परागत खेल

| विषय | कक्षा | सम्पदा तत्व | देश | अवधी |
|---|---|---|---|---|
| शारीरिक शिक्षा, सामाजिक शिक्षा | ४ | परम्परागत खेलः *एक तेरेक कक तेरेक* (सेतो पीपल, नीलो पीपल) र अल्तिनशकेक (सुनौलो औँठी) | किर्गिस्तान | १ घण्टी |

### सिकाइका उद्देश्यहरू :

| | |
|---|---|
| ज्ञान | • सम्पदा र आइसीएच के हुन् बुझ्ने ।<br>• परम्परागत खेल *एक तेरेक कक तेरेक* (सेतो पीपल, नीलो पीपल) र *अल्तिनशकेक* (सुनौलो औँठी) का नियमहरू जान्ने ।<br>• खेलको अर्थ र सामाजिक काम बुझ्ने । |
| सिप | • सहनशक्ति र समन्वयकारी सिप विकास गर्ने ।<br>• सञ्चार सिप विकास गर्ने ।<br>• समूहकार्य सिप विकास गर्ने । |
| धारणा | • किर्गिज जनताका साँस्कृतिक सम्पदा संरक्षणका लागि जिम्मेवारी बोध गर्ने । |

### कृयाकलापहरू

- कक्षाकोठामा शिक्षकले नमूना पाठः सम्पदा भनेको के हो (सहयोगी सामाग्री १) को संक्षिप्त संस्करण प्रयोग गरेर सम्पदा र आइसीएच के हुन् भनेर व्याख्या गर्दै पाठ शुरू गर्दछन् ।
- शिक्षकले परम्परात खेल एक तेरेक कक तेरेक (सेतो पीपल, नीलो पीपल) का नियमहरूको व्याख्या गर्दछन् र यसका सामाजिक कामहरूका बारेमा वर्णन गर्दछन् ।
- सबैजना विद्यालयको प्राङ्गणमा जान्छन् । शिक्षकले अल्तिनशकेक (सुनौलो औँठी) र यसका सामाजिक कामहरूका बारेमा वर्णन गर्दछन् ।
- विद्यार्थीहरूले शारीरिक शक्ति एवं साहस प्रबर्द्धन गर्ने तथा मानिसहरूलाई एकताबद्ध गर्ने उद्देश्यहरू पनि भएका अन्य परम्परागत खेलहरूका बारेमा छलफल गर्दछन् ।
- विद्यार्थीहरू र शिक्षकले आफूहरूमध्येबाट निर्णायक सदस्यहरूको छनौट गर्दछन् र खेल खेल्दछन् ।

- चयन भएका निर्णायक सदस्यहरूले समूहको प्रस्तुति मूल्याङ्कन गर्दछन् र विजेता घोषित गर्दछन् ।
- विद्यार्थीहरूले आफूले सिकेका कुराहरू, कक्षामा के कुरा रूचिकर थियो र कुन शीर्षकमा उनीहरू थप जान्न चाहन्छन् भन्ने बोरमा छलफल गर्दछन् ।

**गृहकार्यः** विद्यार्थीहरूले आफ्ना आमा-बा र हजुरआमा/हजुरबासँग उनीहरूले आफ्नो बाल्यकालमा खेलका परम्परागत खेलका बारेमा कुरा गर्दछन्, त्यसको नोट लेख्छन् र आफूले प्राप्त गरेका जानकारीहरूलाई आगामी कक्षामा प्रस्तुत गर्दछन् ।

## पाठ योजना १४. हाम्रो शरीरको सम्मानः म्हः पूजाका लागि मण्डला बनाउन

| विषय | कक्षा | आईसीएच तत्व | देश | अवधी |
|---|---|---|---|---|
| स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित र सामाजिक शिक्षा | ७ | *म्हः पूजा* अनुष्ठान – *मण्डला* बनाउने | नेपाल | ३ घण्टी प्रदर्शनी |

### सिकाइका उद्देश्यहरू :

| | |
|---|---|
| ज्ञान | • *म्हः पूजा* अनुष्ठान तथा *मण्डला*हरूका बारेमा सिक्ने ।<br>• सन्तुलित आहार भनेको के हो र स्वास्थ्यका लागि किन यसको महत्व छ भनेर जान्ने । |
| सिप | • नाप्ने तथा भाग गर्ने सिपको अभ्यास गर्ने ।<br>• *मण्डला* छाप (stencil) तथा खाना *मण्डला* कसरी बनाउने भन्ने बारेमा जान्ने । |
| धारणा | • आफ्नो शरीर, अरू व्यक्तिको संस्कृति र आइसीएच ज्ञानको सम्मान गर्ने । |

**आवश्यक विशेष सामाग्रीहरूः** स्टेन्सिलका लागि बाक्लो गत्ता कागज, विभिन्न प्रकारका खाद्य पदार्थहरू (विद्यार्थीहरू वा विद्यालयले तयार पार्नु पर्ने) ।

### कृयाकलापहरू :

**पहिलो घण्टी :**

- .विद्यार्थीहरूले *म्ह पूजा* अनुष्ठानका बारेमा जानेको, जान्न चाहेको र सिकेको (Know, Want, Learn - KWL) चार्टका पहिला दुईवटा कोठाहरू भर्दछन् ।
- शिक्षकले *म्हः पूजा* अनुष्ठानका बारेमा मुख्य जानकारीहरू प्रस्तुत गर्दछन् ।
- विद्यार्थीहरूले कागजको डफ्टीमा मण्डलाको नाप लिएर मण्डला स्टेन्सिल तयार पार्दछन् ।

## दोस्रो घण्टी

- विद्यार्थीहरूले उनीहरूको घर एवं उनीहरूको संस्कृतिमा खाइने पोषणयुक्त खानाका बारेमा वर्णन गर्दछन् ।
- समूहमा, विद्यार्थीहरूले आफूले खाने खानाका प्रकारहरूको वर्गीकरण एवं नक्सा बनाउँछन् ।
- हरेक समूहले आफूले प्राप्त गरेका तथ्यहरूलाई कक्षामा प्रस्तुत गर्दछन् ।
- समूहमा, विद्यार्थीहरूले *मण्डला*मा सन्तुलित आहार तयार पार्नका लागि कसले के खाना ल्याउने भनेर छलफल गर्दछन् ।
- विद्यार्थीहरूले उनीहरूको *मण्डला* स्टेन्सिलको कामलाई जारी राख्छन् ।

## तेस्रो घण्टी :

- विद्यार्थीहरूले उनीहरूले हरेक दिन खाने खाना तथा उनीहरूले खाने खाना सन्तुलित आहार हो कि होइन भनेर छलफल गर्दछन् ।
- विद्यार्थीहरूले सन्तुलित आहारलाई जनाउने परिकारहरूलाई *मण्डला*मा राखेर उनीहरूको मण्डला को काम पुरा गर्दछन् ।
- उनीहरूले पुरा गरेको मण्डलालाई सफा गर्नु भन्दा पहिले त्यसको फोटो खिच्दछन् ।
- उनीहरूले KWL चार्टको तेस्रो कोठा भर्दछन् ।

## चौथो घण्टी :

- विद्यार्थीहरूले मण्डलाका तस्वीरहरूको प्रदर्शनी आयोजना गर्दछन् । उनीहरूले प्रदर्शनी स्थल तयार पार्दछन्: कोठा सफा गर्दछन्, साउण्ड सिस्टम, प्रोजेक्टर (आवश्यक पर्ने भएमा) तयार पार्दछन्, प्रदर्शनीका लागि फोटोहरू सङ्कलन गर्दछन्, लेवल बनाउँछन् र फोटोहरूलाई भित्तामा झुण्ड्याउँछन् ।
- प्रदर्शनी अवलोकन गर्नका लागि कक्षामा विद्यालयका अन्य विद्यार्थीहरू, शिक्षक, प्राचार्य, अभिभावक एवं स्थानीय स्रोत व्यक्तिहरूलाई आमन्त्रण गरिन्छ । प्रदर्शनीका बेला, विद्यार्थीहरू आ-आफूले खिचेका फोटोहरूका छेउमा बस्छन् र आगन्तुकहरूलाई तिनका बारेमा व्याख्या गर्दछन् ।

# सहयोग सामाग्री ४ : सूचना सङ्कलन गर्ने

## सूचना सङ्कलन गर्ने सामान्य विधिहरू

सूचना संकलन गर्ने धेरै तरिकाहरू छन् । सबैभन्दा बढी प्रचलित सामान्य विधिहरू हुन् : कार्यालयमा बसेर गरिने अनुसन्धान (डेस्क रिसर्च) र अन्तर्वार्ता ।

**डेस्क रिसर्च** : यस विधिमा अरू व्यक्तिले लेखेका वा जुटाएका सूचनाहरूलाई सङ्कलन गरिन्छ । लिखित सूचना पुस्तक, लेख तथा इन्टरनेटमा प्रकाशित भएका हुन्छन् । तपाईं विभिन्न स्थानहरू : पुस्तकालय, संग्रहालय, सामुदायिक सिकाइ केन्द्र, विश्वविद्यालय एवं अनुसन्धान केन्द्र, सरकारी कार्यालय तथा अन्य संस्थाहरू र इन्टरनेटमा सूचनाहरू पाउन सक्नु हुन्छ ।

उपलब्ध सूचनाको गुणस्तर तथा विश्वासनीयताको मूल्याङ्कन गर्नु महत्वपूर्ण हुन्छ । आइसीएचका भरपर्दा अनलाइन स्रोतहरूमा अमूर्त साँस्कृतिक सम्पदा महासन्धि २००३ सम्बन्धी युनेस्कोको वेवसाईट, अन्तरक्रियात्मक अनलाइन सामाग्री आइसीएच कुण्ड (Dive into ICH) तथा तपाईको देशमा भएका जीवन्त सम्पदाप्रति समर्पित आधिकारिक वेभसाइटहरू लगायत पर्दछन् ।

ध्यान दिनुहोस् कि प्रकाशित भएका सूचनाहरू निश्चित समय वा स्थानमा सङ्कलन भएका थिए र सूचना प्रकाशित भएपछि तथ्यहरूमा परिवर्तन भएको हुन सक्छ । प्रकाशित सूचनाको सन्दर्भ बुझ्नु तथा उक्त सूचनालाई उचित तवरले प्रयोग गर्नु महत्वपूर्ण हुन्छ भन्ने बुझ्नु पर्दछ ।

डेस्क रिसर्च प्रक्रियाका माध्यमबाट, अन्य क्षेत्र वा देशहरूमा विभिन्न समुदायहरूले अभ्यास गर्ने आइसीएच सम्बन्धी स्रोतहरू फेला पार्न सक्नुहुन्छ । अरू ठाउँमा अभ्यास गरिने कुनै कुनै आइसीएच तत्वहरू तपाईंले अध्ययन गरिरहेका तत्वहरूसँग झण्डै झण्डै मिल्ने खालका हुन सक्छन् । तपाईंले आफ्ना विद्यार्थीहरूसँग यस्तो जानकारी बाँड्नाले उनीहरूलाई संस्कृतिहरू विविधतायुक्त हुन्छन् तर केही समानताहरू पनि छन् र हामीहरू सबै एक-अर्कासँग जोडिएका छौँ भनेर त्यसको कदर गर्नमा सहयोग पुग्नेछ ।

**अन्तर्वार्ता** : यस विधि अन्तर्गत जीवन्त सम्पदालाई प्रत्यक्ष रूपमा अभ्यास गरेर व्यवहारिक अनुभव हासिल गरेका व्यक्तिहरू जस्तैः समुदायका मानिसहरू, विद्यार्थी एवं उनीहरूका परिवारका सदस्यहरू, साँस्कृतिक संघसस्थाका प्रतिनिधिहरू आदिसँग सिधै सूचना लिइन्छ । अन्तर्वार्ता व्यक्तिहरू वा सानो समूहसँग गर्न सकिन्छ ।

अन्तर्वार्ताकारले जीवन्त सम्पदाको मूल्य र अर्थका बारेमा प्रश्नहरू सोध्नुका साथै सम्पदा तत्व र त्यसका अभ्यासकर्ताहरूका बारेमा आफ्नो बुझाइलाई गहन बनाउनका लागि प्रश्नहरू सोध्दछ । अन्तर्वार्तामा मनन गर्ने, सुन्ने तथा अवलोकन गर्ने काम हुन्छ । अन्तर्वार्ता प्रक्रियामा जीवन्त सम्पदा तत्व अभ्यास गर्ने काम पनि हुन सक्छ ।

अन्तर्वार्ता कुनै संरचनामा बाँधिएको संरचित (Structured) हुन सक्छ (अर्थात् अन्तर्वार्ताकारले प्रश्नहरूको मानक सूची तयार गर्दछ र प्रयोग गर्दछ) वा अर्ध-संरचित (Semi-structured) हुन सक्छ (अर्थात् अन्तर्वार्ताकारले केही प्रश्नहरू अग्रिम तयार गर्दछ तर अघिल्लो प्रश्नहरूको जवाफको आधारमा उत्पन्न हुने अन्य प्रश्नहरू पनि सोध्छ) । कुनै पनि संरचनामा नबाँधिए (Unstructured or Open)को अन्तर्वार्ताले अक्सर अन्तर्वार्ताकारले अपेक्षा नै नगरेका सूचनाहरूलाई बाहिर ल्याउन सक्छ ।

## अन्तर्वार्ता लिने तथा स्थलगत भ्रमण गर्ने कार्यक्रमका लागि निर्देशिका

### *भेट्ने समय तय गर्नुहोस्*

सम्पदा अभ्यासकर्ताहरू र समुदायका सदस्यहरूसँग भेटघाट गर्नका लागि भेट्ने समय तय गर्नुहोस् । तपाईंले उनीहरूलाई उनीहरूको सम्पदा अभ्यास गर्ने स्थान र समयमा भेट्न सक्नु हुन्छ । यदि तपाईं उक्त समुदायको हुनुहुन्न भने, सो समुदायमा तपाईंलाई रूचि भएको आइसीएच अभ्यास गर्ने मानिसहरूसँग भेटाइ दिनका लागि उक्त समुदायको कुनै सम्पर्क व्यक्ति भएमा तपाईंलाई मद्दत पुग्छ । उनीहरूले तपाईंलाई गर्नहुने र नहुने कुराहरूका बारेमा सूचित गर्न सक्छन्, ता कि तपाईंले सम्मानपूर्वक तरिकाले कसरी व्यवहार गर्ने भन्ने जान्न सक्नुहोस् ।

### *प्रश्नहरू अग्रिमरूपमा तयार पार्नुहोस्*

जीवन्त सम्पदाका बारेमा सूचनाहरू सङ्कलन गर्दा, सम्बन्धित सम्पदा तत्व, यसको हस्तान्तरण र यसको जीवन्तताका बारेमा प्रश्नहरू सोध्नुहोस् । उदाहरणका लागि :

- यो जीवन्त सम्पदा **के** हो ?
- यसको अभ्यास **कसले** गर्दछ ?
- यो जीवन्त सम्पदाको अभ्यास **कहिले** गरिन्छ ?
- यो आइसिएचको अभ्यास **कहाँ** गरिन्छ ?
- उक्त समुदायलाई यो आइसीएच **किन** महत्वपूर्ण छ ?
- यसको अभ्यास **कसरी** गरिन्छ ?

थप जानकारी लिनका लागि विस्तृतमा थप प्रश्नहरू सोध्न सकिन्छ । प्रश्नहरूको सूची तल दिइएको 'जीवन्त सम्पदा तत्व सम्बन्धी सिकाइ' खण्डमा उपलब्ध छ ।

### *अन्तर्वार्ताका लागि आचरणयुक्त विधि अबलम्बन गर्नुहोस्*

अन्तर्वार्ता एवं अन्य अनुसन्धान तथा अभिलेखीकरण गतिविधिहरू जहाँ समुदायको संलग्नता रहन्छ, त्यस्ता गतिविधिहरूलाई सधै आचरणयुक्त ढङ्गले सम्पन्न गर्नु पर्दछ । अर्थात्, त्यस्ता गतिविधिहरू तपाईंले भेट्न जाने समाज वा समुदायको रीतिरिवाजका दृष्टिले स्वीकार्य हुनु पर्दछ । अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका १२ वटा आचरणगत उपयोगी सिद्धान्तहरू मार्गदर्शन हुन सक्दछन् । यसका लागि यो वेवसाइटमा भ्रमण गर्नु सक्नुहुन्छ Click



समुदाय वा व्यक्तिहरूसँगका सबै अन्तरक्रियाहरू **इमान्दार** एवं **पारदर्शी** हुनुपर्दछ र यसको लागि उनीहरूसँग **स्वतन्त्र**, **अग्रिम**, र **जानकारी** सहितको मञ्जुरी (FPIC) गर्नु आवश्यक हुन्छ ।

| | |
|---|---|
| स्वतन्त्र (FREE) | ▶ काम वा निर्णयका बारेमा उनीहरूलाई कसैले पनि दवाब दिँदैन । |
| अग्रिम (PRIOR) र | ▶ कुनै पनि कार्यवाहीलाई अगाडि बढाउनु पहिले उनीहरूलाई जानकारी दिइएको थियो र उनीहरूले आफ्नो सहमति दिएका थिए । |
| जानकारी सहितको मञ्जुरी (INFORMED CONSENT) | ▶ निर्णय गर्नु पहिले उनीहरूसँग आवश्यक सबै जानकारीहरू उपलब्ध छन् ।<br>▶ उनीहरू तपाईंसँग सहकार्य गर्न सहमत छन् |

## *सम्मानपूर्वक व्यवहार गर्नुहोस्*

सूचना बटुल्ने प्रक्रिया आपसी सम्मान, सम्वाद र समावेशीकरणमा आधारित हुन्छ । समुदाय वा अभ्यासकर्ताहरूलाई भेट्दा आफ्नो परिचय दिनुहोस् र तपाईंको भ्रमणको उद्देश्य बताउनुहोस् । साँस्कृतिक हिसाबले संवेदनशील बन्नुहोस् र स्थानीय रीतिरिवाजहरूको पालना गर्नुहोस् । आफ्ना पूर्वाग्रहरूका बारेमा सचेत रहनुहोस् । पूर्वाग्रहले तपाईंलाई सूचनाको गलत व्याख्या तर्फ डोऱ्याउन सक्छ ।

## *सहभागितामूलक नक्साङ्कनमा संलग्न हुनुहोस्*

समुदायका सदस्यहरूले आइसीएच सम्बन्धी उनीहरूको ज्ञान र बुझाइलाई नक्साका रूपमा जुटाएर सूचना सङ्कलन गर्ने कार्यमा योगदान दिन सक्छन् । भुईंमा कोरिएका तथा स्केच गरिएका नक्साहरूले स्थानीय समुदायहरूलाई आइसीएचका बारेमा उनीहरूसँग भएको ज्ञानलाई एकत्रित पार्न तथा उनीहरूको बुझाइलाई वरपरका स्थानहरूका सन्दर्भमा दृश्यात्मक परिकल्पना गर्ने माध्यम प्रदान गर्दछन् । सहभागितामूलक नक्साङ्कनलाई विद्यार्थीहरूले पाठ के कति बुझे भनेर वा सिकाइका उद्देश्यहरूलाई मुल्याङ्कन गर्नका लागि एउटा साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

## *सूचनालाई रेकर्ड गर्नुहोस्*

सहभागितामूलक अनुसन्धान प्रक्रिया अत्यन्तै महत्वपूर्ण हुन्छ किन कि यसले जीवन्त सम्पदा संरक्षणमा योगदान पुऱ्याउँछ । त्यसैले अन्तर्वार्ता र अन्य अन्तरक्रियाहरूलाई राम्रोसँग रेकर्ड गर्नु महत्वपूर्ण हुन्छ । सही रेकर्डहरू तपाईंले योजना गर्नु भएको विद्यालय गतिविधिका लागि मात्रै नभएर सम्बन्धित समुदाय वा अभ्यासकर्ताहरूका लागि समेत (यदि उनीहरूले पछि सरसल्लाह गर्न चाहेको खण्डमा) उपयोगी हुन्छन् ।

सूचनाहरूलाई रेकर्ड गर्ने विभिन्न तौरतरिकाहरू छन्ः

**नोट लिने**

एक पन्ना कागज र एउटा कलम सूचना रेकर्ड गर्नका लागि साधारण र प्रभावकारी माध्यम हुन् । सबै उत्तरहरूलाई लेख्नुहोस्; जति सक्दो धेरै जानकारीहरूलाई समेट्ने प्रयास गर्नुहोस् । एक जनाले नोट लिने र अर्कोले अन्तर्वार्ता लिने गर्न सकिन्छ । अन्तर्वार्ता पछि तपाईंले अन्तर्वार्ता दिने व्यक्तिलाई उनका कुराहरू तपाईंले सही बुझ्नु भयो या भएन भनेर निश्चित हुनका लागि आफ्नो नोट जाँच गर्न अनुरोध गर्न सक्नु हुन्छ ।

**अडियो रेकर्ड गर्नुहोस्**

अन्तर्वार्ताका लागि डिक्टाफोन तथा मोबाइल एप्लिकेसनहरू उपयोगी साधन हुन सक्छन् ।

राम्रो अडियो रेकर्ड बनाउनका लागि केही सुझावहरूः

- कोठा भित्रः सम्भव भएसम्म ध्वनि लिने सामाग्रीहरू जस्तै कम्मल वा पर्दाहरू भएको ठूलो कोठा खोज्नुहोस् ।
- कोठा बाहिरः रेकर्डर वा माइक्रोफोनलाई भूईंको नजिकै राख्नुहोस् । सम्भव भएसम्म बतास लागेको एवं भिडभाड हुने ठाउँहरू नरोज्नुहोस् ।

**तस्वीरहरू खिच्नुहोस्**

तस्वीरहरूलाई आइसीएच अभ्यासको अभिलेखीकरणमा अडियो रेकर्डिङको परिपुरकका रूपमा प्रयोग गरिन्छ । तस्वीरहरूलाई सबैजना मिलेर विश्लेषण गर्न सकिन्छ; विस्तृत रूपमा अझै धेरै बुझ्नका लागि व्याख्यात्मक विवरणहरू थप्न सकिन्छ । तस्वीरमा आधारित अभिलेखीकरण तथा विश्लेषणलाई विद्यार्थीहरूसँगै मिलेर गर्न सकिन्छ ।

**भिडियो बनाउनुहोस्**

भिडियो एउटा व्यापक मिडिया हो जसले ध्वनि र गतिशिल तस्वीर दुबैलाई समेट्छ । भिडियो खिच्ने काम शिक्षक, विद्यार्थी वा समुदायका सदस्यहरू आफैले गर्न सक्छन् । सहभागितामूलक फिल्म बनाउने काममा समुदायका सदस्यहरू आफैले भिडियो रेकर्ड गर्ने प्रविधिको प्रयोग गर्न तथा चलाउन (अपरेट गर्न) सिक्दछन् जुन उनीहरूको समुदायभन्दा बाहिरका मानिसहरू (शिक्षक, विद्यार्थी तथा प्राविधिकहरू) ले खिचेको भन्दा ठीक उल्टो हो । यो विधिले समुदायलाई उसको आफ्नो आवाज अभिव्यक्त गर्न मद्दत गर्दछ, जसबाट संरक्षणको समावेशी प्रक्रियामा योगदान पुग्छ ।

## *विद्यालयका गतिविधिहरूका लागि सूचना सङ्कलन गर्ने*

सूचना जुटाउने गतिविधिहरूले तपाईंलाई तपाईंले छनौट गरेको आइसीएच तत्वका बारेमा थप जान्न सहयोग पुऱ्याउँछ, साथै यसले सहभागीहरूका लागि स्मरणीय एवं रमाइलो अनुभवको अवसर पनि सिर्जना गर्दछ ।

सूचना सङ्कलनका लागि सुझावहरूः

- सम्भव भएसम्म, छनौट गरिएको आइसीएच अभ्यासका बारेमा सूचना सङ्कलन गर्ने कार्यमा तपाईंका विद्यार्थीहरूलाई संलग्न गराउनु होस् । विद्यार्थीहरूले उनीहरूको परिवार तथा समुदायका सदस्यहरूसँग अन्तर्वार्ता लिएर; सम्पदा अभ्यासको अवलोकन गरी नोट लिनका लागि कारखाना वा साँस्कृतिक संस्थाहरूको भ्रमण गरेर; श्रव्य-दृष्य सामाग्रीहरू जुटाइ तिनीहरूको विश्लेषण गरेर र अनलाइन स्रोतहरू, प्रकाशन लगायत विभिन्न तरिकाले सूचना सङ्कलन गर्न सक्दछन् ।
- यदि तपाईं सूचना सङ्कलनका लागि अन्य शिक्षकहरूसँग सहकार्य गर्नु हुन्छ भने उक्त कामलाई विभाजन गर्नुहोस् । उदाहरणका लागि भौतिकशास्त्र पढाउने शिक्षकले उक्त सम्पदा तत्वको वैज्ञानिक पक्षलाई हेर्न सक्छन् भने सामाजिक शिक्षा पढाउने शिक्षकले उक्त तत्वका ऐतिहासिक तथा सामाजिक पक्षहरू जस्तैः उक्त अभ्याससँग सम्बन्धित लैङ्गिक भूमिकाहरूका बारेमा खोजी गर्न सक्छन् । यस्तो समूहकार्यले तपाईंलाई आइसीएच तत्वका बारेमा धेरै प्रकारका सूचनाहरू प्राप्त गर्न एवं जीवन्त सम्पदा तत्वका बारेमा गहन बुझाइको विकास गर्न सक्षम बनाउँछ । यसबाट शिक्षकहरूको थुप्रै विषयहरूमा परिपुरक गतिविधिहरूमा विकास गर्न सक्दछन् ।

- समुदायका सदस्यहरूको अन्तर्वार्ता लिनुका अतिरिक्त तपाईंले उनीहरूको अभ्यासका बारेमा अझै धेरै बुझ्न उनीहरूको घर तथा कारखाना भ्रमण गर्न सक्नु हुन्छ ।
- तपाईंले सूचनाहरूको समीक्षा र विद्यालय गतिविधि एवं सामाग्रीहरू तयार पारी सकेपछि, तपाईंले उक्त सूचनाको प्रयोगका बारेमा समुदायलाई सुझाव दिनका लागि अनुरोध गर्न सक्नु हुन्छ । उनीहरूले सूचना सही हो कि होइन, यसलाई सम्मानजनक ढङ्गले प्रस्तुत गरिएको छ कि छैन र यसले समुदायका विभिन्न दृष्टिकोणहरू (विभिन्न लिङ्ग, उमेर, सामाजिक हैसियत र अन्य समूह) को प्रतिनिधत्व गरेको छ कि छैन भनेर निर्क्यौल गर्न सक्नेछन् । उनीहरूका विचार र आइडियाहरूबाट तपाईंलाई उनीहरूको जीवन्त सम्पदाका बारेमा थप सही तरिकाले प्रस्तुत गर्न तथा विद्यालयका लागि अझै राम्रा गतिविधिहरूको तयारी गर्न सक्नु हुनेछ ।

सहभागितामूलक भिडियो वा फोटो प्रदर्शनीले विद्यार्थीहरूलाई झन बढी गहिराइमा गएर अनुसन्धान गर्न अभिप्रेरित गर्नुका साथै तोकिएका सिकाइ उद्देश्यहरूलाई अझै सजिलो गरी हासिल गर्न सक्षम बनाउँछ ।

## जीवन्त सम्पदा तत्वबारे सिकाइ

अन्तर्वार्तामा सोध्न तथा सूचना सङ्कलन गर्दा मार्गदर्शन गर्ने सम्भावित प्रश्नहरूः

**यो जीवन्त सम्पदा के हो ?**

- यसलाई के भनिन्छ ?
- यो कस्तो प्रकारको अभ्यास हो ? (जस्तैः नृत्य, साँस्कृतिक अभ्यास, अनुष्ठान, महोत्सव, खाना सम्बन्धी ज्ञान, विश्वास प्रणाली, हस्तकला, परम्परागत खेल आदि)
- के यो विभिन्न जीवन्त सम्पदा तत्वहरूको मिश्रण हो ? (जस्तैः कुनै अनुष्ठान जस अन्तर्गत विभिन्न हस्तकलाका सामाग्रीहरू र खानेकुराको तयारी गर्ने पर्दछन्)

**यसको अभ्यास कसले गर्दछ ?**

- यो जीवन्त सम्पदा तत्वलाई समुदायका हरेक व्यक्तिले अभ्यास गर्ने गर्दछन् कि खास समूहका मानिसहरू, जस्तैः खास उमेर समूह, धर्म वा लिङ्गका मानिसहरूले मात्रै अभ्यास गर्दछन् ? के यो जीवन्त सम्पदा तत्वले विशेष लैङ्गिक भूमिकालाई पुनः जोड दिन्छ ?
- के तपाईंका विद्यार्थीहरू वा उनीहरूका परिवारले यो जीवन्त सम्पदा तत्वको अभ्यास गर्दछन् ?
- के मानिसहरूले यो आइसीएच तत्वलाई उनीहरूको दैनिक जीवनमा अभ्यास गर्दछन् ? के उनीहरूले यसबाट आफ्नो जीविका धान्दछन् ?
- के यो सम्पदा तत्वका कुनै गुरूहरू छन् जसले उनीहरूको ज्ञान अरू मानिसहरूमा हस्तान्तरण गरेका छन् ?
- के यो जीवन्त सम्पदा तत्वमा समुदाय सहभागिता घट्दै गइरहेको छ ? यदि छ भने, किन ?

**यो जीवन्त सम्पदालाई कहिले अभ्यास गरिन्छ ?**

- के यो त्यस्तो कुरा हो जसलाई मानिसहरू हरेक दिन अभ्यास गर्दछन् ?
- के यसका लागि वर्षको कुनै विशेष समय हुन्छ ? (जस्तैः कृषिकर्म वा चन्द्रमाको परिक्रमा अनुसार निश्चित समयमा सम्पादन गर्ने चलन)
- के यसलाई कुनै खास कारण भए मात्रै अभ्यास गरिन्छ ?

**यो आइसीएचलाई कहाँ अभ्यास गरिन्छ ?**

- के यसको मञ्चन वा अभ्यास कुनै विशेष प्रकारको स्थल वा स्थानमा गरिन्छ ? उदाहरणका लागि के यसलाई घरमा मात्रै अभ्यास गरिन्छ ? धार्मिक स्थलमा मात्रै वा कुनै खास सडकमा मात्रै अभ्यास गरिन्छ ? वा यसलाई सम्पूर्ण भौगोलिक क्षेत्र भित्र (जस्तैः कुनै विशेष गाउँ, कुनै खास पहाड, कुनै निश्चित प्रान्त वा देशहरूको समूहमा) अभ्यास गरिन्छ ?

**यसलाई कसरी अभ्यास गरिन्छ ?**

- यसमा मानिसहरूले के गर्छन् वा के गर्दैनन् ?
- यसलाई सम्भव तुल्याउनका लागि के कस्ता औजार, वस्तु वा सामाग्रीहरूको प्रयोग हुन्छ ?
- मानिसहरूले ज्ञान तथा सिपहरू कसरी प्राप्त गरे ? उनीहरूले यसलाई भावी पुस्तासम्म कसरी हस्तान्तरण गर्दछन् ? के सिप तथा ज्ञानलाई हस्तान्तरण गर्ने कुनै त्यस्ता विधिहरू छन्, जसले तपाईंको विद्यालयमा केही गतिविधिहरूलाई अभिप्रेरित गर्न सकून् ?

**यो आइसीएच समुदायका लागि किन महत्वपूर्ण छ ?**

- उनीहरूका लागि यसको के कस्तो महत्व र मूल्यमान्यता राख्दछ ?
- यो जीवन्त सम्पदा अभ्यास गरिरहँदा उनीहरूले कस्तो महसुस गर्दछन् ?
- समुदायले उक्त अभ्यासलाई किन भविष्यमा पनि निरन्तरता दिन चाहन्छ ?

# सहयोगी सामाग्री ५: बहुसाँस्कृतिक कक्षाकोठाको वातावरणमा जीवन्त सम्पदायुक्त शिक्षण

तपाईंलाई थाहै होला कि तपाईंका विद्यार्थीहरू विविध सामाजिक-साँस्कृतिक वा भौगोलिक पृष्ठभूमिबाट आएका हुन्छन् । परिणाम स्वरूप, विद्यार्थीहरूकाबीच उनीहरूको जीवन्त सम्पदाका सन्दर्भमा धेरै भिन्नताहरू हुन सक्छन् र एउटै समूहमा पनि केही परिवारका भिन्न अभ्यास र ज्ञान हुन सक्छन् । यस्तो परिवेशमा विद्यालयको गतिविधिका लागि कुनै त्यस्तो जीवन्त सम्पदा तत्व छनौट गर्न सम्भव हुँदैन जसका बारेमा सबै विद्यार्थीहरू जानकार भएका होऊन् । अर्को तर्फ, बहुसाँस्कृतिक कक्षाकोठाको वातावरणले विभिन्न प्रकारका दृष्टिकोणहरू पत्ता लगाउने, विविधितालाई अझै राम्रोसँग बुझ्ने तथा हामी सबै जना मानवतासँग जोडिएका छौँ भन्ने भावनाको विकास गर्ने अवसरहरू प्रदान गर्दछ । यी विषयहरू सबै विश्व नागरिक शिक्षाका हिस्साहरू हुन् । बहुसाँस्कृतिक वातावरण र परिवेशमा शिक्षण गर्नु आफैमा चुनौती हुँदाहुँदै पनि यो सम्पत्ति पनि बन्न सक्दछ । तलका सुझावहरूले तपाईंका विद्यार्थीहरूका लागि चुनौतीपूर्ण अवस्थालाई अवसरमा बदल्नमा सहयोग गर्न सक्छन् ।

## व्यापकरूपमा अभ्यास गरिने सम्पदा तत्वहरूको छनौट गर्नुहोस्

केही तत्वहरू, जस्तैः लोकप्रिय अनुष्ठान एवं महोत्सवहरू, ठूल्ठूला चाडपर्वहरू र नयाँ वर्षका उत्सवहरूका बारेमा सामान्यतया व्यापक रूपमा थाहा हुन्छ । विद्यार्थीहरू आफैले अभ्यास नगर्ने भएतापनि विद्यार्थीहरूले यी विषयहरूलाई चिन्न सक्ने तथा पाठसँग जोड्न सक्ने धेरै नै सम्भावना हुन्छ । यस्ता पाठहरूले ती सम्पदा तत्वहरूको अभ्यास नगर्ने विद्यार्थीहरूलाई तिनका बारेमा अझै राम्रोसँग बुझ्न तथा तिनको कदर गर्न समेत सक्षम बनाउन सक्छन् ।

दक्षिण-पूर्वी एसिया

### नयाँ वर्षमा मनाइने परम्परागत उत्सवहरू (दक्षिण-पूर्वी एसिया)

दक्षिण-पूर्वी एसियामा, परम्परागत रूपमा नयाँ वर्षलाई थाइल्याण्डमा *सङक्रान*, लाओ जनगणतन्त्रमा *पीमाइ*, कम्बोडियामा *चाउल च्नाम खमेर* र म्यानमारमा *थिङ्यान* भनिन्छ ।

नयाँ वर्षलाई कैयौँ दिनसम्म मनाइन्छ र यसले हरेक व्यक्तिलाई कार्यक्रमहरूको अवलोकन गर्ने तथा मनोरञ्जनका अवसरहरू प्रदान गर्दछ । महोत्सवहरूमा, परिवारमा आधारित परम्पराहरूलाई समेटिन्छन् । उदाहरणका लागि, मानिसहरू परिवारका सदस्यहरू सहित मन्दिर जान्छन्, आफ्नो घर सफा गर्दछन् र उनीहरूका ज्येष्ठ सदस्यहरूलाई सम्मान गर्दछन् । यसका साथै थुप्रै साँस्कृतिक कार्यक्रमहरूको आयोजना गरिन्छ ।

विदेशीहरूका लागि नयाँ वर्ष मनाउनुको लोकप्रिय पक्ष भनेको, सम्भवतः पानी छ्याप्ने कार्यक्रम हो, जसमा हरेकले भाग लिन्छन् ।

नयाँ वर्षमा मनाइने परम्परागत उत्सवहरूमा आधारित विद्यालयका पाठहरू तथा गतिविधिहरूले विद्यार्थीहरूलाई आकर्षित गर्न सक्छन् ।

## साँस्कृतिक दिवस, प्रदर्शनी तथा महोत्सवको आयोजना गर्नुहोस्

साँस्कृतिक दिवस वा प्रदर्शनीको आयोजना गर्नु विद्यालयमा विविधता मनाउने एउटा प्रभावकारी तरिका हो । साँस्कृतिक दिवसमा आयोजना गरिने कार्यक्रमहरूमा खानेकुरा चाख्ने, अभिनय कला देखाउने, हस्तकला कार्यशाला लगायतका गतिविधिहरूलाई समेट्न सकिन्छ । विद्यालय वा समुदायले कार्यक्रम विशेष विषयवस्तु प्रस्ताव गर्न सक्छ, उदाहरणका लागि, परम्परागत खेल वा भेषभूषा पहिरन । विभिन्न पृष्ठभूमिका विद्यार्थी र उनीहरूका परिवार, समुदायका सदस्यहरू र शिक्षकहरू सहभागी हुन सक्छन् । यस्ता कार्यक्रमहरूले विद्यालय वा कक्षाको विविधतामा महत्वपूर्ण बुझाइ प्रदान गर्न सक्छन् । यस्ता कार्यक्रमहरूमा सङ्कलन गरिएको जानकारीले तपाईंलाई नयाँ गतिविधि एवं पाठ तयार पार्न अभिप्रेरित गर्न सक्छ ।

### विद्यार्थीहरूका लागि आफ्ना साँस्कृतिक सम्पदाका बारेमा विद्यालयमा हुने महोत्सवमा जानकारी गर्ने (फिलिपिन्स)

फिलिपिन्सको मनिला स्थित प्रेसिडेण्ट सर्गिओ अस्मेना सिनियर हाइ स्कूलमा आयोजना गरिने वार्षिक सङ्गीत, कला, शारीरिक शिक्षा र स्वास्थ्य (Music, Art, Physical Education and Health – MAPEH) महोत्सव विद्यार्थीहरूका लागि आफ्ना साँस्कृतिक सम्पदाका बारेमा उनीहरूका दौँतरीहरूसँग जानकारीहरू आदान-प्रदान गर्ने अवसर हो । सो विद्यालयमा हुने उक्त महोत्सवमा भाग लिन देशभरका विभिन्न विद्यालयका विद्यार्थीहरू आउँछन् । त्यसैले महोत्सवमा फिलिपिन्सका विभिन्न क्षेत्र र जातीय समूहका विभिन्न प्रकारका नाच तथा गीतहरू प्रस्तुत हुन्छन् । महोत्सवको तयारीका लागि हरेक कक्षाले कुनै एउटा विद्यार्थीको परम्परागत नृत्यमा आधारित भएर नृत्यकलाको तयारी गर्दछ । सो विद्यार्थीले उसका सहपाठीहरूलाई सिकाउने कार्यको नेतृत्व गर्दछ जुन अत्यन्तै सशक्त हुन्छ ।



### विद्यार्थीहरूलाई छलफल गर्न एवं जानकारीहरू आदान-प्रदान गर्न उत्प्रेरित गर्नुहोस्

कुनै विशेष जीवन्त साँस्कृतिक सम्पदा तत्व कुनै गतिविधिका लागि वा छलफलका लागि प्रवेश बिन्दु बन्न सक्छ । उदाहरणका लागि, कुनै विशेष समुदायले विवाहका लागि तयार पार्ने खानाका परिकारका बारेमा परिचय दिने पाठ कक्षाका सबै विद्यार्थीहरूका लागि उनीहरूको समुदायमा विवाहका लागि तयार पार्ने खाने कुराका परिकारहरूका बारेमा छलफल गर्ने तथा तिनका समानताहरू र भिन्नताहरूको तुलना गर्ने अवसर बन्न सक्छ । यस प्रकारको अन्तरक्रियाले विद्यार्थीहरूलाई विविधताका बारेमा थाहा पाउन र त्यसको कदर गर्न अभिप्रेरित गर्दछ । विद्यार्थीहरू नम्र र सम्मानपूर्ण हुनु अत्यावश्यक हुन्छ । त्यसकारण, छलफल शुरू गर्नु भन्दा पहिले केही नियमहरू तय गर्नु महत्वपूर्ण हुन्छ, जस्तैः विद्यार्थीहरूलाई कुनै कुराका बारेमा यस्तो तुलनात्मक व्याख्या गर्नु थाल्नु अगाडि, उनीहरूलाई निर्णय वा अवलोकन मात्रै गर्नुको साटो त्यसको वर्णन गर्ने सिप बताउने ।

### विभिन्न क्षेत्रीय पहिरनहरू तुलना गर्ने (पाकिस्तान)

पाकिस्तानको एउटा कलेजमा उक्त क्षेत्रको साँस्कृतिक विविधता दर्शाउन सामाजिक शिक्षाको एउटा कक्षाका लागि एक जना शिक्षकले लुगामा बुट्टा भर्ने (इम्ब्रोइडरी) परम्परागत कला र पहिरन सम्बन्धी एउटा पाठ तयार पारे । विद्यार्थीहरूले उक्त क्षेत्रमा भएका परम्परागत पहिरनका बारेमा अनुसन्धान गरे र इम्ब्रोइडरीका नमूनाहरू अध्ययन गरे । उनीहरूले पुरूष र महिलाका लुगाहरूको भिन्नता र तिनीहरूका विभिन्न प्रयोगहरूका बारेमा छलफल गरे । उनीहरूले विद्यालयमा आ-आफ्नो समुदायका लुगाहरू लगाएर आए र त्यसका खास विशेषता, अर्थ र मूल्यमान्यताहरूका बारेमा व्याख्या गरे ।



### जानकारीहरू बटुल्ने कार्यमा संलग्न हुन विद्यार्थीहरूलाई प्रेरित गर्नुहोस्

विद्यार्थीहरू जीवन्त सम्पदाका बारेमा जानकारीहरू बटुल्ने कार्यमा संलग्न हुँदा उनीहरूले उक्त सम्पदाका बारेमा अझै धेरै सिक्ने सम्भावना हुन्छ । विद्यार्थीहरूले गर्न सक्ने एउटा काम उनीहरूका आफ्नो परिवार वा समुदाय सहभागी हुने साँस्कृतिक अभ्यासहरू पत्ता लगाउने, त्यसको अभिलेखीकरण गर्ने र यो जानकारीलाई उनीहरूका सहपाठीहरूसँग बाँड्ने हुन सक्छ ।

### जानकारीहरू बटुल्न विभिन्न समुदायहरूको भ्रमण गर्ने (थाइल्याण्ड)

थाइल्याण्डको बान माइ ङ्न खिलेकमा विद्यार्थीहरूले मानिसहरूले उनीहरूको घरको रक्षा गर्ने विश्वासले झुण्ड्याउने *तालेव* भनिने बाँसको जन्तर सम्बन्धी जानकारीहरू बटुल्न विभिन्न समुदायहरूको भ्रमण गरे । शुरूमा उनीहरूले ताइ याइ समुदायको *तालेव* लाई अभिलेखीकरण गरे । त्यसपछि उनीहरूले अन्य जाति समूहहरूका जन्तरहरूका बारेमा छलफल गर्नुका साथै तिनीहरूका समानता र भिन्नताहरू पत्ता लगाउन तिनीहरूको तुलना गरे ।

### स्थानीय क्षेत्रका विभिन्न समुदायका जीवन्त सम्पदा तत्वहरू छान्नुहोस् ।

बहुसाँस्कृतिक परिवेशमा, सम्बन्धित क्षेत्रका सबै समुदायहरूलाई विद्यालयसँग जोड्नु अत्यावश्यक हुन्छ । कक्षा कोठामा समावेशी वातावरण सिर्जना गर्न विद्यार्थीहरूका विभिन्न जाति एवं साँस्कृतिक समूहका जीवन्त सम्पदा तत्वहरूलाई विद्यालयमा वर्षै भरी तपाईंले पढाउने पाठ वा गतिविधिहरूसँग जोड्नुहोस् । कुनै एउटा समूह



वा जातिलाई प्राथमिकता नदिनुहोस् । हरेक जाति समूह वा समुदायबाट अतिथि वक्ताहरू जस्तै अभिभावक तथा सम्पदा अभ्यासकर्ताहरूलाई उनीहरूको ज्ञान एवं अभ्यास बाँड्नका लागि आमन्त्रण गर्नुहोस् ।

## तामाङ समुदायको अध्ययन अभ्यास (नेपाल)

नेपालमा कीर्तिपूर नगरपालिकाका विद्यालयहरूले शुरूमा नेवार समुदायका आइसीएचहरूमा मात्रै रूचि देखाएका थिए । तर समुदायका प्रतिनिधिहरूलाई भेटे पछि उक्त क्षेत्रमा तामाङ समुदायको पनि बाक्लो बस्ती रहेको कुरा प्रष्ट भयो । परिणाम स्वरूप, उनीहरूले तामाङ समुदायले मनाउने *सोनाम ल्होसार*लाई पनि उनीहरूको स्थानीय पाठ्यक्रममा समावेश गर्ने तथा सम्बन्धित विभिन्न पाठहरू तयार पार्ने निर्णय गरे ।

### विभेदहरूलाई परास्त गर्ने

कुनै कुनै सन्दर्भमा, तपाईंले विविध प्रकारका जीवन्त सम्पदाहरूलाई स्वागत गर्ने खुला र बहुसाँस्कृतिक परिवेश सिर्जना गर्ने प्रयास गरेतापनि, केही विद्यार्थीहरू निश्चित जीवन्त सम्पदा तत्वहरूसँग जोडिएका गतिविधिहरूमा संलग्न हुन असहज महसुस गर्न सक्छन् । उनीहरूको समुदायमा निश्चित अभ्यासहरू खास समूह (जस्तै : केवल पुरूष वा केवल अविवाहित महिला) लाई मात्रै अभ्यास गर्ने अनुमति हुन सक्छ, वा तिनीहरूको अभ्यास नै नगरिएको हुन सक्छ । यस्तो सन्दर्भमा, कक्षामा जीवन्त सम्पदा समयसँगै परिवर्तन हुँदै गइरहेको हुन्छ र अभ्यासमा पनि परिवर्तन हुन सक्छ भनेर व्याख्या गर्नु महत्वपूर्ण हुन्छ । विद्यार्थीहरूलाई असहज हुने गतिविधिमा संलग्न हुन दवाब दिनु हुँदैन, तर शान्त समाजका लागि अरू व्यक्ति र उनीहरूले आफ्नो सम्पदाको अभ्यास गर्ने तरिकालाई सम्मान गर्नु महत्वपूर्ण हुन्छ, चाहे त्यो विद्यार्थीहरूको आफ्नो अभ्यास भन्दा पृथक किन नहोस् भनेर सम्झाउनु पर्दछ । अवसर दिइएमा, विद्यार्थीहरूले साँस्कृतिक विविधताका बारेमा थाहा पाउन तथा त्यसलाई कदर गर्न सिक्नेछन् । उनीहरूले आफूभन्दा फरक मानिसहरूसँग शान्तिपूर्वक, सहनशीलता र आपसी सम्मानका साथ बाँच्न र यसरी साँचो अर्थमा विश्व नागरिक बन्न सिक्नेछन् ।

# सहयोगी सामाग्री ६ : प्रश्नका उत्तरहरू जुन तपाईंसँग हुन सक्दछन्...

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| मैले पढाउने विषय संस्कृतिसँग सम्बन्धित छैन । के यो अवधारणा (आइसीएचलाई शिक्षामा लाउने) मेरा लागि उपयोगी छ ? | जीवन्त सम्पदालाई विद्यालयमा ल्याउनु भन्नाले जहिले पनि जीवन्त सम्पदा तथा संस्कृतिका बारेमा मात्रै पढाउनु भन्ने अर्थ दिँदैन, यसले प्रायः विद्यार्थीहरूका लागि अरू विषयहरू (जस्तै : गणित तथा विज्ञान)लाई झनै सजिलोसँग बुझ्न तथा अझै रूचिकर बनाउन जीवन्त सम्पदाको प्रयोग गर्ने अर्थ दिन्छ । यसले पाठ र गतिविधिहरूलाई स्थानीय परिवेश अनुसार ढाल्न पनि सहयोग गर्दछ । यो अवधारणालाई कुनै पनि विषय तथा अतिरिक्त शैक्षिक गतिविधिहरूमा लागू गर्न सकिन्छ ।<br><br>'शिक्षकका रूपमा आफ्नै लागि केही कुरा नयाँ पत्ता लगाउन, म हरेकलाई यस प्रकारको अवधारणामा सहभागी हुन आमन्त्रण गर्दछु ।' मदिना बेकेनोभा, कजाख भाषा तथा साहित्य शिक्षक, जिम्नेसियम स्कूल नं. ८<br><br>'यो परियोजनाले मलाई मेरा पाठहरूलाई विविधीकरण गर्न, नयाँ ज्ञान र महत्वपूर्ण अनुभव हासिल गर्न सहयोग गऱ्यो ।' रानो अब्दुकोभा, इतिहास, भूगोल तथा सामाजिक शिक्षा शिक्षक, इसी इलिम कम्प्लेक्स स्कूल, किर्गिजस्तान | जीवत सम्पदायुक्त शिक्षण भन्नाले के बुझिन्छ र यस अवधारणाका फाइदाहरू के के हुन् भनेर थप जान्नका लागि पुस्तिका २ हेर्नुहोस् ।<br><br>आइसीएचलाई विभिन्न विषयहरूमा कसरी समेट्ने भन्ने उदाहरणका लागि सहयोगी सामाग्री २ र ३ हेर्नुहोस् । |
| मलाई संस्कृतिका बारेमा केही पनि थाहा छैन । के यो अवधारणा मेरा लागि सम्भव छ ? | सबैभन्दा सजिलो शुरूवाती बिन्दु भनेको तपाईंको आफ्नो र तपाईंका विद्यार्थीहरूको जीवन्त सम्पदासँग जोडिएका गतिविधिहरू तयार पार्नु हो । उनीहरूले तपाईंसँग र कक्षामा उनीहरूको ज्ञान बाँड्न सक्छन् । तपाईंलाई जानकारी एवं प्रेरणा प्रदान गर्न सक्ने धेरैजना सहकर्मीहरू पनि हुन सक्छन् । तपाईंले अन्य शिक्षक, अभिभावक, समुदायका सदस्यहरू, साँस्कृतिक संघसंस्थाहरू र व्यवसायिक व्यक्तिहरूलाई भेटेर उनीहरूबाट सहयोगलिन सक्नु हुन्छ । | साझेदारहरूको पहिचान कसरी गर्नेभन्ने जान्नका लागि पुस्तिका ४ मा प्रथम चरण हेर्नुहोस् । |
| | 'म जहिले पनि अघि बढ्ने प्रयास गर्छु, केही नयाँ कुरा सिक्ने तथा विद्यार्थीहरूमा निरन्तर विकास र सिकाइका प्रति अभिलाषा जगाउने कोसिस गर्छु । म मेरा पाठहरूको विविधीकरण गर्न, केही नयाँ कुराको शुरूवात गर्न तथा मेरा विद्यार्थीहरूलाई अभिप्रेरित गर्न चाहन्छु । मेरा लागि यो परियोजनामा सहभागी हुनु अत्यन्तै रूचिकर थियो । मैले साँस्कृतिक सम्पदाका बारेमा, आइसीएच र नयाँ शिक्षण विधिका बारेमा थुप्रै कुराहरू सिकेँ ।' बेकीटबेक्कीजी आइसे जीम, गणित, नैतिक शिक्षा र साहित्यका शिक्षक, स्कूल नं.९५, किर्गिजस्तान | |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| पाठ्यक्रम यति धेरै छ । यसमा जीवन्त सम्पदा सम्बन्धी थप विषय कसरी अटाउन सकिएला ? | जीवन्त सम्पदालाई विद्यालयमा ल्याउनुको मतलब नयाँ विषय सिर्जना गर्ने होइन। बरू यो एउटा यस्तो विधि हो जसलाई विद्यालयमा हाल भैरहेका विषय, पाठ र गतिविधिहरूमा नै लागू गर्न सकिन्छ ।<br><br>यस्तो पनि हुन सक्छ कि तपाईंको विद्यालयमा केही विषयहरू जस्तै कला मा जीवन्त सम्पदा पहिले नै समावेश गरिएको होस् । उदाहरणका लागि कम्बोडियामा 'संस्कृति र कला शिक्षा' विषयका पाठहरू स्थानीय कला र हस्तकलाका उदाहरणहरूले भरिएका छन् ।<br><br>थाइल्याण्डमा बाँसको चोयाबाट बुनेर बनाइएको जन्तरसँग सम्बन्धित अभ्यास एवं विश्वासलाई आठवटा विषयहरूः गणित (आकार र स्वरूप), शारीरिक शिक्षा (शरीरको चाल), सामाजिक शिक्षा (धार्मिक विश्वास एवं शिक्षण तथा सामाजिक सम्बन्ध), कला (चित्रकारिता), विज्ञान (प्राकृतिक स्रोत), वृत्ति विकास (समुदायमा आधारित व्यवसायिक तालिम तथा तालेव विक्रिका माध्यमबाट अर्थोपार्जन), अंग्रेजी एवं चिनीया भाषा (शव्दकोश सम्बन्धी) र थाइ भाषा (पृष्ठभूमि र इतिहास) मा समेटिएको थियो । | जीवन्त सम्पदालाई विद्यालयमा पढाउने पाठमा समेट्ने तथा भइरहेकै विषयहरूसँगका सम्भावित सम्बन्धहरू पहिल्याउने बारेमा थप जान्न यो पुस्तिका (पुस्तिका ८) का सहयोगी सामाग्री २ र सहयोगी सामाग्री ३ हेर्नुहोस् । |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| मेरो कार्यतालिका अत्यन्तै व्यस्त छ । मैले कसरी यी अतिरिक्त गतिविधिहरू तयार पार्ने समय पाउन सक्छु ? | यो सत्य हो कि नयाँ गतिविधिहरूको तयारी गर्न समय चाहिन्छ, तर यो राम्रो लगानी पनि हो । एक पटक तपाईंले गतिविधिहरू तयार पारेपछि, तपाईंले आगामी वर्ष पनि पुनः तिनीहरूलाई कार्यान्वयन गर्न सक्नु हुनेछ । तपाईंले एक्लै काम गर्नु पर्दैन । तयारी गर्नु पर्ने कार्यभार अरूसँग पनि बाँड्नका लागि तपाईंको विद्यालयका अन्य शिक्षकहरू, समुदायका सदस्यहरू र सम्बन्धित संस्थाका विज्ञहरूलाई पनि आमन्त्रण गर्नुहोस् ।<br><br>तपाईंले पहिलेदेखि नै आफू जानकार रहेको जीवन्त सम्पदाका बारेमा खोजी गरेर समय बचाउन सक्नु हुन्छ । तपाईंसँग पहिलेदेखि नै केही ज्ञान हुन्छ र थप जानकारीहरू तपाईंले आफू वरपरका मानिसहरू वा तपाईंले सामान्यतया सहभागी हुने साँस्कृतिक कार्यक्रमहरूबाट सङ्कलन गर्न सक्नु हुन्छ ।<br><br>नेपालका एक जना शिक्षक, सावित्री महर्जनले आफूले पढाउने गणित विषयका लागि उनको आफ्नै घरमा भइरहेको एक उत्सवबाट एउटा उत्प्रेरणा फेला पारिन् । त्यसको तयारीका लागि सहयोग गर्ने क्रममा उनले उक्त उत्सवसँग सम्बन्धित जानकारीहरू सङ्कलन गरिन्, तिनको अभिलेख राखिन् र फोटोहरू पनि खिचिन्, जसलाई उनले पछि आफ्नो कक्षामा सेयर गरिन् । | छ वटा चरणबद्ध विधिहरू (पुस्तिका ४) अनुसरण गर्नुहोस् ।<br><br>अन्य शिक्षकहरूले दिएका उदाहरणहरू जुन् यो स्रोत-सामाग्रीमा दिइएको छ, ती पनि प्रेरणाको राम्रो स्रोत हुन् । |
| मेरो विद्यालयले पहिले देखि नै थुप्रै अन्य शैक्षिक कार्यक्रमहरू जस्तैः विश्व नागरिक शिक्षा, दिगो विकासका लागि शिक्षा, मातृ-भाषा शिक्षा र सामाजिक तथा संवेगात्मक सिकाइ कार्यान्वयन गर्दै आएको छ । के जीवन्त सम्पदायुक्त शिक्षणको अवधारणा यी कार्यक्रमहरू अनुकुल छ ? | यी सबै अवधारणाहरूले शिक्षाको गुणस्तरमा सुधार ल्याउने लक्ष्य राख्दछन्, त्यसैले ती सबै धारणाहरू उपयुक्त हुन्छन् । जीवन्त सम्पदायुक्त शिक्षणले तपाईंले पहिले देखि नै कार्यान्वयनमा ल्याएका शिक्षण सम्बन्धी सिद्धान्तहरूलाइ समेत थप बल प्रदान गर्न सक्छ र साँस्कृतिक सम्पदा संरक्षणका थप लक्ष्यहरू समेत हासिल गर्न सक्छ ।<br><br>पाकिस्तानको पुख्तुनवाली समुदायमा, विद्यार्थीहरूले स्थानीय लोककथा पढे । उनीहरूले पुख्तुनवाली प्रथामा आधारित दुईवटा पात्रहरूको परिकल्पना गरे र उनीहरूको आफ्नै कथा लेखे । त्यसपछि उनीहरूले पुख्तुनवाली संस्कृतिका बारेमा मनन गरे र नकरात्मक रूढिवादी संस्कारहरूलाई मद्दत पुऱ्याउने तथा महिलाको अधिकारलाई कुण्ठित पार्ने पक्षहरूका बारेमा छलफल गरे । उक्त स्थानीय कथा मानव अधिकारको वृहत सवालमाथि अन्तरक्रियाका लागि प्रवेश विन्दु थियो । | पुस्तिका ३ मा यसका बारेमा थप जान्नुहोस् । |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| सिकाइ गतिविधिहरू कार्यान्वयन गर्न तथा सिकाइका उद्देश्यहरू पुरा गर्न मलाई मेरो सामान्य पाठ तयारीका अतिरिक्त अन्य के कस्ता स्रोतहरू आवश्यक पर्लान्? | जीवन्त सम्पदायुक्त क्रियाकलापहरू तयार पार्न तपाईंलाई केही स्रोतहरू जस्तै : स्टेशनरी, उपकरण, यातायात आदि आवश्यक पर्न सक्छ । सिर्जनात्मक बनेर तपाईंले आफूसँग पहिल्यै भएका सामाग्रीहरूको प्रयोग गर्न सक्नु हुन्छ (सम्भवतः तपाईंले अन्य गतिविधिहरूका लागि केही सामाग्रीहरू पहिले नै प्रयोग गर्नु भएको हुन सक्छ) र तपाईंले आवश्यक स्रोतहरू भएका साझेदारहरूसँग सहकार्य पनि गर्न सक्नुहुन्छ । | पुस्तिका ४, दोस्रो चरण हेर्नुहोस् । |
| यो अवधारणाको कार्यान्वयन गर्न के मलाई विशेष बजेटको आवश्यक पर्छ ? | विद्यालयमा जीवन्त सम्पदालाई प्रवेश गराउन अतिरिक्त बजेट नै चाहिन्छ भन्ने छैन । यदि कुनै गतिविधिहरू (जस्तैः स्थलगत भ्रमणका लागि यातायात खर्च तिर्न)का लागि आर्थिक स्रोत आवश्यक पर्ने भएमा, विद्यालय भित्र र बाहिर उपलब्ध आर्थिक अवसरहरू पत्ता लगाउन तपाईंको विद्यालय व्यवस्थापन टोली र सहकर्मीहरूसँग परामर्श गर्नुहोस् ।<br><br>थाइल्याण्ड स्थित बान कु कु विद्यालयका शिक्षकहरूले स्थानीय सरकारी संस्थाहरू र अन्य संघसंस्थाहरूसँग सञ्जालको विकास गरेका छन्, जसले गर्दा उनीहरू पैसा नतिरीकन साङ्गीतिक बाजाहरू र साँस्कृतिक सामाग्रीहरू सापटीमा ल्याउन सक्षम भएका छन् । यी विद्यार्थीहरूले सामाग्रीहरूलाई साँस्कृतिक उत्सवहरू र सम्बन्धित पाठहरूमा सहभागी हुँदा प्रयोग गर्दछन् । | |
| मेरा कक्षामा धेरै विद्यार्थीहरू छन् । मैले यो अवधारणालाई कसरी कार्यान्वयन गर्न सक्छु ? | धेरै विद्यार्थीहरू भएका कक्षाहरूमा, विद्यार्थीहरू विविध पृष्ठभूमिबाट आएका र विभिन्न अभिरूचि र सिप भएका हुने सक्ने सम्भावना हुन्छ । हरेकलाई अभ्यस्त राख्ने कार्य चुनौतीपूर्ण हुन सक्छ, तर जीवन्त सम्पदालाई तपाईंको विद्यालयमा ल्याउने कार्य सहयोगी हुन सक्छ किन कि यस अवधारणाले अक्सर विद्यार्थीहरूलाई पाठमा थप रूचिकर र अभ्यस्त बन्न अभिप्रेरित गर्दछ र उनीहरू त्यसपछि अझ बढी सहयोगी र अनुशासित बन्दछन् ।<br><br>एक जना सहभागी शिक्षकले भन्नु भयो, 'यो अनुभव रमाइलो रह्यो । विद्यार्थीहरू लामो समयसम्म पनि ध्यान दिएर सुन्न सक्षम भए, र विद्याथीहरू धेरै संख्यामा भए पनि हामीहरूले राम्रोसँग व्यवस्थापन गर्न सक्यौँ ।' | साँस्कृतिक हिसावले विविधतायुक्त समूहको व्यवस्थापन गर्न, पुस्तिका ८ मा भएको सहयोगी सामाग्री ५ : बहुसाँस्कृतिक कक्षाकोठाको वातावरणमा जीवन्त सम्पदायुक्त शिक्षण हेर्नुहोस् । |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| मेरा विद्यार्थीहरू विभिन्न साँस्कृतिक पृष्ठभूमिबाट आएका छन्। मैल गतिविधिहरू सञ्चालन गर्नका लागि कुन आइसीएच तत्वलाई छनौट गर्नु पर्ला ? | भिन्दा भिन्दै साँस्कृतिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई शिक्षण गर्नु चुनौतीपूर्ण हुन सक्छ, तर यो चुनौती विद्यार्थीहरूलाई फाइदा पुऱ्याउन सक्ने अवसरका रूपमा परिणत गर्न सक्ने उपायहरू छन् । उदाहरणका लागि, तपाईंले :<br>• सबै वा अधिकांश विद्यार्थीहरूले थाहा पाएका सम्पदा तत्वहरूलाई छनौट गर्न सक्नु हुन्छ ।<br>• साँस्कृतिक दिवस, प्रदर्शनी एवं महोत्सवहरूको आयोजना गर्न सक्नु हुन्छ जहाँ सबै विद्यार्थीहरूले उनीहरूका साँस्कृतिक अभ्यासहरू प्रदर्शन गर्न वा वर्णन गर्न सक्छन् ।<br>• विद्यार्थीहरूलाई उनीहरूका आफ्नै जीवन्त सम्पदा सिक्न र सहपाठीहरूसँग जानकारीहरूको आदान-प्रदान गर्न अभिप्रेरित गर्न सक्नु हुन्छ ।<br>• वर्षभरी विविध समुदायका जीवन्त सम्पदा तत्वहरू प्रदर्शनीमा राख्न सक्नु हुन्छ ।<br>जीवन्त सम्पदालाई विद्यालयमा ल्याउने कार्य साँस्कृतिक विविधताको व्यापक सराहना र भिन्नताहरू प्रति व्यापक सहनशीलता प्रबर्द्धन गर्ने अवसर हो ।<br>नेपालमा एक जना शिक्षकले तामाङ समुदायको लोकगीतमा आधारित पाठ तयार पारे । यो गीत पढे पछि, – विभिन्न समुदायका – विद्यार्थीहरूले उनीहरूका आ-आफ्ना समुदायका गीतहरू एक-अर्कालाई सिकाउन थाले । | पुस्तिका ८, सहयोगी सामाग्री ५ः बहुसाँस्कृतिक कक्षाकोठाको वातावरणमा जीवन्त सम्पदायुक्त शिक्षण हेर्नुहोस् । |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| विद्यालय वरपरका समुदायको एउटा रोचक स्थानीय परम्परा छ तर यो जीवन्त सम्पदालाई केवल पुरूषहरू (वा महिला)ले मात्रै अभ्यास गर्दछन् । के मैले यससँग सम्बन्धित विद्यालय गतिविधि तयार पार्न सक्छु ? | केही जीवन्त सम्पदा तत्वहरूलाई परम्परागत रूपमा समुदायका खास समूहहरू जस्तैः एक लैङ्गिक समूहले मात्रै अभ्यास गर्दछन् । तर उक्त जीवन्त सम्पदा समुदायमा भिन्दै लैङ्गिक भूमिकासँग बलियो सँग जोडिएको भएतापनि, शिक्षकहरूले छात्रा तथा छात्रहरूलाई यी गतिविधिहरूमा सहकार्य गर्न अभिप्रेरित गर्नु पर्दछ । शिक्षकहरूले साँस्कृतिक अभ्यास, मान्यता र मूल्यहरू समयसँगै परिवर्तन हुन सक्छन् भनेर व्याख्या गर्नु पर्दछ । सम्भावित लैङ्गिक पूर्वाग्रहहरूको खोजी गरेर तथा सकरात्मक लैङ्गिक भूमिकालाई सबल तुल्याएर, जीवन्त सम्पदायुक्त शिक्षण विद्यालयमा असमानताका बारेमा जानकारी दिने एवं लैङ्गिक समानताको प्रबर्द्धन गर्ने मार्ग बन्न सक्छ ।<br><br>नेपालमा विद्यार्थीहरूले परम्परागत रूपमा पुरूषहरूका लागि मात्रै भनेर छुट्याएका कामहरू (जस्तैः काठको काम) वा महिलाका लागि छुट्याएका कामहरू (जस्तैः खाना पकाउने) को अभ्यास गर्न चाहि रहेका थिए । विद्यार्थीहरूले पाठमा तय गरिएको लक्ष्य पुरा गर्न सँगसँगै काम गरे, र यसले उनीहरूलाई समुदायमा विद्यमान पूर्वाग्रहलाई हटाउन मद्दत गर्‍यो । | पुस्तिका २, खण्ड ३ः जीवन्त सम्पदायुक्त शिक्षण एवं सिकाइका फाइदाहरू हेर्नुहोस् । |
| छ वटा चरणबद्ध विधिहरू साँच्चै नै समय लाग्ने खालको देखिन्छ । मेरो सीमित समयमा मैले यसको कार्यान्वयनलाई कसरी व्यवस्थापन गर्न सक्छु ? | हामीहरूले तपाईंलाई छ वटै चरणहरू पुरा गर्न सल्लाह दिएको भएतापनि तपाईंले आफ्ना आवश्यकताहरू, आफ्नो कार्यतालिका र स्रोतहरू अनुकुल त्यसलाई समायोजन गर्न सक्नु हुन्छ । उदाहरणका लागि, तपाईले तयारी सम्बन्धी कुनै कुनै कार्यहरूलाई छाड्न सक्नु हुन्छ, कुनै कुनै तयारी कार्यहरूका लागि तपाईले अरू शिक्षकहरू वा साझेदारहरूसँग सहकार्य गर्न सक्नु हुन्छ, तपाईंले बन्दोवस्तीमा धेरै नै उर्जा खर्च हुने कार्य (जस्तैः स्थलगत भ्रमण) को सट्टा अलिक बढी व्यवस्थापन गर्न सकिने कार्यक्रम (जस्तैः स्रोत व्यक्तिलाई विद्यालयमा बोलाउने, वा उक्त शीर्षकमा पहिलेदेखि नै भएको भिडियो विद्यार्थीहरूलाई देखाउने) गर्न सक्नुहुन्छ, वा तपाईंले कुनै एक गतिविधिका क्रममा स्रोत व्यक्तिको भिडियो बनाएर (अर्को पटक भ्रमण गर्नुको साटो) आगामी कक्षामा उक्त भिडियो प्रयोग गर्न सक्नु हुन्छ । | पुस्तिका ४ र सहयोगी सामाग्री ७ः कार्यसूची-पत्र (worksheet) हेर्नुहोस् । |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| | तपाईले पहिलो पटक गतिविधि तयार पार्दा समय लाग्न सक्छ, तर तपाईले उही पाठ योजनालाई धेरै पटक प्रयोग गर्न सक्नु हुन्छ । एकपटक यो कार्यविधिमा अभ्यस्त भइसकेपछि र आफू वरपरको जीवन्त सम्पदाका बारेमा अझै राम्रोसँग जानेपछि, वा केही स्रोतहरू बटुले पछि, भावी गतिविधिहरू तयार पार्न त्यति धेरै समय लाग्ने छैन । तपाईंले यो विधिको प्रयोगलाई जारी राख्दा, तपाईले आयोजना प्रक्रियालाई कसरी सरलीकृत गर्ने भन्ने सिक्नु हुनेछ ।<br><br>भियतनाममा शिक्षकहरूको एउटा समूहले थुप्रै जीवन्त सम्पदा तत्वहरूको अध्ययन एवं अभिलेखीकरण गऱ्यो । उनीहरूले अभ्यासकर्ताहरूसँग अन्तर्वार्ता लिए र फोटो तथा भिडियोहरू खिचे । उनीहरूले यी सामाग्रीहरूबाट छोटो भिडियो क्लिप तयार पारे जसलाई उनीहरूले हरेक वर्ष उनीहरूको कक्षाकोठामा दोहोऱ्याएर प्रयोग गर्न सक्छन् । | |
| के मैले वर्षभरिमा कुनै पनि समयमा जीवन्त सम्पदायुक्त शिक्षण गर्न सक्छु ? | जीवन्त सम्पदा तत्वहरू वर्षैभरी अभ्यास गरिन्छ, त्यसैले तपाईंको पाठ्यक्रमको कार्यतालिकासँग मिल्ने कुनै न कुनै सम्पदा तत्व फेला पार्न सम्भव हुन्छ ।<br><br>वर्षको निश्चित समयमा मात्रै अभ्यास गरिने जीवन्त सम्पदाहरू (जस्तैः कृषि मौसम वा चन्द्रमाको चक्रसँग सम्बन्धित)का हकमा एवं तपाईएको पाठ्यक्रम कार्यतालिकासँग मिलाउन नसकिने सम्पदा तत्वहरूका सन्दर्भमा, तपाईंले तिनीहरूलाई अतिरिक्त शैक्षिक गतिविधिहरूमा, समग्र विद्यालयका कार्यक्रमहरू वा विशेष परियोजनाका रूपमा प्रयोग गर्ने विचार गर्न सक्नु हुन्छ ।<br><br>गणतन्त्र कोरियामा, विद्यार्थीहरूले योन्डेङ्हो महोत्सव (लालटिन महोत्सव) का बारेमा अध्ययन गरे । शिक्षकले उक्त महोत्सवका गतिविधिहरूलाई सजिलैसँग सामाजिक शिक्षा र कला विषयसँग जोडे । उदाहरणका लागि, विद्यार्थीहरूले कलाको कक्षामा उनीहरूको आफ्नै लालटिन बनाए । यी गतिविधिहरू यस विषय र महोत्सव आफैं प्रति विद्यार्थीहरूको अभिरूचि जगाउन महोत्सव आउनै लाग्ने बेलामा आयोजना गरिएको थियो । | पुस्तिका ४, प्रथम चरण, तपाईंले जीवन्त सम्पदाको प्रयोग गरी कसरी र कहिले कक्षाको कार्यतालिका तयार पार्न सक्नु हुन्छ ?' हेर्नुहोस् । |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| पाठमा आइसीएच सम्बन्धी जानकारीहरूलाई प्रस्तुत गरिएको तरिका र सामाग्रीहरू समुदायका लागि स्वीकार्य छन् भनेर मलाई कसरी थाहा हुन्छ ? | तपाईंले गतिविधिहरूको तयारी तथा शिक्षण प्रक्रियाका क्रममा समुदायका सदस्यहरूलाई संलग्न गराउनु भयो भने, तपाईंले सञ्चालन गरेको गतिविधि स्वीकार्य छ भन्ने सुनिश्चित गर्न सुझावहरू प्राप्त गर्न सक्नु हुन्छ ।<br><br>गणित शिक्षक धर्मकला न्यौपानेले खाजाका रूपमा खाने स्थानीय परिकार खाप्से कसरी बनाउने भनेर सिक्न विद्यार्थीहरूको घर जानु भयो र त्यहाँ पाएको जानकारीका आधारमा उहाँले आफ्नो पाठ तयार पार्नु भयो । | पुस्तिका ४, पहिलो चरण, 'विद्यालय, समुदाय र अन्यत्र समेत तपाईंको साझेदार को बन्न सक्छ ?' हेर्नुहोस् ।<br><br>र शिक्षकहरूको कथा: 'कक्षाकोठामा समुदायको सहभागिताका माध्यमबाट शिक्षामा सुधार ल्याउने एवं जीवन्त सम्पदा संरक्षण गर्ने' हेर्नुहोस् । |
| खास गरेर आइसीएचसँग जोडिएका सिकाइका उद्देश्यहरू, गतिविधि एवं शिक्षण सामाग्रीहरू विद्यार्थीहरूको तह, रूचि र आवश्यकता सुहाउँदो छन् भनेर मलाई कसरी थाहा हुन्छ ? | पाठको तयारी र कार्यान्वयनमा विद्यार्थीहरूलाई संलग्न गराउनु उपयोगी हुन्छ । यसरी तपाईंले पाठ सञ्चालन गर्नु भन्दा पहिले शिक्षण सामाग्रीहरूको जाँच गर्न सक्नु हुन्छ र तपाईंले विभिन्न समूह र तहहरू अनुकुल हुने गरी गतिविधिहरूलाई समायोजन पनि गर्न सक्नुहुन्छ ।<br><br>नेपाल र थाइल्याण्ड दुवै देशमा, स्थानीय जीवन्त सम्पदा तत्वहरूका बारेमा जानकारी पत्ता लगाउन विद्यार्थीहरूलाई संलग्न गराइएको थियो । उनीहरूले शिक्षकहरूबाट मार्ग-निर्देशन प्राप्त गरेको भएतापनि खास गरेर आफूलाई अभिरूचि भएका विषय र जानकारीहरूमा उनीहरूले ध्यान केन्द्रीत गरेका थिए । त्यस पछि यस्ता गतिविधिहरूमा विद्यार्थीहरूले अभिरूचि राख्लान भन्ने सुनिश्चित गर्न यी विषयहरूलाई आगामी पाठहरूमा विशेष महत्वका साथ प्रस्तुत गरिएका थिए । | |

| शिक्षकका प्रश्नहरू | उत्तर/समाधान | थप जानकारीका लागि यो स्रोत-सामाग्रीका अन्य पुस्तिकाहरू हेर्नुहोस् |
|---|---|---|
| मेरो गतिविधिले आइसीएचका बारेमा चेतना जगाउने एवं यसको संरक्षणमा योगदान पुऱ्याउँछ भनेर मलाई कसरी थाहा हुन्छ ? | तपाईंको पाठका विद्यमान लक्ष्य तथा उद्देश्यहरूका अतिरिक्त, तपाईंले जीवन्त सम्पदाका बारेमा अतिरिक्त लक्ष्य एवं उद्देश्यहरू समावेश गर्न सक्नुहुन्छ । तपाईंले आइसीएच बारे चेतना जगाउने विषयसँग सम्बन्धित मूल्याङ्कन प्रश्नावलीहरू पनि समावेश गर्न सक्नु हुन्छ (जस्तैः 'तिमीले पाठ पढ्ने क्रममा सिकेको आइसीएचका बारेमा वर्णन गर' वा 'तिम्रो समुदायका लागि यो आइसीएच किन महत्वपूर्ण छ)' ।<br><br>हरेक कक्षाको अन्त्यमा, किर्गिज शिक्षकहरूले उनीहरूका विद्यार्थीहरूसँग उनीहरूले आइसीएचका बारेमा के सिके भनेर छलफल गर्दछन् । नेपालमा शिक्षकहरूले आइसीएच र आइसीएचको संरक्षणका बारेमा विद्यार्थीहरू थप सचेत भए कि भएनन् भनेर Know-Want-Learn (KWL) चार्ट र 'Exit Pass' को प्रयोग गर्दछन् । | पुस्तिका ४, चरण ४ः 'पाठको लक्ष्य एवं सिकाइका उद्देश्यहरूलाई पुनरावलोकन वा परिभाषित गर्नुहोस्' हेर्नुहोस् ।<br><br>र चरण ६ः 'नतिजाहरूको मूल्याङ्कन गर्नुहोस्' हेर्नुहोस् । |

# सहयोगी सामाग्री ७. : कार्यसूची पत्रः जीवन्त सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोडेर तपाईंको आफ्नै पाठ योजना बनाउनुहोस्

**मेरा प्रारम्भिक प्रतिक्रियाहरूः**

- मेरो विद्यालयमा कुन कुन गतिविधिहरू जीवन्त सम्पदासँग पहिले देखि नै जोडिएका छन् ? (जस्तै : पाठ्यक्रममा भएको विषय, अतिरिक्त शैक्षिक गतिविधिहरू, विशेष समारोह आदि)
- ती जीवन्त सम्पदा तत्वहरू के के हुन् ?

यो तालिका भर्नुहोस् :

| कृयाकलापहरू | जीवन्त सम्पदा तत्वहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

- जीवन्त सम्पदालाई कक्षाकोठामा ल्याउँदाका केही फाइदाहरू के के हुन् ?

## चरण १: आफ्ना परिस्थितिका बारेमा बुझ्नुहोस्:

### मलाई लागेको कुरा:

मैले मेरो वरपरको स्थानमा पाउन सक्ने जीवन्त सम्पदा तत्वका उदाहरणहरू:

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

*(यो मौखिक परम्परा, कुनै प्रकारको प्रस्तुति कला, अनुष्ठान, समारोह, प्रकृति सम्बन्धी ज्ञान, हस्तकला सम्बन्धी ज्ञान, परम्परागत खेलकूद आदि हुन सक्छ ।)*

### जीवन्त सम्पदासँग जोड्नका लागि मेरो विद्यालयमा सबैभन्दा बढी सुहाउने खालका कृयाकलापहरू :

- ☐ पाठ
- ☐ अतिरिक्त शैक्षिक कृयाकलाप (जस्तै: विद्यालय क्लव)
- ☐ विद्यालय वा कक्षा परियोजना
- ☐ विद्यालयमा मनाइने विशेष कार्यक्रम
- ☐ अन्य (नाम लेख्नुहोस्)

### मेरा सम्भाव्य साझेदारहरू:

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

## चरण २: जीवन्त सम्पदा तत्वलाई विद्यालयमा पढाउने विषयसँग जोड्नुहोस्

**मलाई लागेका कुराहरू:**

---

---

---

### जीवन्त सम्पदा तत्व

पाठमा प्रयोग गर्न सकिने आइसीएचका विशिष्ट पक्षहरू (चरण ३ पछि पुनरावलोकन गर्न सकिन्छ)

### विद्यालय कृयाकलाप(हरू)

(पाठ, अतिरिक्त शैक्षिक गतिविधि, कार्यक्रम, आदि)

पाठ्यक्रम वा पाठसँगको सन्दर्भ-सूची (यदि सान्दर्भिक भएमा):

**अरू कार्यक्रम (हरू)सँगको सम्बन्ध**

*(सान्दर्भिक भएमा, जस्तैः विश्व नागरिक शिक्षा, दिगो विकासका लागि शिक्षा, सामाजिक एवं संवेगात्मक शिक्षा, आदि)*

## चरण ३ : छनौट गरेको जीवन्त सम्पदा अभिव्यक्तिका बारेमा थप सिक्नुहोस्

**मैले प्राप्त गरेका जानकारीहरू:**

चरण २ मा तपाईंले सूचीकृत गर्नुभएका जीवन्त सम्पदाहरूका बारेमा जानकारीहरू पत्ता लगाउनुहोस् । यस्तो जानकारीले तपाईंको आफ्नै अनुभवमा आधारित वा तपाईंले प्राप्त गरेका कुनै प्रकाशन एवं श्रव्यदृष्य सन्दर्भ सामाग्रीहरू, अन्तर्वार्ता (ध्यान दिनुहोस्: अन्तर्वार्ता लिनु भन्दा पहिले अन्तर्वार्ता दिने व्यक्तिको सहमति लिनुहोस् ) आदिबाट प्राप्त गर्न सकिन्छ ।

तपाईंले प्राप्त गरेका मुख्य जानकारीहरूलाई लेख्नुहोस्:

उत्प्रेरणाका लागि सहयोगी सामाग्री ४ मा दिइएका प्रश्नहरूलाई प्रयोग गर्न सकिन्छ । तपाईंले समग्र सूची वा तपाईंलाई सबैभन्दा सान्दर्भिक लागेका केही प्रश्नहरूको अनुसरण गर्न सक्नुहुन्छ वा तपाईंका आफ्नै प्रश्नहरू बनाउन सक्नु हुन्छ ।

## चरण ४ : आफ्नो पाठ योजनाको खाका तयार पार्नुहोस्

**पाठ वा कृयाकलापको लक्ष्य**

### सिकाइका उद्देश्यहरू

*तल दिइएको ज्ञान/सिप/धारणा ढाँचा भर्नुहोस् वा तपाईंको विद्यालयले तयार पारेको वा तपाईंको देशमा प्रयोग गरिने स्तरीय खाका (स्ट्याण्डर्ड फर्म्याट) प्रयोग गर्नुहोस् ।*

| | |
|---|---|
| ज्ञान | |
| सिप | |
| धारणाा | |

**मलाई लागेका कुराहरू:**

- ☐ के यी सिकाइका उद्देश्यहरूले (मेरो विषयका सिकाइका उपलब्धीहरूका अतिरिक्त) जीवन्त सम्पदाका बारेमा चेतना अभिवृद्धि गर्नमा योगदान पुऱ्याउँछन् ?
- ☐ के यी सिकाइका उद्देश्यहरूले पहिल्यै पहिचान गरिएका मूल्यमा आधारित शैक्षिक कार्यक्रमहरू (जस्तैः विश्व नागरिक शिक्षा, दिगो विकासका लागि शिक्षा, सामाजिक एवं संवेगात्मक सिकाइ आदि) लाई जोड्दछन् ?

## कृयाकलापहरू (पाठका घटकहरू)

तपाईंले आफ्नो पाठ वा अतिरिक्त शैक्षिक गतिविधिमा गर्ने क्रियाकलापहरूलाई यहाँ सूचीबद्ध गर्नुहोस् ।

यसको विकल्पका रूपमा, तपाईंले आफ्नो विद्यालयमा प्रयोग गरिने स्तरीय पाठ योजनाको खाका भर्न सक्नु हुन्छ । जहाँ सम्भव हुन्छ, त्यहाँ तलका कुराहरू उल्लेख गर्नुहोस्ः

- यो कृयाकलापको नेतृत्व कसले गर्ने छ ? (जस्तैः तपाई आफैले, विद्यार्थीले, बाह्य श्रोत व्यक्तिले आदि)
- कुन शिक्षण विधि एवं कुन स्रोतको प्रयोग गर्ने योजना बनाउनु भएको छ ?
- यदि यो गतिविधि आइसीएचसँग सिधै सम्बन्धित हुन्छ भने, कस्ता जानकारीहरू बाँडिने छ वा छलफल गरिनेछ ? अभ्यासको कुन भागलाई देखाइने छ ?

**कृयाकलापहरूका लागि आवश्यक पर्ने स्रोतहरू**

| | **मलाई के चाहिन्छ ?**<br>***कक्षाका लागि हरेक विद्यार्थी, विद्यार्थीहरूको समूहका लागि*** | **के मसँग यो पहिल्यै छ ?**<br>**मैले यसलाई कहाँबाट ल्याउन सक्छु ?** |
|---|---|---|
| **सामाग्रीहरू एवं स्टेशनरीहरू**<br>(छलफलका लागि कार्यसूची-पत्र तथा कागजपत्रहरू, मार्कर, हस्तकलाका सामाग्रीहरू, आइसीएच अभ्याससँग सम्बधित वस्तुहरू आदि) | | |
| **सन्दर्भ सामाग्रीहरू**<br>(प्रकाशन, फोटो, भिडियो, प्रस्तुतिकरण आदि) | | |
| **बन्दोवस्तीका सामाग्रीहरू तथा उपकरण**<br>(श्रव्यदृष्य उपकरण, यातायत, कोठा वा स्थान आदि) | | |
| **स्रोत व्यक्तिहरू**<br>(साझेदार संस्था, समुदायका सदस्यहरू, सहकर्मी आदि) | | |
| **आर्थिक सहयोग** | | |
| **प्रशासकीय प्रक्रिया तथा अधिकार प्रत्यायोजन** | | |

हरेक गतिविधिका लागि, तपाईले आफैलाई निम्न प्रश्नहरू सोध्नुहोस्ः

- ☐ के यो गतिविधि यथार्थपरक र सम्भाव्य छ ?
- ☐ के जीवन्त सम्पदासँग जोडेकोले मैले सञ्चालन गरेको कृयाकलाप/पाठलाई अझै रमाइलो र अभिरूचिपूर्ण बनाएको छ?
- ☐ के यो गतिविधिले साँस्कृतिक विविधताका लागि सम्मान तथा सराहनाको प्रबर्द्धन गर्दछ ? यसले पूर्वाग्रहहरू (जस्तैः लिङ्ग, उमेर, साँस्कृतिक वा सामाजिक समूहका आधारमा हुने भेदभाव) लाई घटाउँछ कि थप बलियो बनाउँछ ?

## चरण ५ः आफ्नो अनुभवको अभिलेख राख्नुहोस् र बाँड्नुहोस्

मैले सङ्कलन गरेका सूचनाहरू र पाठ वा अतिरिक्त शैक्षिक क्रियाकलापहरूका बारेमा मलाई लागेका कुराहरूलाई एक ठाउँमा जुटाउने सबैभन्दा सजिलो विधि के हो ?

मैले मेरो पाठ योजना र अनुभवलाई कहाँ बाँड्न सक्छु ?

## चरण ६ः नतिजाहरूको मूल्याङ्कन गर्नुहोस्

**विद्यार्थीहरूको सिकाइका उपलब्धीहरूलाई मूल्याङ्कन गर्ने विधिहरूः**

**मलाई लागेका कुराहरूः**

- के मैले माथि फेला पारेका मूल्याङ्कनका संयन्त्रहरूले मलाई तलका प्रश्नहरूको उत्तर दिन सहयोग पुऱ्याउलान् ?
  - के विद्यार्थीहरूले जीवन्त सम्पदाका बारेमा प्रस्तुत गरिएका जानकारीहरू बुझ्दछन् ?
  - के विद्यार्थीहरू आइसीएचका बारेमा अझै बढी सचेत भएका छन् ?
  - के विद्यालयको क्रियाकलापले आइसीएच अभ्यासका मूल्यमान्यताहरूको सम्मान गर्दछ ?

**मेरो अन्तिम प्रतिक्रियाः**

विभिन्न शिक्षण विधिहरू जस्तैः विश्व नागरिक शिक्षा तथा दिगो विकासका लागि शिक्षाले पाठ तथा अतिरिक्त शैक्षिक गतिविधिहरूको महत्वलाई बढाउन सक्छन् ।

- तपाईंको विद्यालयमा यी मध्ये कुन विधिलाई प्रयोग गर्न सकिएला ?
- यिनीहरूले तपाईंको पाठ योजनालाई कसरी प्रभाव पार्न सक्लान् ?

॥

**तपाईंले सबै चरणहरू पार गरिसक्नु भयो, अब तपाईंले आफूले लेखेका नोटहरू पल्टाएर हेर्न सक्नु हुन्छ र आफ्नो पाठ योजनालाई अन्तिम रूप दिन सक्नु हुन्छ । रमाइलो शिक्षणका लागि शुभकामना !**

॥



एसिया-प्रशान्त क्षेत्रका कक्षाकोठामा
जीवन्त सम्पदा सिकाई

स्रोत-सामाग्री :

पुस्तिका

९

# शिक्षकका कथाहरू



यस **स्रोत-सामाग्री**ले विद्यार्थीहरूका लागि सिकाइलाई अझै बढी सान्दर्भिक र आकर्षणयुक्त बनाउने तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि स्थानीय सम्पदालाई विद्यालयका गतिविधिहरूसँग जोड्ने कार्यमा शिक्षक, शिक्षा- व्यवस्थापक र समुदायलाई सहयोग गर्ने लक्ष्य लिएको छ ।

यो स्रोत-सामाग्रीमा निम्न लिखित नौ वटा पुस्तिकाहरू समेटिएको छ :

- पुस्तिका १ — जीवन्त सम्पदा भनेको के हो ?
- पुस्तिका २ — जीवन्त सम्पदायुक्त शिक्षण किन गर्ने ?
- पुस्तिका ३ — शिक्षाका प्राथमिकताहरूसँग सामान्जस्यता
- पुस्तिका ४ — शिक्षकहरूलाई मार्गनिर्देशन गर्ने छ वटा चरणबद्ध विधिहरू
- पुस्तिका ५ — अभिभावक र समुदायका सदस्यहरूको भूमिका
- पुस्तिका ६ — विद्यालय व्यवस्थापकहरूको भूमिका
- पुस्तिका ७ — नीति निर्माताहरूको भूमिका
- पुस्तिका ८ — साधन तथा स्रोतहरू
- ▶ पुस्तिका ९ — शिक्षकका कथाहरू

पुस्तिका ८

# शिक्षकका कथाहरू

## शैक्षिक सुधार एवं जीवन्त सम्पदा संरक्षणका लागि कक्षाकोठामा समुदायको सहभागिता (नेपाल)


### सारांश

*नेपालमा स्थानीय जीवन्त सम्पदालाई समेटेर पाठ तयार पार्न शिक्षकहरूले समुदायका सदस्यहरूसँग अत्यन्तै निकटमा रहेर सहकार्य गरेका छन् । सम्पदा अभ्यासमा कुशल गुरूहरूदेखि गृहिणीहरू लगायत स्थानीय व्यक्तिहरूले सम्पदा अभ्यास संरक्षण गर्न आफूसँग भएको ज्ञान बाँडे । यस सहकार्यले कक्षालाई साँचो अर्थमा आकर्षक बनाउनुका अतिरिक्त केही सामाजिक अवरोधहरूलाई पनि भत्काइ दियो ।*


**देशः** नेपाल (कीर्तिपुर र बुढानीलकण्ठ)

**विद्यालयको विषय/शीर्षक/ईसीएचः** अंग्रेजी, गणित

**आइसीएच तत्वः** स्थानीय चाडपर्व

**कक्षा र विद्यार्थीहरूको उमेरः** कक्षा ८, १४-१६ वर्ष

**विद्यालयः** जनसेवा माध्यामिक विद्यालय र गणेश माध्यामिक विद्यालय

नेपालमा बुढानीलकण्ठ नगरपालिकाका दुई र कीर्तिपुर नगरपालिकाका २ वटा गरी चारवटा विद्यालयहरूले उनीहरूका केही पाठहरूमा जीवन्त साँस्कृतिक सम्पदा (आइसीएच)युक्त शिक्षणको नयाँ शिक्षण विधिलाई परीक्षण गरे । हरेक विद्यालयले तीन जना विषय शिक्षकहरू, एक जना विद्यालय व्यवस्थापन सदस्य र एक जना समुदायका सदस्यहरू सम्मिलित पाँच जनाको टोली बनायो । स्थानीय समुदायसँग परामर्श गरे पछि, शिक्षकहरूले आफूले पढाउने विषयमा समावेश गर्न सक्ने साँस्कृतिक अभ्यासको छनौट गरे । उनीहरूले आफ्ना विद्यार्थीहरूलाई उनीहरूको परिवारसँग छलफल गर्न र उनीहरूको घरमा अभ्यास गरिने विभिन्न जीवन्त सम्पदाहरूका बारेमा सूचनाहरू सङ्कलन गर्न भने । त्यसपछि शिक्षक र विद्यार्थीहरू दुवै मिलेर यी सूचनाहरूलाई एकत्रित पारे र उत्प्रेरणा जगाउनका लागि आइसीएच विवरण-सूची तयार पारे ।

विवरण-सूची निर्माण कार्य सम्पन्न भएपछि, शिक्षकहरूले उनीहरूको विषयलाई सुहाउने खालको आइसीएच छनौट गरे । उक्त आइसीएचका बारेमा थप अनुसन्धान गर्न तथा पाठ निर्माणमा सहयोग पुगोस् भनेर,

विद्यार्थीहरूले समुदायका मानिसहरूसँग कुराकानी गरे । शिक्षकहरू र समुदायका मानिसहरूकाबीचको यो निकट सहकार्यले रचनात्मक पाठ तयार पार्नमा ठूलो सहयोग गऱ्यो ।

शिक्षकहरूले सहकार्य गरेका समुदायका सदस्यहरू कोही उनीहरूसँग भएको साँस्कृतिक ज्ञान र सिपका लागि प्रसिद्ध र अत्यन्तै सम्मानित मानिन्थे भने कोही खास रूपमा विशेषज्ञका रूपमा नभएर जीवन्त सम्पदालाई दैनिक रूपमा अभ्यास गर्ने व्यक्तिका रूपमा चिनिन्थे । दुवै थरी मानिसहरू समुदायकै हिस्सा थिए, जसले आफ्नो सम्पदाप्रति उच्च सम्मान प्रकट गर्दथे र त्यसलाई युवा पुस्ताहरू माझ बाँड्नु उपयोगी हुन्छ भन्नेमा विश्वस्त थिए । उनीहरूले सम्बन्धित आइसीएचका बारेमा जानकारी दिनुका साथै आवश्यक सामाग्रीहरू कहाँ पाइन्छ भनेर बताए र बजेट समेत दिएर सहयोग गरे । उनीहरूले पाठका लागि सोचविचारहरू दिए र विद्यालयमा पढाइने विषयहरूमा आइसीएचलाई जोड्ने उपायहरू बताए र समुदायको सहमति खोज्ने प्रक्रियामा सहयोग पुऱ्याए ।

शिक्षकहरूले यो बहुमूल्य ज्ञानलाई उनीहरूको पाठ योजनाको खाका (डिजाइन) र उनीहरूले प्रयोग गर्ने शिक्षण सामाग्रीहरूमा समावेश गरे । कहिलेकाहिँ उनीहरूले यी सम्पदा अभ्यासकर्ताहरूलाई स्रोत व्यक्तिका रूपमा र शिक्षकका रूपमा समेत कक्षाकोठामा आमन्त्रण गरे ।

## जीवन्त सम्पदा अभ्यासकर्तालाई कक्षाकोठामा आमन्त्रण गर्ने

श्री पवित्रा शाक्य जनसेवा माध्यामिक विद्यालय कीर्तिपुरका अंग्रेजी विषयका शिक्षक हुन् । जनसेवा माध्यमिक विद्यालय नेवार समुदायको बाक्लो बस्ती भएको ठाउँमा अवस्थित छ, तर गैरनेवारी पृष्ठभूमिबाट आएका विविध समुदायका विद्यार्थीहरू समेत यहाँ पढ्छन् । केही नेवारी साँस्कृतिक कार्यक्रमहरू र अभ्यासका बारेमा आफ्नो कक्षामा वर्णन गऱ्यो भने त्यसले विद्यार्थीहरूलाई उनीहरूको वातावरणलाई अझै राम्रोसँग बुझ्दछन् र त्यसको कदर गर्दछन् भन्ने उनलाई लाग्यो ।

उनले सापारू जसलाई *गाईं जात्रा* पनि भनिन्छ, का बारेमा एउटा पाठ तयार पारिन् । यो पर्वलाई काठमाडौँ उपत्यकाका नेवा समुदायले वर्ष भरीमा मृत्यु भएका मृतक आत्माको शुद्धिकरणका लागि हरेक वर्ष मनाउने गर्दछन् । उक्त दिन मृतकका लागि स्वर्गको ढोका खुला हुने नेवा समुदायको विश्वास छ । यदि उनीहरू खाली खुट्टा हिँडेर सहर परिक्रमा गरे भने *गाईं जात्रा* को जुलुशले उनीहरूका प्रियजनहरूलाई स्वर्गमा पुग्न



सहयोग गर्ने छ भन्ने उनीहरू विश्वास गर्दछन् । उक्त वर्षमा मृत्यु हुनेको परिवारका कनिष्ठ सदस्यले गाई जस्तो दखिने गरी पोशाक लगाउँछन्, उनले गाईको मुखुण्डो पनि लगाउँछन् ।

*गाई जात्रा* बारे स्रोत व्यक्तिहरूका बारेमा सोधी खोजी गरेपछि, श्री शाक्यले रूपेन्द्र महर्जनलाई आफूसँग आफ्नो कक्षामा आमन्त्रण गर्नु भयो । श्री महर्जनले उक्त पर्वमा सहभागी हुने व्यक्तिहरूका लागि गाईको मुखाकृति छापिएको ब्लकप्रिन्ट र *साख्वा-सापारू* मुखुण्डो बनाउँछन् । उनले यो सिप पारिवारिक बिरासतका रूपमा पाएका थिए र पुर्स्तौंदेखिको यो ज्ञान विद्यार्थीहरूका माझ बाँडेका थिए । उनका बुवा सामुदायिक संस्था, गुठी को एउटा हिस्सा थिए । सन् २०२० मा जब कोभिड-१९ महामारीका कारण मान्छेहरू भेला हुन कम गर्न थाले, कीर्तिपुर नगर पालिकाको एउटा शहर पाँगामा *सापारू* मनाउनु पर्दछ भनेर अडान लिने व्यक्ति उनै थिए ।

श्री महर्जन सबैले चिनेका आइसीएच अभ्यासकर्ता मात्रै होइनन्, व्यवसायका आधारमा उनी एक प्रशिक्षक पनि हुन् । उनी *सापारू* सम्बन्धी ३ घण्टीका सबै कक्षाहरूमा संलग्न भए र *सापारू* पर्व कसरी मनाइन्छ भनेर व्याख्या गर्न छोटा प्रवचनहरू पनि दिए । विद्यार्थीहरूले उनीसँग र आफूहरूका माझ छलफल गर्न सक्थे । उनीहरूले *गाई जात्रा* का बारेमा अनुसन्धान गरे र अंग्रेजीमा एउटा निबन्ध पनि लेखे जसलाई उनीहरूले कक्षामा प्रस्तुत गरेका थिए । त्यस पछि श्री महर्जनले उनको हस्तकलासँग सम्बन्धित प्रविधिका बारेमा व्याख्या गरे । उनको सुपरिवेक्षणमा, विद्यार्थीहरूले कागज पट्याएर पङ्खा बनाइ रंग भर्ने तथा गाईको मुखुण्डो बनाउने अवसर समेत पाए । उक्त कामका लागि धैर्यता र सुस्पष्टताको खाँचो पर्दथ्यो । विद्यार्थीहरू आफैले आफ्ना हस्तकलाका सिर्जनाहरू तयार पारेर यो कलात्मक प्रक्रियाका बारेमा थप सचेत बने । उनीहरूले मृत्यु भएका प्रियजनका लागि कुनै कुराको सिर्जना गर्नुको महत्वलाई कदर गर्न पनि सिके ।

पवित्रा शाक्य र रूपेन्द्र महर्जन मिलेर एउटा पाठको खाका तयार पारे जसमा श्री महर्जनको पेशा र अभ्यासकर्ताका रूपमा उनीसँग भएका स्रोतहरूले उक्त पाठलाई सिकाइ र आनन्दको उत्तम मिश्रण बनाउन सहयोग पुऱ्याए ।



**समुदायका सदस्यहरूको प्राथमिक भूमिका रहन्छ किन कि उनीहरू बिना जानकारी प्राप्त गर्न सकिँदैन । हामीहरूले आइसीएचको बाहिरी सतहका बारेमा मात्रै थाहा पाएका हुन्छौं, तर जब हामीहरू उनीहरूसँग कुराकानी गर्दछौं, हामीहरूलाई जात्राका बारेमा थप विस्तृत विवरण थाहा हुन्छ । यो सहकार्यले मलाई हाम्रो संस्कृतिका बारेमा अझै जान्न मद्दत गऱ्यो ।**

*पवित्रा शाक्य, शिक्षक,*
*जनसेवा माध्यमिक विद्यालय*

**विद्यार्थीहरू प्रत्येक सत्रमा पूर्ण रूपले संलग्न थिए जसले उनीहरूलाई *गाई जात्राका* बारेमा बुझ्न मद्दत पुग्यो । यो आफैले गरेर सिक्ने एउटा तरिका हो । अन्य कक्षाका विद्यार्थीहरूले समेत यो पाठलाई उनीहरूको कक्षामा पनि सञ्चालन गर्न अनुरोध गरेका थिए । हामीहरूले समेत आइसीएच र यसलाई विषयहरू र पाठमा कसरी समेट्न सकिन्छ भनेर सिक्ने अवसर पायौं । त्यसैले यथार्थमा यसले शिक्षक र विद्यार्थी दुवैलाई सहयोग गऱ्यो ।**

*पवित्रा शाक्य, शिक्षक,*
*जनसेवा माध्यमिक विद्यालय*

## जीवन्त सम्पदायुक्त कक्षामा अभिभावकहरूलाई संलग्न गराउने

श्री धर्मकला न्यौपाने गणेश माध्यमिक विद्यालय, बुढानीलकण्ठमा गणित विषयका शिक्षक हुन् । विद्यालय क्षेत्रको आसपास तामाङहरूको विशाल समुदाय बसोबास गर्दछन्, त्यसैले उनी र अन्य दुई जना सहकर्मीहरू मिलेर तामाङहरूले मनाउने नयाँ वर्ष, ल्होसार सम्बन्धी एउटा पाठ तयार पार्ने निर्णय गरे । श्री न्यौपानेले यो अवधिमा बनाइने विशेष प्रकारको परिकार खाप्से सम्बन्धी पाठको डिजाइन गरिन् । अंग्रेजी शिक्षकले उनका विद्यार्थीहरूलाई सोनाम ल्होसार सम्बन्धी पाठ पढ्न तथा बुझाइ सम्बन्धी केही अभ्यास गर्न सुझाए । सामाजिक शिक्षा पढाउने शिक्षकले तामाङ समुदायले गाउने खास प्रकारको लय र सुरका बान्कीहरू भएको लोक गीत तामाङ सेलो जसलाई प्रायः परिष्कृत गर्ने गरिन्छ, त्यसका बारेमा परिचय प्रस्तुत गरे ।

**अत्यन्तै परम्परागत शिक्षण एवं सिकाइको तुलनामा यो प्रक्रियाले पक्कै पनि विद्यार्थीहरूलाई अघि बढ्न तथा साथीभाइसँग सेयर गरेर हरेक संस्कृतिलाई सम्मान गर्न सहयोग गऱ्यो । यसले पढाइने विषयहरूमा उनीहरूको अभिरूचि पनि बढायो ।**

धर्मकला न्यौपाने, शिक्षक, गणेश माध्यमिक विद्यालय



श्री न्यौपानेले *खाप्से* कसरी बनाइन्छ भनेर सिक्न विद्यार्थीहरूका आमाहरूलाई गएर भेटिन् । यस सम्बन्धी ज्ञान प्राप्त गरे पछि उनले एउटा पाठ योजना तयार पारिन जुन् चार घण्टी सम्म चल्यो । विद्यार्थीहरूले *ल्होसार* नयाँ वर्ष र तामाङ र अन्य समुदायहरूका चाडपर्वहरूका बारेमा छलफल गरे । उनीहरूले यी चाडपर्वहरूका बेलामा तयार पारिने तथा खाइने परिकारहरूका बारेमा जानकारीहरू बाँडे । *खाप्से* तयार पार्दा प्रयोग गरिने सामाग्री र औजारहरूलाई ज्यामितिका सूत्रहरूको अभ्यास गर्न एवं सतहको हिसाब निकाल्न प्रयोग गरियो । साँस्कृतिक तथा गणीतीय अभ्यास पश्चात, विद्यार्थीहरूलाई खाना पकाउने कक्षामा सहभागी गराइयो । तामाङ विद्यार्थीहरूका धेरै जना आमाहरूले कक्षामा सहयोग गर्न एवं पकाउने तरिकाका बारेमा आफूसँग भएको ज्ञान बाँड्न स्वयं सेवा गरे । घरमा खाना तयार पार्ने कामको मुख्य जिम्मेवारी महिलाले लिने भएतापनि विद्यालयमा छात्र र छात्रा दुवैले उत्साहपूर्वक सँगै काम गरे र स्वादिष्ट खानाको मज्जा लिए । यो कार्यक्रम महिलाहरूका लागि अत्यन्तै सशक्त पार्ने खालको थियो । यो पाठले महिलाहरू पनि महत्वपूर्ण ज्ञान वाहक र हस्तान्तरणकर्ता हुन् जुन ज्ञान उनीहरूले सम्हाल्दै आएको भान्साकोठा भन्दा बाहिर समेत महत्वपूर्ण हुन सक्दछ भन्ने दर्शायो र विद्यालयको शिक्षालाई थप मूल्यवान बनायो ।

शिक्षकहरूले उनीहरू आफै पनि समुदायकै सदस्य भएको र समुदायबाट उनीहरूले आफैले पनि ज्ञान आर्जन गर्न सक्ने वा आफन्तहरूसँग सोधेर जानकारीहरू हाँसिल गर्न सक्ने महसुस गरे । मङ्गल माध्यमिक विद्यालय कीर्तिपुरका गणित शिक्षक सावित्री महर्जनले *जंकूको* प्रयोग गरेर गणितको कक्षा लिइन् । *जंकू* एउटा विशेष परम्परा हो जहाँ जुन हजुरबा वा हजुर आमा ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घण्टा पुग्नु हुन्छ, त्यो बेला उहाँहरूको पूजा गरिन्छ । उनका आफन्तहरूले हालै जंकू मनाएका थिए । पछि उनको कक्षामा प्रयोग गर्न उनले यो सारा प्रक्रियाका बारेमा आफ्नो परिवारका सदस्यहरूसँग अन्तर्वार्ता लिइन् र फोटोहरू समेत खिचिन् ।

शिक्षकहरू र समुदायका सदस्यहरूको यो सहकार्य जीवन्त सम्पदालाई यी विद्यालयहरूमा ल्याउनका लागि निकै नै महत्वपूर्ण थियो । यसका लागि अझै धेरै समय र व्यवस्थित आयोजनाको आवश्यकता रहेको भएतापनि, विद्यार्थीहरूले यी व्यवहारिक अभ्यासहरूबाट निकै राम्रोसँग लाभान्वित भए भने शिक्षकहरूले पनि यो उत्कृष्ट परिणाम र संलग्नता देखे । यसका अतिरिक्त, विभिन्न समूह र लिङ्गका स्रोत व्यक्तिहरूलाई आमन्त्रण गरेर, महिलाहरूको ज्ञानलाई प्रस्तुत गरेर यसले जातजाति सम्बन्धी थुप्रै सामाजिक अवरोधहरूलाई परास्त गर्न मद्दत गऱ्यो । जुन मानिसहरू सीमान्तकृत हुन सक्थे, उनीहरूलाई बहुमूल्य सम्पदाका मालिक र यस सम्बन्धी ज्ञान वाहकका रूपमा ससम्मान मान्यता दिइयो ।

## बान माइ ङन खिलेक विद्यालयका विद्यार्थीहरूका साथमा तालेव बारे सर्वेक्षण (थाइल्याण्ड)

### सारांश

*शिक्षकहरूले विद्यार्थीहरूसँग मिलेर उनीहरूको अध्ययनका लागि स्थानीय समुदायमा जीवन्त सम्पदा तत्वहरू पहिचान गर्न एक सर्वेक्षण सञ्चालन गरे । विद्यार्थीहरूको सहभागितामूलक अवलोकनका आधारमा बाँसबाट बुनेर बनाइएको जन्तर तालेव को छनौट गरियो, फलस्वरूप सिकाइका गतिविधिहरू मूल्यवान र रमाइला बन्न पुगे ।*

**देश:** थाइल्याण्ड (चियाङ माइ)

**विद्यालयको विषय/शीर्षक/ईसीएच:** *तलेवा* बारेमा सिकाइ

**आइसीएच तत्व:** *तालेव* बाँसको जन्तर

**कक्षा एवं विद्यार्थीहरूको उमेर:** कक्षा १-६, ७-१३ वर्ष

**विद्यालय:** बान माइ ङन खिलेक स्कूल

*तालेव* बाँसको पातलो र ससाना आकारहरू भएको चोयाबाट गोलो गरेर बुनिएको एउटा रक्षात्मक जन्तर हो । जीवात्मवादी बौद्ध धर्म मान्ने स्थानीय जनजातिहरूको समूहले यो जन्तरले दुष्ट आत्माबाट बचाउन सक्छ भन्ने विश्वास गर्दछन् । *तालेव*का विभिन्न आकार र स्वरूपमा पाइन्छ र कहिलेकाहिँ यसलाई स्थानीय जडिबुटि तथा फूलहरूले पनि सजाइएको हुन्छ । धेरै जसो तालेवको मध्य भागमा दुष्ट आत्मालाई पत्रनका







लागि प्वाल राखिएको हुन्छ । यो प्रक्रियाको एउटा महत्वपूर्ण पक्ष यो बाँसको कलात्मक वस्तुलाई आशिर्वाद समारोहका लागि बौद्ध भिक्षुकहाँ लैजानु हो । स्थानीय समुदायहरूले दुष्ट आत्मा, दुर्भाग्य र कोभिड-१९ बाट समेत बच्न तालेवलाई उनीहरूको घरको गेटमा, ढोकाको चौकोसको माथिल्लो भागमा, सिलिङ र छानाको पट्टीमा झुण्ड्याउँछन् ।

बान माइ ङन खिलेक स्कूल थाइल्याण्डको उत्तरी क्षेत्रमा पर्ने चियाङ माइ प्रान्तको एम्फो फाङमा अवस्थित छ । यो चियाङ माइ प्रान्तीय प्रशासनिक संस्थाको सुपरिवेक्षण अन्तर्गत पर्दछ जसले साँस्कृतिक विविधताका लागि शैक्षिक नीतिको प्रबर्द्धन गर्दछ । विद्यालयले स्थानीय क्षेत्रका आठ वटा जनजाति समूहका विद्यार्थीहरूलाई स्वागत गर्दछ र बहुसंस्कृतिवादलाई महत्व दिन्छ । यस विविधताका कारण, विद्यालयले जीवन्त सम्पदा र विश्व नागरिकसँग सम्बन्धित उसका शैक्षिक गतिविधिहरूमा सुधार ल्याउन सिपहरू तथा ज्ञान हासिल गर्न चाहन्थ्यो । उसले स्थानीय संस्कृतिहरूको जीवन्ततालाई योगदान पुऱ्याउन शिक्षालाई संरक्षणको साधनका रूपमा प्रयोग गर्न पनि चाहन्थ्यो ।

दुई जना शिक्षकहरू र २२४ जना प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरू परियोजनामा आधारित सिकाइ परीक्षणमा सहभागी भए जसमा आठ वटा विषयहरूलाई एकीकृत गरिएको थियो । यसमा सहभागी हुन आएका शिक्षक तथा विद्यार्थीहरू उक्त क्षेत्रमा बसोबास गर्ने विभिन्न जनजाति समूहका थिए । विभिन्न जनजाति समूहले बनाएका एवं प्रयोग गरेका फरक फरक स्वरूपका तालेवहरूको तुलना गर्दा यो साँस्कृतिक विविधताले सिकाइको अनुभवलाई समृद्ध तुल्याएको उनीहरूले पाए । अर्थ, मूल्यमान्यता र कामका बिचको समानता र भिन्नताहरूलाई समुदायसँग सँगै बसेर छलफल गरिएको थियो ।

> **स्थानीय ज्ञान संस्कृतिको आधार हो जुन हाम्रो जीवनशैलीमा प्रकट हुन्छ । यसको मूल्य मौद्रिक मूल्यभन्दा धेरै छ । हामी बाँचेको भूमिमा यसको लामो इतिहास भएकोले हामीले यसका बारेमा सिक्नु पर्दछ र यसको भविष्यलाई सुनिश्चित गर्नु पर्दछ ।**
>
> *श्री पुआङफेट मीमा, शिक्षक,*
> *बान माइ ङन खिलेक स्कूल*

विद्यालयले स्वास्थ्य र स्थानीय संस्कृतिसँग सम्बन्धित विभिन्न विषयहरू प्रदान गर्दछ । यस परियोजनाका लागि, दुई जना शिक्षकहरू, श्री पुआङफेट मीमा र श्री पात्रा राकपोङले स्थानीय साँस्कृतिक सम्पदाका माध्यमबाट बहु-विधात्मक सिकाइ र शान्ति निर्माण प्रक्रियाको प्रबर्द्धन गर्न चाहन्थे । शुरुमा उनीहरूलाई सिकाइको आधारका रूपमा कुन जीवन्त सम्पदा तत्वको प्रयोग गर्ने भनेर स्पष्ट भैसकेको थिएन । त्यसैले उनीहरूले सर्वप्रथम उनीहरूले विद्यार्थीहरूसँग मिलेर जति धेरै सम्भव हुन्छ त्यति नै जीवन्त सम्पदाहरूको सूची तयार पार्न दिमाख खियाए । त्यसपछि विद्यार्थीहरूले विभिन्न जनजातिहरूले साझा रूपमा प्रयोग गर्ने सम्पदा छनौट गरे ।

## विद्यार्थीहरूका साथमा समुदायमा आधारित अनुसन्धान गतिविधि सञ्चाल गर्ने

UNESCO-ICHCAP-APCEIU कार्यशालामा सहभागी शिक्षकहरू अमूर्त साँस्कृतिक सम्पदा दैनन्दिन जीवनको अभ्यास बन्न सक्छ भन्ने धारणाबाट प्रभावित थिए । त्यसैले उनीहरूले विद्यार्थीहरूलाई उनीहरू घर जाँदा तिनीहरूको वरपर अवलोकन गर्न तथा बारम्बार अभ्यास गरिने साँस्कृतिक तत्वहरू पत्ता लगाउन प्रेरित गरे । उनीहरूले वरपरका गाउँहरू घुमे र उक्त परियोजनका बारेमा केही सोचविचारहरू बनाए । उनीहरू त्यही बस्ने भएकाले समुदायका सदस्यहरूले उनीहरू र उनीहरूका शिक्षकलाई चिन्दथे जसले जानकारीको आदान-प्रदानलाई सहज बनाइ दियो ।

विद्यार्थीहरूले उनीहरूको विद्यालय नजिकैको गाउँका प्रायः हरेक जसो घरको प्रवेशद्वार वा ढोकाको चौकोसमा *तालेव* झुण्डिएको देखे । केही विद्यार्थीहरूले अन्य जनजाति समूहहरूका अन्य गाउँहरूको भ्रमण गरे र उस्तै आकारका *तालेव*हरू फेला पारेको खबर गरे । अधिकांशले उनीहरूको आफ्नै घरमा पनि एउटा भएको पत्ता लगाए । उनीहरू यो बाँसको कलात्मक वस्तुको अर्थ र कामका बारेमा जान्न उत्सुक थिए, त्यसैले उनीहरूले आफ्नो अभिरूचिलाई शिक्षकसँग बाँडे । सँगै मिलेर, उनीहरूले तालेवलाई उनीहरूको अध्ययनका लागि जीवन्त सम्पदा तत्वका रूपमा छनौट गरे, जसलाई प्राथमिक विद्यालयका अन्य सबै तहहरू समेट्ने गरी विस्तार गरियो ।





जीवन्त सम्पदा तत्वको छनौट गरे पछि, दुई जना शिक्षकहरूले अन्य आठजना गाउँले शिक्षकहरू, प्राचार्य र नजिकैका दुईवटा गाउँका स्थानीय बुद्धिजीविहरूसँग दुई चरणमा स्थलगत कार्यका लागि योजना बनाउन बैठकको आयोजना गरे ।

पहिलो चरणमा विद्यार्थीहरूको घर भ्रमण गर्नु पर्ने थियो । उनीहरूको जीविकाको अवस्था के कस्तो छ भनेर जाँच गर्नु सामान्य अभ्यास हो । १० जना गाउँले शिक्षकहरूले यसलाई तालेवका बारेमा गरिने सर्वेक्षणसँग जोडे । एक महिनाको अवधिमा उनीहरूले सबै परिवारहरूसँग भेटे र ८० प्रतिशतसँग तालेव रहेको फेला पारे । यस प्रक्रियाका क्रममा, १५ जना स्थानीय व्यक्तिहरूसँग यस आइसीएचका बारेमा गहिरो ज्ञान र सिप भएको पत्ता लगाउन सक्षम भए ।

दोस्रो चरणमा, शिक्षकहरूले प्राचार्यहरूलाई र पहिचान गरिएका समुदायका मानिसहरूलाई विद्यालयको स्थलगत भ्रमणका बारेमा खबर गर्न तथा उनीहरूको सहमति र सहयोगका लागि सम्पर्क गरे ।

शिक्षकहरूले दुईवटा गाउँहरूः एउटा ताइ याइ जनजातिको र अर्को चियाङ माइ मुवाङ समुदायमा गरी १५ वटा घरधुरीमा दुईवटा भ्रमणहरूको आयोजना गरे । हरेक भ्रमणमा लगभग (पाँचवटा कक्षाका) १०० जना विद्यार्थीहरू सहभागी भए ।

भ्रमणका क्रममा विद्यार्थीहरू लामो लाइन बनाइ हिँडे र प्रत्येक घरमा रोकिएर अभ्यासकर्ताहरूसँग कुराकानी गरे । चारजना सुरक्षाकर्मीहरूले यातायात व्यवस्थापन एवं बालबालिकाहरूको सुरक्षाको बन्दोवस्तो गर्न सहयोग गरे ।

> "शिक्षकहरूले खुला अवधारणा अबलम्बन गरे । विद्यार्थीहरूलाई दिइएको एउटै मात्र निर्देशन थियो, ... *तालेव*का बारेमा तिमीलाई जान्न मन लागेको कुनै पनि कुरा सोध्नू । "

शिक्षकहरूले खुला अवधारणा अबलम्बन गरे । विद्यार्थीहरूलाई दिइएको एउटै मात्र निर्देशन थियो, '*तालेव*का बारेमा तिमीलाई जान्न मन लागेको कुनै पनि कुरा सोध्नू ।' विद्यार्थीहरूले तालेवको अर्थ, मूल्य, काम, सामाग्री र यसलाई बनाउने प्रक्रियाका बारेमा प्रश्नहरू सोधे र प्राप्त जानकारीहरूलाई समेटेर नोट लेखे । उनीहरूले उनीहरूका केही छोटा छोटा प्रश्नहरू र मानिसहरूले दिएको जवाफलाई रेकर्ड गर्न फोटो तथा भिडियो खिचे । उनीहरूले तालेव बनाउन पनि सिके र उपहारका रूपमा एक-एक वटा घर पनि लिएर गए ।



## अनुसन्धानबाट प्राप्त जानकारीहरूलाई विद्यालयका गतिविधिहरूमा समेट्ने

यो स्थलगत भ्रमण पछि, शिक्षकहरूले यो कलात्मक सिर्जनाका माध्यमबाट झल्किएको स्थानीय बौद्धिकताका बारेमा आठ ओटा विभिन्न विषयहरूमा छलफल गरे ।

शिक्षकहरूले विद्यार्थीहरूद्वारा सङ्कलित सूचनाहरूलाई पाँचवटा समूहहरू अनुसार केलाए:

१. धार्मिक विश्वास र शिक्षण
२. समुदायमा आधारित वृत्ति तथा आर्थिक विकास
३. सामुदायिक सम्बन्ध एवं सामाजिक बन्धन
४. तालेव र समुदायको ऐतिहासिक पृष्ठभूमि
५. भूगोल तथा मानविकी







यो साधारण तर प्रभावकारी स्थलगत कार्यको परिणाम स्वरूप *तालेव* सम्बन्धी विषयवस्तुलाई आठ वटा विषयहरू: गणित (आकार र स्वरूप), शारीरिक शिक्षा (शरीरको चाल), मानविकी (धार्मिक विश्वास, तथा सामाजिक बन्धन), कला (चित्रकला), विज्ञान (प्राकृतिक स्रोत), वृत्ति विकास (समुदायमा आधारित व्यवसायिक तालिम एवं *तालेव*को बिक्रिबाट अर्थोपार्जन), अंग्रेजी र चिनीयाँ भाषा (सम्बद्ध शब्दकोश), र थाइ भाषा (ऐतिहासिक पृष्ठभूमि) मा समेटिन पुग्यो ।

कक्षामा जानकारी बाँड्ने सत्रहरू सञ्चालन गर्नुका अतिरिक्त विद्यालयले एउटा साँस्कृतिक कार्यक्रमको पनि आयोजना गरेको थियो जहाँ ताइ याइ समुदायका सदस्यहरूलाई बोलाएर *तालेव* बनाउने उनीहरूको ज्ञानलाई सबै कक्षाका विद्यार्थीहरूका लागि देखाउन तथा उक्त ज्ञानलाई हस्तान्तरण गर्नका लागि अनुरोध गरिएको थियो । ताइ याइ भाषा बोल्न सक्ने विद्यार्थीहरूले आफ्ना साथीहरूलाई कुशल कालिगडहरूसँग कुराकानीमा सहयोग गर्न दोभाषेका रूपमा स्वयंसेवा गरे । *तालेव* कसरी बनाउने भनेर सिक्नाले विद्यार्थीहरूलाई आय आर्जनको अवसर पनि प्रदान गऱ्यो किन कि समुदायले प्रत्येक तालेवलाई १० भाटका दरले खरीद गरे ।

शिक्षकहरूले *तालेव*लाई उनीहरूको पाठमा प्रयोग गरेकोले शिक्षाको व्यवहारिक पक्षमा गज्जबसँग सुधार आएको, विद्यार्थीहरूका लागि यसलाई अझ धेरै आकर्षक र रूचिकर बनाएको अनुभव बाँडे । यसले जीवन्त सम्पदाको महत्व र भावी पुस्ताका लागि यो अभ्यासको निरन्तरताको आवश्यकता बारेमा चेतना जगाउन ठोस रूपमा नै सहयोग गऱ्यो ।

समुदायका सदस्यहरू स्थलगत अनुसन्धान र शिल्पकला प्रदर्शनीमा सहभागी हुन उत्साहित देखिन्थे । ज्येष्ठ सदस्हरूले उनीहरू यो परियोजनाबाट प्रभावित भएको बताए, किनकि *तालेव*लाई पहिले केवल बूढापाकाहरूका लागि मात्रै र बुढापाकाहरूले मात्रै गर्ने अभ्यास हो भनेर बुझिन्थ्यो, तर स्थलगत सर्वेक्षण पछि, उनीहरूका नाती-नातिनीहरू पनि यो सम्पदाप्रति रूचि देखाएका थिए र उनीहरूलाई यसका बारेमा प्रश्नहरू सोधी रहन्थे । समुदायले यो परम्पराले युवाहरूका माझ पनि निरन्तरता पाउनेमा ढुक्क भएको महसुस गरे ।

विद्यालयले यो गतिविधिको कार्यान्वयन गर्दा तीन वटा मुख्य चुनौतीहरूको सामना गऱ्यो । पहिलो, कोभिड-१९ महामारीले हिंडडुल र विद्यालयमा खुला गतिविधिहरू माथि प्रतिबन्ध लाग्न पुग्यो । त्यसपछि, कार्यक्रमको आयोजना र सिकाइ गतिविधिका लागि केही आर्थिक स्रोतको आवश्यकता पर्न गयो । अन्तिम चुनौती भनेको, विद्यार्थीहरूलाई मानिसहरूसँग कसरी अन्तर्वार्ता लिने भनेर तालिम दिनु पर्ने भयो । केही विद्यार्थीहरू उनीहरूले नचिनेका समुदायका सदस्यहरूसँग बोल्न लजाउँथे । तथापि, उनीहरूका मज्जाले बोल्न सक्ने साथीहरूलाई पछ्याउँदै गर्दा र स्थलगत कार्यक्रममा सहभागी हुँदा उनीहरू पनि रमाए । शिक्षक र विद्यार्थीहरूले उनीहरूलाई अझ धेरै समुदायमा आधारित अनुसन्धान सिपको विकास गर्नु पर्ने आवश्यकता रहेको निष्कर्ष निकाले ।

जीवन्त सम्पदालाई विद्यार्थीहरूका साथमा सर्वेक्षण गर्नाले उनीहरूलाई शिक्षा प्रणालीको निस्क्रिय खेलाडीबाट सिकाइको केन्द्र बन्ने तर्फ फड्को मार्न सशक्तिकरण गऱ्यो । शिक्षकहरूका साथमा र समुदायको सहयोगका साथमा उनीहरूले आफूले गरेको स्थलगत सहभागितामूलक अवलोकनका आधारमा सम्पदा तत्वको छनौट गरे । विद्यार्थीहरू अन्तर्वार्ता लिनका लागि गाउँ-गाउँ पुगे र *तालेव* का बारेमा पाका मानिसहरूसँग अनौपचारिक रूपमा कुराकानी गरे । यसले उनीहरूलाई उनीहरूको सम्पदा संरक्षण गर्न तथा पुस्ताहरूका बिचको खाडल पुर्न साँघुको काम गर्न प्रभावकारी साँस्कृतिक मध्यस्थताकर्ता बनायो । उनीहरूको सक्रिय भूमिकाले सिकाइलाई विभिन्न विषयहरूमा जीवन्त सम्पदाका बारेमा र जीवन्त सम्पदायुक्त सिकाइलाई उनीहरूको रूचि अनुरूपको बनायो र यसरी रमाइलो बनाइदियो । समुदायले पनि औपचारिक शिक्षामा उनीहरूका साँस्कृतिक सम्पदा सम्बन्धी जानकारी एवं अनुभवहरूलाई बाँडेर लाभान्वित हुन पुग्यो । विद्यालयले यो परियोजना र यस्तै अन्य परियोजनाहरूलाई भविष्यमा समेत जारी राख्ने योजना बनायो ।

## जीवन्त सम्पदाको गहन बुझाइका लागि विद्यालयद्वारा सम्मेलनको आयोजना (काजखस्तान)

### सारांश

*कजाख स्कूल-जिम्नेसियम नं. १५३ ले स्थानीय वनस्पति र दैनिक जीवनमा तिनीहरूको प्रयोग विषयक एउटा सम्मेलनको आयोजना गऱ्यो । विद्यार्थीहरूले उनीहरूका परिवार र समुदायका सदस्यहरूको सहयोगमा वनस्पतिहरूको जैविक विशेषता, स्थानीय परिकार र प्राकृतिक शिल्पकलाका बारेमा अनुसन्धान गरे । त्यसका बारेमा प्रस्तुतिकरण गरे । यसको अतिरिक्त शैक्षिक क्रियाकलाप जीवन्त सम्पदाका बारेमा चेतना अभिवृद्धि गर्न, स्थानीय अभ्यासहरूको हस्तान्तरण गर्न र आइसीएचलाई शिक्षण एवं सिकाइका प्रक्रियाहरूमा समेट्ने कार्यको अनुभव लिन एउटा उपयोगी मञ्च थियो ।*

**देश:** काजखस्तान (अल्माती)

**विद्यालयको विषय/शीर्षक/ईसीएच:** विद्यार्थीको नेतत्वमा आयोजित वैज्ञानिक सम्मेलन; आइसीएच अभ्यासकर्ताहरूसँग बैठक

**सम्पदा तत्व:** फ्रेतिसु क्षेत्रमा पाइने ओखतीजन्य जडीबुटीहरू सम्बन्धी ज्ञान

**कक्षा एवं विद्यार्थीहरूको उमेर:** प्राथमिक विद्यालय, ६-१० वर्ष

**विद्यालय:** अब्दुल्ला रोजीबकीभको नाममा स्थापित स्कूल-जिम्नेसियम नं. १५३









अब्दुल्ला रोजीबकीभको नाममा स्थापित स्कूल-जिम्नेसियम नं. १५३ झेतिसु क्षेत्रको अलमाती शहरमा अवस्थित एक बहुभाषी विद्यालय हो । यो क्षेत्र चीन र किर्गिजस्तानको सीमानामा पर्दछ । दोस्रो विश्व युद्ध अगाडि, विभिन्न ठाउँका मानिसहरू आएर यहाँ पुनर्बास गर्न थाले । परिणाम स्वरूप अहिले झेतिसु साँस्कृतिक विविधता र समृद्ध सम्पदाको थलो बन्न पुगको छ । विद्यालयमा अल्पसंख्यक उइघुर, ताजीक र उज्वेक जनजाति समूहबाट आएका विद्यार्थीहरूलाई बहुसाँस्कृतिक वातावरणमा उनीहरूकै मातृभाषामा पढ्ने अवसर प्रदान गरिन्छ ।

शिक्षकहरूले जब जीवन्त सम्पदालाई उनीहरूको विद्यालयका गतिविधिहरूमा समेट्ने अवधारणाका बारेमा थाहा पाए, उनीहरूले शैक्षिक प्रक्रियाका माध्यमबाट विद्यालयमा विविधायुक्त साँस्कृतिक सम्पदा प्रबर्द्धन गर्न नयाँ गतिविधिको परीक्षण गर्ने अवसर फेला पारे । उनीहरूले यो प्रक्रियालाई उइघुर समुदायको संस्कृतिबाट शुरू गरे, जुन यस विद्यालयका शिक्षक एवं विद्यार्थीहरू मध्ये सबैभन्दा बढी प्रतिनिधित्व भएको समुदाय हो ।

वसन्त ऋतुमा प्रकृति ब्युँझन्छ र मानिसहरूले केही नयाँ र ताजा कुराहरूको आशा गर्न शुरू गर्दछन् । त्यसैले विद्यालय व्यवस्थापनले यो महत्वपूर्ण समयमा एउटा विद्यालय महोत्सवको आयोजना गर्ने निर्णय गऱ्यो । हरेक वर्ष, प्रकृति सम्बन्धी परम्परागत ज्ञान, मौखिक परम्परा, कलाकौशलता, सामाजिक अभ्यास र अभिनय कलाहरू जस्ता झेतिसु क्षेत्रको साँस्कृतिक सम्पदाका विभिन्न पक्षहरूलाई समेटेर उक्त महोत्सव मनाइन्छ । यस महोत्सवमा झेतिसुमा जन्मेका विशिष्ट व्यक्तिहरू वा यस क्षेत्रको विकासमा योगदान पुऱ्याएका व्यक्तित्वहरूलाई सम्मान पनि गरिन्छ । उक्त महोत्सवको २०२१ संस्करण झेतिसु क्षेत्रमा पाइने जडीबुटी एवं वनस्पतिहरू, तिनीहरूका औषधीजन्य विशेषताहरू र दैनिक जीवनमा तिनीहरूको प्रयोगमा समर्पित थियो । यस क्षेत्रको हावापानी नरम र माटो उर्वर छ; यहाँ थुप्रै प्रजातिका वनस्पति एवं जडीबुटीहरू प्रशस्त मात्रामा पाइन्छन् ।

विगतमा रोगको उपचारका लागि यहाँका सबै समुदायहरू यिनै जडीबुटीमा निर्भर रहन्थ्यो । विगतका वर्षहरूमा, उक्त महोत्सव सबै कक्षाहरूका लागि खुला र सबै विषयहरू समेट्ने विद्यालयव्यापी कार्यक्रम हुन्थ्यो । तर कोभिड महामारीका बेला, यसको दायरालाई प्राथमिक तहका विद्यार्थीहरूका लागि मात्रै वैज्ञानिक सम्मेलनमा सीमित गरियो । दर्शकहरूमा पनि शिक्षक र बाह्य विशेषज्ञहरू मात्रै समावेश गरियो । स्वयंसेवकका रूपमा उनीहरूको प्रस्तावित विषयको शीर्षक र प्रस्तुतिकरण सिपका आधारमा ६ जना विद्यार्थीहरूलाई शिक्षकहरूले छनौट गरे । उनीहरूले टुकी फूल (dandelion), पुदिना (mint), डायर्स वड (dyer's woad), जङ्गली रू (wild rue), लौका (gourd) जस्ता विभिन्न वनस्पति र जडीबुटीहरूका बारेमा विभिन्न विषयहरूका दृष्टिकोणबाट अनुसन्धान गरे र त्यसको प्रस्तुतिकरण तयार पारे । समुदायका सदस्यहरूले पहिले नै रेकर्ड गरिएको अन्तर्वार्ताका माध्यमबाट उनीहरूको पारिवारिक व्यञ्जनका बारेमा जानकारीहरू बाँडे । कसैकसैले विद्यार्थीहरूसँगै सम्मेलनमा उपस्थित भएर वनस्पतिजन्य उत्पादनहरूको प्रयोग कसरी गर्ने भनेर देखाए ।



विद्यार्थीहरूको कार्य वनस्पतिका विभिन्न पक्षहरूमा केन्द्रीत थियो । उनीहरू मध्ये केहिले वनस्पतिलाई जीव-विज्ञानका दृष्टिकोणले अध्ययन गरे । उनीहरूले बिउ रोपेर त्यसको वृद्धि प्रक्रियाका साथै एउटा स्वस्थ बिरूवाका लागि कति-कति मात्रामा पानी, घाम र समय आवश्यक पर्दोरहेछ भनेर अवलोकन गरे । उनीहरूले आफ्ना बा-आमा तथा हजुरबा एवं हजुर आमाहरूसँग उनीहरूको दैनिक जीवनमा यी वनस्पतिहरूको प्रयोगका बारेमा एवं तिनीहरूको औषधीजन्य विशेषताका बारेमा अन्तर्वार्ता लिए ।

एक जना विद्यार्थीले अध्ययन गर्नका लागि लौकाको भाँडा बनाउने प्रक्रियालाई रोजिन् । उनले उनका उइघुर भाषा र कला पढाउने शिक्षकहरूसँग काम गरिन् । उनले लौकाका विशेषताहरू, उइघुरले भाँडा बनाउनलाई किन लौकाको प्रयोग गर्दछन्, लौकालाई भाँडा बनाउने गरी कसरी हुर्काउने र यस्तो भाँडाको स्याहार कसरी गर्ने भन्ने अध्ययन गरिन् । उनका शिक्षकहरूको सहायताले, लौकालाई सजाउने कलाको परिचय दिन एक जना सिपालु कालिगडलाई बोलाइन् ।

विद्यालय व्यवस्थापनले रसायनशास्त्रमा विद्यावारिधी गर्दै गरेका एक जना विद्यार्थीलाई सम्मेलनमा सहभागी हुन बोलायो । उनले युवा वक्ताहरूले प्रदान गरेको जानकारीलाई पुष्टी गर्दै वा परिपुरक जानकारीहरू प्रदान गर्दै हरेक प्रस्तुतिकरण माथि टिप्पणी गरिन् ।

अनुसन्धानमा आइसीएचको आयाम थप गर्नाले र यस कार्यक्रममा समुदायका सदस्यहरू एवं अन्य साझेदारहरूलाई संलग्न गराउनाले पहिले देखि अध्ययन गर्दै आएका विषयहरू थप महत्वपूर्ण बन्न पुगे । विद्यार्थी तथा शिक्षकहरूले आइसीएचयुक्त शिक्षणले सिकाइको प्रक्रियामा विविधिकरण भएको, र विद्यालयको ज्ञानलाई वास्तविक जीवनसँग जोडेको प्रष्टसँग अनुभव गरे ।

> **आइसीएचलाई शैक्षिक प्रक्रियामा समेटेर लैजानु विद्यार्थीहरूको शिक्षाका साथसाथै शिक्षकका रूपमा मेरो व्यक्तिगत विकासका लागि पनि अत्यन्तै महत्वपूर्ण र उत्पादनमूलक छ ।**
>
> *दिलबर आइतखुनोभा, शिक्षक, अब्दुल्ला रोजीबाकीभको नामबाट नामाकरण गरिएको स्कूल जिम्नेसियम नं.१५३*

> **स्वास्थ्यका लागि लौका राम्रो हुन्छ भन्ने मलाई थाहा थिएन ।**
>
> *छैटौं कक्षाका विद्यार्थी, अब्दुल्ला रोजीबाकीभको नामबाट नामाकरण गरिएको स्कूल जिम्नेसियम नं.१५३*



सो महोत्सवले विद्यार्थी, उनीहरूको परिवार र समुदायका सदस्यहरूलाई महत्वपूर्ण ज्ञान बाँड्ने तथा शिक्षण एवं सिकाइ प्रक्रियामा आइसीएचलाई समेट्ने कार्यको अनुभव गर्ने अवसर प्रदान गऱ्यो । उनीहरूले विद्यालयमा आयोजना गरिने अतिरिक्त शैक्षिक कार्यक्रम जीवन्त सम्पदाका बारेमा चेतना अभिवृद्धि गर्ने तथा उनीहरूका सम्पदा अभ्यासहरूलाई हस्तान्तरण गर्ने एउटा मञ्च बन्न सक्दो रहेछ भनेर थाहा पाए ।

# काजखहरूको वंशावली कला सम्बन्धी बहुविधात्मक पाठहरू

**सारांश:**

*जीवशास्त्र, काजखस्तानको इतिहास र काजख भाषा पढाउने शिक्षकहरूले शेजिरे (वंशालीको ज्ञान) विषय सम्बन्धी एउटा एकीकृत परियोजनाका लागि सहकार्य गरे । विद्यार्थीहरूले अनुसन्धान गरे र उनीहरूका पारिवारिक इतिहास दर्शाउने परिवार वृक्षको चित्र बनाए । शेजिरेका माध्यमबाट उनीहरूले मानव आनुवंशिकता, आनुवंशिक कोड, इतिहास, झूज (कुल) वर्गीकरण र नातागोता समूहको अध्ययन गरे ।*

**देश:** काजखस्तान (अल्माती)


**विद्यालयको विषय/शीर्षक/ईसीएच:**
इतिहास, जीवशास्त्र, कजाख भाषा
**सम्पदा तत्व:** शेजिरे (वंशावलीको ज्ञान)

**कक्षा एवं विद्यार्थीहरूको उमेर:**
निम्न-माध्यमिक तथा माध्यमिक तह, १२-१६ वर्ष

**विद्यालय:** दोस्तर अन्तर्राष्ट्रिय विद्यालय-लाइसियम

दोस्तर अन्तर्राष्ट्रिय विद्यालय-लाइसियम एउटा निजी विद्यालय तथा युनेस्को आबद्ध विद्यालय सञ्जाल (UNESCO Associated School Network – ASPNet) को एउटा हिस्सा हो । यो अल्मातीमा रहेको छ जुन काजखस्तानको सबैभन्दा ठूलो र विकसित शहर हो ।

जीवशास्त्र, इतिहास र काजाख भाषाका शिक्षकहरूले शैक्षिक प्रक्रियालाई समृद्ध बनाउन तथा पाठहरूको रूपरेखाका बारेमा (परम्परागत रूपमा) तय भएका मानकहरूबाट अझै अघि बढ्न नयाँ अवधारणाहरू तथा



शिक्षण विधिहरूका बारेमा खोजी गर्ने अवसर देखे । काजखस्तानमा अझै पनि अत्यन्तै सान्दर्भिक र अर्थपूर्ण भएको र उनीहरूले पढाउने विषयहरूलाई राम्रोसँग जोड्ने भएकोले उनीहरूले *शेजीरे* –वंशावलीको ज्ञान–लाई छनौट गरे । सबै शिक्षकहरू *शेजिरे* सँग परिचित थिए र उनीहरूले पढाउने पाठ तयार पार्न उनीहरू आफैसँग भएको ज्ञानलाई प्रयोग गर्न सक्थे ।

काजखस्तानमा, बाबुले उसका छोराहरूलाई नाम, विशेषता, पेशा, उनीहरूको बाबुको तर्फका पुर्खाहरूले प्राप्त गरेका विशिष्ट उपलब्धीहरूलाई हस्तान्तरण गर्दछ । काजखस्तानमा छोराछोरीको विहेका बारेमा निर्णय लिने वा स्वीकृति दिने बाबु नै हुन्छ । सात पुस्तासम्म एउटै रगतको नाताभित्र पर्ने दुई व्यक्तिहरूको विवाहलाई सामाजिक कलङ्कका रूपमा लिइन्छ । परिवारको वंशावलीका बारेमा थाहा पाउनाले परिवारलाई हाडनाता करणी र प्रजनन हुनबाट रोक्छ र आनुवंशिक निको नहुने रोगहरूबाट बँचाउछ । अहिलेसम्म पनि छोराले उसका पुर्खाहरूकाबारेमा थाहा पाउनु तथा ऊ आफू बाउ बनिसकेपछि युवा पुस्तामा यो ज्ञान हस्तान्तरण गर्नुलाई उसको कर्तव्य मानिन्छ । छोरीहरूले पनि उनीहरूको नजिकका नातेदारसँग विहे हुनबाट जोगिन उनका परिवारको वंशावली थाहा पाउनु पर्दछ ।काजखस्तानको प्रायश: दक्षिणी भेकका केही परिवार र आदिवासी समुदायहरूले शेजिरेलाई लेखेर नै राख्छन् र कहिलेकाहिँ प्रकाशन पनि गर्दछन् । अन्यले कुनै लेखक वा इतिहासकारलाई पैसा नै तिरेर उनीहरूको परिवारको इतिहास लेख्न लगाउँछन् ।

जीवशास्त्रमा, विद्यार्थीहरूले मानव आनुवंशिकता, आनुवंशिक कोड र डीएनएको अवधारणाका बारेमा खोजी गरे । शिक्षकले वंशावलीमा प्रयोग हुने नियम तथा आधारभुत चिन्हको परिचय दिए । कक्षामा विद्यार्थीहरूले एक व्यक्तिका विशेषताहरू अर्कोमा वंशाणुगत रूपमा सर्छ कि सर्दैन भन्ने पक्षलाई ध्यान दिँदै प्रसिद्ध व्यक्तिहरूको वंशावलीहरू केलाए । यी गतिविधिहरू र उनीहरूको आफ्नै उदाहरणका माध्यमबाट, विद्यार्थीहरूले *शेजिरेले* पुर्खाहरूको सम्झनालाई सम्मान गर्नु उनीहरू प्रतिको श्रद्धाञ्जलीका लागि मात्रै नभएर स्वस्थ र बलियो सन्तान जन्माउन समेत मानिसहरूलाई सहयोग गर्ने रहेछ भन्ने महसुस गरे ।

इतिहासका कक्षामा शिक्षकहरूले उनीहरूलाई उनीहरूको पारिवारिक कथाहरूको प्रिजम (Prism)बाट ऐतिहासिक घटनाहरूको संरचना बुझ्न मार्ग निर्देशन गरे ।

आफ्ना पुर्खाहरूकाबीचको सम्बन्ध स्मरण गर्न तथा त्यसलाई व्यक्त गर्न, विद्याथीहरूले उनीहरूको काजाख भाषाको कक्षाबाट आफन्त सम्बन्धी नयाँ शव्दकोश प्राप्त गरे । आफ्ना विद्यालयको एक जना साथी प्रसिद्ध कवि अवे कुनानबायेभको सन्तति भएको पत्ता लगाउँदा विद्यार्थीहरू खुशीले गदगद भए । शिक्षकले यो मौकाको सदुपयोग

> **आइसीएच पक्कै एउटा वैभव हो ! यो सर्वत्र उपलब्ध छ । यसको कदर गुर्न तथा जीवनमा यसलाई लागू गर्नु आवश्यक छ ।**
>
> *लारिसा पेट्रोभ्ना इल्युश्किना, जीवशास्त्रका शिक्षक, दोस्तर अन्तर्राष्ट्रिय विद्यालय-लाइसियम*






गरिन् । उनले "अवेका कृतिहरूका माध्यमबाट काजाख जाति र चिह्नको परिचय" सम्बन्धी एउटा स्मरणीय पाठ सञ्चालन गरिन् जसका क्रममा कक्षा ६ का विद्यार्थीहरूले अवेको सन्तति भनिएको उक्त छात्रालाई भेटेर उसको परिवारको कथा सुन्न पाए ।

यो बहुविधागत परियोजनाले विद्यार्थीहरू र उनीहरूका परिवारबाट उच्च स्तरको सहभागितालाई अभिप्रेरित गऱ्यो किनकि सो ज्ञानका प्रत्यक्ष वाहक उनीहरू नै थिए । विद्यार्थीहरूले उनीहरूका आफन्तहरूसँग अन्तर्वार्ता लिए । उनीहरू मध्ये केहीले त इन्टरनेट र सामाजिक सञ्जालका माध्यमबाट सञ्चार सम्बन्ध विच्छेद भएका उनीहरूको विस्तारित परिवारका सदस्यहरू, जस्तैः दोस्रो विश्व युद्ध पछि बसाइँ सरेर गएका मानिसहरूसँग पुनः जोडिने व्यवस्था मिलाउन समेत सफल भए ।

विद्यार्थीहरूले पुर्खाहरूका बारेमा ज्ञान हस्तान्तरण गर्ने कार्य केवल काजाख समुदायले मात्रै गर्दैनन् भन्ने पनि महसुस गरे । अन्य समुदायका बालबालिकाहरूले उनीहरूको परिवारमा वंशावली सम्बन्धी जानकारी कसरी हस्तान्तरण हुन्छ भनेर व्याख्या गरे । परिणाम स्वरूपः युवाहरूले मानिसहरू फरक भएतापनि उनीहरूकाबीचमा समानताहरू हुने रहेछन् भन्ने थाहा पाए र उनीहरूले आफ्नो र अरूको आइसीएचको मूल्य तथा यसको संरक्षणको महत्व बुझे ।

विद्यार्थीहरू यो परियोजनामा पूर्ण रूपमा डुबेका थिए । पोस्टरमा उनीहरूको परिवार वृक्षलाई समेट्दा, कुल र जातिसँगको उनीहरूको सम्बद्धताकाबारेमा बताउँदा एवं महत्वपूर्ण ऐतिहासिक घटनाका बेला उनीहरूका आफन्तहरूले अनुभव गरेका कुराहरूलाई बाँड्दा सिक्ने र सिकाउने दुवै उनीहरू नै थिए । सबैभन्दा महत्वपूर्ण कुरा त उनीहरू आफैले अनुसन्धान गरे र आफ्नो अनुभवबाट सिके । यसले उनीहरूलाई यो जटिल विषयलाई .राम्रोसँग बुझ्न तथा उनीहरूको परिवारलाई फरक ढङ्गले हेर्न मद्धत गऱ्यो ।

*शेजिरे*लाई एउटा साझा विषयका रूपमा अध्यापन गर्नाले विद्यार्थीहरूलाई साँचो अर्थमा व्यापक र जटिल विषयलाई बुझ्न तथा विज्ञान र भाषाका साथै विद्यालयको ज्ञानलाई वास्तविक जीवनसँग तर्कपूर्ण ढङ्गले जोड्न सहयोग गऱ्यो ।

# योन्डेङ्हो लालटिन महोत्सवप्रति अभिरूचि जगाउन सामाजिक शिक्षाको कक्षालाई स्थानीय परिवेशमा ढाल्न

**देशः** गणतन्त्र कोरिया (ग्वाङ्जु)

**विद्यालयको विषयः** सामाजिक शिक्षा, कला

**सम्पदा तत्वः** *योन्डेङ्हो*

**कक्षा एवं विद्यार्थीहरूको उमेरः**
३ कक्षा, ९ वर्ष

**विद्यालयः** वल्गक आधारभूत विद्यालय

## सारांश

*योन्डेङ्हो (वा लालटिन बाल्ने महोत्सव) एउटा परम्परागत साँस्कृतकि महोत्सव हो जुन एक हजार वर्षदेखि हस्तान्तरण हुँदै आएको छ । प्राचीन समयदेखि, हाम्रा पुर्खाहरू व्यक्तिगत कामनाका साथै देशमा शान्ति छाओस् भनेर प्रार्थना गर्न लालटिन बनाउने कार्यमा सहभागी हुँदै आएका छन् । यो परम्परा एक सदभावना महोत्सवका रूपमा विकास भएको छ जहाँ सबै सम्प्रदाय, उमेर र धर्मका मानिसहरू सहभागी हुन्छन् । यस विद्यालय कार्यक्रममा विद्यार्थीहरूले उनीहरूको आफ्नै लालटिन बनाए र (सहभागीहरूलाई) विद्यालयमा आमन्त्रण गरे । यसले उनीहरूलाई साँच्चैको योन्डेङ्हो महोत्सवमा सहभागी हुन अभिरूचि जगायो ।*

वल्गोक आधारभूत विद्यालय ग्वाङ्जु महानगरपालिकामा अवस्थित छ । यसले विश्व नागरिकसँग जोडिएका महत्वपूर्ण मूल्यमान्यताहरूको प्रबर्द्धन गर्दछ । यहाँ फिलिपिन्स, रूस र भियतनाम लगायत १० वटा भन्दा बढी देशका विद्यार्थीहरूले मैत्रीपूर्ण बहुसाँस्कृतिक वातावरणमा सँगसँगै पढ्छन् ।

यो विद्यालय ग्वाङ्जु केन्द्रीत पाठ्यक्रम विकासका लागि एक परीक्षण स्थल हो । शिक्षणमा ग्वाङ्जुसँग सम्बन्धित विषयहरू जस्तैः स्थानीय ऐतिहासिक व्यक्तित्वहरू, संस्कृति र इतिहासलाई समेटिन्छ । आइसीएचलाई विद्यालयमा ल्याउनाले स्थानीय जीवन्त सम्पदासँग सम्बन्धित जानकारीहरूलाई एकत्रित पार्न तथा गतिविधिहरू तयार पार्न थप हौसला प्राप्त भयो । बहुसाँस्कृतिक परिवारका दुई जना विद्यार्थी र एक जना विशेष शिक्षा अध्यन गर्ने विद्यार्थी लगायत २४ जना विद्यार्थीहरू यो कक्षा सञ्चालनका क्रममा उत्साहित एवं सक्रिय देखिन्थे ।

*योन्डेङ्हो* महोत्सव १३०० वर्ष भन्दा बढी समयदेखि मनाइदै आएको छ । बुद्धको जन्म दिवस तिथी अनुसार चौथो महिनाको आठौँ दिन) मनाउनका लागि मानिसहरूले देशैभर हरेक सडकमा लाल्टिन बाल्छन् र कामना गर्दछन् । *योन्डेङ्हो* संरक्षण संस्थाले लाल्टिन कसरी बनाइन्छ भन्ने ज्ञानलाई हस्तान्तरण गर्न तथा यो महो त्सवलाई संरक्षण गर्न चाहन्छ । हिजोआज, *योन्डेङ्हो* महोत्सवमा बौद्ध पूजा, लाल्टिन परेड, *होएयाङ हान्मडाङ* (परेड पछिको उत्सव) तथा विविध साँस्कृतिक कार्यक्रम एवं प्रदर्शनीहरू समावेश गर्न थालिएको छ । यी









विद्यार्थीहरूलाई योन्डेङ्हो महोत्सवमा समर्पित हुनु भन्दा पहिले बिस्तारै बिस्तारै सम्पदाका बारेमा खोजी गर्न एवं विभिन्न विचारहरूलाई एकत्रित गर्न उक्त महोत्सवसँग सम्बन्धित गतिविधिहरूलाई विभिन्न अवधिहरूमा आयोजना गरिएको थियो ।

क्रियाकलापहरूले सँगसँगै उल्लासमय महोत्सवमा रमाउन धेरै मानिसहरूलाई आकर्षित गर्दछन् । यो महोत्सवलाई सन् २०२० मा युनेस्कोको मानवतासँग सम्बन्धित अमूर्त साँस्कृतिक सम्पदाहरूको प्रतिनिधिमूलक सूचीमा सूचीकृत गरिएको थियो । अधिकांश विद्यार्थीहरू यस महोत्सवका बारेमा पहिलेदेखि नै जानकार भएकोले यस जीवन्त सम्पदालाई (विद्यालयको कार्यक्रमका लागि) छनौट गरिएको थियो ।

*योन्डेङ्हो* सम्बन्धी गतिविधिहरूलाई सामाजिक शिक्षा र कला जस्ता विषयहरूसँग सजिलै जोड्न सकिन्छ । खास गरेर यो महोत्सवले गाउँमा स्वाभिमान प्रबर्द्धन गर्नमा योगदान दिन्छ, जुन सामाजिक शिक्षाको एउटा भाग 'हाम्रो गाउँको कथा' को उद्देश्य हो । विद्यार्थीहरूको अभिरूचि जगाउन यी गतिविधिहरूलाई महोत्सव आउने बेलामा आयोजना गरिएको थियो । लाल्टिनहरूलाई सडकमा सजिलैसँग देख्न सकिन्छ र विद्यार्थीहरूले यो अभ्यासलाई कुनै पढने कुरा मात्रै वा सिकाइ गतिविधिमा संहभागी हुने कुरा मात्रै भन्दा पनि उनीहरूको जीवनको वास्तविक हिस्साका रूपमा महसुस गरे । कलाको उक्त कक्षाले विद्यार्थीहरूलाई पुरानो परम्परागत लाल्टिनको सौन्दर्यताका बारेमा सचेत बनाउनुका साथै उनीहरूलाई परम्परागत कागज हान्जी लाई प्रयोग गरेर उनीहरू आफैले सरल आकृतिहरू कसरी बनाउन सक्छन् भन्ने सिकायो । शिक्षकहरूले आफूसँग भएको ज्ञानलाई परिपूर्ति गर्ने गरी उक्त महोत्सवप्रति समर्पित वेवसाइटमा भएका जानकारीहरू लिएका थिए ।

विद्यार्थीहरूलाई *योन्डेङ्हो* महोत्सवमा समर्पित हुनु भन्दा पहिले बिस्तारै बिस्तारै सम्पदाका बारेमा खोजी गर्न एवं विभिन्न विचारहरूलाई एकत्रित गर्न उक्त महोत्सवसँग सम्बन्धित गतिविधिहरूलाई विभिन्न अवधिहरूमा आयोजना गरिएको थियो । सर्वप्रथम, विद्यार्थीहरूले ग्वाङ्जु क्षेत्रका महत्वपूर्ण सम्पदा स्थलहरू भएका वैङ्कका नोट तथा कार्डहरू, मन्दिर, कन्फ्युसियन विद्यालय, पुरातात्विक स्थल आदिको अवलोकन गरेर साँस्कृतिक सम्पदाको अर्थ खोज्ने कार्य गरे । उनीहरूले मूर्त र अमूर्त सम्पदालाई वर्गीकरण गर्न सिके । त्यसपछि, शिक्षकले विद्यार्थीहरूलाई उनीहरूलाई रूचि भएको जीवन्त सम्पदा बारे अनुसन्धान गर्न लगाउनु भयो । यो अनुसन्धानले उनीहरूलाई आफ्ना पुर्खाहरूको जीवनशैली, बौद्धिकता र सौन्दर्य चेतनालाई कदर गर्न सिकायो । यसका अतिरिक्त हराउँदै गएका हस्तकला प्रविधिहरू तथा पौराणिक भजनहरूले उनीहरूलाई संरक्षण प्रयासको महत्व बुझायो किनभने यसलाई हस्तान्तरण गरिएन भने भावी पुस्ताले यस सम्पदाको आनन्द लिन पाउने थिएन ।

भिडियो र पुस्तकहरूका माध्यमबाट विद्यार्थीहरूले *योन्डेङ्हो* को इतिहासका बारेमा सिके । उनीहरूले परेडमा जान उत्साहित तर एउटा सुन्दर लाल्टिन बनाउन नसक्ने हो कि भनेर अन्कनाइ



रहेको मुख्य पात्रसँग आफूलाई सजिलैसँग दाँज्न सक्थे । सबैभन्दा आनन्दमय क्षण त्यो थियो जतिबेला विद्यार्थीहरूले विभिन्न प्रकारका पुराना र आधुनिक डिजाइनहरू हेर्दथे र आफैले लाल्टिन बनाउँथे र त्यसमा आफ्ना लागि, छरछिमेकीहरूका लागि, देश र विश्व समुदायका लागि शुभकामना नोट टाँग्दथे । कक्षा कोठा र विद्यालयका गल्लीहरूमा झुण्ड्याइएका लाल्टिनहरूले एउटा अद्भूत *योन्डेङ्हो* माहौलको सिर्जना गऱ्यो । शताब्दीऔँ देखि लाल्टिन जात्रामा सबै उमेर, लिङ्ग र धर्मका मानिसहरूले सँगसँगै गाउने तथा नाच्ने उक्त महोत्सवको स्थायी विशेषता रहिआएको छ । ऐक्यबद्धताको यो साँचो भावनालाई निरन्तरता दिन विद्यार्थीहरूले यो कक्षा परियोजनालाई सबै मिलेर उज्यालोका साथ समापन गर्न उनीहरूका सबै सहपाठीहरूलाई आमन्त्रण गरे । यद्यपि *योन्डेङ्हो* समयसँगै विकास हुँदै गएको भएतापनि, युवा पुस्ताहरूका माझ अझै पनि यसको हस्तान्तरण भइरहेको छ र यसको कदर भइरहेको छ ।

यो परियोजनाको समापन पछि, शिक्षकले विद्यार्थीका दुई समूहहरूः त्यो समूह जसले *योन्डेङ्हो* सम्बन्धी गतिविधिहरूमा सहभागी भएका थिए (यसपछि यसलाई "नमूना समूह" भनिनेछ) र अर्को समूह जसले "हाम्रो बहुमूल्य साँस्कृतिक सम्पदाबारे बुझ्ने" विषय सम्बन्धी सामान्य विषयवस्तुहरूलाई अनुसरण गरेको थियो (यसपछि यसलाई "साधारण समूह" भनिनेछ) का बिच तुलना गरे । दुबै समूहमा संस्कृति र उनीहरूको सम्पदाका बारेमा सकारात्मक धारणा रहेको भएतापनि, साधारण समूहका २१ प्रतिशत विद्यार्थीहरूका तुलनामा नमूना समूहका ८७ प्रतिशत विद्यार्थीहरूले यो महोत्सवको अर्थका बारेमा व्याख्या गर्न सक्दथे । नमूना समूहमा स्थानीय सम्पदामा अझ धेरै अभिरूचि राख्ने विद्यार्थीहरू ८५ प्रतिशत थिए जुन अर्को समूह भन्दा दुई गुणा बढी हो । साथै उनीहरूमध्ये आधा भन्दा बढिले उनीहरूको बहुमूल्य सम्पदा संरक्षण गर्न सक्षम भएको महसुस गरे जब कि साधारण समूहका एक तिहाई विद्यार्थीहरूले मात्रै यस्तो महसुस गरे । परीक्षणका रूपमा सञ्चालित यस सर्वेक्षणमा नमूना विद्यार्थीहरूको आकार सानो थियो, तर यसले (समय र स्थान) अनुकुल हुने गरी परिस्कार गरिएको विषयवस्तु र व्यवहारिक गतिविधिहरूले स्थानीय संस्कृति संरक्षणमा अझ धेरै सक्रिय बन्न ज्ञानका साथसाथै चाहना पनि ल्याउँछ भन्ने प्रष्टसँग दर्शाउँछ ।

स्रोत एवं दृश्यात्मक सामाग्रीहरू सजिलैसँग पाइने भएकोले सामाजिक शिक्षाका कक्षाहरूमा अमूर्त सम्पदा भन्दा पनि मूर्त सम्पदाप्रति ध्यान केन्द्रीत गर्ने प्रवृत्ति हुन्छ । जीवन्त सम्पदा अनुभव गर्नाले तथा कहिलेकाहिँ अभ्यास गर्नाले फस्टाउँछ, त्यसैले योन्डेङ्हो जस्तो प्रसिद्ध महोत्सव उत्तम प्रवेश विन्दु हो ।

शिक्षकहरूले विद्यार्थीहरूलाई जसरी उनीहरूका पुर्खाहरूले मौसमी उत्सवहरू मनाउन खोज्थे, ठीक त्यसरी नै उनीहरूले पनि आफू सहभागी हुन चाहेको योन्डेङ्हो सँग आफूलाई जोडून भन्ने चाहन्थे ।



हिजोआज, विद्यार्थीहरूलाई थुप्रै महोत्सवहरू लगायत धेरै प्रकारका मनोञ्जनका उपायहरू उपलब्ध छन् । तर *योन्डेङ्हो* खाली मनोरञ्जन मात्रै होइन । यसले समुदायको भावनालाई आत्मसाथ गर्दछ जहाँ मानिसहरूले आफ्ना लागि मात्रै नभएर उनीहरूका छरछिमेकीहरू र उनीहरूको देशका जनताहरूको शान्ति र सुखका लागि प्रार्थना गर्दछन् । विद्यालयमा सञ्चालित यस पाठबाट विद्यार्थीहरूले कत्तिको ज्ञान हासिल गरे भन्न गाह्रो छ, तर यी गतिविधिहरूले उनीहरूको बुझाइलाई चाहिँ गहन बनाए ।

योन्डेङ्हो हरेक वर्ष मनाइन्छ र हरेकले यसमा सजिलैसँग भाग लिन सक्ने भएतापनि यो कक्षा परियोजनाले विद्यार्थीहरूको ध्यानलाई कम देखिने तथा लोप हुने खतरा भएका सम्पदा अभ्यासहरूतर्फ समेत आकर्षण गर्न सफल भएको थियो । लाल्टिन महोत्सवसँग सम्बन्धित सुखद पलहरूले अन्य जीवन्त सम्पदाहरूमा समेत विद्यार्थीहरूको उत्साह जागृत हुन पुग्यो ।

*योन्डेङ्हो* बारेको पाठले जीवन्त सम्पदा विगत होइन तर यो हाम्रो वर्तमान जीवनसँग घनिष्ठ सम्बन्ध छ र यसलाई भावी पुस्ताहरूलाई हस्तान्तरण गर्ने जिम्मेवारी विद्यार्थीहरू, खास गरेर भावी विश्व नागरिकहरूमा रहेको छ भन्ने सन्देशलाई प्रष्टसँग प्रवाह गर्‍यो ।



# विद्यालयमा अमूर्त साँस्कृतिक सम्पदा संग्रहालयको स्थापना

## सारांश

*कर्गिजस्तानमा भाषा शिक्षकहरूको एउटा समर्पित समूहले उनीहरूको विद्यालयमा एउटा अमूर्त साँस्कृतिक सम्पदा संग्रहालय स्थापना गर्ने चुनौति ग्रहण गऱ्यो । उक्त संग्रहालय शिक्षा प्रणालीमा अमूर्त साँस्कृतिक सम्पदालाई समावेश गर्ने प्रयासहरू मध्येको एक थियो । एउटा महत्वकांक्षी योजनाका बारेमा दिमाग खियाउनेदेखि लिएर सामाग्रीहरू जुटाउने एवं उन्नयनशील पाठहरू निर्माण गर्ने सम्मका कार्यहरूमा समूहले गरेको प्रयासले विद्यालय र समुदायलाई आपसमा फलदायी सहकार्य तर्फ डोऱ्याउनुका साथै एउटा जीवन्त सिकाईको वातावरणमा विद्यार्थीहरूलाई स्फूर्तिदायक गतिविधिहरूमा संलग्न गरायो ।*

**देशः** किर्गिज गणतन्त्र

**शिर्षकः** आईसीएच संग्रहालय

**आईसीएच तत्वः** हस्तकला, खेलकूद, संस्कार, संगीतका बारेमा ज्ञान

**तहः** पूर्व-प्राथमिक देखि माध्यमिक तहसम्म

**विद्यालयः** "इलिम" एजुकेशनल कम्प्लेकक्स

एजुकेशनल कम्प्लेक्स "इलिम" को स्थापना सन् १९९३ मा भएको हो । उक्त कम्प्लेक्स सन् १९९५ मा युनेस्को आबद्ध विद्यालयहरूको सञ्जाल (एएसपीनेट) मा जोडिएको थियो । हाल यसले किर्गिजस्तानमा रहेका उसका १५ वटा सदस्यहरूका माझ सञ्जाल सम्बन्धी गतिविधिहरूको समन्वय गर्दछ । स्वयं आफैमा बाल कक्षा (किण्डरगार्टेन) देखि माध्यमिक कक्षा समावेश भएको उक्त कम्प्लेक्सले अन्तर्राष्ट्रिय शिक्षक एवं विद्यार्थीहरूलाई पनि स्वागत गर्दछ । तुलनात्मक रूपमा थोरै विद्यार्थीहरू राखेर अध्यापन गराउने यस विद्यालयले विद्यार्थीहरूलाई उनीहरूले पढ्ने विषयको अवधारणालाई पूर्ण रूपले बुझेको सुनिश्चित गर्ने तथा उनीहरूलाई वास्तविक जीवनमा लागु गर्न सकिने नयाँ सीप विकास गर्नमा सहयोग गर्ने लक्ष्य राखेको छ ।

एएसपीनेट विद्यालय सञ्जालमा जोडिएपछि "इलिम" पनि किर्गिजस्तानमा युनेस्कोका मूल्यहरूलाई प्रबर्द्धन गर्ने एउटा प्रमुख संस्था बनिरहेको छ । विद्यालय व्यवस्थापनको पूर्ण सहयोगमा युनेस्कोको ध्येयप्रति अभिरूची राख्ने "इलिम" शिक्षकहरूले आफूले अध्यापन गराउने पाठहरूको ढाँचालाई परिवर्तन गर्नुका साथै अन्तरसाँस्कृतिक सिकाई, मानव अधिकार एवं दिगो विकाससँग सम्बन्धित बहुविधात्मक परियोजनाहरू कार्यान्वयन गरेका छन् र विद्यालयमा अमूर्त साँस्कृतिक सम्पदा संग्रहालय खोलेका छन् ।





अमूर्त साँस्कृतिक सम्पदा संग्रहालयको विचार त्यति वेला जन्मिएको थियो जब एक जना "इलिम" शिक्षकले कसरी जीवन्त सम्पदालाई विद्यालयमा ल्याउन सक्छिन् भन्ने बारेमा सोच्न थालिन् । संग्रहालय कक्षाकोठा भन्दा कम औपचारिक हुने र यसले निर्देशनात्मक सिकाई र स्वअध्ययन दुवैका लागि सिकाईको अवसर प्रदान गर्ने कुरा बुझेर उक्त शिक्षकले आफ्नो विचार उनका सहकर्मीहरूसँग बाँड्नुका साथै उनीहरूसँग मिलेर यसका बारेमा दिमाग खियाएकी थिइन् । भाषा पढाउने चार जना शिक्षकहरू संग्रहालय खोल्नका लागि सहकार्य गर्न सहमत भए । प्रष्ट मार्गचित्रलाई पछ्याउँदै शिक्षकहरूले :

- उक्त आइडियालाई विद्यालय व्यवस्थापन समक्ष प्रस्तुत गरे र संग्रहालय स्थापना गर्ने कोठा लगायतका विषयहरूमा व्यवस्थापनको सहयोग प्राप्त गरे;
- संग्रहालयमा सङ्कलन गरेर राख्ने वस्तुहरूको प्रारम्भिक सूची तयार पारे;
- साझेदारहरूको पहिचान गरे र उनीहरूलाई सम्पर्क गरे;
- संग्रहालयका लागि कोठा तयार पारे र सम्पदासँग सम्बन्धित तत्व (सामाग्री) हरू सङ्कलन गरे;
- प्रकाशनहरूका बारेमा अनुसन्धान गरे र प्रदर्शनमा राखिएका वस्तुहरूका बारेमा विवरणहरू लेखेर तयार पारे;
- संग्रहालय उद्घाटन कार्यक्रमको आयोजना गरे र उनीहरूका सहकर्मीहरूलाई निमन्त्रणा गरे;
- संग्रहालयमा पाठहरू सञ्चालन गर्न थाले ।

अमूर्त साँस्कृतिक सम्पदा संग्रहालय स्थापना गर्ने कार्य चुनौति विना अघि बढेको थिएन । विद्यालय व्यवस्थापनले संग्रहालयको आइडिया मन पराएको भए पनि यसको दिगोपनाका बारेमा चिन्ता जाहेर गरेको थियो । तैपनि उनीहरूले प्रदान गरेको स्वीकृतिले शिक्षकहरूलाई उत्प्रेरणा प्रदान गर्यो । संग्रहायमा राख्ने सामाग्रीहरू सङ्कलन गर्नका लागि शिक्षकहरू विद्यार्थी र उनीहरूका परिवारका साथै समुदायसम्म पुगे । विद्यार्थीहरूलाई जीवन्त सम्पदा संग्रहालयका बारेमा आ-आफ्ना अभिभावकहरूलाई व्याख्या गर्न भनियो । केही अभिभावकहरू उनीहरूसँग भएका सामाग्रीहरू विद्यालयलाई दिन तयार भए भने अन्यले हस्तकला बनाउने कालिगढ एवं



समुदायका सदस्यहरूसँग विद्यालयलाई सम्पर्क गराइदिए । एक जना शिक्षककी आमा जो आफै कालिगढ पनि हुनुहुन्थ्यो, उहाँले आफूसँग काम गर्ने शिल्पकर्मीहरूलाई परिचालन गरेर ठूलो मद्दत गर्नु भयो । कोभिड १९ को विश्वव्यापी महामारीका कारण केही कालिगढहरूले शहरमा रहेको उनीहरूको कार्यशाला छोडेर ग्रामीण क्षेत्रतिर गएका तथा केही आफै पनि विरामी परेका कारण सञ्चारमा कठिनाइ आयो । संयोगवश जजसलाई सम्पर्क गर्न सकियो, उनीहरूले आफूले गर्ने कार्यको केही अंश संग्रहालयका लागि गर्न खुशीका साथ तयार भए । यसरी संग्रहालय विविध प्रकारका कलाकृतिहरू जस्तैः कम्बल, पर्खालमा लगाउने गलैंचा, घाँसबाट बनेका गुन्द्री, र छाला, ऊन वा काठबाट बनेका वस्तुका साथै पुराना गरगहना, खेल खेल्ने पाटी, बाजागाजा एवं लत्ताकपडाहरूले भरिन पुग्यो ।।

विद्यालय र बालकक्षाका शिक्षकहरूका साथै किर्गिजस्तान स्थित एएसपीनेट विद्यालयका राष्ट्रिय संयोजकले उक्त संग्रहालयको औपचारिक उद्घाटन समारोहमा उपस्थिति जनाए। विद्यार्थीहरूलाई संग्रहालयको आईडियासँग परिचित गराउन "अमूर्त साँस्कृतिक सम्पदा भनेको के हो?" भन्ने शिर्षकको पहिलो पाठ (पुस्तिका ८को शैक्षिक सामाग्री १ हेर्नुहोस्) पढाइएको थियो। पछि सिकाईको यस विशेष स्थलमा जीवन्त सम्पदाका बारेमा नयाँ नयाँ कुराहरू सिक्न सक्षम बनाउने उद्देश्यले थप पाठहरू सञ्चालन गरिएको थियो ।

सिकाईलाई अमूर्त साँस्कृतिक सम्पदा र विश्व नागरिक शिक्षासँग जोड्दा हुने फाइदाहरू देखेर शिक्षकहरूले बाल कक्षा लगायत सबै कक्षाका विद्यार्थीहरूका लागि संग्रहालयमा आधारित सिकाईका पाठहरू तयार पारे। भाषा कक्षामा जीवन्त सम्पदा सम्बन्धी पाठलाई समावेश गर्नु तुलनात्मक रूपमा सजिलो थियो । विद्यार्थीहरूले जीवन्त सम्पदालाई पाठ, अध्ययन र अभ्यासका माध्यमबाट खोतल्ने प्रयास गरे; उनीहरूले नयाँ शव्दहरू सिके र उनीहरूका आफ्नै जीवन्त सम्पदाहरूका बारेमा आफूलाई लागेका कुराहरू मौखिक रूपमा र लेखेर व्यक्त गरे। किर्गिज भाषाका शिक्षकहरूले अमूर्त साँस्कृतिक सम्पदायुक्त एवं सो सम्बन्धी पाठहरूले पाठ्य सामाग्रीलाई समृद्ध बनाएको र यस विषयकाबारेमा विद्यार्थीहरूको बुझाईमा सुधार आएको कुरामा जोड दिए। सम्भव भएसम्म जीवन्त सम्पदा अभ्यासकर्ताहरू उनीहरूका हस्तकला वा विशिष्ट संस्कारहरूको प्रदर्शनीका लागि आएका थिए । केही विद्यार्थीहरूलाई उनीहरूका आ-आफ्ना अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी अनुसन्धानमूलक परियोजनाहरूका बारेमा उनीहरूको नियमित कक्षाकोठाको सट्टा यहि विशेष स्थानमा प्रस्तुती गर्न भनिएको थियो ।

**"धेरै जना विद्यार्थीहरूलाई किर्गिजस्तानी भाषामा केही आईसीएच तत्वहको नाम थाहा थिएन किन भने हाम्रा विद्यार्थीहरू विभिन्न देशबाट आएका हुन् र उनीहरू किर्गिज संस्कृतिसँग परिचित छैनन् । उनीहरूले केही हस्तकला सामाग्रीहरू (जस्तैः आला किियज) पहिलो पटक देखेका थिए । उनीहरूले धेरै प्रश्नहरू सोधे र ऊनीको कम्बलबाट विशेष प्रकारको गन्ध आउने रहेछ भन्ने थाहा पाएको बताए ।"**

*एल्मिरा सार्कुलोभा, शिक्षक, एजुकेशलन कम्प्लेक्स "इलिम"*









सग्रहायलमा गरिएका यी सिकाई गतिविधिहरूका माध्यमबाट "इलिम" विद्यार्थीहरू उनीहरूका साँस्कृतिक सम्पदाहरूका बारेमा ज्यादा अभिरूची राख्ने बन्नुका साथै त्यसप्रति गौरवान्वित समेत भएका छन् । विद्यार्थीहरूले संग्रहालयको वातावरणले उनीहरूलाई "अमूर्त साँस्कृतिक सम्पदामा डुबुल्की लगाउन" अभिप्रेरित गरेको बताए । संस्थापक शिक्षकले शुरूमा अपेक्षा गरे जस्तै संग्रहालयले एउटा यस्तो सिकाई स्थल प्रदान गर्दछ जहाँ शिक्षकहरूले नयाँ विधिहरूको प्रयोग गर्न सक्छन् भने विद्यार्थीहरू उनीहरूले पढ्ने पाठको शिर्षकमा अझै बढि गहिराइमा पुगेर सहभागी बन्न उत्सुक हुन्छन् । अमूर्त साँस्कृतिक सम्पदाले उनीहरूको शैक्षिक क्षेत्रमा प्रवेश गरेर उनीहरूलाई आफ्नो संस्कृतिका बारेमा गरिने सिकाईको मूल्यलाई प्रबर्द्धन गर्न सहयोग गरेको छ ।

यस सत्प्रयासको दिगोपनालाई पुष्टी गर्नका लागि शिक्षकहरूले विद्यार्थीहरूले दिएका सकारात्मक सुझावहरूलाई विद्यालय व्यवस्थापनसँग बाँड्नुका साथै भाषा, इतिहास, संगीत र सामाजिक शिक्षाका पाठहरू एवं यी विषयहरूसँग सम्बन्धित शैक्षिक गतिविधिहरूलाई विद्यमान शैक्षिक वर्षको अन्त्य र अर्को वर्ष समेत सोही संग्रहालयमा सञ्चालन गर्ने योजना तयार पारे । उदाहरणका लागि, परम्परागत बाजाहरूको प्रयोग गरिने नियमित संगीतका कक्षाहरूले संग्रहालयमा उपलब्ध त्यस्ता बाजाहरूको संग्रहबाट लाभ उठाउन सक्नेछन् त्यस्तै टोगज कोर्गूल शिक्षकले परम्परागत रणनीतिमा आधारित पाटीमा खेलिने खेलहरू (जस्तैः क्यारमबोर्ड, बाघचाल)को शिक्षण, अभ्यास एवं मनोरञ्जनका लागि एउटा क्लव स्थापना गर्नेछन् ।

जीवन्त सम्पदा संग्रहालय स्थापना गर्ने कार्यमा धेरै जना सरोकारवालाहरूले प्रशस्त मात्रामा समय र पसीना खर्च गरेका थिए । सहकार्यले टोलीका सदस्यहरूलाई उनीहरूको संयुक्त लगाव र मेहनतले चुनौतिहरू परास्त गर्न सहयोग पुऱ्याएको थियो जसले गर्दा विद्यार्थी, शिक्षक, अभिभावक र समुदायका सदस्यहरूका लागि अत्यन्तै सकरात्मक र दिगो उपलब्धी हाँसिल भयो । पाठहरू सहज रूपमा अघि बढेका छन् र यस अनौपचारिक सिकाई स्थलले विद्यार्थीहरूलाई उनीहरूले पढ्ने विषयवस्तुहरूलाई अर्थपूर्ण र गम्भीर भएर सहभागी हुन सहयोग गरेको छ र यसले विद्यालय र विद्यार्थीका परिवारहरूकाबीचको सम्बन्धलाई सुदृढ तुल्याएको छ । समुदायका सदस्यहरू विद्यालयको यस प्रयाससँग जोडिने चाहना र सहयोगले विद्यार्थीहरूलाई सम्बन्धित पाठ र प्रयोगात्मक कक्षाहरूमा अमूर्त साँस्कृतिक सम्पदा अभ्यासकर्ताहरूसँग प्रत्यक्षरूपमा अन्तरक्रिया गर्ने अवसर प्रदान गरेको छ । शिक्षकहरूले संग्रहालयमा सामाग्रीहरू र गतिविधिहरूलाई थप फराकिलो बनाउने कार्य योजनाको खाका तयार पारेका छन् । यो सिकाई स्थल सम्वाद र सामाजिक सदभाव प्रबर्द्धनका लागि एउटा थलो बनेको छ र यसले भावी सहार्यको एउटा प्रारूप समेत प्रदान गर्दछ ।

# परियोजनाका योगदानकर्ताहरूको सूची

**क्षेत्रीय संयोजन टोली**

***युनेस्को बैङ्कक :*** डुअङ बिच हान; ह्याङगुइङ ली

***आईसीएचसीएपी :*** वेअन्मो पार्क; मिन जुङ कीम; जिन्योङ सिओ

***एपीसीईआइयू:*** याङसूक ली

***प्रमुख विज्ञः*** भनेसा एकिलिस (युनेस्को २००३ महासन्धि मान्यताप्राप्त सहजकर्ता)

**आरम्भिक परियोजना टोली (पाइलट टीम)**

***कम्बोडिया***

*युनेस्को नोम पेन कार्यालय:* मासनरी नागाओका; क्यारोल इङ्क्ज्याक; हङ माकारा; ले भुथा

*कम्बोडियन लिभिङ आर्ट्स (इम्प्लिमेन्टिङ पार्टनर)*: फ्लोयुन प्रीम; मारी क्रिस्टिन युगेन; सङ सेङ; कङ भोलक; केट सेनघ्वे

*संस्कृति तथा ललित कला मन्त्रालय:* सियोन सोफेयार्थ; चे चंकिथ्य

*शिक्षा; युवा तथा खेलकूद मन्त्रालय:* मक सारोम; डोर पेङलुङ मीज चुटेमा

*विज्ञहरू:* युँ खियान; प्रोअङ छिएङ; सान फाल्ला; हउट सिथान; चाइ रोथा

*नोम पेन शिक्षक तालिम क्याम्पस:* सेट सेङ साम चानफीरन; डर्क ची; हङ सोभन; कङ भोलक; साओ सोभन; सान चान्थिया; नोर्ड पेट्रसाम्पिएथ; साम्बाथ सोस्कन; भने फाथा; मन नेभी; छीम सुनदालिन; मे सोफरा

*ब्याटमबाङ शिक्षक तालिम क्याम्पस:* बीन छोम; काइ सोखेङ; लाम बुनमाकरा; फाउ सोफाल; ओक पीउभ; सेम साभोयुर्न; टीम चाँचियनीथ; फीप रतानाक

*सला अनुवाथ ओवेखाम:* फ सोसिडा; ओअम पीसे

*ओवखाम अनुक्वाट माध्यामिक विद्यालयलय:* हुवाट सोथी

*ब्याटमबाङ अनुक्वाट माध्यामिक विद्यालयलय:* प्राक सोखेम

*सोर होएउ माध्यामिक विद्यालय:* प्राक सोखेम

*न्यू जेनेरेशन विद्यालय: साम काम्सान;* मेन सोलानेथ; भङ राभेथ

*ब्यामबाङ शिक्षा; युवा तथा खेलकूद प्रादेशिक विभाग:* यी सोङ्की; फोक रिथेअ

## *गणतन्त्र कोरिया*

*आईसीएचसीएपी:* वेअन्मो पार्कस; मीन जङ कीम; जिन्युङ सिओ

*विज्ञहरू:* जिओन सू हान (काङवुन युनिभर्सिटी); दावन कीम (ग्वाङ्जु नेशलन युनिभर्सिटी अफ एजुकेशन); सियु बुम लिम (राष्ट्रिय अमूर्त सम्पदा केन्द्र); यङ-गू कीम (साँस्कृतिक सम्पदा प्रशासन); साङ मी बाक (हान्कुक युनिभर्सिटी अफ फरेन स्टजीज)

*जिअम्सान प्राथमिक विद्यालय:* ज क्युङ क्वन

*शाइङ्घल प्राथमिक विद्यालय:* हो जिअङ कीम

*जिअयुङ निम्न माध्यमिक स्कूल:* इयक्युङ चो

*ओसान निम्म माध्यामिक विद्यालय:* म्युङ सूक कीम

*समुदाय:* याङ्गील जाङ

## *कजाखस्तान*

*युनेस्को* अल्माती कार्यालय: आइगुल खलाफोभा

*विज्ञ:* सानिया बफ्रेन्येभा (युनेस्को २००३ महासन्धि मान्यताप्राप्त सहजकर्ता)

*अब्दुल्ला रोजीबाकीएभ जिम्नेसियम नं. १५३:* शभ्क्याट उमारोभ; आइडा अस्कारोभा; डिलीवार आइटाखुनोभा; गुल्मिनभा डुगानोभा; गुल्जारयाम मासीमोभा

*जिम्नेसियम स्कूल नं. ८:* अर्दाक स्मागुलोभा; ल्याजात गलियेभा; अलुआ नर्मुखायेभा; मदिना नुराख्नोभा

*दोस्तार इन्टरनेशनल स्कूल ल्येसियम:* स्मेट्लाना कुन्सेभित; जुलिया कीम; नटालिया पिगालभा; लारिसा लयुश्सिना; गुल्मिरा इस्माइलोभा; नाटालिया मिलोभनोभा

*समुदाय:* सेरभ्रान बासीरोभ

## *किर्गिज गणतन्त्र*

*युनेस्को अल्माती कार्यालय:* आइगुल खलाफोभा

*विज्ञ:* क्यामिला केञ्जेतायेभा (युनेस्को २००३ महासन्धि मान्यताप्राप्त सहजकर्ता)

*एजुकेशलन कम्प्लेक्स "इलिम" (युनेस्को एएसपीनेट विद्यालय):* भिक्टोरिया बर्सेभा; एल्मिरा सार्कुलोभा; टी. हुडाबेर्डिएभा; एन. एर्मेकाएभा; टी. कुर्मानोभा; रानो अब्दुकोभा; आर्तुर अह्मेत्चीन

*विद्यालय नं. ९५:* एलेना ग्लाउबेन्ट; बाक्येत्बेक क्यीजी आइसेजीम; नुर्भ्रामल अरोजाकुनोभा; न्युर्गीज आइबेकोभा

*हार्भर्ड इन्टरनेशनल स्कूल:* एलिजा बेइशेकीभा; सदात भ्राइचीबेकोभा; आइभ्राकीन कभ्रेम्बेर्डीएभा

*किर्गिजस्तान स्थित युनेस्को एएसपीनेट स्कूल नेटवर्क:* गुल्ड्भ्रामल इसेनालिएभा; गुल्नरा इब्राबीमोभा

*किर्गिज गणतन्त्र युनेस्को राष्ट्रिय परिषद:* साविरा सोल्दोङ्गेल्डिएभा

### *नेपाल*

*युनेस्को काठमाडौँ कार्यालय:* बलराम तिमल्सिना; प्रतिभा श्रेष्ठ; नीराना शाक्य; निपूणा श्रेष्ठ

*सृजनालय (कार्यान्वयन साझेदार):* शाररेह बज्रचार्य; मनतुना ज्यापू; सुविमा श्रेष्ठ; सञ्जीव महर्जन; सुष्मा महर्जन; रूमी महर्जन

*जनसेवा माध्यामिक विद्यालय (कीर्तिपूर):* देवराज महर्जन; मन्दिरा गुरूङ; अमीता डङ्गोल; पवित्रा शाक्य

*मङ्गल माध्यामिक विद्यालय (पाङ्गा कीर्तिपूर):* लोकलाल महर्जन; सावित्री महर्जन; दिलिप कुमार महर्जन; सुमित्रा महर्जन

*श्री गणेश माध्यामिक विद्यालय (बूढानीलकण्ठ):* मीम काजी श्रेष्ठ; प्रकाश ढकाल; धर्मकला न्यौपाने; बद्री बहादुर तामाङ

*श्री नौलिन माध्यामिक विद्यालय (बूढानीलकण्ठ):* विष्णु काजी श्रेष्ठ; हिरालाल बुढा; जय कुमार श्रेष्ठ; सम्झना ढुङ्गेल

*नगरपालिका संयोजकहरू:* धर्मराज डङ्गोल; इन्द्र प्रसाद दाहाल

*समुदाय स्रोत व्यक्तिहरू:* प्रयाग मान प्रधान; श्री कृष्ण महर्जन; अस्मिता थीङ; विष्णु बहादुर श्रेष्ठ; रूपेन्द्र महर्जन; राम कृष्ण दुवाल; राम कृष्ण महर्जन; गौतम महर्जन; पूर्ण बहादुर तामाङ; नन्द कुमारी महर्जन; निर्मला थीङ; हिरा बहादुर महर्जन; तेमाइ तामाङ; प्रेम लोप्चन; तेक्सानी लामा; सोनाम सिङ्गी लामा; सन्त भाइ श्रेष्ठ

### *थाइल्याण्ड*

*युनेस्को बैङ्कक:* मन्ताकर्ण सुभान्ताप कित्तीपाइसाल्सील्प

*विज्ञहरू:* लिनिना फुत्तितान (युनेस्को २००३ महासन्धि मान्यताप्राप्त सहजकर्ता); अथापोल अनुन्थाभोरासाकूल (चुलालङ्कन युनिभर्सिटी)

*प्रारम्भिक परियोजना सञ्चालित विद्यालय:* बान ङ्गुन खी लेक; बान साला; माइ आइ वितायाकम; टन काइवु फादुङ पित्तायलाय; वात केट्करम म्युनिसिपल स्कूल

*स्थानीय कार्यालय एवं संयोजकहरू:* चियाङ माइ एड्मिनिस्ट्रेटिभ अर्गनाइजेन (सीएमपीएओ); सोसल रिसर्च इन्स्च्युिट; चियाङ माइ युनिभर्सिटी

*समुदाय:* फ्रा चाओ नाङ कन गाऊँ; पाङ ख्वाइ गाऊँ स्थित ताइ याइ जाति समूह; बान थवाइ क्रा□ट भिलेज; वात केत करम समुदाय; एम्फो माइ आइ समुदाय

यसका साथै उहाँहरूबाट सहयोगका लागि यी विज्ञहरू तथा सहकर्मीहरूप्रति पनि आभार प्रकट गर्न चाहन्छौँ: क्रिस्टी बाङ; अदिती पाठक; माइते जेइस्सर; सुसान स्नुट्टेगन; जिथोङ ली; युजेअङ ली; राहुल गोस्वामी; वारापर्न के. अन्नम; कोरापत प्रापुतम; सिरिसक चाइयासूक; सान्तिभाप उस्सभसोधी

# साभार गरिएका तस्वीरहरूसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरूको सूची

| | |
|---|---|
| Front cover: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 10-11: | ©Nischal Thapa |
| Page 13: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 14: | ©Linina Phuttitarn |
| Page 15: | ©Cheon Youngtaek/ICHCAP |
| Page 16 (top): | ©Rustem Nuryyev/Shutterstock.com* |
| Page 16 (2nd): | ©KETSIRI YINDEE/Shutterstock.com* |
| Page 16 (3rd): | ©Saniya Bazheneyeva |
| Page 16 (4th): | ©Pabitra Shakya |
| Page 16 (5th): | ©Puangphet Meema |
| Page 17: | ©Odua Images/Shutterstock.com* |
| Page 18 (left): | ©Kamila Kenzhetaeva |
| Page 18 (right): | ©Cheon Youngtaek/ICHCAP |
| Page 19: | ©Yernar Almabek/Shutterstock.com* |
| Page 20-21: | ©Cheon Youngtaek/ICHCAP |
| Page 23: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 24: | ©ICHCAP |
| Page 25: | ©KET Senghuy |
| Page 26 (right & left): | ©Kamila Kenzhetaeva |
| Page 27: | ©Linina Phuttitarn |
| Page 28 (left): | ©Kamila Kenzhetaeva |
| Page 28 (bottom): | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 29 (top): | ©Cheon Youngtaek/ICHCAP |
| Page 29 (bottom): | ©Nungning20/Shutterstock.com* |
| Page 30: | ©Saniya Bazheneyeva |
| Page 31 (top & bottom): | ©Nischal Thapa |
| Page 32 (top): | ©Nischal Thapa |
| Page 32 (bottom): | ©Sabitree Maharjan |
| Page 33 (top & bottom): | ©Pabitra Shakya |
| Page 34: | ©Kamila Kenzhetaeva |
| Page 35 (top): | ©Kamila Kenzhetaeva |
| Page 35 (bottom): | ©Saniya Bazheneyeva |
| Page 36: | ©Nischal Thapa |
| Page 37 (right & left): | ©Kamila Kenzhetaeva |
| Page 38 (top): | ©Cheon Youngtaek/ICHCAP |
| Page 38 (bottom): | ©Punnee Seeyarb |
| Page 39: | ©UNESCO/Islamabad (The Citizens Archive of Pakistan) |
| Page 40-41: | ©Amita Dangol |
| Page 43: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 44: | ©UNESCO/Islamabad (The Citizens Archive of Pakistan) |
| Page 46: | ©Odua Images/Shutterstock.com* |
| Page 50 (top): | ©Cheon Youngtaek/ICHCAP |
| Page 50 (bottom): | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 51: | ©ICHCAP |
| Page 52: | ©Cheon Youngtaek/ICHCAP |
| Page 54: | ©BonNontawat/Shutterstock.com* |
| Page 55 (left): | ©UNESCO Islamabad/Karachi Biennale Trust |
| Page 55 (right): | ©UNESCO Islamabad |

| | |
|---|---|
| Page 56: | ©Cheon Youngtaek/ICHCAP |
| Page 59: | ©UNESCO/Islamabad (The Citizens Archive of Pakistan) |
| Page 60: | ©UNESCO/Islamabad (The Citizens Archive of Pakistan) |
| Page 61: | ©UNESCO Islamabad |
| Page 63: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 65: | ©Saniya Bazheneyeva |
| Page 66 (top): | ©Sergey Malkov/Shutterstock.com* |
| Page 66 (middle): | ©Nischal Thapa |
| Page 66 (bottom): | ©Cheon Youngtaek/ICHCAP |
| Page 67: | ©UNESCO Islamabad |
| Page 68: | ©Saniya Bazheneyeva |
| Page 70: | ©michel arnault/Shutterstock.com* |
| Page 71: | ©UNESCO/Islamabad (The Citizens Archive of Pakistan) |
| Page 72: | ©ICHCAP |
| Page 73 (top & bottom): | ©Linina Phuttitarn |
| Page 74: | ©Devraj Maharjan |
| Page 75 (top): | ©Saniya Bazheneyeva |
| Page 75 (right middle): | ©Linina Phuttitarn |
| Page 75 (bottom): | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 76: | ©Odua Images/Shutterstock.com* |
| Page 77: | ©Pabitra Shakya |
| Page 78 (top): | ©Kamila Kenzhetaeva |
| Page 78 (bottom): | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 79: | ©Linina Phuttitarn |
| Page 80: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 82: | ©Linina Phuttitarn |
| Page 84 (top): | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 84 (bottom): | ©Kamila Kenzhetaeva |
| Page 87 (top & bottom): | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 88: | ©Cheon Youngtaek/ICHCAP |
| Page 89 (top): | ©Cheon Youngtaek/ICHCAP |
| Page 89 (bottom): | ©TZIDO SUN/Shutterstock.com* |
| Page 90 (top): | ©Puangphet Meema |
| Page 90 (bottom): | ©Cheon Youngtaek/ICHCAP |
| Page 91: | ©Devraj Maharjan |
| Page 92: | ©Sharareh Bajracharya |
| Page 93 (top & bottom): | ©Saniya Bazheneyeva |
| Page 94 (top): | ©Nischal Thapa |
| Page 94 (bottom): | ©UNESCO Islamabad |
| Page 95: | ©UNESCO Islamabad |
| Page 96: | ©UNESCO Islamabad/Karachi Biennale Trust |
| Page 97: | ©Nischal Thapa |
| Page 98: | ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd. |
| Page 99 (top & bottom): | ©Saniya Bazheneyeva |
| Page 100: | ©Cheon Youngtaek/ICHCAP |
| Page 101: | ©UNESCO Islamabad |
| Page 103: | ©Nischal Thapa |
| Page 105: | ©Cheon Youngtaek/ICHCAP |

Page 106: ©Manantuna Jyapoo
Page 107 (top): ©Nischal Thapa
Page 107 (bottom): ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 108: ©Nischal Thapa
Page 109: ©Sushma Maharjan
Page 111: ©UNESCO Islamabad/Karachi Biennale Trust
Page 112 (top): ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 112 (bottom): ©Cheon Youngtaek/ICHCAP
Page 113 (top & bottom): ©Linina Phuttitarn
Page 114-115: ©Nischal Thapa
Page 117: ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 118 (top & bottom): ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 119 (top & bottom): ©Linina Phuttitarn
Page 120 (top): ©acarapi/Shutterstock.com*
Page 120 (bottom): ©Odua Images/Shutterstock.com*
Page 121 (top): ©Manantuna Jyapoo
Page 121 (2nd): ©Nischal Thapa
Page 121 (3rd): ©Nischal Thapa
Page 121 (bottom) : ©Pabitra Shakya
Page 122: ©UNESCO Islamabad
Page 123: ©UNESCO Islamabad/Karachi Biennale Trust
Page 125: ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 126 (top): ©Kamila Kenzhetaeva
Page 126 (bottom): ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 127: ©Nischal Thapa
Page 128: ©Mandira Gurung
Page 129: ©thirawatana phaisalratana/Shutterstock.com*
Page 130 (top): ©Saniya Bazheneyeva
Page 130 (bottom): ©UNESCO/Islamabad (Department of Archeology and Museums Islamabad)
Page 131: ©UNESCO/Islamabad (Department of Archeology and Museums Islamabad)
Page 132-133: ©Cheon Youngtaek/ICHCAP
Page 135: ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 136: ©Linina Phuttitarn
Page 137: ©Linina Phuttitarn
Page 138: ©Torychemistry/Shutterstock.com*
Page 140-141: ©UNESCO/Islamabad (the Citizen Archives Pakistan)
Page 143: ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 174: ©Saniya Bazheneyeva
Page 181: ©Nischal Thapa
Page 185: ©Cheon Youngtaek/ICHCAP
Page 188: ©Cheon Youngtaek/ICHCAP
Page 193 (left & right): ©Nischal Thapa
Page 201: ©hijodeponggol/Shutterstock.com*
Page 202: ©UNESCO/Islamabad (the Citizen Archives Pakistan)
Page 203: ©Manantuna Jyapoo
Page 224-225: ©Nischal Thapa
Page 228: ©Nischal Thapa
Page 229: ©Pabitra Shakya
Page 230: ©Manantuna Jyapoo
Page 231 (top left): ©Puangphet Meema
Page 231 (bottom left): ©Puangphet Meema
Page 231 (right): ©Linina Phuttitarn
Page 233 (top): ©Puangphet Meema
Page 233 (middle): ©Puangphet Meema
Page 233 (bottom): ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 234 (top): ©Puangphet Meema
Page 234 (middle): ©Puangphet Meema
Page 234 (bottom): ©Puangphet Meema
Page 236 (top): ©Saniya Bazheneyeva
Page 236 (middle): ©Saniya Bazheneyeva
Page 236 (bottom): ©Saniya Bazheneyeva
Page 236: ©UNESCO Bangkok/Gang of the Unicorn Co., Ltd.
Page 237: ©Saniya Bazheneyeva
Page 238: ©Saniya Bazheneyeva
Page 239: ©Saniya Bazheneyeva
Page 240: ©Saniya Bazheneyeva
Page 241 (left & right): ©Cheon Youngtaek/ICHCAP
Page 242 (top & bottom): ©Cheon Youngtaek/ICHCAP
Page 243: ©Cheon Youngtaek/ICHCAP
Page 244 (top & bottom): ©Cheon Youngtaek/ICHCAP
Page 245 (left & right): ©Kamila Kenzhetaeva
Page 246: © Kamila Kenzhetaeva
Page 247 (top & bottom): ©Kamila Kenzhetaeva
Page 248 (left & right): ©Kamila Kenzhetaeva

unesco

ichcap APCEIU

एसिया-प्रशान्त क्षेत्रका कक्षा कोठामा

# जीवन्त सम्पदायुक्त सिकाइ

स्रोत–सामाग्री

जीवन्त सम्पदायुक्त सिकाइले विद्यार्थी, शिक्षकका लागि मात्रै नभएर मानवताका लागि साँस्कृतिक विविधताको संरक्षण गर्नमा समेत धेरै फाइदा पुग्दछ । कक्षा कोठामा जीवन्त सम्पदालाई प्रवेश गराउने ज्ञान, साधन, विधि र दृष्टिकोण प्राप्त गर्न यो स्रोत-सामाग्रीको प्रयोग गर्न सकिन्छ । यो स्रोत-सामाग्री केवल शिक्षकहरूका लागि मात्रै नभएर अभिभावक तथा समुदायका सदस्यहरू, विद्यालय व्यवस्थापकहरू र शिक्षासँग सम्बन्धित नीति बनाउने नीति निर्माताहरूका लागि पनि तयार पारिएको हो । यसभित्र सचेतना जगाउने एनिमेशनहरू, चरणबद्ध निर्देशिका, अलनाइन सिकाइ कोर्स, घटना अध्ययन, र उत्प्रेरणा तथा ज्ञान निर्माणका उदाहरण एवं स्रोतहरू उपलब्ध छन् ।

9 789230 001995